# विद्यालय कार्यसम्पादन परीक्षण प्रतिवेदन

## REPORT ON PERFORMANCE AUDIT OF SCHOOLS, 2076

दोस्रो प्याकेज

जिल्ला : रामेछाप, ललितपुर र पर्सा



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

आषाढ, २०७६

# विद्यालय कार्यसम्पादन परीक्षण
# प्रतिवेदन २०७६

**प्याकेज नं. : २**

जिल्लाहरू : रामेछाप, ललितपुर र पर्सा

**परीक्षण गर्ने निकाय**

शैक्षिक परिवर्तन प्रतिष्ठान
नयाँ बानेश्वर, काठमाडौं

**प्रतिवेदन तयार गर्ने**

प्रा.डा. प्रकाश मान श्रेष्ठ

**प्रतिवेदन बुझाइने निकाय**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर

# कृतज्ञता ज्ञापन


वि.सं. २०७५/०७६ मा प्याकेज दुईअन्तर्गतका रामेछाप, ललितपुर र पर्साका माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने अवसर दिनु भएकोमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रप्रति यस शैक्षिक परिवर्तन प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्दछ । यस कार्यलाई प्रभावकारी रुपमा सम्पन गर्न सुरुदेखि अन्त्यसम्म प्राविधिक निर्देशन तथा सुझाव दिनु भएकोमा त्यस केन्द्रका तत्कालिन महानिर्देशक श्री कृष्ण प्रसाद काप्रीज्यू तथा वर्तमान महानिर्देशक श्री टेक नारायण पाण्डेज्यूप्रति यस प्रतिष्ठान हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यसका साथै त्यस केन्द्रका तत्कालिन निर्देशक श्री बालकृष्ण चापागाई तथा वर्तमान निर्देशक श्री हरि प्रसाद अर्यालज्यू र सम्बद्ध अन्य अधिकृतहरूलाई आवश्यक दस्तावेज समय मै उपलब्ध गराई कार्यसम्पादन परीक्षण कार्यको अनुगमन गरी सुझाव दिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्दछ ।

विद्यालय कार्यसम्पादन परीक्षण कार्य समय मै सम्पन्न गर्न अद्यावधिक बिवरणहरु उपलब्ध गराउनु भएकोमा विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू, कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र अभिभावकहरूलाई समेत यो प्रतिष्ठान धेरै धेरै धन्यवाद दिन चाहन्छ । विशेषतः शिक्षकहरूलाई विद्यालय कार्यसम्पादन परीक्षण कार्यको उद्देश्य र औचित्य माथि प्रकाश पार्न र अन्त्यमा परीक्षण नतिजाको आदानप्रदानका लागि बैठकहरू आयोजना गरिदिनु भएकोमा प्रधानाध्यापकहरूलाई धन्यवाद ज्ञापन गर्दछ ।

पर्सा, रामेछाप, र ललितपुरका सुगम तथा दुर्गम क्षेत्रका तोकिएका विद्यालयहरूमा गई तथ्याङ्क सङ्कलन गरेर कार्यसम्पादन परीक्षण साधन भरी आफ्नो कार्य सम्पन्न गर्नु भएकोमा परीक्षकहरूलाई विशेष धन्यवाद छ । यसरी नै परीक्षण कार्य सम्पन्न गर्न जिल्ला संयोजकहरूले सफल संयोजन गर्नु भएको छ । उहाँहरूप्रति यस प्रतिष्ठान हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

मिहिनेतका साथ समय मै यो प्रतिवेदन तयार गरिदिनु भएकोमा प्याकेज संयोजक प्रा.डा. प्रकाश मान श्रेष्ठ र प्रतिवेदन लेखनमा सहयोग गर्नु भएकोमा श्री शोभियतराम बिष्ट र सुश्री निरा शाक्यप्रति कृतज्ञता व्यक्त गर्दछ । प्रतिवेदन तयार गर्न तथ्याङ्क प्रविष्ट गर्ने व्यक्तिहरू तथा तथ्याङ्क विश्लेषण र आवश्यक तालिकाहरू तयार गरिदिनु भएकोमा श्री कुमार प्रसाद गुरागाईं र श्री जीवन शाक्य तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विज्ञहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछ । धन्यवाद ।

शैक्षिक परिवर्तन प्रतिष्ठान
नयाँ बानेश्वर, काठमाडौं
आषाढ २०७६

# सङ्क्षेपीकृत शब्दावली

| | |
|---|---|
| उपमनपा | उपमहानगरपालिका |
| एसइइ | विद्यालय शिक्षा परीक्षा (School Education Examination) |
| गापा | गाउँपालिका |
| जिशिका | जिल्ला शिक्षा कार्यालय |
| नपा | नगरपालिका |
| प्रअ | प्रधानाध्यापक |
| विनि | विद्यालय निरीक्षक |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| विक्षेवियो | विद्यालय क्षेत्र विकास योजना |
| विक्षेसुयो | विद्यालय क्षेत्र सुधार योजना |
| मावि | माध्यमिक विद्यालय |
| शिअसं | शिक्षक अभिभावक संघ |
| शिविप्रम | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| शैगुपके | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| GDE | Georgia Department of Education |
| NASA | National Assessment of Student Achievement |
| NUEPA | National University of Educational Planning and Administration |
| QASSDEB | Quality Assurance &School-based Support Division Education |

# बिषय सूची


| क्र.सं. | बिषय | पृष्ठ नं. |
|---|---|---|
| **खण्ड १** | परिचय | १ |
| १.१. | पृष्ठभूमि | १ |
| १.२. | विद्यालय कार्यसम्पादन परीक्षण: अन्तर्राष्ट्रिय अभ्यास | २ |
| १.३. | नेपालमा कार्यसम्पादन परीक्षणको समिक्षा | ६ |
| १.४. | परीक्षणको उद्देश्य | १० |
| **खण्ड २** | परीक्षण विधि तथा प्रक्रिया | १२ |
| २.१. | जिल्ला, पालिका तथा विद्यालयहरूको छनोट | १२ |
| २.२. | विद्यालय कार्यसम्पादन परीक्षण साधन (फाराम) | १६ |
| २.३. | तथ्याङ्क सङ्कलन विधि | २२ |
| २.४. | सङ्कलित तथ्याङ्कहरूको सुद्धीकरण | २९ |
| २.५. | तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया | ३० |
| **खण्ड ३** | विद्यालय कार्यसम्पादनको समष्टिगत स्थिति | ३३ |
| ३.१. | विद्यालय कार्यसम्पादनको समष्टिगत तथा क्षेत्रगत स्थिति | ३४ |
| ३.२. | गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना | ४१ |
| **खण्ड ४** | कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा विभिन्न स्तरका विद्यालयहरू | ४६ |
| **खण्ड ५** | विद्यालय कार्यसम्पादनका क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति | ५२ |
| ५.१. | विद्यालय कार्यसम्पादनका लगानी क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति | ५३ |
| ५.२. | विद्यालय कार्यसम्पादनका प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति | ५८ |
| ५.३. | विद्यालय कार्यसम्पादनका उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति | ६५ |
| ५.४. | विद्यालयद्वारा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या | ७२ |
| **खण्ड ६** | नमुना विद्यालयहरू र अन्य विद्यालयहरूको कार्यसम्पादनको स्थिति | ७८ |
| **खण्ड ७** | कार्यसम्पादन परीक्षणको नतिजाको प्रयोग | ८५ |
| ७.१. | सङ्घीय तह | ८६ |
| ७.२. | प्रदेश तह | ८७ |
| ७.३. | स्थानीय तह | ८७ |
| ७.४. | विद्यालय तह | ८९ |
| **खण्ड ८** | प्राप्ति तथा सुझावहरू | ९१ |

| | | |
|---|---|---|
| ८.१. | प्राप्तिहरू | ९१ |
| ८.२. | सुझावहरू | १०० |
| | सन्दर्भग्रन्थ सूची | ११३ |


## तालिकाहरुको सूची

| | | |
|---|---|---|
| **तालिका १.१:** | दक्षिण एशियाली तथा अन्य देशहरूमा विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रहरू | ३ |
| **तालिका १.२:** | विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्रहरूको वितरण | ५ |
| **तालिका १.३:** | विभिन्न वर्षहरूमा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या | ७ |
| **तालिका १.४:** | विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या | ८ |
| **तालिका २.१:** | कार्यसम्पादन परीक्षणका लागि छनोट गरिएका जिल्लागत समग्र विद्यालयहरूको सङ्ख्या | १३ |
| **तालिका २.२:** | प्याकेज नं. २ मा समावेश गरिएका जिल्ला, पालिकाहरू र विद्यालयहरूको सङ्ख्या | १४ |
| **तालिका २.३:** | कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्र, सूचकहरू, तथा सूचकहरूको सङ्ख्या र पुर्णाङ्क | १८ |
| **तालिका २.४:** | विद्यालयको समग्र कार्यसम्पादन स्तर निर्धारण गर्ने मापदण्डका आधारहरू | २१ |
| **तालिका २.५:** | जिल्लागत परीक्षकहरूको सङ्ख्या तथा परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या | २३ |
| **तालिका २.६:** | जिल्ला संयोजकहरूले सम्परीक्षण गरेका जिल्लागत विद्यालयहरूको सङ्ख्या | २८ |
| **तालिका ३.१:** | विद्यालय कार्यसम्पादन परीक्षणको नतिजाको समष्टिगत तथा क्षेत्रगत मध्यमाङ्क | ३५ |
| **तालिका ३.२:** | गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूको मध्यमाङ्क | ४३ |
| **तालिका ४.१:** | कार्यसम्पादन परीक्षणको आधारमा विभिन्न स्तरका पालिकागत तथा जिल्लागत विद्यालयहरुको सङ्ख्या | ४८ |
| **तालिका ५.१:** | कार्यसम्पादन परीक्षणमा लगानी क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको मध्यमाङ्क | ५४ |
| **तालिका ५.२:** | कार्यसम्पादन परीक्षणका प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको पालिकागत तथा जिल्लागत मध्यमाङ्क | ६० |
| **तालिका ५.३:** | कार्यसम्पादन परीक्षणमा उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको मध्यमाङ्क | ६७ |
| **तालिका ५.४:** | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्यासम्बन्धी सूचकमा अङ्क प्रदान गर्ने आधार | ७२ |

| | | |
|---|---|---|
| **तालिका ५.५:** | सेवा प्रदान गरिएको औसत विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय सङ्ख्या र पालिकागत तथा जिल्लागत मध्यमाङ्क | ७३ |
| **तालिका ६.१:** | कार्यसम्पादन परीक्षणमा नमुना विद्यालयहरू र अन्य विद्यालयहरूको विभिन्न क्षेत्र तथा पक्षको जिल्लागत मध्यमाङ्क | ८१ |

## चित्रहरुको सूची

| | | |
|---|---|---|
| **चित्र २.१:** | आ.व. २०७५/०७६ मा विद्यालय कार्यसम्पादन परीक्षणका लागि छानिएका जिल्लाहरू | १२ |
| **चित्र २.२:** | विद्यालय कार्यसम्पादन परीक्षणका लागि प्याकेज नं. २ मा समावेश गरिएका जिल्लाहरू | १४ |
| **चित्र २.३:** | विद्यालय कार्यसम्पादनका क्षेत्रहरू | १७ |
| **चित्र २.४:** | विद्यालय कार्यसम्पादनको विभिन्न क्षेत्र तथा सूचकको लागि छुट्याईएको भारित अङ्क | २० |
| **चित्र ३.१:** | कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूको जिल्लागत औसत स्तर | ३५ |
| **चित्र ३.२:** | कार्यसम्पादन परीक्षणमा गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको जिल्लागत औसत स्तर | ४२ |
| **चित्र ३.३:** | कार्यसम्पादन परीक्षणमा गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूमा जिल्लागत औसत स्तर | ४३ |
| **चित्र ४.१:** | कार्यसम्पादन परीक्षण नतिजाको आधारमा विभिन्न स्तरका विद्यालयहरूको प्रतिशत | ४६ |
| **चित्र ४.२:** | कार्यसम्पादन परीक्षणमा सामान्य स्तरका विभिन्न वर्गान्तरका अङ्क हासिल गर्ने विद्यालयहरूको प्रतिशत | ४७ |
| **चित्र ४.३:** | कार्यसम्पादन परीक्षणमा मध्यम स्तरका विभिन्न वर्गान्तरका अङ्क हासिल गर्ने विद्यालयहरूको प्रतिशत | ४७ |
| **चित्र ५.१:** | कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको लगानी क्षेत्र तथा उपक्षेत्रहरूको जिल्लागत औसत स्तर | ५४ |
| **चित्र ५.२:** | कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूको जिल्लागत औसत स्तर | ५९ |
| **चित्र ५.३:** | कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरुको उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरुको जिल्लागत औसत स्तर | ६६ |
| **चित्र ५.४:** | कार्यसम्पादन परिक्षणमा विभिन्न जिल्लाका विद्यालयहरुको सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षको जिल्लागत औसत स्तर | ७५ |
| **चित्र ६.१:** | कार्यसम्पादन परीक्षणमा नमुना तथा अन्य विद्यालयहरूको जिल्लागत औसत स्तर | ८० |

# अनुसूचीहरुको सूची


| | | |
|---|---|---|
| **अनुसूची १** | परीक्षकगत रुपमा परीक्षण गरिएका विद्यालयहरूको नाम तथा ठेगाना | ११५ |
| **अनुसूची २** | जिल्ला संयोजकहरूद्वारा सम्परीक्षण गरिएका विद्यालयहरूको नाम | १२२ |
| **अनुसूची ३ क** | क्षेत्रगत, उपक्षेत्रगत रूपमा जिल्लाका विद्यालयहरूले प्राप्त गरेको प्राप्ताङ्क र मध्यमाङ्क (Mean) र भारित मध्यमाङ्क तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या वापतको प्राप्ताङ्कको विवरण, जिल्लाः रामेछाप | १२४ |
| **अनुसूची ३ ख** | क्षेत्रगत, उपक्षेत्रगत रूपमा जिल्लाका विद्यालयहरूले प्राप्त गरेको प्राप्ताङ्क र मध्यमान (Mean) र भारित मध्यमान तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या वापतको प्राप्ताङ्कको विवरण, जिल्लाः ललितपुर | १३१ |
| **अनुसूची ३ ग** | क्षेत्रगत, उपक्षेत्रगत रूपमा जिल्लाका विद्यालयहरूले प्राप्त गरेको प्राप्ताङ्क र मध्यमान (Mean) र भारित मध्यमान तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या वापतको प्राप्ताङ्कको विवरण, जिल्लाः पर्सा | १३८ |
| **अनुसूची ४** | नमूना विद्यालयहरुको नाम तथा ठेगाना | १४४ |
| **अनुसूची ५** | कार्यसम्पादन परीक्षण कार्य गर्ने परीक्षकहरुको विवरण | १४५ |
| **अनुसूची ६** | कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्र तथा सूचकहरू | १४७ |

# खण्ड १
# परिचय

## १.१. पृष्ठभुमि

कार्यसम्पादन परीक्षण एउटा सुव्यवस्थित उद्देश्यसहित गरिने काम वा प्रक्रिया हो जुन सरकारद्वारा सञ्चालित कार्यक्रम वा कियाकलापको प्रभावकारिता, मितव्ययिता र कार्यकुशलता सुनिश्चित गर्ने सन्दर्भमा गरिन्छ। यसबाट प्राप्त नतिजाले कार्य्रक्रम कार्यान्वयनमा सुधारका लागि उच्च तहका सरोकारवाला पदाधिकारीहरूका लागि पृष्ठपोषण प्रदान गर्ने काम गर्दछ। यस कार्यसम्पादन परीक्षणले सरकारी स्रोतको सही रूपमा परिचालन गर्न र जवाफदेहितामा सुधार ल्याउन महत्वपूर्ण कडीको रूपमा कार्य गर्दछ।

विश्वका प्राय: सबै राष्ट्रहरूमा सरकारी बजेट र खर्चको औचित्यताको लेखाजोखा गर्न सर्वोच्च लेखापरीक्षण संस्था स्थापना गरिएको हुन्छ। नेपालको सन्दर्भमा सरकारी बजेट र खर्चको औचित्यताको लेखाजोखा गर्न संवैधानिक निकायको रूपमा महालेखा परीक्षकको कार्यालयको स्थापना गरिएको छ। सन् १९९८ मा Mentovideo मा भएको सर्वोच्च लेखापरीक्षकहरूको भेलाले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन International Organization of Supreme Audit Institutes (INTOSAI) को स्थापना गरी परीक्षण प्रमाणिकाहरूका लागि मार्गनिर्देशन विकास गर्ने जिम्मा दिएको थियो। कुनै पनि सरकारी निकाय वा संस्थाद्वारा सम्पादित कार्यहरू मितब्ययिता, कार्यकुशलता र प्रभाबकारिताको निम्नलिखित सिद्धान्तमा आधारित भई कार्यसम्पादन परीक्षण गरी सुधारका कार्यहरू सिफारिस गर्नु नै कार्यसम्पादन परीक्षणको उद्देश्य हुनुपर्ने कुरामा INTOSAI ले जोड दिएको छ (INTOSAI, 2015)।

**मितव्ययिता**को सिद्धान्तले परीक्षण गरिने निकायहरूले लक्षित उद्देश्यहरू हासिल गर्ने क्रममा सञ्चालित क्रियाकलापहरू प्रसाशनिक सिद्धान्त र अभ्यासको साथै व्यबस्थापकीय नीति नियमअनुरूप भए नभएको लेखाजोखा गर्ने कुरामा जोड दिन्छ।

**कार्यकुशलता**को सिद्धान्तले उपलब्ध स्रोत साधनहरूको साथै तथ्याङ्क व्यवस्थापन प्रणालीको यथोचित ढङ्गले उपयोग गरी अधिकतम उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने कुरामा जोड दिन्छ।

**प्रभावकारिता**को सिद्धान्तले निर्धारित उद्देश्यहरू हासिल गर्ने क्रममा सरलता, सहजता र निपुर्णता जस्ता कार्यहरू भए नभएको लेखाजोखा गर्ने कुरामा जोड दिन्छ।

माथि उल्लेखित तीनवटै सिद्धान्तको साझा मापदण्डले कुनै पनि कार्यक्रमका निर्धारित उद्देश्यहरू कुशल तथा निष्पक्ष नेतृत्व र व्यवस्थापनको आधारमा, र समुदायको सहज सहभागितामा पारदर्शी ढङ्गबाट कम खर्चमा अधिकतम उपलब्धि हासिल भए नभएको खोजी गर्ने कुरामा जोड दिएको छ।

विद्यालयबाट समुदायले अपेक्षित उपलब्धि हासिल हुनेछ भन्ने आशा एवम् बिश्वासका साथ योगदान गरेका हुन्छन् । समुदायको अपेक्षित उपलब्धि प्राप्तिका लागि गरिएका शैक्षिक कार्यकमहरू मितव्ययिता, कार्यकुशलता र प्रभावकारिताको सिद्धान्तअनुसार भयो वा भएन भनि लेखाजोखा गर्न विभिन्न देशहरूमा शैक्षिक गुणस्तर परीक्षण गर्ने निकायको स्थापना गरेको पाइन्छ । यी निकायहरूले आवश्यक साधनहरू निर्माण गरी शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्दै आएका छन् । भारतमा सन् २०१५ मा विद्यालय मानक र मूल्याङ्कन ढाँचा तयार गरी विद्यालयको कार्यसम्पादन परीक्षण गरिएको देखिन्छ (NEUPA,2015) । यसलाई मानव संसाधन विकास मन्त्रालयअन्तर्गत कार्यान्वयनमा ल्याइएको छ । त्यस्तै हङकङले विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा सन् २००३ मा तयार गरेको र २०१५ मा आएर त्यसलाई परिमार्जन गरी विभिन्न तहका विद्यालयको कार्यसम्पादन परीक्षण गर्दै आइएको छ (QASSDEB, 2016)। त्यस्तै अमेरिकाको भर्जिनिया राज्यले सन् २००५ र क्यानाडाको ओन्टारियो राज्यले २००८ देखि विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दै आएको देखिन्छ (GDE, 2016)।

अन्तर्राष्ट्रिय क्षेत्रमा विकास गरिए झै नेपालमा पनि विद्यालय शिक्षामा सुधार ल्याउन **"विद्यालय क्षेत्र सुधार योजना"** मा राखिएको प्रावधानभित्र रही शिक्षा मन्त्रालयअन्तर्गत वि.सं. २०६६ सालमा शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन गर्ने अधिकार प्राप्त सस्थाको रूपमा **"शैक्षिक गुणस्तर परीक्षण केन्द्र"**को स्थापना भएको छ । आ.व. २०६८/२०६९ देखि परीक्षणको रूपमा केही केन्द्रीय निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण सुरु गरिएको थियो । विद्यालय क्षेत्र विकास योजना-२०१६ ले योजाना अवधिभित्र नेपालका सम्पूर्ण माध्यामिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी कमजोर विद्यालयहरूलाई सहयोग गर्ने लक्ष राखेको छ (MOE, 2016) ।

## १.२. विद्यालय कार्यसम्पादन परीक्षण: अन्तर्राष्ट्रिय अभ्यास

विश्वका अधिकांश देशहरूमा विद्यालयलाई उत्तरदायी एवम् जवाफदेही बनाई विद्यालय शिक्षाको गुणस्तर उकास्नका लागि मितव्ययिता, कार्यकुशलता र प्रभावकारिताको आधारमा विद्यालय कार्यसम्पादन परीक्षण गर्ने प्रणाली प्रयोगमा ल्याएको देखिन्छ । यसरी विद्यालय कार्यसम्पादन परीक्षणको उद्देश्य प्रायः एउटै भएता पनि यसले समेट्ने क्षेत्र भने देशैपिच्छे केही मात्रामा फरक भएको देखिन्छ । केही दक्षिण एशियाली देशहरूका साथै अन्य देशहरूले विद्यालयहरूको कार्यसम्पादन परीक्षणको लागि समेटेएका क्षेत्रहरू तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.१: दक्षिण एशियाली तथा अन्य देशहरूमा विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रहरू**

| सार्क तथा अन्य देशहरू | कार्यसम्पादनका क्षेत्रहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ पाकिस्तान | १ सिकाइ उपलब्धि | २ विद्यालय नेतृत्व | ३ शिक्षक कर्मचारी तथा आर्थिक व्यवस्थापन | ४ दीर्घकालिन योजना | ५ अनुगमन | ६ समुदायसँगको सम्बन्ध | | |
| २ बङ्गलादेश | १ विद्यार्थीहरूको उपलब्धि | २ व्यवस्थापन | ३ प्राज्ञिक विषयहरू | ४ भौतिक संरचना | ५ सहक्रियाकलापहरू | | | |
| ३ भारत | १ सिकारुको प्रगति, प्राप्ति र विकास | २ विद्यालय नेतृत्व र व्यवस्थापन | ३ शिक्षण सिकाइ र मूल्याङ्कन | ४ शिक्षकको कार्यसम्पादनको व्यवस्थापन तथा पेसागत विकास | ५ विद्यालय स्रोतको उपलब्धता, पर्याप्तता र उपयोगिता | ६ समावेशीकरण, स्वास्थ्य र सुरक्षा | ७ उत्पादनमुखी समुदाय सहभागिता | |
| ५ श्रीलंका | १ विद्यार्थी उपलब्धि | २ सामान्य व्यवस्थापन | ३ पाठ्यक्रम क्रमिक व्यवस्थापन | ४ भौतिक तथा मानवीय संशाधन व्यवस्थापन | ५ सहक्रियाकलापहरू | ६ विद्यार्थी हीत | ७ विद्यालय र समुदाय | ८ ज्ञानवर्द्धक (ज्ञानमा आधारित) समाजका निम्ति विद्यार्थी विकास) |
| ६ नेपाल | १ सिकाइउपलब्धि | २ नेतृत्व र ब्याबस्थापन | ३ कक्षा शिक्षण | ४ विद्यालयको भौतिक संरचना | ५ बिद्यार्थी मूल्याङ्कन | ६ शिक्षक | ७ शिक्षकको पेसागत विकास | ८ शिक्षकको पेसागत सन्तुष्टी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ९ नियमितता, विद्यालय छाड्ने र दोहोऱ्याउने दर, | १० समुदायको सहभागिता र लगानी | ११ सह./अतिरिक्त क्रियाकलाप | १२ सेवाग्राही सन्तुष्टि | १३ सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या | | | |
| ७ हङकङ | १ विद्यार्थीको सिकाइ उपलब्धि | २ व्यवस्थापन | ३ शिक्षण र सिकाइ | ४ विद्यार्थी सहयोग र विद्यालय संस्कृति | | | | |
| ८ कोरिया | १ विद्यार्थीको सिकाइउपलब्धि | २ विद्यालय व्यवस्थापन | ३ शिक्षक कार्य सम्पादन | ४ सपूर्ण शिक्षा पद्धति | | | | |
| ९ न्युजिल्याण्ड | १ विद्यार्थीको सिकाइ उपलब्धि | २ विद्यालयमा समता, पहुँच र व्यवस्थापनमा चुस्तता ल्याउने | ३ पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउने | ४ विद्यार्थीमा नेतृत्वको विकास गर्ने सिकाइका अबसरहरू बढाउने | ५ विद्यार्थीको सिकाइ र शैक्षिक विकासका लागि अरुसँग सहकार्य गर्ने | ६ विद्यालयमा विद्याथीलाई शिक्षकको संरक्षकत्व बढाउने | ७ शिक्षकको पेसागत विकास का लागि सामूहिक विकास गर्ने | ८ विद्यार्थीको सिकाइको लागि आन्तरिक मूल्याङ्कनमा जोड |
| | ९ विद्यार्थी सिकाइमा टेवा पुग्ने नीति बनाउने | | | | | | | |
| १० संयुक्त राज्य अमेरिका | १ मूल्याङ्कन | २ नेतृत्व | ३ पाठ्यक्रम | ४ पेसागत सिकाइ | ५ शिक्षण | ६ योजना र सङ्गठन | ७. परिवार | ८ समुदायको संलग्नता |
| | ९. विद्यालय संस्कृति | १०. वैकल्पिक शैक्षिक कार्यक्रम | | | | | | |
| ११ क्यानाडा | १ सिकाइमा सुधारका लागि र सिकाइको स्तर निर्धारण गर्न विद्यार्थीमूल्याङ्कन | २ विद्यालय र कक्षा नेतृत्व | ३ पाठ्यक्रम, शिक्षण र सिकाइ | ४ विद्यार्थी संलग्नत | ५ योजना र कार्यक्रम | ६ घर, विद्यालय र समुदायसँगको सहकार्य, | | |

स्रोत: *NUEPA, 2015, QASSDEB, 2016,….. cited in Shrestha, 2075 B.S p.8-11*

माथि तालिकामा देखाइएअनुसार विभिन्न देशहरूले आ-आफ्नो देशको प्राथमिकता र आवश्यकताअनुसार विद्यालय कार्यसम्पादनमा विभिन्न क्षेत्रहरूमा जोड दिएको देखिन्छ । हङकङले सबैभन्दा कम चारवटा क्षेत्रलाई समेटेको छ भने नेपालले सबैभन्दा बढी १३ वटा क्षेत्रहरूलाई समेटेको छ ।

कार्यसम्पादनका विभिन्न क्षेत्रहरूमध्ये सिकाइउपलब्धि, र विद्यालयको नेतृत्व तथा व्यवस्थापनलाई नेपालसहित सबै देशहरूले जोड दिएको पाइन्छ । किनकि ११ वटै देशहरूले विद्यालय कार्यसम्पादनका लागि यी दुईवटै क्षेत्रहरूलाई समेटेका छन् । त्यस्तै २ वटा देशबाहेक सबै देशहरूमा विद्यालय कार्यसम्पादनको अर्को महत्वपूर्ण क्षेत्रहरू भौतिक संरचना र शैक्षिक तथा भौतिक सुविधाहरू वृद्धि गर्नमा समुदायको सहभागिता पाइएको छ । तर विद्यार्थी मूल्याङ्कन, शिक्षकको व्यवस्था तथा शिक्षकको पेसागत विकास, अतिरिक्त क्रियाकलाप, र सेवाग्राहीको सन्तुष्टिलाई एक-दुईवटा देशहरूले मात्र विद्यालय कार्यसम्पादनका क्षेत्रहरूको रूपमा लिएको देखिन्छ । नेपालमा जस्तै शिक्षकको पेसागत सन्तुष्टि, विद्यालयमा विद्यार्थी सङ्ख्या, विद्यालयमा विद्यार्थीहरूको नियमितता, विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने दरलाई अन्य देशहरूमा विद्यालय कार्यसम्पादनको क्षेत्रको रूपमा लिएको देखिएन । कतिपय देशहरूमा अनुगमन, विद्यार्थीको स्वास्थ्य, विद्यालय स्रोतको उपयोगिता र शिक्षकको कार्यसम्पादनको आधारमा समेत विद्यालयहरूको कार्यसम्पादनको स्तर निर्धारण गरिने परिपाटी देखिएको छ भने नेपालको सन्दर्भमा यी क्षेत्रहरूलाई ध्यान दिइएको छैन ।

नेपालको सन्दर्भमा माथि तालिकामा उल्लेखित विभिन्न क्षेत्रहरूलाई मुख्यतया तीनवटा बृहत्त क्षेत्र -लगानी, प्रक्रिया, र उपलब्धिमा, वर्गीकरण गरिएका छन् । सोहीअनुसार विभिन्न देशहरूका विद्यालय कार्यसम्पादनका क्षेत्रहरू यी तीनवटा क्षेत्रहरूमा वर्गीकरण गरी तल दिइएको तालिकामा प्रस्तुत गरिएकोछ ।

**तालिका १.२: विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्रहरूको वितरण**

| देशहरू | लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|---|
| १. पाकिस्तान | ३, ६ | २, ४, ५ | १, |
| २. बङ्गलादेश | ४, ३ | २, ५ | १ |
| ३. भारत | ५, ७ | २, ३, ४, ६ | १ |
| ४. माल्दिभ्स | ४,५ | २, ३, | १ |
| ५. श्रीलंका | ४, ३ ,७ | २, ५, ६, ८ | १ |
| ६. नेपाल | ४, ५, ६, १०, | २, ३, ७, ११, | १, ८, ९, १२ ,१३ |
| ७. हङकङ | २ | २, ३, ४ | १, |
| ८. कोरिया | ४ | २, ३, | १, |
| ९. न्युजिल्याण्ड | ९, | २, ३, ४, ५, ६, ७, ८ | १, |
| १०. संयुक्त राज्य अमेरिका | ६, ७, ८, | २, ३, ४, ५, ९, १० | १, |
| ११. क्यानाडा | ५, ६, | २, ३, ४, | १, |

माथि दिइएको तालिकाबाट कार्यसम्पादनका तीनवटा क्षेत्रहरूमध्ये कुन देशले कुन क्षेत्रमा बढी जोड दिएको छ भनेर निर्क्योल निकाल्न सकिँदैन । किनकि माथिको क्षेत्र तथा उपक्षेत्रहरूमा के कति सूचकहरू समावेश गरिएका छन् र हरेक क्षेत्र उपक्षेत्रहरूका लागि के कति भारित अङ्क दिइएको छ भने स्पष्ट छैन । तर एउटा कुरा के प्रष्ट छ भने सबै देशहरूले विद्यालयहरूको कार्यसम्पादनमा लगानी, प्रक्रिया र उपलब्धिलाई मुख्य क्षेत्रको रूपमा लिइएको देखिन्छ ।

## १.३. नेपालमा कार्यसम्पादन परीक्षणको समिक्षा

अन्य विकसित वा विकासोन्मुख राष्ट्रहरूको तुलनामा नेपालमा कार्यसम्पादन परीक्षणको इतिहास लामो छैन । विद्यार्थीको सिकाइउपलब्धि मापन गर्ने र शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्ने परिपाटी विभिन्न देशहरूमा प्रचलित छ । ती देशहरूमा भएका सफल अभ्यासहरूलाई अनुसरण गरी नेपालमा पनि विक्रम सम्वत् २०६६ सालमा शिक्षा मन्त्रालय मातहतमा रहने गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्र (शैगुपके)को स्थापना भयो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको उद्देश्य निम्नानुसार राखिएको थियो ।

- आवधिक रूपमा विद्यार्थीको सिकाइउपलब्धि स्तर परीक्षण गरी शैक्षिक नीति तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने,
- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाहमा सुधारका निम्ति प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने,
- विद्यालय र शैक्षिक निकायलाई आफ्नो कार्यसम्पादनको स्वःमूल्याङ्कनका लागि सहजीकरण गर्ने र शैक्षिक सेवा प्रवाहमा सुधारका लागि जवाफदेही बनाउने,
- शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन मूल्याङ्कन गर्ने र
- शिक्षा क्षेत्रका समसामयिक मुद्धाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचनाहरू उपलब्ध गराउने ।

*(स्रोत:शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय पुस्तिका, २०७२)*

शैगुपकेको स्थापना पश्चात् नेपालमा विभिन्न शैक्षिक निकायहरूका अतिरिक्त विद्यालय कार्यसम्पादन परीक्षणको थालनी आ.व.०६८/०६९ देखि सुरुभई हालसम्म निरन्तर रूपमा हुँदैआएको छ। शैगुपकेले विभिन्न परामर्शदाता संस्थाहरू मार्फत् हालसम्म कार्यसम्पान गरिएका विद्यालयहरूको सङ्ख्या तथा ती विद्यालयहरूको कार्यसम्पादन स्तर निम्नलिखित दुई वटा शीर्षकहरू (क) कार्यसम्पादन गरिएका जिल्लागत विद्यालयहरूको सङ्ख्या (ख) विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या, अन्तर्गत प्रस्तुत गरिएको छ ।

### १.३.१. कार्यसम्पादन गरिएका जिल्लागत विद्यालयहरूको सङ्ख्या

विभिन्न परामर्शदाता संस्थाहरू मार्फत् शैगुपकेले वि.सं. २०६८ सालदेखि २०७४ सालसम्म कार्यसम्पादन गरिएका विद्यालयहरूको सङ्ख्या तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.३: विभिन्न वर्षहरूमा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या**

| आ.व. | जिल्ला | विद्यालय सङ्ख्या |
|---|---|---|
| २०६८/०६९ | मिश्रित जिल्लाहरू | ३० |
| २०६९/०७० | मिश्रित जिल्लाहरू | ४८ |
| २०७०/०७१ | मिश्रित जिल्लाहरू | ४२ |
| २०७१/०७२ | मिश्रित जिल्लाहरू | ३३ |
| २०७२/०७३ | मिश्रित जिल्लाहरू | २६ |
| | जम्मा | १७९ |
| २०७३/०७४ | ताप्लेजुङ | ५४ |
| | सिरहा | ७२ |
| | रसुवा | २० |
| | भक्तपुर | ५१ |
| | म्याग्दी | ६० |
| | कपिलवस्तु | ७१ |
| | मुगु | २२ |
| | डडेल्धुरा | ६३ |
| | जम्मा | ४१३ |
| २०७४/०७५ | पाँचथर | ८० |
| | झापा | ११२ |
| | भोजपुर | ६६ |
| | धनकुटा | ७३ |
| | संखुवासभा | ६३ |
| | सुनसरी | ५८ |
| | मोरङ | ८८ |
| | सप्तरी | ६८ |
| | धनुषा | ६८ |
| | महोत्तरी | ८४ |
| | सर्लाही | ६८ |
| | रौतहत | ७ |
| | चितवन | ९३ |
| | धादिङ | १२५ |

| आ.व. | जिल्ला | विद्यालय सङ्ख्या |
|---|---|---|
| | दोलखा | ८३ |
| | काठमाडौं | १६० |
| | लमजुङ | ७९ |
| | मनाङ | ४ |
| | पर्वत | ७८ |
| | नवलपरासी | १२६ |
| | जम्मा | १९९९ |
| **कूल जम्मा** | | **२५९१** |

माथिको तालिका हेर्दा आ.व. २०६८ देखि २०७३ सम्म विद्यालय कार्यसम्पादन परीक्षणको कार्यले व्यापकता पाउन सकेको देखिँदैन । यस समयावधिको प्रत्येक वर्षमा ५० भन्दा कम विद्यालयको मात्र कार्यसम्पादन परीक्षण हुन सकेको देखिन्छ। यी वर्षहरूमा कार्यसम्पादन परीक्षण परीक्षण कै रूपमा मात्र सीमित भएको देखिन्छ। केही जिल्लाका सीमित सामुदायिक र संस्थागत विद्यालयहरूमा मात्र कार्यसम्पादन परीक्षण गरिएको तथ्याङ्क शैगुपकेबाट प्रकाशित प्रतिवेदनहरूमा उल्लेख छ ।

आ.व.०७३/७४ देखि विद्यालय कार्यसम्पादन परीक्षणले व्यापकता पाएको देखिन्छ । यस आ.व.मा ८ जिल्लाका ४१३ सामुदायिक माध्यमिक विद्यालयहरू र १७९ संस्थागत विद्यालयहरूमा कार्यसम्पादन परीक्षण गर्ने कार्य सम्पन्न भयो । यसैगरी आ.व. २०७४/७५ मा २४ वटा जिल्लाको १९६७ विद्यालयहरू र शिक्षा विभागबाट छानिएका ५ जिल्लाका ३२ नमुना विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो । यसरी २०७४/७५ को अन्तसम्ममा कार्यसम्पादन परीक्षण सम्पन्न भएका विद्यालयहरूको सङ्ख्या २५९१ पुगेको छ (शैगुपके, २०७५)।

## १.३.२. विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या

शैगुपकेले विभिन्न परामर्शदाता संस्थाहरू मार्फत् आ.व. २०७४/७५ मा २४ वटा जिल्लाहरूबाट जम्मा १९६७ वटा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गराएको थियो । हरेक विद्यालयले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा ती विद्यालयहरूको स्तर (कमजोर वा सामान्य वा मध्यम वा उत्तम) निर्धारण गरिएको थियो । विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या तल दिइएको तालिका १.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.४: विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या**

| क्र.सं. | जिल्ला | विद्यालय सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | कमजोर | सामान्य | मध्यम | उत्तम | जम्मा |
| १ | अर्घाखाँची | ० | ५९ (८४.२८) | ११ (१५.७२) | ० | ७० |
| २ | कञ्चनपुर | ० | ८७ (८५.२९) | १४ (१३.७२) | १ (०.९८) | १०२ |
| ३ | काठमाडौं | ० | ८२ (५१.२५) | ७८ (४८.७६) | ० | १६० |

| क्र.सं. | जिल्ला | विद्यालय सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | कमजोर | सामान्य | मध्यम | उत्तम | जम्मा |
| ४ | चितवन | ० | ६९ (७४.१९) | २४ (२५.८०) | ० | ९३ |
| ५ | झापा | १ | ८४ (७५) | २७(२५.०) | ० | ११२ |
| ६ | डोल्पा | ० | १५ (१००) | ० | ० | १५ |
| ७ | दोलखा | ० | ६९ (८३.१३) | १४ (१६.८७) | ० | ८३ |
| ८ | धनकुटा | ० | ६९ (९४.५२) | ४(५ (४८) | ० | ७३ |
| ९ | धादिङ | ० | ११५ (९०.५५) | १२ (९.४५) | ० | १२७ |
| १० | नवलपरासी | २ (१.५९) | ८६ (६८.२५) | ३८(३०.१६) | ० | १२६ |
| ११ | पर्वत | ० | ७१ (९१.०३) | ७ (८.९७) | ० | ७८ |
| १२ | पाँचथर | ० | ७८ (९७.५) | २(२.५) | ० | ८० |
| १३ | पाल्पा | ० | ९३ (८३.७८) | १८ (१६.२२) | ० | १११ |
| १४ | बझाङ | ३ (३.८०) | ७४ (९३.६७) | २(२.५३) | ० | ७९ |
| १५ | बर्दिया | ० | ६४ (८७.६७) | ९ (१२.३३) | ० | ७३ |
| १६ | बाजुरा | २ (३.५१) | ५० (८७.७२) | ५ (८.७७) | ० | ५७ |
| १७ | भोजपुर | ३ | ६३ (९५.४५) | ० | ० | ६६ |
| १८ | मनाङ | ० | १ (२५) | ३ (७५) | ० | ४ |
| १९ | महोत्तरी | ३ | ७१ (८५.५४) | ९ (१०.७१) | ० | ८३ |
| २० | रुकुम | ० | ८५ (९७.७०) | २(२.३०) | ० | ८७ |
| २१ | लमजुङ | ० | ६१ (७७.२२) | १८ (२२.७८) | ० | ७९ |
| २२ | संखुवासभा | ० | ६१ (९६.८३) | २(३.१७) | ० | ६३ |
| २३ | सप्तरी | ० | ७१ (९४.६७) | ४(३.३३) | ० | ७५ |
| २४ | सल्यान | ३ (४.२३) | ६६ (९२.९६) | २(२.८१) | ० | ७१ |
| | **जम्मा** | **१७ (०.८६)** | **१६४४ (८३.५८)** | **३०५ (१५.५१)** | **१(०.०५)** | **१९६७** |

*स्रोत: शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७५*

माथि तालिकमा देखाइएअनुसार आ.व. २०७४/०७५ मा २४ जिल्लामा गरिएको कार्यसम्पादन परीक्षणका नतिजा अनुसार करिव ८४ प्रतिशत विद्यालयहरू सामान्य खालका पाइएका छन् । कमजोर र उत्तम स्तरका विद्यालयहरू

नगण्य मात्रामा छन् । मध्यमस्तरको अङ्क हासिल गर्ने विद्यालय सङ्ख्या १५ प्रतिशत नै पुगेको छैन । यसबाट स्पष्ट हुन्छ कि अधिकांश विद्यालयहरूको कार्यसम्पादनको स्तर सन्तोषजनक छैन ।

जिल्लागत रूपमा हेर्दा मध्यमस्तरको विद्यालय सबभन्दा बढी प्रतिशत मनाङ जिल्लामा पाइयो । तर भोजपुर र डोल्पा जिल्लामा यस्तो विद्यालयहरू एउटा पनि पाइएन । २४ वटा जिल्लाहरूमध्ये करिव आधा सङ्ख्या जिल्लाहरूमा मध्यमस्तरको विद्यालयहरूको सङ्ख्या १० प्रतिशत नै पुगेको छैन । त्यस्तै यी जिल्लाहरूमध्ये झापा, नवलपरासी, बझाङ, बाजुरा, भोजपुर, महोत्तरी, र सल्यान यस्ता जिल्लाहरू हुन् जहाँ केही विद्यालयहरूले कार्यसम्पादन परीक्षणमा १०० पूर्णाङ्कमा ४० प्रतिशत प्राप्ताङ्क नै हासिल गर्न सकेनन् ।

### १.३.३. नेपालमा विद्यालय कार्यसम्पादन परीक्षणको निरन्तरता

माथिका अनुच्छेदहरूमा उल्लेख भएअनुसार आ.व. २०६८/०६९ देखि २०७४/०७५ सम्ममा नेपालको ७७ जिल्लाहरूमध्ये ३२ जिल्ला पूर्णरूपमा र केही जिल्लाहरूका नमुना विद्यालय गरी २५९१ वटा विद्यालयहरूको कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भइसकेको छ (शैगुपके, २०७५) । परीक्षणको नतिजाले अधिकांश विद्यालयहरूको कार्यसम्पादन सन्तोषजनक नभएको कुरा औंल्याएको छ । अर्को भाषामा भन्ने हो भने सरोकारवाला समूहहरूले विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न हरेक विद्यालयले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गुणस्तरलाई असर पार्ने सबै क्षेत्र, उपक्षेत्र तथा सूचकहरूमा आवश्यक मात्रामा ध्यान नदिएको कुरा देखाउँदछ । अतः विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि सर्वप्रथम हरेक विद्यालयले आ-आफ्नो विद्यालयको स्तर र गुणस्तरमा असर पार्ने क्षेत्र तथा उपक्षेत्रहरूको अवस्था थाहा पाउनु अनिवार्य छ । यसको साथै कुन कुन कारणले शिक्षण-सिकाइ कमजोर भयो सो कुराहरूको पहिचान हुनु जरूरी छ । हरेक विद्यालयको कमजोर क्षेत्र तथा उपक्षेत्रहरूको पहिचान पश्चात् मात्र उक्त विद्यालयको कार्यसम्पादन सुधार गर्नका लागि योजना निर्माण तथा कार्यान्वयन हुनसक्छ । यस सन्दर्भमा हालसम्म कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको नतिजाले सरोकारवाला समूहहरूलाई आ-आफ्नो विद्यालयहरूको कुन कुन क्षेत्र तथा उपक्षेत्रहरू कमजोर छन् र कार्यसम्पादन परीक्षणमा उत्कृष्ट प्राप्ताङ्क हासिल गरी आफ्नो विद्यालयको गुणस्तर वृद्धि गर्न के के कुराहरूमा सुधार गर्नु जरूरी छ प्रष्ट पारेको छ । यो कार्य विद्यालय पदाधिकारीहरूले सम्बन्धित सरोकारवाला तथा सहयोगी निकायसँग समन्वय र सहकार्यका साथ गर्न प्रतिवद्धता चाहिन्छ । विद्यालय शिक्षाको गुणस्तर उकास्न यो एउटा अनिवार्य कदम हो । अतः विद्यालयहरूको कार्यसम्पादन परीक्षण विना विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न आवश्यक योजनाहरू निर्माण गरी कार्यान्वयन हुन सम्भव छैन । तर यो अत्यावश्यक कार्यले (विद्यालय कार्यसम्पादन परीक्षण) सबै जिल्ला समेट्न सकेको छैन । राष्ट्रिय स्तरमा विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न सबै जिल्लाहरूमा नै विद्यालय कार्यसम्पादन परीक्षण हुनु जरूरी छ । यस परिप्रेक्षमा आ.व.२०७५/२०७६ मा शैगुपकेले १३ वटा जिल्लाहरूबाट १००० वटा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने योजना अनुरूप काम अगाडि बढाएको छ ।

## १.४. परीक्षणको उद्देश्य

विद्यालयहरूको कार्यसम्पादन परीक्षणमार्फत् कमजोर पक्षहरू पहिचान गरी ती विद्यालयहरूको कार्यसम्पादनमा सुधार गर्ने र समग्र रूपमा विद्यालय शिक्षाको गुणस्तर उकास्ने हेतुले शैगुपकेले वि.सं. २०६८ सालदेखि निरन्तर रूपमा विद्यालयहरूको कार्यसम्पादन गर्दै आएको छ । यस कार्यसम्पादन परीक्षणका साधारण तथा विशिष्ट उद्देश्यहरू तल सम्बन्धित शीर्षकअन्तर्गत प्रस्तुत गरिएका छन् ।

### १.४.१. कार्यसम्पादन परीक्षणका साधारण उद्देश्यहरू

कार्यसम्पादन परीक्षणका साधारण उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) तोकिएका शैक्षिक संस्थाहरूले (विद्यालयहरूले) निर्दिष्ट नीति तथा कार्यक्रमहरू प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने,

(ख) शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूको कार्यप्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने,

(ग) कार्यसम्पादन सुधारको क्षेत्रहरू पहिचान गर्ने,

(घ) विद्यालयहरूको कार्यसम्पादन सुधारका निम्ति नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने र

(ङ) उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्ने ।

*(शैगुपक., २०७४)*

### १.४.२. विशिष्ट उद्देश्यहरू

यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नलिखित छन् ।

(क) विभिन्न जिल्ला तथा पालिकाहरूमा सञ्चालित विद्यालयहरूको समष्टिगत तथा क्षेत्रगत रूपमा कार्यसम्पादनको स्तर पत्ता लगाउनु,

(ख) गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना गर्नु,

(ग) विभिन्न जिल्ला तथा पालिकाहरूमा विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या पत्ता लगाउनु,

(घ) विद्यालय कार्यसम्पादनको विभिन्न क्षेत्रहरू अन्तर्गतका उपक्षेहरूको स्तर निर्धाण गर्नु,

(ङ) विभिन्न जिल्ला तथा पालिकाहरूमा सञ्चालित विद्यालयहरूले सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयहरूको कार्यसम्पादन स्तर निर्धारण गर्नु,

(च) नमुना विद्यालयहरू र अन्य विद्यालयहरूको कार्यसम्पादन स्तर पहिचान गर्नु,

(छ) सम्बन्धित निकायहरूले कार्यसम्पादन परीक्षणको नतिजा प्रयोग गर्ने तरिकाहरू उल्लेख गर्नु र

(ज) विद्यालयहरूको कार्यसम्पादन परीक्षण प्रक्रिया तथा कार्यसम्पादन स्तरमा सुधार ल्याउन सुझावहरू प्रस्तुत गर्नु ।

# खण्ड २
# परीक्षण विधि तथा प्रक्रिया

यस खण्डमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका लागि समावेश गरिएका जिल्लाहरू, ती जिल्लाअन्तर्गतका नगरपालिका तथा गाउँपालिकाहरू, यी पालिकाहरूमा सञ्चालित माध्यमिक विद्यालयहरूको छनोट; कार्यसम्पादन परीक्षणका लागि तयार पारिएको साधन; र तथ्याङ्क सङ्कलन तथा विश्लेषण विधिबारे चर्चा गर्न खोजिएको छ । विद्यालय कार्यसम्पादन परीक्षणका यी विधि तथा प्रक्रियाहरूलाई पाँचवटा शीर्षकहरू जस्तै (क) जिल्ला, पालिका र विद्यालयहरूको छनोट (ख) विद्यालय कार्यसम्पादन परीक्षण साधन/फाराम (ग) तथ्याङ्क सङ्कलन विधि (घ) तथ्याङ्क सुद्धीकरण विधि र (ङ) तथ्याङ्क विश्लेषण विधिअन्तर्गत प्रस्तुत गरिएको छ ।

## २.१. जिल्ला, पालिका तथा विद्यालयहरूको छनोट

आ.व.२०७५/०७६ मा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नका लागि शैगुपकेले ७ वटा प्रदेशबाट जम्मा १३ वटा जिल्लाहरू छनोट गरेको थियो । ती जिल्लाहरू तल चित्र नं. २.१ मा देखाइएको छ ।

**चित्र २.१: आ.व. २०७५/०७६ मा विद्यालय कार्यसम्पादन परीक्षणका लागि छानिएका जिल्लाहरू**




माथि नक्सामा देखाइएअनुसार प्रदेश नं. ६ बाहेक हरेक प्रदेशबाट २/२ वटा जिल्ला छनोट गरिएको थियो । तर प्रदेश नं ६ बाट एउटा जिल्ला मात्र छनोट गरिएको थियो । अतः ७ वटा प्रदेशबाट जम्मा १३ वटा जिल्ला छनोट

गरिएको थियो । यी १३ वटा जिल्लाहरूबाट कार्यसम्पादन परीक्षणका लागि समावेश गरिएको जिल्लागत विद्यालयहरूको सङ्ख्या तल तालिका २.१ मा प्रस्तुत गरिएकोछ ।

**तालिका २.१: कार्यसम्पादन परीक्षणका लागि छनोट गरिएका जिल्लागत समग्र विद्यालयहरूको सङ्ख्या**

| प्रदेश नं. | जिल्लाहरू | विद्यालय सङ्ख्या | प्याकेज नं. तथा प्याकेजगत विद्यालय सङ्ख्या | |
|---|---|---|---|---|
| | | | प्याकेज नं. | विद्यालय सङ्ख्या |
| १ | ओखलढुङ्गा | ११२ | १ (क) | २६५ |
| | उदयपुर | ७१ | | |
| २ | धनुषा | ८२ | | |
| | पर्सा | ५३ | २ (ख) | २१५ |
| ३ | ललितपुर | ७२ | | |
| | रामेछाप | ९० | | |
| ४ | गोरखा | १११ | ३ (ग) | २६० |
| | मुस्ताङ | ७ | | |
| ५ | रूपन्देही | १४२ | | |
| | रोल्पा | ७३ | ४ (घ) | २५७ |
| ६ | हुम्ला | २४ | | |
| ७ | दार्चुला | ९२ | | |
| | अछाम | ६८ | | |
| **जम्मा** | **१३** | **९९७** | **४** | **९९७** |

*स्रोत: Education Review Office (2018). Standard Request for Proposals, Selection of Consultants, Lump-Sum. Sanothimi, Bhaktapur: Author*

माथि तालिकामा देखाइएअनुसार विद्यालय कार्यसम्पादन परीक्षणका लागि छनोट गरिएको जिल्लाहरूमासञ्चालित विद्यालयहरूमध्ये वि.सं. २०७४ सालममा School Education Examination (एसइइ) मा सहभागी भएका ९९७ वटा विद्यालयहरूको छनोट गरिएको थियो (Education Review Office, 2018) । यी ९९७ वटा विद्यालयहरूलाई शैगुपकेले ४ वटा छुट्टाछुट्टै प्याकेजमा विभाजन गरी अध्ययन गराएको थियो ।

प्रदेश नं. २ मा जम्मा ८ वटा जिल्लाहरू र प्रदेश नं. ३ मा १३ वटा जिल्लाहरू गरी २ वटा प्रदेशमा जम्मा २१ वटा जिल्लाहरू रहेका छन् । यी २१ वटा जिल्लाहरूमध्ये आ.व. २०६८/०६९ देखि गत वर्षसम्ममा कतिपय जिल्लाहरूमा विद्यालय कार्यसम्पादन परीक्षण सम्पन्न भइसकेको छ । यसैगरीआ.व. २०७२/०७३ देखि २०७४/०७५ सम्ममा यी २१ जिल्लाहरुमध्ये १३ वटा जिल्लाहरूमा विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्य पूरा भएको छ ( शैगुपके, २०७५) । बाँकी जिल्लाहरूमध्ये यस आ.व.मा विद्यालय कार्यसम्पादन परीक्षणका लागि प्रदेश नं. २ बाट धनुषा र पर्सा जिल्ला, र प्रदेश नं. ३ बाट रामेछाप र ललितपुर जिल्ला छनोट गरिएको थियो । यी ४ वटा जिल्लाहरूमध्ये प्रदेश २ को धनुषा जिल्लालाई प्याकेज नं. १ मा समावेश गरिएको थियो । अतः यस प्याकेजमा प्रदेश

नं. २ बाट एउटा जिल्ला र प्रदेश नं. ३ बाट २ वटा जिल्ला गरी जम्मा ३ वटा जिल्लाहरू समावेश गरिएको र ती जिल्लाहरू तल दिइएको नक्शामा देखाइएका छन् ।

**चित्र २.२: विद्यालय कार्यसम्पादन परीक्षणका लागि प्याकेज नं. २ मा समावेश गरिएका जिल्लाहरू**




माथि उल्लेखित ४ वटा प्याकेजहरूमध्ये प्याकेज नं. २ ले समेटिएका पालिकाहरू र हरेक पालिकामा सञ्चालित वि.सं. २०७४ सालमा एसइइमा सहभागी भएका सामुदायिक माध्यमिक विद्यालयहरूको सङ्ख्या तालिका नं. २.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२: प्याकेज नं. २ मा समावेश गरिएका जिल्ला, पालिकाहरू र विद्यालयहरूको सङ्ख्या**

| जिल्ला | पलिका | विद्यालय सङ्ख्या | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|
| पर्सा | १. वीरगञ्ज महानगरपालिका | १८ | ५३ |
| | २. पोखरीया न.पा. | १ | |
| | ३. बहुदरमाई न.पा. | ५ | |
| | ४. पर्सागढी न.पा. | ३ | |
| | ५. ठोरी (सुबर्नपूर) गा.पा. | ५ | |
| | ६. जगरनाथपुर गा.पा. | २ | |
| | ७. धोबिनी गा.पा. | २ | |
| | ८. छिपहरमाई गा.पा. | २ | |
| | ९. पकाहा मैनपूर गा.पा. | १ | |

| जिल्ला | पलिका | विद्यालय सङ्ख्या | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|
| | १०. बिन्दबासिनी गा.पा. | २ | |
| | ११. सखुवा प्रसौनी गा.पा. | ४ | |
| | १२. पटेर्वा सुगौली गा.पा. | ३ | |
| | १३. जिराभवानी गा.पा. | २ | |
| | १४. कालिकामाई गा.पा. | ३ | |
| रामेछाप | १. मन्थली न.पा. | १९ | ९० |
| | २. रामेछाप न.पा. | १२ | |
| | ३. उमाकुण्ड गा.पा. | ७ | |
| | ४. खाँडादेवी गा.पा. | १२ | |
| | ५. गोकूलगङ्गा गा.पा. | ७ | |
| | ६. दोरम्बा गा.पा. | ९ | |
| | ७. लिखु गा.पा. | १२ | |
| | ८. सुनापती गा.पा. | १२ | |
| ललितपुर | १. ललितपुर म.न.पा. | २५ | ७२ |
| | २. गोदावरी न.पा. | १६ | |
| | ३. महालक्ष्मी न.पा. | १० | |
| | ४. बागमती गा.पा. | ९ | |
| | ५. महाङ्काल गा.पा. | ६ | |
| | ६. कोन्ज्योसोम गा.पा. | ६ | |
| **जम्मा** | | **२१५** | |

यस प्याकेजले समेटेका ३ वटा जिल्लाहरूमा २८ वटा पालिकाहरू छन् । यसमध्ये ९ वटा नगरपालिका र बाँकी १९ वटा गाउँपालिका छन् । यी पालिकाहरूमा सञ्चालन भइरहेका सम्पूर्ण विद्यालयहरूमध्ये वि.सं. २०७४ सालमा एसइइमा सहभागी भएका सबै सामुदायिक माध्यमिक विद्यालयहरू यस अध्ययनमा समावेश गरिएको थियो । सङ्ख्यात्मक रूपमा सबभन्दा बढी विद्यालयहरू (२५ वटा) ललितपुर महानगरपालिकामा थिए भने सबभन्दा कम (१ वटा) विद्यालय सङ्ख्या पोखरिया नगरपालिकामा थियो । जिल्लागत रूपमा पर्सा, रामेछाप तथा ललितपुर जिल्लाबाट क्रमशः ५३, ९० र ७२ वटा विद्यालयहरूलाई यस अध्ययनमा समावेश गरिएको र यस प्याकेज नं. २ ले जम्मा २१५ वटा विद्यालयहरू समेटेको थियो । यी विद्यालयहरूको नाम अनुसूची - १ मा दिइएको छ ।

## २.२. विद्यालय कार्यसम्पादन परीक्षण साधन (फाराम)

अध्ययनमा समावेश गरिएका विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नका लागि तयार गरिएका फाराम निर्माण गर्दा अपनाइएका प्रक्रिया; फाराम निर्माणका आधारहरू; फाराममा समाविष्ट क्षेत्र, उपक्षेत्रहरू र सूचकहरू निम्नलिखित शीर्षकहरूअन्तर्गत तल प्रस्तुत गरिएको छ ।

### २.२.१. परीक्षणका आधारहरू

विद्यालयमा शिक्षण-सिकाइको मुल उद्देश्य विद्यार्थीहरूको सिकाइउपलब्धि वृद्धि गर्नु हो । विद्यार्थीको सिकाइउपलब्धिको साथै विद्यालयमा उनीहरूको उपस्थितिको दर, विद्यालय छाड्ने तथा कक्षा दोहेऱ्याउने दर; प्रधानाध्यापक (प्रअ) र शिक्षकहरूको विद्यालयको कार्य प्रगति र आफ्नो पेसाप्रति सन्तुष्टिको मात्रा; विद्यार्थी, अभिभावक र विद्यालय व्यवस्थापन समिति (विव्यस)को विद्यालयको प्रगतिप्रति सन्तुष्टिको मात्रा आदि विद्यालयको **उपलब्धि** अन्तर्गत आउँछ । त्यसैले विद्यालयमा विद्यार्थीहरूको नियमित उपस्थिति तथा उनीहरूको उपलब्धि स्तर वृद्धि हुनु, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवाला समूहको विद्यालयप्रति सन्तुष्टिको मात्रा वृद्धि हुनु र कक्षा दोहोऱ्याउने दर तथा विद्यालय छाड्ने दरमा कमि आउनु विद्यालयको उपलब्धिको मात्रा वृद्धि हो ।

विद्यार्थीहरूको सिकाइउपलब्धिको साथै समग्र विद्यालयको उपलब्धि स्तर वृद्धि गर्ने उद्देश्यले नै हरेक विद्यालयले सरकारी तथा समुदाय वा नीजि क्षेत्रको सहयोगमा विद्यालयको लागि आवश्यक शैक्षिक सामग्रीहरू, भौतिक सुविधाहरू तथा शिक्षकहरूको व्यवस्था गरेको हुन्छ । विद्यालयको उपलब्धि स्तरवृद्धि गर्नका लागि आवश्यक यी सबै पक्षहरू **लगानी** क्षेत्रअन्तर्गत आउँछ ।

विद्यार्थीहरूको सिकाइउपलब्धि वृद्धि गर्नका लागि विद्यालयमा उपलब्ध भौतिक सुविधाहरू र आवश्यक शैक्षिक सामग्रीहरू अधिकतम मात्रामा प्रयोग गरी योग्य तथा तालिम प्राप्त शिक्षकहरूमार्फत् शिक्षण-सिकाइ क्रियाकलापहरू कार्यान्वयन गर्नुपर्दछ । विद्यालयभित्र वा बाहिर गरिने यी सम्पूर्ण शैक्षिक क्रियाकलापहरू **प्रक्रिया** क्षेत्रअन्तर्गत आउँछन् ।

विद्यालयको समग्र कार्यसम्पादन स्तर उच्च हुनका लागि सर्वप्रथम त्यस विद्यालयको उपलब्धिस्तर उच्च हुनुपर्छ । विद्यालयको उपलब्धिस्तर त्यति बेला उच्च हुन्छ जब विद्यालयको लागि आवश्यक लगानी पर्याप्त मात्रामा हुन्छ र ती लगानीहरू उपयुक्त हुन्छन् । साथै विद्यालयमा गरिने यी लगानीहरूलाई प्रभावकारी ढङ्गले परिचालन गरिन्छ । यस अर्थमा विद्यालयमा गरिने समग्र लगानी, ती लगानीलाई परिचालन गरी विद्यालयभित्र वा बाहिर गरिने शैक्षिक प्रक्रिया र त्यसबाट निस्कने विद्यालयको समग्र उपलब्धिस्तर नै विद्यालय कार्यसम्पादनको स्तर निर्धारण गर्ने कारक तत्वहरू हुन् जुन तल दिइएको चित्रबाट प्रष्ट हुन्छ ।

**चित्र २.३: विद्यालय कार्यसम्पादनका क्षेत्रहरू**




माथि उल्लेखित ३ वटा क्षेत्रहरू जस्तैः (क) **लगानी** (ख) **प्रक्रिया** (ग) **उपलब्धि**लाई विद्यालय कार्यसम्पादन परीक्षणका शैद्धान्तिक आधारहरूको रूपमा लिइने गरिन्छ। अतः यी शैद्धान्तिक आधारहरूमा आधारित भएर शैगुपकेले आवश्यक प्रक्रियाहरू अपनाई विद्यालय कार्यसम्पादन परीक्षण फाराम तयार गर्न लगाएको थियो।

## २.२.२. विद्यालय कार्यसम्पादन परीक्षण फाराम निर्माण प्रक्रिया

शैगुपकेले आ.व. २०६८/०६९देखि चालु आ.व.सम्म विद्यालय कार्यसम्पादन परीक्षण गराउँदै आएको छ। विद्यालयहरूको कार्यसम्पादन परीक्षण सुरु गराउनु भन्दा अगाडि उक्त कार्यको लागि आवश्यक फाराम निर्माण गर्न विशेषज्ञहरू सम्मिलित एउटा कार्यदल गठन गरिएको थियो। कार्यदलले विभिन्न देशमा सञ्चालित विद्यालय कार्यसम्पादन परीक्षणका फारामहरू तथा उक्त फारामहरू निर्माणका ढाँचाहरू अध्ययन एवम् समीक्षा गरेको थियो। सोही आधारमा र माथि उल्लेखित सैद्धान्तिक आधारमा तथा नेपालको सन्दर्भमा विद्यालयहरूको कार्यसम्पादन गर्दा ध्यान दिनुपर्ने व्यावहारिक कुराहरूलाई समेत दृष्टिगत गरी विद्यालय कार्यसम्पादनका क्षेत्र तथा उपक्षेत्रहरू र ती क्षेत्र तथा उपक्षेत्रहरू मापन गर्ने सूचकहरू तयार गरिएका थियो। यी क्षेत्र तथा उपक्षेत्रहरू र सूचकहरू समावेश गरी कार्यदलले विद्यालय कार्यसम्पादन परीक्षण फारामको मस्यौदा तयार गरेको थियो। यस मस्यौदा फारामलाई विज्ञहरू तथा सरोकारवाला समूहका प्रतिनिधिहरूको कार्यशाला गोष्ठीमा प्रस्तुत गर्न लगाई उक्त गोष्ठीमा वृहत्त छलफल गरी प्रस्तुत फारामलाई अन्तिम रूप दिइएको थियो। गोष्ठीद्वारा अन्तिम रूप दिइएको उक्त फारामलाई विद्यालयहरूमा पूर्व-परीक्षण गरिएको थियो। पूर्व-परीक्षणबाट आएको नतिजा तथा पृष्ठपोषणको आधारमा उक्त फारामलाई सुधार गरी आ.व. २०६८/०६९ मा सञ्चालित विद्यालय कार्यसम्पादन परीक्षणमा प्रयोग गरिएको थियो। हरेक वर्ष विभिन्न जिल्लाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नका लागि परीक्षकहरूलाई विद्यालयहरूमा पठाउनु भन्दा अगाडि ती परीक्षकहरूलाई शैगुपकेले कार्यसम्पादन परीक्षण फाराममा समाविष्ट क्षेत्र, उपक्षेत्र, तथा सूचकहरूबारे जानकारी दिन र उक्त फाराम प्रयोग गरी विद्यालयको स्तर निर्धारण गर्ने विधिबारे तीन-दिने तालिम सञ्चालन गरेको थियो। उक्त तालिममा विगत वर्षहरूमा संलग्न अनुभवी परीक्षकहरू, जिल्ला

संयोजकहरू र प्रतिवेदन लेखकहरूद्वारा आएका सुझावहरूको आधारमा कार्यसम्पादन परीक्षण फारामलाई सुधार गर्दै आएको छ । जस्तै २०७३/०७४ मा कार्यसम्पादन परीक्षणमा संलग्न परीक्षकहरू तथा जिल्ला संयोजकहरूको सुझावको आधारमा उक्त साधनमा उल्लेखित क्षेत्र र उपक्षेत्रहरू यथावत राखेर केही सूचकहरूमा सामान्य सुधार गरिएको थियो र मापनका केही आधारहरूलाई परिमार्जन गरिएको थियो । अतः आ.व. २०७४/०७५मा प्रयोग गरिएको विद्यालय कार्यसम्पादन परीक्षण फारामलाई नै चालु आ.व.मा सञ्चालन भएको विद्यालय कार्यसम्पादन परीक्षण कार्यमा प्रयोग गर्ने उद्देश्यले उक्त फारामबारे जानकारी दिन र आवश्यक भए सुधार गर्नका लागि शैगुपकेले गत वर्षहरूमा जस्तै यस आ.व.मा पनि तीन-दिने तालिम सञ्चालन गरेको थियो ।उक्त कार्यक्रममा कार्यसम्पादन परीक्षण फाराम सुधारसम्बन्धी केही सुझावहरूको आधारमा परीक्षण फारामलाई अन्तिमरूप दिइएको थियो ।

### २.२.३. विद्यालय कार्यसम्पादन परीक्षण फाराममा समाविष्ट क्षेत्र, उपक्षेत्र तथा सुचकहरू

माथि २.२.१ मा उल्लेखभए अनुसार विद्यालयको समग्र कार्यसम्पादन परीक्षण गर्ने आधार तथा क्षेत्रहरू विद्यालयमा गरिएको लगानी, प्रक्रिया तथा विद्यालयको उपलब्धि भएको हुँदा कार्यसम्पादन परीक्षण फाराममा यी तीनवटै क्षेत्रहरू समावेश गरिएको थियो । भनाइको अर्थ हरेक विद्यालयको लगानी, शैक्षिक प्रक्रिया र उपलब्धिलाई सङ्ख्यात्मक रूपमा मापन गरी विद्यालयको कार्यसम्पादन स्तर निर्धारण गर्ने उद्देश्यले कार्यसम्पादन परीक्षण फाराममा यी तीनवटै क्षेत्रहरूसँग सम्बन्धित सूचकहरू समावेश गरिएको थियो । सूचकहरू निर्माण गर्न सर्वप्रथम हरेक क्षेत्रअन्तर्गत आउने उपक्षेत्रहरू पहिचान गरिएको थियो । लगानी क्षेत्रअन्तर्गत ३ वटा, प्रक्रिया क्षेत्रअन्तर्गत ५ वटा र उपलब्धि क्षेत्रअन्तर्गत ४ वटा उपक्षेत्रहरू निर्धारण गरिएको थियो । हरेक उपक्षेत्रमा विद्यालयले गरेको कार्यसम्पादनलाई मापन गरी सङ्ख्यात्मक रूपमा निर्धारण गर्न प्रत्येक उपक्षेत्र मापन गर्ने केही सूचकहरू निर्माण गरी विद्यालय कार्यसम्पादन परीक्षण फाराममा समावेश गरिएको थियो । कार्यसम्पादन परीक्षण फाराममा समावेश गरिएका क्षेत्र, उपक्षेत्र, सूचकहरूको सङ्ख्या तथा हरेक उपक्षेत्रका लागि छुट्याइएकोपूर्णाङ्क तलको तालिका २.३ मा प्रस्तुत गरिएको छ

**तालिका २.३: कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्र, सूचकहरू, तथा सूचकहरूको सङ्ख्या र पूर्णाङ्क**

| क्षेत्र | उपक्षेत्र | सूचकहरू | सूचक सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|
| लगानी | १. भौतिक संरचना | विद्यालयको हाता, खेलमैदान, कक्षाकोठा सङ्ख्या, कक्षाकोठाको गुणस्तर, फर्निचर, बिजुली, कम्प्युटर,चमेनागृह, साबुन र पानी, खेलकुद सामग्री, शौचालय, पुस्तकालय, प्रयोगशाला, घेराबार, कक्षाकोठामा प्रयोग हुने पाटी | १६ | ४८ |
| | २. शिक्षण मानव संशाधन र स्थायित्व (शिक्षक) | कक्षा र विषयको अनुपातमा शिक्षक सङ्ख्या, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, नियुक्तिको प्रकार, सूचना प्रविधिसम्बन्धी क्षमता, उपस्थिति, कार्यसम्पादन स्तर | ७ | २१ |
| | ३. समुदायको सहभागिता र लगानी | जग्गा, भवन, आर्थिक सहयोग, समुदायको सहभागिता | ४ | १२ |
| प्रक्रिया | ४. कक्षा शिक्षण | योजना निमार्ण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधिको प्रयोग, वैयक्तिक | १० | ३० |

| क्षेत्र | उपक्षेत्र | सूचकहरू | सूचक सङ्ख्या | पूर्णाङ्क |
| --- | --- | --- | --- | --- |
| | | भिन्नतामा आधारित सहयोगात्मक शिक्षण, गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्वल, शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापन | | |
| | ५. विद्यार्थी मूल्याङ्कन | निरन्तर विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनको प्रयोग, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, परीक्षाफल नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषण | ६ | १८ |
| | ६. शिक्षकको पेसागत विकास | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय, रचनात्मक कार्य, विद्यालयको आयोजनामा क्षमता विकास तालिम र स्रोतकेन्द्र सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, पेसागत विकासका लागि नियमित अध्ययन सामग्रीको व्यवस्था, प्रोत्साहन र सुविधा | ७ | २१ |
| | ७. नेतृत्व र व्यवस्थापन | विव्यसको गठन, बैठक र निर्णय कार्यान्वयन; शिक्षक अभिभावक संघ (शिअसं)को गठन, बैठक र निर्णय कार्यान्वयन; अभिभावक भेला; सामाजिक परीक्षण; शिक्षक स्टाफ बैठक; महत्वपूर्ण विषयमा प्रअको निर्णय; विव्यसको निर्णय प्रकिया; विद्यालय सुधार योजना; वार्षिक योजना र कार्यक्रम; स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग; सुशासन र पारदर्शिता; अभिलेख व्यवस्थापन; विद्यालयको आर्थिक लेखा परीक्षण | १७ | ५१ |
| | ८. सह/अतिरिक्त क्रियाकलाप | सह/अतिरिक्त क्रियाकलापको योजना र योजना कार्यान्वयन, क्रियाकलाप सञ्चालन, प्रतियोगितामा विद्यालयको सहभागिता, विद्यार्थी सहभागिता, बालक्लब, रेडक्रस, स्काउट, सदन आदिको गठन | ६ | १८ |
| उपलब्धि | ९. नियमितता, कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने | कक्षा ५ र ८ का विद्यार्थीहरूको नियमितता, कक्षा छाड्ने दर तथा कक्षा दोहोऱ्याउने दर | ६ | १८ |
| | १०. सिकाइउपलब्धि | कक्षा ५ र ८ का विद्यार्थीहरूको नेपाली र गणितमा गत वर्षको औसत सिकाइउपलब्धि, र School Education Examination (एसइइ) को औसत GPA | ५ | १५ |
| | ११. सेवाग्राहीसन्तुष्टि | विद्यालयको कार्य प्रगतिप्रति अभिभावक र विद्यार्थीको सन्तुष्टि | २ | ६ |
| | १२. शिक्षकको पेसागत सन्तुष्टि | विद्यालयको कार्य प्रगतिप्रतिको सन्तुष्टि र आफ्नो पेसाप्रतिको सन्तुष्टि | २ | ६ |
| **जम्मा** | **१२** | | **८८** | **२६४** |

*स्रोत: शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३*

तालिका २.३ मा देखाइएअनुसार विद्यालयहरूको कार्यसम्पादन परीक्षण फारामले ३ वटा क्षेत्रहरू समेटेको छ । हरेक क्षेत्रअन्तर्गत ३ देखि ५ वटा उपक्षेत्रहरू समावेश गरिएका छन् । विद्यालयले हरेक उपक्षेत्रमा गरेका कार्यसम्पादनलाई सङ्ख्यात्मक रूपमा मापन गर्न प्रत्येक उपक्षेत्रअन्तर्गत २ देखि १६ वटा मापनका सूचकहरू दिइएका छन् । हरेक विद्यालयको कार्यसम्पादनलाई सङ्ख्यात्मक रूपमा मापन गर्न तालिकामा देखाइएअनुसार ३ वटा क्षेत्रहरूअन्तर्गत १२ वटा उपक्षेत्रहरूमा गरेर ८८ वटा सूचकहरू दिइएका छन् । यी ८८ वटा सूचकहरूमध्ये २७ वटा सूचकहरू लगानी क्षेत्र,४६ वटा प्रक्रिया क्षेत्र र बाँकी १५ वटा सूचकहरू उपलब्धि क्षेत्रसँग सम्बन्धित छन् । हरेक सूचक मापन गर्न कार्यसम्पादन परीक्षण साधनमा मापदण्डका आधारहरू समेत दिइएका छन् । प्रत्येक सूचकलाई निर्धारित मापदण्डको आधारमा ० वा १ वा २ वा ३ अङ्क प्रदान गर्ने व्यवस्था गरिएको छ । अतः हरेक सूचकको पूर्णाङ्क ३ भएको हुँदा लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रको पूर्णाङ्क क्रमशः ८१, १३८ र ४५; र यी ३ वटा क्षेत्रहरूको कूल पूर्णाङ्क २६४ हुन आउँछ ।

माथि उल्लेखित क्षेत्र, उपक्षेत्र तथा सूचकहरूबाहेक हरेक विद्यालयले के कति विद्यार्थीलाई सेवा प्रदान गरेको छ भन्ने जानकारी प्राप्त गर्ने उद्देश्यले विद्यालय कार्यसम्पादन परीक्षण फारामको अन्तिममा **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** शीर्षकअन्तर्गत एउटा छुट्टै सूचक समावेश गरिएको छ । यस सूचक विद्यालयद्वारा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (सेवाग्राही विद्यार्थी सङ्ख्या)सँग सम्बन्धित छ जसमा ० देखि ५ सम्म ६ वटा स्केलहरू दिइएको छ र जम्मा ५ पूर्णाङ्क छुट्याइएको छ । प्रचलित शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसार हरेक विद्यालयमा प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्याको आधारमा अङ्क प्रदान गर्ने मानकहरू/मापदण्डहरू दिइएका छन् । विद्यालयमा विद्यार्थी सङ्ख्या जति बढी हुन्छ त्यति नै निर्धारित मापदण्डको आधारमा उक्त विद्यालयलाई बढी अङ्क प्रदान गरिन्छ भने यसको ठीक उल्टो कम विद्यार्थी सङ्ख्या भएको विद्यालयलाई कम अङ्क प्रदान गरिन्छ । त्यसैले उक्त सूचकसमेत गणना गर्दा विद्यालय कार्यसम्पादन परीक्षण फाराममा ८९ वटा सूचकहरू छन् र ती ८९ वटा सूचकहरूको कूल पूर्णाङ्क २६९ हुन आउँछ । यी पूर्णाङ्कमा हरेक विद्यालयले प्राप्त गर्ने प्राप्ताङ्कलाई तुलनायोग्य बनाउन हरेक क्षेत्रको पूर्णाङ्कलाई भारित अङ्क (Weightage Score) मा परिणत गरिएको छ । हरेक क्षेत्रका लागि छुट्याइएको भारित अङ्क तल दिइएको चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र २.४: विद्यालय कार्यसम्पादनको विभिन्न क्षेत्र तथा सुचकको लागि छुट्याईएको भारित अङ्क**



चित्रमा देखाइएअनुसार कार्यसम्पादनका तीनवटा क्षेत्रहरूमध्ये सबभन्दा बढी भारित अङ्क(४०) उपलब्धि क्षेत्रलाई दिइएको छ भने सबभन्दा कम (२५) लगानी क्षेत्रलाई दिइएको छ । त्यस्तै प्रक्रियक क्षेत्रलाई ३० र "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकका लागि ५ अङ्कभार छुट्याइएको छ ।*(प्रतिशतमा दिइएका यी पूर्णाङ्कलाई र यी पूर्णाङ्कमा विद्यालयहरूले प्राप्त गरेका प्राप्ताङ्कहरूलाई भारित अङ्क र प्राप्ताङ्क भनिने छ)*। हरेक विद्यालयले १०० पूर्णाङ्कमा हासिल गरेको कूल भारित प्राप्ताङ्कको आधारमा उक्त विद्यालयको समग्र कार्यसम्पादन स्तर निर्धारण गर्न विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७५ (बाह्य परीक्षण तथा स्वःमूल्याङ्कन) मा निम्न प्रकारको मापदण्डका आधारहरू दिइएका छन् (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैगुपके, २०७५) ।

**तालिका २.४: विद्यालयको समग्र कार्यसम्पादन स्तर निर्धारण गर्ने मापदण्डका आधारहरू**

| स्तर | स्तर निर्धारणका आधार |
|---|---|
| कमजोर (Poor) | ४० प्रतिशत भन्दा कम |
| सामान्य (Average) | ४०-७० प्रतिशत |
| मध्यम (Good) | ७०-९० प्रतिशत |
| उत्तम (Excellent) | ९० प्रतिशत वा सो भन्दा बढी |

हरेक विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजालाई थप पुष्टि गर्न परीक्षण प्रक्रिया र कार्यसम्पादन परीक्षणको नतिजा सम्बन्धमा विव्यसका अध्यक्ष वा सदस्य र प्रअबाट समेत गुणात्मक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले विद्यालय कार्यसम्पादन परीक्षण फाराममा उल्लेखित पदाधिकारीहरूका लागि १ र १ वटा प्रश्न समावेश गरिएको छ ।

समग्र रूपमा विद्यालय कार्यसम्पादन परीक्षण फारामलाई ९ वटा खण्डमा विभाजन गरिएको छ । खण्ड "क" **"विद्यालयको आधारभूत विवरण"**सँग सम्बन्धित छ। विद्यालयको नाम, ठेगाना, विद्यालयमा सञ्चालित कक्षाहरू, विद्यार्थी सङ्ख्यासम्बन्धी जानकारीहरू यस खण्डमा उल्लेख गरिन्छ । माथि उल्लेखित क्षेत्र, उपक्षेत्र, सूचकहरू र स्तर निर्धारणका आधारहरू खण्ड "ख" मा **"कार्यसम्पादन परीक्षण"** शीर्षकअन्तर्गत दिइएको छ । खण्ड "ग" मा **"विद्यालय कार्यसम्पादन मूल्याङ्कन सारांस तालिका"** दिइएको छ जसमा हरेक क्षेत्र तथा उपक्षेत्रहरूको पूर्णाङ्क र ती पूर्णाङ्कमा हरेक विद्यालयले प्राप्त गरेका प्राप्ताङ्कहरू उल्लेख गरिएका छन् । खण्ड "घ" मा **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** सम्बन्धी तथ्याङ्क लिन एउटा सूचक र अङ्क प्रदान गरिने आधारहरू समेत दिइएको छ। त्यस्तै खण्ड "ङ"मा हरेक विद्यालयले हरेक क्षेत्रमा प्राप्त गरेका प्राप्ताङ्कहरू र कूल प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तर गरिने सूत्रहरू दिइएका छन् । अतः यस खण्डमा परीक्षकले हरेक विद्यालयको क्षेत्रगत तथा कूल प्राप्ताङ्कलाई प्रतिशतमा समेत उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ । खण्ड "च"मा **"विद्यालयको समग्र स्तर"** उल्लेख गरिएको छ जसमा हरेक विद्यालयले प्राप्त गरेको प्रतिशको आधारमा विद्यालयको स्तर (कमजोर, सामान्य, मध्यम, उत्तम) निर्धारण गरिन्छ । विद्यालय कार्यसम्पादन परीक्षण प्रक्रिया र नतिजा सम्बन्धमा प्रअ र विव्यसको प्रतिक्रिया लिन खण्ड "छ" र खण्ड "ज"को व्यवस्था गरिएको छ । विद्यालय कार्यसम्पादन परीक्षण फारामको अन्तमा हरेक विद्यालयले हासिल गरेको स्तरको आधारमा विद्यालयलाई परीक्षकद्वारा सुझावहरू दिन लगाउन खण्ड "झ"मा **"परीक्षकको सुझाव तथा सिफारिस"** महल दिइएको छ ।

## २.३. तथ्याङ्क सङ्कलन विधि

यस प्याकेज अन्तर्गत ३ वटा जिल्ला (पर्सा, रामेछाप तथा ललितपुर जिल्ला)का ९ वटा नगरपालिका र १९ वटा गाउँपालिकाहरूमा सञ्चालित वि.सं. २०७५मा एसइइमा सम्मिलित भएका सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणका लागि सम्बन्धित विद्यालयहरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क सङ्कलन गर्दा अपनाइएका विधिहरू निम्नलिखित शीर्षकहरू अन्तर्गत तल प्रस्तुत गरिएका छन् ।

### २.३.१. प्याकेज संयोजक, जिल्ला संयोजक तथा परीक्षकहरूको छनोट र तयारी

प्याकेज २ अन्तर्गतका विद्यालयहरूको कार्यसम्पादन परीक्षणलाई जिम्मेवारी तथा प्रभावकारी ढङ्गले सञ्चालन एवम् सम्पन्न गर्नका लागि परामर्शदाता संस्थाले एकजना प्याकेज संयोजक नियुक्ति गरेको थियो । यस प्याकेजले ३ वटा जिल्लाहरू; पर्सा, रामेछाप तथा ललितपुर समेटेको थियो र यी जिल्लाहरूबाट क्रमशः ५३, ९० र ७२ वटा सामुदायिक माध्यमिक विद्यालयहरू समाविष्ट थिए । एउटै जिल्लामा सञ्चालित विभिन्न विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा एकरूपता ल्याउन, कार्यसम्पादन परीक्षणमा खटिएका परीक्षकहरूबीच समन्वय कायम गर्न, एउटा जिल्लाअन्तर्गत हरेक पालिका तथा सम्बन्धित निकायहरूलाई कार्यसम्पादनबारे जानकारी दिई आवश्यक सहयोग प्राप्त गर्न, प्याकेज संयोजकलाई जिल्लामा भएका कार्य प्रगतिबारे समय समयमा जानकारी दिन र कार्यसम्पादन परीक्षणलाई अनुगमन गर्न हरेक जिल्लाको लागि १ । १ जना जिल्ला संयोजक नियुक्त गरिएको थियो ।

यस प्याकेजमा समाविष्ट पर्सा जिल्लामा १४ वटा, रामेछाप जिल्लामा ८ वटा र ललितपुर जिल्लामा ६ वटा पालिकाहरू छन् । हरेक पालिकामा सञ्चालित विद्यालयहरूको सङ्ख्या, विद्यालयहरूबीचकोदूरी तथा परीक्षकहरूले यस कार्यलाई दिन सक्ने समयावधिलाई समेत दृष्टिगत गरी शैगुपकेले तोकेको न्यूनत्तम योग्यता तथा अनुभवलाई समेत ध्यानमा राखेर परामर्शदाता संस्थाले २८ वटा पालिकाहरूको लागि जम्मा २८ जना परीक्षकहरू अर्थात् प्रतिपालिका शालाखाला १ जना परीक्षक नियुक्ति गरेको थियो । यी परीक्षकहरूलाई विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्न १ देखि १४ वटा विद्यालयहरूको जिम्मेवारी दिइएको थियो । यस कार्यका लागि विभिन्न जिल्लाहरूमा पठाइएका परीक्षकहरूको नाम, पद, विद्यालयहरूको नाम तथा ठेगाना अनुसूची १मा दिइएको छ । हरेक जिल्लामा पठाइएका जिल्लागत परीक्षक सङ्ख्या र ती परीक्षकहरूले परीक्षण गरेका विद्यालयहरूको सङ्ख्या तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.५: जिल्लागत परीक्षकहरूको सङ्ख्या तथा परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या**

| जिल्ला | परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या | परीक्षक सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालमा कार्यरत तथा निवृत्त प्राध्यापकहरू | | | नेपाल सरकार, शिक्षा मन्त्रालयबाट निवृत्त कर्मचारीहरू | | कूल परीक्षक सङ्ख्या |
| | | प्राध्यापक | सहप्राध्यापक | उपप्राध्यापक | निवृत्त सहसचिव | निवृत्त उपसचिव | |
| पर्सा | ५३ | | १ | २ | २ | १ | ६ |
| रामेछाप | ९० | २ | | ६ | | ४ | १२ |
| ललितपुर | ७२ | २ | १ | ४ | २ | ५ | १४ |
| **कूल** | **२१५** | **४** | **२** | **१२** | **४** | **१०** | **३२** |

माथि तालिकामा उल्लेखित जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्न परामर्शदाता संस्थाले जम्मा २८ जना परीक्षकहरू नियुक्त गरेको थियो । यी २८ जना परीक्षकहरूमध्ये ४ जना परीक्षकहरूलाई २ वटा जिल्लाहरू (रामेछाप र ललितपुर)का केही विद्यालयहरू परीक्षण गर्ने जिम्मा दिइएको थियो । यसर्थ यी परीक्षकहरूको गणना २ वटै जिल्लामा भएको हुँदा माथि तालिकामा परीक्षकहरूको सङ्ख्या ३२ देखाइएको छ । यी २८ जना परीक्षकहरूमध्ये १७ जना विश्वविद्यालयका प्राध्यापकहरू थिए भने ११ जना नेपाल सरकार, शिक्षा मन्त्रालयबाट निवृत्त कर्मचारीहरू थिए । परीक्षकहरूको नियुक्ति पदीय हिसाबमा शैगुपकेले कम्तीमा निवृत्त उपसचिव तथा उपप्राध्यापक हुनुपर्ने कुरा उल्लेख गरेको थियो । यस सन्दर्भमा १८ जना परीक्षकहरूको पद शैगुपकेले तोकेका पदका परीक्षकहरू थिए भने बाँकी एक तिहाइभन्दा बढीपरीक्षकहरू (१० जना)को पद शैगुपकेले तोकेको पद भन्दा माथिल्लो पदका थिए ।

परीक्षकहरूको योग्यताको सवालमा शैगुपकेले न्यूनत्तम एम.एड. हुनुपर्ने किटान गरेको थियो । परामर्शदाता संस्थाले नियुक्त गरेका २८ जना परीक्षकहरूमध्ये सो योग्यता भएका परीक्षकहरूको सङ्ख्या १० जना थिए भने बाँकी करिवदुई तिहाइ परीक्षकहरू (१८)को योग्यता शैगुपकेले निर्धारण गरेका योग्यता भन्दा उच्च योग्यता भएका परीक्षकहरू थिए । अर्थात् बढी योग्यता भएका १८ जना परीक्षकहरूमध्ये ७ जना परीक्षकहरूको योग्यता एम.फिल. थियो भने बाँकी ११ जना परीक्षकहरूको योग्यताविद्यावारिधी थियो ।

सबै जिल्लाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा एकरूपता ल्याउन र उक्त परीक्षणलाई विश्वसनीय बनाउने उद्देश्यले परामर्शदाता संस्थाले २ जना परीक्षकहरू बाहेक सबै परीक्षकहरू विगतका वर्षहरूमा कार्यसम्पादन परीक्षण कार्यमा अनुभव हासिल गरेका परीक्षकहरू नियुक्त गरेको थियो । अतः २८ जना परीक्षकहरूमध्ये २ जना परीक्षकहरू नयाँ थिए भने २६ जना परीक्षकहरू सम्बन्धित कार्यमा अनुभवी थिए।

परामर्शदाता संस्थाद्वारा नियुक्ति गरेका परीक्षकहरूलाई यस अध्ययनमा समाविष्ट पालिकाहरूमा सञ्चालित विद्यालयहरूमा कार्यसम्पादन परीक्षणका लागि पठाउनु भन्दा अगाडि ती परीक्षकहरूलाई कार्यसम्पादन परीक्षण कार्यमा सक्षम बनाउन शैगुपके र परामर्शदाता संस्थाले निम्नलिखित कार्यहरू सञ्चालन गरेका थिए ।

### (क) शैगुपकेद्वारा परीक्षकहरूको लागि तालिमः

कार्यसम्पादन परीक्षणको लागि तयार गरिएको फाराम भर्ने विधि, विद्यालयको स्तर निर्धारण गर्ने प्रक्रिया, सरोकारवाला समूहहरूसँग गुणात्मक तथ्याङ्क लिने र ती तथ्याङ्कलाई फाराममा भर्ने तरिकाहरूबारे ज्ञान तथा सीपहरू प्रदान गर्न शैगुपकेले तीन-दिने तालिम सञ्चालन गरेको थियो । उक्त तालिममा यस प्याकेजको साथै अन्य प्याकेजहरूमा संलग्न हुने सम्पूर्ण परीक्षकहरू तथा जिल्ला संयोजकहरूलाई समेत सहभागी बनाइएको थिए । तालिममा परीक्षकहरूलाई दुई समूहमा विभाजन गरिएको थियो । विगतका वर्षहरूमा कार्यसम्पादन परीक्षणमा संलग्न परीक्षकहरूलाई एउटा समूह र नयाँ परीक्षकहरूलाईअर्को समूहमा राखिएको थियो । पहिलो समूह अर्थात् अनुभवी परीक्षकहरूको समूहलाई एक-दिने र नयाँ परीक्षकहरूको समूहलाई तीन-दिने तालिम सञ्चालन गरिएको थियो । सम्पूर्ण परीक्षकहरूद्वारा गरिने कार्यसम्पादन परीक्षणमा एकरूपता ल्याउन र परीक्षण कार्यलाई विश्वसनीय बनाउन उक्त तालिममा सम्बन्धित विषयविज्ञहरूद्वारा निम्नलिखित विषयवस्तुहरूमा विस्तृत छलफल गरी परीक्षकहरूलाई यस कार्यसँग आवश्यक ज्ञान तथा सीपहरू प्रदान गरिएको थियो ।

- विद्यालय कार्यसम्पादन परीक्षणका औचित्य तथा उद्देश्यहरू,
- कार्यसम्पादन परीक्षण साधनमा समावेश गरिएका क्षेत्र तथा उपक्षेत्रहरू,
- हरेक उपक्षेत्र मापनका लागि दिइएका सूचकहरू र सूचकमा दिइएका विवरणात्मक एवम् सङ्ख्यात्मक स्केलहरू,
- कार्यसम्पादन परीक्षण फाराम भर्ने तरिका,
- हरेक क्षेत्र तथा उपक्षेत्रलाई सङ्ख्यात्मक रूपमा मापन गरी हरेक क्षेत्र (लगानी, प्रक्रिया, उपब्धि) र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा विद्यालयले प्राप्त गरेका प्राप्ताङ्क (Row score) लाई फाराममा दिइएका सूत्रहरू प्रयोग गरी भारित अङ्क (लगानीलाई २५ प्रतिशत, प्रक्रियालाई ३० प्रतिशत, उपलब्धिलाई ४० प्रतिशत, र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्यालाई ५ प्रतिशत पूर्णाङ्क) निकाल्ने विधि,
- हरेक विद्यालयले कूल भारित अङ्कमा हासिल गरेको प्राप्ताङ्कको आधारमा विद्यालयको स्तर निर्धारण गरिने विधि,
- विद्यालयको प्रअ र विव्यसको अध्यक्ष वा सदस्यबाट लिइने गुणात्मक तथ्याङ्क र
- परीक्षक आफैले दिनुपर्ने सुझावहरू ।

तालिममा संलग्न परीक्षकहरूलाई माथि उल्लेखित विषयवस्तुहरूमा प्रयोगात्मक अनुभव प्रदान गर्ने हेतुले तालिम अवधिमा सबै परीक्षकहरूलाई केही विद्यालयहरूमा पठाई सम्बन्धित सरोकारवाला समूहहरूबाट तथ्याङ्क सङ्कलन गर्न लगाई कार्यसम्पादन परीक्षण फाराम भर्ने अभ्यास गर्न लगाइएको थियो । उक्त अभ्यासद्वारा परीक्षकहरूले विभिन्न प्रकारका तथ्याङ्क सङ्कलन गर्ने विभिन्न विधिहरू (जस्तै सम्बन्धित व्यक्तिहरूसँग आत्मीय संबन्ध कायम गर्ने, भौतिक साधनहरूको अवलोकन गर्ने, अभिलेखहरूको अध्ययन गर्ने, अन्तरवार्ता लिने, लक्षित समूह छलफल (Focus group discussion) सञ्चालन गर्ने, तथा कक्षा अवलोकन गर्ने) बारे समेत अनुभवहरू हासिल गरेका थिए । उक्त अभ्यासको क्रममा देखिएका समस्याहरू र सूझावहरूबारे छलफल गर्न तालिम समयावधिमा एउटा

छुट्टै पृष्ठपोषण सत्रको व्यवस्था गरिएको थियो, जुन सत्रमा परीक्षकहरूलाई आ-आफ्ना अनुभवहरू एक आपसमा साटासाट गर्ने अवसर प्रदान गरिएको थियो ।

### (ख) परामर्शदाता संस्थाद्वारा जिल्ला संयोजकहरूतथा परीक्षकहरूलाई अन्तर्क्रिया कार्यक्रमः

शैगुपकेद्वारा सञ्चालित माथि उल्लेखित तालिम सञ्चालनपश्चात् परामर्शदाता संस्थाले प्याकेज २ अन्तर्गतका जिल्ला संयोजकहरू लगाएत काठमाडौँमा उपलब्ध परीक्षकहरूलाई एक-दिने अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको थियो । उक्त अन्तर्किया कार्यक्रममा हरेक विद्यालय तथा स्थानीय निकायमा आत्मीय सम्बन्ध कायम गर्ने विधि, हरेक विद्यालयमा गर्नुपर्ने कार्यहरूको सूची, आवश्यक तथ्याङ्कहरूको सूची, अवलोकन गर्नुपर्ने भौतिक साधनहरूको सूची, कक्षा अवलोकन विधि, विद्यालयमा हेर्नुपर्ने अभिलेख, सम्पर्क गर्नुपर्ने सरोकारवाला समूहहरूको सूची, लक्षित समूह छलफलबाट आएका निष्कर्षलाई विद्यालयकार्यसम्पादन परीक्षण फाराममा भर्ने तरिका,उक्तफाराममा उल्लेखित सङ्ख्यात्मक तथ्याङ्कको आधारमा विद्यालयको स्तर निर्धारणपश्चात् प्रअ, शिक्षकहरू, विव्यसका अध्यक्ष वा सदस्यहरूको बैठक सञ्चालन गर्ने विधि आदिबारे छलफल गरिएको थियो । यसबाहेक प्रत्येक जिल्ला संयोजकहरूलाई आ-आफ्नोअन्तर्गत रहेका विद्यालयहरूमा गर्नुपर्ने अनुगमन विधि तथा विद्यालयहरूको कार्यसम्पादन सम्परीक्षण प्रक्रियाबारे समेत जानकारी दिइएको थियो । अन्तमा परामर्शदाता संस्थाले प्रत्येक जिल्ला संयोजकहरूलाई विद्यालय सङ्ख्याको आधारमा आवश्यक कार्यसम्पादन परीक्षण फाराम एवम् हरेक विद्यालयको लागि आवश्यक पत्रहरू दिएको थियो ।

### (ग) जिल्लामा जिल्ला संयोजकहरूद्वारा परीक्षकहरूसँग छलफल कार्यक्रमः

जिल्ला संयोजकहरूआफूलाई तोकेको जिल्लामा पुगी सर्वप्रथम जिल्ला शिक्षा समन्वय एकाइ प्रमुख, विद्यालय निरीक्षकहरू र स्रोतव्यक्तिहरूसहितको एउटा बैठकको आयोजना गरिएको थियो । उक्त बैठकमा सबै सहभागीहरूलाई विद्यालय कार्यसम्पादनबारे र ती पदाधिकारीहरूबाट चाहिने आवश्यक सहयोगहरूबारे जानकारी गराइएको थियो । तत्पश्चात् हरेक जिल्ला संयोजकले जिल्ला सदरमुकाममा कार्यसम्पादन परीक्षणमा खटिने परीक्षकहरूलाई आधा-दिने छलफल कायक्रम सञ्चालन गरेका थिए । उक्त छलफल कार्यक्रममा विशेष गरी हरेक परीक्षकले कार्यसम्पादन परीक्षण गर्नुपर्ने विद्यालयहरूको सङ्ख्या, तिनीहरूको नाम तथा ठेगाना, हरेक विद्यालयमा बिताउनु पर्ने अनुमानित समयावधि, सम्बन्धित पदाधिकारीहरूबाट गरिने अनुगमन तथा सम्परीक्षणबारे छलफल गरेका थिए । यसबाहेक परामर्शदाता संस्थाले काठमाडौँमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागी हुन नसकेका परीक्षकहरूलाई उक्त अन्तर्क्रिया कार्यक्रममा छलफल भएका विषयहरूमा समेत जानकारी दिइएको थियो । अन्तमा परीक्षकहरूलाई परामर्शदाता संस्थाबाट विद्यालयलाई लेखिएको अनुरोध पत्र र विद्यालय कार्यसम्पादन परीक्षण फारामहरू उपलब्ध गराई परीक्षण कार्य गरेवापत परीक्षकहरूलाई प्रदान गरिने सुविधाबारे जानकारी दिइएको थियो ।

## २.३.२. विद्यालयबाट तथ्याङ्क सङ्कलन

यस अध्ययनमा समाविष्ट हरेक जिल्लामा सम्बन्धित जिल्ला संयोजक तथा परीक्षकहरूको छलफल कार्यक्रमपश्चात् सवै परीक्षकहरूलेआफूलाई सुम्पेका हरेक विद्यालयमा गई ती विद्यालयहरूको कार्यसम्पादन परीक्षण (तथ्याङ्क सङ्कलन) गरेका थिए । तथ्याङ्क सङ्कलनको क्रममा परीक्षकहरूले हरेक विद्यालयमा निम्नलिखित कार्यहरू गरेका थिए ।

**(क)** हरेक विद्यालयमा परीक्षकले प्रअलाई भेटी परामर्शदाता संस्थाको पत्रमार्फत् आफ्नो र आफूले विद्यालयमा गर्नुपने कार्यहरूबारे जानकारी दिएको थियो । तत्पश्चात् परीक्षकले प्रअ, सहायक प्रअ, शिक्षक, लेखा तथा प्रशासनमा काम गर्ने कर्मचारीहरूसहितको एउटा अनौपचारिक बैठकको आयोजना गरेको थियो । उक्त बैठकमा परीक्षकले कार्यसम्पादन परीक्षणको औचित्य तथा उद्देश्यबारे विस्तृत जानकारी दिएको थियो । यसको साथै कार्यसम्पादन परीक्षण फाराम भर्नका लागि आवश्यक तथ्याङ्कहरूबारे समेत जानकारी दिइएको थियो ।

**(ख)** तथ्याङ्क सङ्कलनगर्नुभन्दा अगाडि प्रअ वा सहायक प्रअको सहयोगले विद्यालयका भौतिक संरचनाहरू, प्रयोगशालाहरू, शैक्षिक सामाग्रीहरू तथा अन्य सामाग्रीहरूको अवलोकन गरिएको थियो ।

**(ग)** परीक्षकले विद्यालयको विभिन्न पक्षहरूको अवलोकन गरी, दस्तावेज तथा अभिलेखहरू (जस्तै शैक्षिक योजनाहरू; विद्यार्थी सङ्ख्या, कक्षामा विद्यार्थीहरूको उपस्थिति, नियमितता, विद्यालय छाड्ने दर, र कक्षा छाड्ने दर; परीक्षासँग सम्बन्धित कागजातहरू; गत वर्षको शिक्षकहरूको उपस्थिति; लेखासम्बन्धी कागजातहरू; सामाजिक परीक्षणका प्रतिवेदन; शिक्षक, विव्यस तथा शिक्षक अभिभावक सङ्घको बैठक पुस्तिकाहरू; कार्यमूलक अनुसन्धानका प्रतिवेदनहरू; स्मारिका, बुलेटिन, पत्रिकाहरू; आदि) अध्ययन गरी, र प्रअ वा सहायक प्रअ वा सम्बन्धित कर्मचारीहरूसँग सोधेर विद्यालय कार्यसम्पादन परीक्षण फाराममा दिइएका हरेक सूचकलाई स्तर निर्धारण गर्ने मानकहरूको आधारमा अङ्क प्रदान गरिएको थियो । अर्थात् परीक्षकले कार्यसम्पादन परीक्षण फाराम प्रयोग गरी हरेक विद्यालयबाट आवश्यक सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरेका थिए ।

**(घ)** हरेक विद्यालयमा कम्तीमा १० जना विद्यार्थीहरू, १० जना अभिभावकहरू र १० जना शिक्षकहरू भेला गरी छुट्टा छुट्टै लक्षित समूह छलफल सञ्चालन गरिएको थियो । पहिलो दुई समूहबाट सेवाग्राहीहरूको सन्तुष्टि र पछिल्लो समूहबाट पेसागत सन्तुष्टिसम्बन्धी सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**(ङ)** विद्यालय कार्यसम्पादन परीक्षण फाराममा दिइएका **"स्तर निर्धारणका आधारहरू"**को आधारमा हरेक सूचकद्वारा प्राप्त गरेका प्राप्ताङ्कहरू जोडी प्रत्येक उपक्षेत्रका प्राप्ताङ्कहरू छुट्टा छुट्टै निकालिएको थियो । ती प्राप्ताङ्कहरूलाई विद्यालय कार्यसम्पादन परीक्षण फारामको खण्ड ग "**विद्यालय कार्यसम्पादन मूल्याङ्कन सारांस तालिका"** मा भरिएको थियो ।

**(च)** हरेक विद्यालयले "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकमा प्राप्त गरेको प्राप्ताङ्कलाई विद्यालय कार्यसम्पादन परीक्षण फारामको खण्ड घ **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** तालिकामा भरिएको थियो।

**(छ)** हरेक क्षेत्र (लगानी, प्रक्रिया र उपलब्धि) अन्तर्गतका उपक्षेत्रहरूमा प्राप्त गरेका प्राप्ताङ्कहरूलाई अलग अलग जोडी क्षेत्रगत प्राप्ताङ्कहरू निकालिएको थियो र ती प्राप्ताङ्कहरूलाई विद्यालय कार्यसम्पादन परीक्षण फारामको खण्ड ङ **"लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरिएका विद्याथी सङ्ख्या"** तालिकामा भरिएको थियो । त्यस्तै **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** सूचकमा विद्यालयले प्राप्त गरेको प्राप्ताङ्कलाई पनि उक्त तालिकामा भरिएको थियो ।

**(ज)** हरेक विद्यालयले प्रत्येक क्षेत्रमा प्राप्त गरेको प्राप्ताङ्कहरूलाई निम्नलिखित सूत्रहरू प्रयोग गरी छुट्टा छुट्टै क्षेत्रगत भारित अङ्कहरू निकालिएको थियो । भनाईको अर्थ लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रका लागि छुट्याइएको पूर्णाङ्क क्रमशः २५%, ३०% र ४०%मा हरेक विद्यालयले के कति भारित अङ्क प्राप्त गर्‍यो सो निकालिएको थियो । यी तीनवटा क्षेत्रहरू (**"लगानी"**, **"प्रक्रिया"** **र "उपलब्धि"**)मा प्राप्त गरेका प्राप्ताङ्कहरू र **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** सूचकमा प्राप्त गरेको प्राप्ताङ्कलाई" जोडी हरेक विद्यालयको जम्मा प्राप्ताङ्क निकालिएको थियो ।

| | | | | | |
|---|---|---|---|---|---|
| लगानी | २७ | २७ गुणा ३ अङ्कप्रति सूचक = ८१ | प्राप्ताङ्क | २५% | ***Input*** $= \frac{\textbf{Obtained score}}{\textbf{81}} \; x\,25$ |
| प्रक्रिया | ४६ | ४६ गुणा ३ अङ्कप्रति सूचक = १३८ | प्राप्ताङ्क | ३०% | ***Process*** $= \frac{\text{Obtained score}}{138} \; x\,30$ |
| उपलब्धि | १५ | १५ गुणा ३ अङ्कप्रति सूचक = ४५ | प्राप्ताङ्क | ४०% | ***Outcome*** $= \frac{\text{Obtained score}}{45} \; x\,40$ |
| जम्मा | ८८ | ८८ गणा ३ अङ्कप्रति सूचक = २६४ | | | |
| सेवा प्रदान गरिएको विद्यार्थी संख्या | - | - | | ५% | **Obtained score in students Served** |

**(झ)** हरेक विद्यालयले प्राप्त गरेकोजम्मा प्राप्ताङ्कको आधारमा विद्यालय कार्यसम्पादन परीक्षण फारामको खण्ड च **"विद्यालयको समग्र स्तर"** तालिकामा दिइएको स्तर निर्धारणका आधारमा हरेक विद्यालयको स्तर ( कमजोर वा सामान्य वा मध्यम वा उत्तम) निर्धारण गरिएको थियो ।

**(ञ)** परीक्षकले हरेक विद्यालयमा प्रअ, सहायक प्रअ, शिक्षकहरू, सम्बन्धित कर्मचारीहरू तथा विव्यस अध्यक्ष वा सदस्यको संयुक्त बैठकको आयोजना गरी उक्त बैठकमा कार्यसम्पादन परीक्षणका नतिजाबारे जानकारी गराएको थिए ।

**(ट)** कार्यसम्पादन परीक्षण प्रक्रिया र नतिजा सम्बन्धमा प्रअसँग र विव्यसका अध्यक्ष वा सदस्यसँग छुट्टा छुट्टै प्रतिक्रियाहरू लिई वहाँहरूलाई ती प्रतिक्रियाहरू कार्यसम्पादन परीक्षण फाराममा लेख्न लगाइएको थियो ।

**(ठ)** अन्तमा हरेक विद्यालयले विभिन्न क्षेत्र, उपक्षेत्रहरूमा प्राप्त गरेको प्राप्ताङ्कहरू र समग्र विद्यालयको स्तरको आधारमा विद्यालयले आफ्नो कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि परीक्षकले लिखित सुझावहरू दिएकाथिए ।

**(ड)** भरिसकेको विद्यालय कार्यसम्पादन परीक्षण फारामलाई ३ प्रति बनाई एक प्रति विद्यालयमा र एक प्रति स्थानीय निकायमा बुझाइएको थियो ।

### २.३.३. तथ्याङ्क सङ्कलन कार्यको अनुगमन

विद्यालयहरूबाट तथ्याङ्क सङ्कलन कार्यमा देखिएका समस्याहरूको पहिचान गरी तत्काल समाधान गर्न, परीक्षकहरूलाई आवश्यक सहयोग प्रदान गर्न, तथ्याङ्क सङ्कलन कार्य तथा सङ्कलित तथ्याङ्कहरू समेत विश्वसनीय होस् र उक्त कार्य निर्धारित समयमा नै सम्पन्न होस् भने उद्देश्यले परामर्शदाता संस्थाको तर्फबाट प्याकेज संयोजकद्वारा तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा प्याकेज संयोजक ३ वटै जिल्लाहरूमा गई जिल्ला संयोजकहरू तथा केही परीक्षकहरू भेटी तथ्याङ्क सङ्कलनबारे छलफल गरेका थिए । यसबाहेक प्याकेज संयोजकले केही विद्यालयहरूमा समेत गई प्रअलाई भेटी कार्यसम्पादन परीक्षणबारे

सोधपुछ गरेका थिए । त्यस्तै परामर्शदाता संस्थाले तथ्याङ्क सङ्कलनबारे टेलिफोन मार्फत् पनि निरन्तर रूपमा अनुगमन गरेको थियो । तथ्याङ्क सङ्कलनको समयमा परामर्शदाता संस्थाबाहेक शैगुपकेका सम्बन्धित पदाधिकारीहरूबाट यस अध्ययनमा समाविष्ट जिल्लाहरूमा गई तथ्याङ्क सङ्कलन कार्यको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा कार्यसम्पादन परीक्षणमा देखिएका समस्याहरूबारे जानकारी लिइएको थियो ।

### २.३.४. तथ्याङ्क सङ्कलन कार्यको सम्परीक्षण

हरेक जिल्लामा परीक्षकहरूले आफुलाई सुम्पिएका विद्यालयहरूको कार्यसम्पादन परीक्षण सकेपछि सम्बन्धित जिल्ला संयोजकहरूलाई बुझाएका थिए । जिल्ला संयोजकले सङ्कलित तथ्याङ्क विश्वसनीय होस् भने उद्देश्यले हरेक जिल्लामा हरेक परीक्षकले कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको जम्मा सङ्ख्यामध्ये न्यूनत्तम १० प्रतिशत विद्यालयहरूको संपरीक्षण गर्नुपर्ने प्रावधान परामर्शदाता संस्था र शैगुपकेबीच भएको सम्झौतापत्रमा उल्लेख गरिएको थियो । सोही प्रावधानअनुसार यस अध्ययनमा समाविष्ट हरेक जिल्लामा परीक्षकहरूले कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूमध्ये जिल्ला संयोजकहरू (सम्परीक्षहरू)ले १० प्रतिशत विद्यालयहरूको सम्परीक्षण गरेका थिए । सम्परीक्षणको क्रममा जिल्ला संयोजकहरूले प्रअ, विद्यालयका सम्बन्धित कर्मचारीहरूसँग छलफल गरेर र अवलोकनमार्फत् परीक्षकद्वारा गरिएको परीक्षणको नतिजा ठीक छ छैन हेरेका थिए । यस बाहेक हरेक क्षेत्र तथा उपक्षेत्रमा विद्यालयले प्राप्त गरेको प्राप्ताङ्क तथा जम्मा प्राप्ताङ्क ठीक छ छैन हेरिएको थियो । समग्रमा परीक्षकले भरेको परीक्षण फाराम ठीक छ वा छैन भनी सम्परीक्षण गरिएको थियो । जिल्ला संयोजकहरूको नाम तथा ती संयोजकहरूद्वारा सम्परीक्षण गरिएका विद्यालयहरूको नाम अनुसूची २मा दिइएको छ । परामर्शदाता संस्थाले यस प्याकेजमा समाविष्ट जिल्लाहरूमा सम्परीक्षणका लागि पठाएका सम्परीक्षकहरू र सम्परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.६: जिल्ला संयोजकहरूले सम्परीक्षण गरेका जिल्लागत विद्यालयहरूको सङ्ख्या**

| जिल्ला | सम्परीक्षकहरूको सङ्ख्या | सम्परीक्षण गरिएका विद्यालयहरूको सङ्ख्या |
|---|---|---|
| पर्सा | १ | ७ |
| रामेछाप | १ | १६ |
| ललितपुर | १ | ९ |
| **कूल** | **३** | **३२** |

माथि तालिकामा देखाइएअनुसार जिल्ला संयोजकहरूले आफूलाई तोकेको जिल्लामा दोस्रो पटक पुगी हरेक परीक्षकले परीक्षण गरेका जम्मा विद्यालय सङ्ख्याको न्यूनत्तम १० प्रतिशत विद्यालयहरूको सम्परीक्षण गरेका थिए । कतिपय परीक्षकहरूलाई १० वटा भन्दा कम विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने जिम्मेवार दिइएको र ती परीक्षकहरूले परीक्षण गरेका विद्यालयहरूमध्ये कम्तीमा एउटा सम्परीक्षण गर्नुपर्ने प्रावधान भएअनुसार परीक्षण गरिएका २१५ वटा विद्यालयहरूमध्ये ३२ वटा (१५ प्रतिशत) विद्यालयहरूको सम्परिक्षण गरिएको थियो । सम्परीक्षण कार्यपश्चात् जिल्ला संयोजकहरूले कार्यसम्पादन परीक्षण फारामहरू परामर्शदाता संस्थामा बुझाएका थिए ।

### २.३.५. प्याकेज तथा जिल्ला संयोजकहरूको कार्यशाला गोष्ठी

हरेक जिल्लामा परीक्षकहरूद्वारा कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूमध्ये जिल्ला संयोजकले कम्तीमा १० प्रतिशत विद्यालयहरूको कार्यसम्पादन सम्परीक्षण गर्ने, सम्परीक्षण गर्दा सम्बन्धित सरोकारवाला समूह र परीक्षकसँग छलफल हुने, र परीक्षकहरूले बुझाएका सबै कार्यसम्पादन फारामहरू अध्ययन गरिने हुँदा ती जिल्ला संयोजकहरूलाई आफूलाई सुम्पिएका विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाबारे विस्तृत रूपमा जानकारी हुने हुन्छ । कार्यसम्पादनलाई प्रभावकारी बनाउन हरेक विद्यालयमा देखिएका समस्याहरू र ती समस्याहरू समाधान गर्न सरोकारवाला समूहहरूले दिएका सुझावहरूबारे समेत जानकारी हुन्छ । त्यस्तै कार्यसम्पादन परीक्षण प्रक्रियामा देखिएका समस्याहरूबारे जिल्ला संयोजकहरू आफैँले पनि अनुभव गरेका हुन्छन् । यस सन्दर्भमा कार्यसम्पादन परीक्षण प्रक्रियालाई सुधार गर्न र हरेक विद्यालयको कार्यसम्पादनलाई प्रभावकारी बनाउन जिल्ला संयोजकहरूको सुझावहरू अझ बढी वैध तथा विश्वसनीय हुनु स्वभाविकै छ । यही तथ्यलाई दृष्टिगत गरी जिल्ला संयोजकहरूबाट कार्यसम्पादन परीक्षण प्रक्रियासम्बन्धी र कार्यसम्पादन परीक्षणको नतिजासम्बन्धी गुणात्मक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले जिल्ला संयोजकहरू तथा प्याकेज संयोजकको २ दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । उक्त कार्यशाला गोष्ठीको पहिलो दिनको पहिलो सत्रमा कार्यसम्पादन परीक्षण प्रक्रियाको हरेक चरणमा देखिएका समस्याहरू र ती समस्याहरू समाधान गरिने उपायहरूलाई हरेक जिल्ला संयोजकलाई छुट्टाछुट्टै लेख्न दिइएको थियो । दोस्रो सत्रमा हरेक जिल्ला संयोजकले लेखेका कार्यसम्पादन परीक्षण प्रक्रियासम्बन्धी प्रतिक्रियालाई वृहत्त रूपमा छलफल गरी अन्तिम रूप दिइएको थियो । त्यस्तै दोस्रो दिनको पहिलो सत्रमा हरेक जिल्ला संयोजकलाई विद्यालयहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाउन परीक्षणको नतिजाहरूलाई कुन कुन क्षेत्र तथा निकायहरूमा के कसरी प्रयोग गर्न सकिन्छ भन्ने प्रतिक्रिया छुट्टा छुट्टै कागजमा लेख्न लगाई यससम्बन्धी गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । ती प्रतिक्रियाहरूलाई दोस्रो सत्रमा सामूहिक छलफल गरी अन्तिम रूप दिइएको थियो ।

### २.३.६. परीक्षक तथा जिल्ला संयोजकहरूको कार्यशाला गोष्ठी

कार्यसम्पादन परीक्षण प्रक्रिया, परीक्षणको नतिजार त्यसको प्रयोगसम्बन्धी प्रअ, विव्यसका पदाधिकारीहरू र परीक्षकहरूले दिएका प्रतिक्रियाहरूको तालिकीकरण पश्चात् परामर्शदाता संस्थाले काठमाडौँमा उपलब्ध परीक्षकहरू र जिल्ला संयोजकहरूको कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा विशेष गरी विभिन्न निकायहरूले कार्यसम्पादन परीक्षणका नतिजाहरूलाई प्रयोग गर्ने सन्दर्भमा सुझावहरू सङ्कलन गरिएको थियो ।

## २.४. सङ्कलित तथ्याङ्कहरूको सुद्धीकरण

विद्यालय कार्यसम्पादन परीक्षण फारामबाट सङ्ख्यात्मक तथा गुणात्मक दुबै प्रकारका तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । हरेक विद्यालयबाट लगानी, प्रक्रिया (विद्यालय भित्र वा बाहिर हुने शिक्षण क्रियाकलापहरूको साथै अन्य क्रियाकलापहरू), विद्यालयको समग्र उपलब्धि र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्यासम्बन्धी सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो भने प्रअ र विव्यसका पदाधिकारीहरूबाट कार्यसम्पादन परीक्षण प्रक्रिया तथा नतिजासम्बन्धी गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै परीक्षकहरू आफैँबाट विद्यालयहरूको कार्यसम्पादन प्रभावकारी बनाउने सुझावहरुसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको साथै जिल्ला संयोजकहरूबाट कार्यसम्पादन परीक्षण प्रक्रिया र कार्यसम्पादनलाई प्रभावकारी बनाउन परीक्षणका नतिजाहरू विभिन्न निकायहरूमा के कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारेमा सुझावहरू लिइएको थियो ।

सङ्ख्यात्मक तथ्याङ्कको सन्दर्भमा कार्यसम्पादन परीक्षण फाराममा उल्लेखित सूचकहरूले पाएका अङ्कहरूलाई क्षेत्रगत तथा उपक्षेत्रगत रूपमा जोडेर निकालिएका प्राप्ताङ्कहरू ठीक छन् वा छैनन् दोहोऱ्याएर हेरिएको थियो । हरेक क्षेत्रले प्राप्त गरेका अङ्कहरूलाई निर्धारित सूत्र प्रयोग गरी प्रतिशतमा निकालिएका प्राप्ताङ्कहरू पुनः परीक्षण गरिएको थियो । साथै विद्यालयले प्राप्त गरेको जम्मा प्राप्ताङ्कको आधारमा हरेक विद्यालयलाई दिइएको स्तर ( "कमजोर" वा "सामान्य" वा "मध्यम" वा "उत्तम") ठीक छ वा छैन भनेर रुजु गरिएको थियो ।

हरेक विद्यालयको कार्यसम्पादन परीक्षण फाराममा उल्लेखित प्रअ, विव्यसको पदाधिकारी र परीक्षकले दिएका सुझावहरूलाई तालिकीकरण गर्नुभन्दा अगाडि ती सुझावहरूलाई एक एक गरी केलाएर हेरिएको थियो । हरेक प्रअ, विव्यसका पदाधिकारी र परीक्षकले दिएका सुझावहरू कार्यसम्पादन परीक्षणको उद्देश्य अनुरूप छन् वा छैनन् अध्ययन गरिएको थियो । सो क्रममा जिल्ला संयोजकहरूले कार्यसम्पादन परीक्षण फाराममा उल्लेखित स्पष्ट नभएका सुझावसम्बन्धी व्यहोरा (बुँदाहरू)लाई स्पष्ट पारेका थिए । त्यस्तै अनावश्यक बुँदाहरूलाई तालिकीकरण गर्ने बेलामा समावेश नगर्न उक्त सुझावसम्बन्धी व्यहोरालाई छुट्टै चिन्ह दिइएको थियो। त्यस्तै सुझावहरूलाई तालिकीकरण गर्दा सजिलो होस् भने उद्देश्यले ती सुझावहरूको मुख्य शब्दहरूमा छुट्टै चिन्ह दिइएको थियो ।

प्याकेज तथा जिल्ला संयोजकहरूको कार्यशाला गोष्ठीबाट प्राप्त प्रतिक्रियाहरू (गुणात्मक तथ्याङ्क) कार्यसम्पादन परीक्षण प्रक्रियालाई सुधार गर्ने उपायहरू र विद्यालयहरूको कार्यसम्पादनलाई प्रभावकारी बनाउने उपायहरूसँग सम्बन्धित छन् वा छैनन् भनी हेरिएको थियो । यी उद्देश्यहरूसँग असम्बन्धित प्रतिक्रियाहरूलाई हटाइएको थियो भने अस्पष्ट भएका प्रतिक्रियाहरू स्पष्ट पारिएका थिए । यी प्रतिक्रियाहरूलाई तालिकीकरण गर्न सजिलो होस् भने उद्देश्यले मुख्यमुख्य शब्दहरूमा चिन्ह राखिएको थियो ।

## २.५. तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण प्रक्रिया

विद्यालय कार्यसम्पादन परीक्षण फाराम प्रयोग गरी हरेक विद्यालयबाट सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । माथि तालिका २.३ मा उल्लेख भएका विद्यालय कार्यसम्पादन परीक्षण फारामको उपक्षेत्र १ देखि १२ सम्मका उपक्षेत्रहरू जस्तैः (१) विद्यालयको भौतिक संरचना (२) शिक्षक (३) समुदायको सहभागिता र लगानी (४) कक्षा शिक्षण (५) विद्यार्थी मूल्याङ्कन (६) शिक्षकको पोसागत विकास (७) नेतृत्व र व्यवस्थापन (८) सह/अतिरिक्त क्रियाकलाप (९) नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर (१०) सिकाइउपलब्धि (११) सेवाग्राही सन्तुष्टि(१२) शिक्षकको पेसागत सन्तुष्टिमा समाविष्ट सूचकहरूबाट सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस्तै कार्यसम्पादन परीक्षण फारामको खण्ड घ **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** सम्बन्धी सूचकबाट पनि सङ्ख्यात्मक तथ्याङ्क जम्मा गरिएको थियो । प्रअ, विव्यसको पदाधिकारी, परीक्षकहरू, तथा जिल्ला संयोजकहरूबाट विद्यालयहरूको **"कार्यसम्पादन परीक्षण प्रक्रिया", "परीक्षणका नतिजाको प्रयोग"** सम्बन्धी गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । यी विद्यालय कार्यसम्पादन परीक्षण फारामहरूमार्फत् हरेक विद्यालयबाट प्राप्त सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्कलाई छुट्टा छुट्टै तालिकीकरण गरी निम्नलिखित तरिकाले विश्लेषण गरिएको थियो ।

**(क)** हरेक विद्यालयले हरेक उपक्षेत्रमा प्राप्त गरेको प्राप्ताङ्कहरूलाई जोडी हरेक पालिका र जिल्लाको उपक्षेत्रगत मध्यमाङ्क निकालिएका थिए । ती उपक्षेत्रगत मध्यमाङ्कलाई विभिन्न पालिकाहरू र विभिन्न जिल्लाहरूबीच एक आपसमा तुलनायोग्य बनाउन प्रतिशतमा निकाली विश्लेषण गरिएको थियो ।

(**ख**) हरेक विद्यालयले हरेक क्षेत्र (**"लगानी", "प्रक्रिया",** र **"उपलब्धि"** क्षेत्र) र **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** सूचकमा प्राप्त गरेको भारित प्राप्ताङ्कहरू (१०० पूर्णाङ्कमा लगानी क्षेत्रलाई २५, प्रक्रिया क्षेत्रलाई ३०, उपलब्धि क्षेत्रलाई ४० र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकलाई ५ अङ्क छुट्याइएको) जोडी हरेक पालिकाको र हरेक जिल्लाको क्षेत्रगत मध्यमाङ्क छुट्टा छुट्टै निकालिएको थियो । यी क्षेत्रगत मध्यमाहरूलाई विभिन्न जिल्लाहरू तथा पालिकाहरूबीच तुलना गरी विश्लेषण गरिएको थियो ।

(**ग**) गाउँपालिकाहरूमा सञ्चालित सबै विद्यालयहरूले हरेक क्षेत्रमा प्राप्त गरेका भारित प्राप्ताङ्कहरूबाट क्षेत्रगत मध्यमाङ्क निकालिएको थियो । ती मध्यमाङ्कलाई तुलनायोग्य बनाउन प्रतिशतमा परिणत गरिएको थियो । त्यस्तै नगरपालिकाहरूमा सञ्चालित सबै विद्यालयहरूको भारित प्राप्ताङ्कहरू जोडी हरेक क्षेत्रको मध्यमाङ्क निकालिएको थियो जुन मध्यमाङ्कलाई प्रतिशतमा व्यक्त गरिएको थियो । त्यस्तै गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित हरेक विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्या सूचकमा हासिल गरेका प्राप्ताङ्कहरू जोडी दुई प्रकारका पालिकाहरूको छुट्टा छुट्टै मध्यमाङ्कहरू निकाली सो मध्यमाङ्कलाई पनि प्रतिशतमा परिणत गरिएको थियो । यसको साथै हरेक विद्यालयको जम्मा प्राप्ताङ्क जोडी नगरपालिका र गाउँपालिकाको छुट्टा छुट्टै कूल मध्यमाङ्क निकालियो । गाउँपालिकाहरू तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूले हरेक क्षेत्रमा प्राप्त गरेका मध्यमाङ्कबीच तुलनात्मक रूपमा विश्लेषण गरिएको थियो ।

(**घ**) नमुना विद्यालय भएको हरेक पालिकाको सबै नमुना विद्यालयहरूले कार्यसम्पादनको हरेक क्षेत्रमा र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा हासिल गरेका भारित प्राप्ताङ्कहरूबाट छुट्टा छुट्टै मध्यमाङ्क निकालियो । साथै हरेक नमुना विद्यालयले प्राप्त गरेको कूल प्राप्ताङ्कहरू जोडी कूल मध्यमाङ्क निकालियो । सोही प्रक्रियाअनुसार अन्य विद्यालयहरू (नमुना विद्यालयहरू बाहेक अरु विद्यालयहरू)को क्षेत्रगत, सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकको र कूल प्राप्ताङ्कहरूको छुट्टा छुट्टै मध्यमाङ्क निकालिएको थियो । यी दुई प्रकारका विद्यालयहरूको मध्यमाङ्कबीच के कति भिन्नता छ प्रतिशतको आधारमा विश्लेषण गरिएको थियो।

(**ङ**) तथ्याङ्क सङ्कलनकै क्रममा परीक्षकहरूले हरेक विद्यालयले प्रत्येक क्षेत्र तथा "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकमा प्राप्त गरेका भारित अङ्कहरू जोडी कूल प्राप्ताङ्क निकालिएको थियो । हरेक विद्यालयले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा ती विद्यालयहरूको स्तर ("कमजोर", "सामान्य", "मध्यम" वा "उत्तम") निर्धारण गरिएको थियो । यस अध्ययनमा समाविष्ट विद्यालयहरू मध्ये के कति विद्यालयहरू समग्र रूपमा "कमजोर" वा "सामान्य" वा "मध्यम" वा "उत्तम" स्तरका छन् प्रतिशतको आधारमा विश्लेषण गरिएको थियो । साथै यी विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या तथा प्रतिशतलाई तालिकामा प्रस्तुत गरी पालिकागत र जिल्लागत रूपमा विश्लेषण गरिएको थियो ।

(**च**) हरेक विद्यालयका प्रअ र विव्यसको पदाधिकारीबाट सङ्कलन गरिएका गुणात्मक तथ्याङ्कलाई दुईवटा शीर्षकहरू; "कार्यसम्पादन परीक्षण प्रक्रियासम्बन्धी सुझाव" र "कार्यसम्पादन परीक्षणका नतिजासम्बन्धी सुझाव"मा छुट्याइएका थिए । हरेक शीर्षकअन्तर्गतका सुझावहरूलाई विभिन्न क्षेत्रहरूमा विभाजन गरी पालिकागत तथा जिल्लागत रूपमा प्रअ र विव्यसको अध्यक्ष तथा सदस्यहरूको सुझावहरूलाई छुट्टा छुट्टै तालिकीकरण गरी विश्लेषण गरिएको थियो ।

**(छ)** विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन परीक्षकहरूले दिएका सुझावहरूलाई तहगत (स्थानीय, प्रदेश र संघीय तह) रूपमा तत्काल गर्नुपर्ने, बहुवर्षिय योजना बनाई गर्नुपर्ने, र दीर्घकालिन योजना बनाई गर्नुपर्ने कार्यहरूसम्बन्धी सुझावहरू लाई छुट्टा छुट्टै तालिकीकरण गरी विश्लेषण गरिएको थियो ।

**(ज)** विभिन्न निकायहरूमा कार्यसम्पादनको नतिजाको प्रयोगसम्बन्धी परीक्षक तथा जिल्ला संयोजकहरूको संयुक्त कार्यशाला गोष्ठीबाट आएका सुझावहरूलाई निकायगत रूपमा तालिकीकरण गरी निष्कर्षहरू निकालियो ।

**(झ)** प्याकेज संयोजक तथा जिल्ला संयोजकहरूको कार्यशाला गोष्ठीमा जिल्ला संयोजकहरूबाट आएका गुणात्मक तथ्याङ्कहरूलाई दुईवटा शीर्षकहरू जस्तै; (१) कार्यसम्पादन परीक्षण प्रक्रिया सुधारसम्बन्धी सुझावहरू (२) विद्यालयको कार्यसम्पादनलाई प्रभावकारी बनाउने सम्बन्धी सुझावहरूमा विभाजन गरिएको थियो । हरेक शीर्षकअन्तर्गतका सुझावहरूलाई विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरी तालिकीकरण गरिएको थियो । तालिकीकरणमा उल्लेखित गुणात्मक तथ्याङ्कहरूलाई तार्किक तरिकाले विश्लेषण गरिएको थियो ।

# खण्ड ३
# विद्यालय कार्यसम्पादनको समष्टिगत स्थिति

यस अध्ययनका विभिन्न उद्देश्यहरूमध्येविभिन्न जिल्लाका पालिकाहरूमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन स्तर निर्धारण गर्नु, र गाउँपालिका तथा नगरपालिकाअन्तर्गतका विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना गर्नु थियो । यी उद्देश्यहरू प्राप्तिका लागि प्रदेश नं. २ बाट पर्सा जिल्ला र प्रदेश नं. ३ बाट रामेछाप र ललितपुर जिल्ला छनोट गरिएका थिए । यी जिल्लाहरूमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये वि.सं. २०७४ सालमा एसइइ परीक्षामा सामेल भएका पर्सा जिल्लाबाट ५३ वटा, रामेछाप जिल्लाबाट ९० वटा र ललितपुर जिल्लाबाट ७२ वटा गरी जम्मा २१५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू यस अध्ययनमा समावेश गरिएका थिए ।

माथि उल्लेखित उद्देश्यहरू प्राप्त गर्नका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्न शैगुपकेले तयार गरेको **विद्यालय कार्यसम्पादन परीक्षण फाराम २०७५** प्रयोग गरिएको थियो । खण्ड २.२.३ मा उल्लेख भएअनुसार हरेक विद्यालयको कार्यसम्पादन परीक्षण गर्न उक्त फाराममा कार्यसम्पादनका ३ वटा क्षेत्रहरू; "लगानी", "प्रक्रिया" र "उपलब्धि" समावेश गरिएका थिए । यी क्षेत्रहरू मापन गर्न ८८ वटा सूचकहरू निर्माण गरी उक्त फाराममा संलग्न गरिएको थियो । यी ८८ वटा सूचकहरूमध्ये क्षेत्रगत रूपमा २७ वटा सूचकहरू लगानी, ४६ वटा सूचकहरू प्रक्रिया र १५ वटा सूचकहरू उपलब्धि क्षेत्रसँग सम्बन्धित थिए । हरेक सूचकमा चारवटा विवरणात्मक स्केलहरू दिइएका छन् । कार्यसम्पादन स्तरको आधारमा हरेक सूचकलाई न्यूनतम ० (सुन्य) र अधिकतम ३ अङ्क प्रदान गरिएको छ । सूचकमा उल्लेखित विद्यालयको कार्यसम्पादन स्तर पूर्णरूपमा प्रभावकारी भएमा ३ अङ्क र प्रभावकारी नभएमा ० (सुन्य) अङ्क दिइन्छ । अतः यी ८८ वटा सूचकहरूलाई २६४ पूर्णाङ्क दिइएको छ । यी कूल पूर्णाङ्क २६४ लाई क्षेत्रगत रूपमा विभाजन गर्दा लगानी क्षेत्रअन्तर्गका २७ वटा सूचकहरूका लागि ८१, प्रक्रिया क्षेत्रअन्तर्गत ४६ वटा सूचकहरूका लागि १३८, र उपलब्धि क्षेत्रअन्तर्गत १५ वटा सूचकहरूका लागि ४५ पूर्णाङ्क छुट्याइएको छ ।

उल्लेखित तीनवटा क्षेत्रहरूबाहेक हरेक विद्यालयलले "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न विद्यालय कार्यसम्पादन परीक्षण फाराममा एउटा छुट्टै सूचक समावेश गरिएको थियो जसमा ६ वटा स्केलहरू दिइएका छन् । यस सूचकमा प्रचलित शिक्षा नियमावलीमा उल्लेख भएअनुसार हरेक विद्यालयमा प्रति कक्षा हुनुपर्ने औसत न्यूनत्तम विद्यार्थी सङ्ख्या (तराई र उपत्यकामा प्रति कक्षा सालाखाला ५०, पहाडमा ४५ र हिमालमा ४० जना विद्यार्थी)को आधारमा अङ्क प्रदान गरिन्छ (नेपाल सरकार, कानन्, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताव व्यवस्था समिति, २०७३) । विद्यालयमा शिक्षा नियमावलीमा उल्लेख भएअनुसारको न्यूनत्तम विद्यार्थी सङ्ख्या भन्दा कम भएमा सो सङ्ख्याअनुसार न्यूनत्तम ० (सुन्य) देखि ४ अङ्कसम्म दिइन्छ । तर विद्यालयमा विद्यार्थी सङ्ख्या न्यूनत्तम सङ्ख्या भन्दा बढी भएमा ५ अङ्क दिइन्छ । अतः यस सूचकलाई ५ पूर्णाङ्क छुट्याइएको छ । यसर्थ विद्यालय कार्यसम्पादन परीक्षण फाराम २०७५ मा उल्लेखित ३ वटा क्षेत्रहरूअन्तर्गतका सूचकहरूलाई छुट्याइएको २६४ पूर्णाङ्क र यस सूचकलाई तोकेको ५ पूर्णाङ्क गरी कूल २६९ पूर्णाङ्क हुन आउँछ । यी तीनवटा क्षेत्रहरू र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचक/पक्षमा प्राप्त अङ्कहरूको आधारमा विद्यालयको कार्यसम्पादन स्तर निर्धारण गर्न लगानी, प्रक्रिया, तथा उपलब्धि र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षलाई फरक फरक भार दिइएको छ ।

अर्थात १०० पूर्णाङ्कमध्ये लगानी क्षेत्रलाई २५, प्रक्रिया क्षेत्रलाई ३०, उपलब्धि क्षेत्रलाई ४० र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकलाई ५ अङ्कभार छुट्याइएको छ ।

माथि उल्लेखित विद्यालय कार्यसम्पादन फाराम प्रयोग गरी हरेक विद्यालयबाट सङ्कलित तथ्याङ्कहरूलाई निम्न लिखित दुईवटा मुख्य शीर्षकहरूमा राखिएको छ । ती हुन् (१) विद्यालय कार्यसम्पादन परीक्षणको समष्टिगत तथा क्षेत्रगत स्थिति, (२) गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना ।

## ३.१. विद्यालय कार्यसम्पादनको समष्टिगत तथा क्षेत्रगत स्थिति

यस अध्ययनमा समावेश गरिएका पर्सा जिल्लामा १४ वटा, रामेछाप जिल्लामा ८ वटा र ललितपुर जिल्लामा ६ वटा गरी तीनवटा जिल्लामा जम्मा २८ वटा पालिकाहरू रहेका छन् । हरेक पालिकामा एसइइमा सहभागी भएका न्यूनतम १ देखि अधिकम २५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू सञ्चालित छन् । माथि खण्ड ३ मा उल्लेख गरिएअनुसार जिल्लागत रूपमा पर्सा जिल्लामा ५३ वटा, रामेछाप जिल्लामा ९० वटा र ललितपुर जिल्लामा ७२ वटा गरी तीनवटा जिल्लाहरूमा जम्मा २१५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन् ।

यस अध्ययनका विभिन्न उद्देश्यहरूमध्ये एउटा मुख्य उद्देश्य माथि उल्लेखित जिल्लाअन्तर्गत २८ वटा पालिकाहरूमा सञ्चालित विद्यालयहरूको पालिकागत तथा जिल्लागत रूपमा कार्यसम्पादनको समष्टिगत स्तर तथा कार्यसम्पादनको लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रको साथै सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षको स्तर निर्धारण गर्नु थियो । यो उद्देश्य प्राप्त गर्न हरेक विद्यालयले कार्यसम्पादनको लगानी क्षेत्र, प्रक्रिया क्षेत्र तथा उपलब्धि क्षेत्रमा प्राप्त गरेका क्षेत्रगत प्राप्ताङ्कहरू र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा प्राप्त गरेको प्राप्ताङ्कलाई खण्ड २.३.२ मा दिइएका सूत्रहरू प्रयोग गरी भारित प्राप्ताङ्कहरूमा परिणत गरिएको थियो । हरेक विद्यालयले प्रत्येक क्षेत्र तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा प्राप्त गरेको भारित अङ्कहरूलाई अलग अलग जोडी हरेक पालिकाको क्षेत्रगत तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकको मध्यमाङ्क निकालिएको थियो । त्यस्तै हरेक विद्यालयले कार्यसम्पादनको तीनवटै क्षेत्र तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा प्राप्त गरेको प्राप्ताङ्कहरू जोडी हरेक पालिकाको समग्र मध्यमाङ्क निकालिएको थियो । यसको साथै हरेक क्षेत्रको जिल्लागत मध्यमाङ्क समेत निकालिएको थियो । हरेक जिल्लामा सञ्चालित विद्यालयहरूले हरेक क्षेत्र तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा प्राप्त गरेका मध्यमाङ्क चित्र नं. ३.१ मा प्रस्तुत गरिएको छ । त्यस्तै हरेक जिल्ला अन्तर्गतका पालिकाहरूमा सञ्चालित विद्यालयहरूले कार्यसम्पादनको हरेक क्षेत्रमा प्राप्त गरेका जिल्लागत तथा पालिकागत मध्यमाङ्क र समग्र मध्यमाङ्क तल दिइएको तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

**चित्र ३.१: कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूको जिल्लागत औसत स्तर**




**तालिका ३.१: विद्यालय कार्यसम्पादन परीक्षणको नतिजाको समष्टिगत तथा क्षेत्रगत मध्यमाङ्क**

| जिल्ला | पालिका | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | पालिकामा विद्यालयहरूको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | | | लगानी पूर्णाङ्क: २५ | प्रकिया पूर्णाङ्क: ३० | उपलब्धि पूर्णाङ्क: ४० | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पूर्णाङ्क: ५ | जम्मा पूर्णाङ्क: १०० | |
| पर्सा | वीरगञ्ज म.न.पा. | १८ | १४.३० (५७.२०) | १२.५४ (४१.८०) | २३.५६ (५८.९०) | ४.७२ (९४.४०) | ५५.११ | सामान्य |
| | पोखरीया न.पा. | १ | १६.९८ (६७.९२) | १७.३९ (५७.९७) | २७.५६ (६८.९०) | ५ (१००) | ६६.९२ | सामान्य |
| | बहुदरमाई न.पा. | ५ | १३.६४ (५४.५६) | १४.३० (४७.६७) | २६.४९ (६६.२३) | ५ (१००) | ५९.४४ | सामान्य |
| | पर्सागढी न.पा. | ३ | १५.४३ (६१.७२) | १७.६१ (५८.७०) | १८.९६ (४७.५) | ५ (१००) | ५७ | सामान्य |
| | ठोरी (सुबर्नपूर) गा.पा. | ४ | १५.१२ (६०.४८) | १९.०९ (६३.६३) | २३.४७ (५८.६८) | ३.६० (७२) | ६१.२८ | सामान्य |

| जिल्ला | पालिका | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | पालिकामा विद्यालयहरूको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | | | लगानी पूर्णाङ्कः २५ | प्रकिया पूर्णाङ्कः ३० | उपलब्धि पूर्णाङ्कः ४० | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पूर्णाङ्कः ५ | जम्मा पूर्णाङ्कः १०० | |
| | जगरनाथपुर गा.पा. | २ | १४.०४ (५६.१६) | ९.८९ (३२.९७) | २२.६७ (५६.६८) | ३ (६०) | ४९.६ | सामान्य |
| | धोबीनी गा.पा. | ३ | ११.११ (४४.४४) | ११.३० (३७.६७) | २४.८९ (६२.२३) | ५ (१००) | ५२.३ | सामान्य |
| | छिपहरमाई गा.पा. | २ | १३.८९ (५५.५६) | १८.०४ (६०.१३) | २५.७८ (६४.४५) | ५ (१००) | ६२.७१ | सामान्य |
| | पकाहा मैनपूर गा.पा. | १ | ११.४२ (४५.६८) | १२.८३ (४२.७७) | ३२ (८०) | ५ (१००) | ६१.२५ | सामान्य |
| | बिन्दबासिनी गा.पा. | २ | १३.२७ (५३.०८) | ११.९६ (३९.८७) | २० (५०) | ५ (१००) | ५०.२३ | सामान्य |
| | सखुवा प्रसौनी गा.पा. | ४ | १३.९७ (५५.८८) | १५.११ (५०.३७) | २९.५६ (७३.९०) | ४.७५ (९५.०) | ६३.३८ | सामान्य |
| | पटेर्वा सुगौली गा.पा. | ३ | ११.५७ (४६.२८) | १०.६० (३५.३३) | १८.४४ (४६.१०) | ३.७५ (७५.०) | ४४.३७ | सामान्य |
| | जिराभवानी गा.पा. | २ | १३.४३ (५३.७२) | १३.५९ (४५.३०) | २६.२२ (६५.५५) | ४ (८०) | ५७.२४ | सामान्य |
| | कालिकामाई गा.पा. | ३ | १३.५८ (५४.३२) | १३.७० (४५.६७) | २४.३० (६०.७५) | ४.३३ (८६.६०) | ५५.९१ | सामान्य |
| | **पर्सा जिल्ला** | **५३** | **१४.१६ (५६.६४)** | **१४.१३ (४७.१०)** | **२४.४२ (६१.०५)** | **४.६० (९२.००)** | **५७.३१** | **सामान्य** |
| रामेछाप | मन्थली न.पा. | १९ | १३.७६ (५५.०४) | १८.०५ (६०.१७) | २७.२७ (६८.१८) | २.१६ (४३.२) | ६१.२५ | सामान्य |
| | रामेछाप न.पा. | १२ | १५.०५ (६०.२) | २१.३२ (७१.०७) | २६.८९ (६७.२३) | २.७५ (५५) | ६६.०१ | सामान्य |
| | उमाकुण्ड गा.पा. | ७ | ११.८६ (४७.४४) | १३.०४ (४३.४७) | २४.५१ (६१.२८) | २.४३ (४८.६०) | ५१.८४ | सामान्य |
| | खाँडादेवी गा.पा. | १२ | १२.५८ (५०.३२) | १६.९७ (५६.५७) | २६.५२ (६६.३) | १.५८ (३१.६) | ५७.६५ | सामान्य |
| | गोकूलगङ्गा गा.पा. | ७ | १२.६१ (५०.४४) | १५.६८ (५२.२७) | २४.०० (६०) | २.७१ (५४.२) | ५५.०१ | सामान्य |

| जिल्ला | पालिका | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | पालिकामा विद्यालयहरूको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | | | लगानी पूर्णाङ्कः २५ | प्रकिया पूर्णाङ्कः ३० | उपलब्धि पूर्णाङ्कः ४० | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पूर्णाङ्कः ५ | जम्मा पूर्णाङ्कः १०० | |
| | दोरम्बा गा.पा. | ९ | १४.२७ (४९.०८) | १८.०७ (६०.२३) | २३.३१ (५८.२८) | २.११ (४२.२) | ५७.७५ | सामान्य |
| | लिखु गा.पा. | १२ | १२.०१ (४८.०४) | १७.८१ (५९.३७) | २६.०० (६५) | २.२५ (४५) | ५८.०७ | सामान्य |
| | सुनापति गा.पा. | १२ | १५.४३ (६१.७२) | २०.६७ (६८.९०) | २६.८१ (६७.२३) | १.८३ (३६.६०) | ६४.७४ | सामान्य |
| | **रामेछाप जिल्ला** | **९०** | **१३.५८ (५४.३२)** | **१८.०९ (६०.३०)** | **२६.०२ (६५.०५)** | **२.१९ (४३.८०)** | **५९.८८** | **सामान्य** |
| ललितपुर | ललितपुर म.न.पा. | २५ | १८.८१ (७५.२४) | २२.९७ (७६.५७) | २६.८८ (६७.२०) | ३.०४ (६०.८०) | ७१.७ | मध्यम |
| | गोदावरी न.पा. | १६ | १७.२६ (६९.०४) | २१.१३ (७०.४३) | २७.५ (६८.७५) | २.३८ (४७.५०) | ६८.२७ | सामान्य |
| | महालक्ष्मी न.पा. | ९ | १६.३ (६५.२०) | २२.३३ (७४.४३) | २८.०९ (७०.२३) | १.९ (३८.००) | ६८.६१ | सामान्य |
| | बागमती गा.पा. | ९ | १५.३६ (६१.४४) | २०.७७ (६९.२३) | २४.६९ (६१.७३) | १.४४ (२८.९०) | ६२.२७ | सामान्य |
| | महाङ्काल गा.पा. | ६ | १४.२५ (५७) | २०.५१ (६८.३७) | २७.४१ (६८.५३) | १.३३ (२६.७०) | ६३.५ | सामान्य |
| | कोन्ज्योसोम गा.पा. | ६ | १४.७१ (५८.८४) | २०.९४ (६९.८) | २५.०४ (६२.६) | १.५ (३०) | ६२.१९ | सामान्य |
| | **ललितपुर जिल्ला** | **७२** | **१६.९७ (६७.८८)** | **२१.८२ (७२.७३)** | **२६.८० (६७.०)** | **२.२६ (४५.२०)** | **६७.८५** | **सामान्य** |
| **कूल** | | **२१५** | **१४.८६ (५९.४४)** | **१८.३६ (६१.२०)** | **२५.८९ (६४.७३)** | **२.८१ (५६.२०)** | **६१.९२** | **सामान्य** |

***नोटः कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउँदछ ।***

चित्र नं.३.१ र तालिका नं. ३.१ मा प्रस्तुत मध्यमाङ्कलाई निम्नलिखित दुईवटा शीर्षकहरूअन्तर्गत विश्लेषण तथा विवेचना गर्न खोजिएको छ ।

## कार्यसम्पादनको समष्टिगत स्थिति

चित्र नं.३.१ मा देखाइएअनुसार पर्सा, रामेछाप र ललितपुर जिल्ला अन्तर्गत २८ वटा पालिकाहरूमा सञ्चालित २१५ वटा सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको समग्र मध्यमाङ्क (तीनवटा जिल्लाको औसत स्तर) करिब ६२ प्रतिशत पाइएको छ, जुन मध्यमाङ्क आ.व.२०७४/०७५ मा २४ वटा जिल्लाहरूमा गरिएको विद्यालय कार्यसम्पादन परीक्षणको औसत स्तरभन्दा १.१७ प्रतिशतले बढी देखिएको छ । विद्यालय कार्यसम्पादनको स्तर वर्गीकरणको दृष्टिकोणले ४० देखि ७० प्रतिशत प्राप्ताङ्क सामान्य स्तरमा आउने हुँदा यी विद्यालयहरूको कार्यसम्पादन स्तर सामान्य स्तरको मात्र पाइएको छ । भनाइको अर्थ न्यूनतम स्तरदेखि उच्चतम स्तर (कमजोर, सामान्य, मध्यम, र उत्तम) को क्रममा यो मध्यमाङ्क प्रतिशत दोस्रो स्तरमा पर्छ । अतः यो प्राप्ताङ्क मध्यम स्तर हुनको लागि आवश्यक प्राप्ताङ्क भन्दा करिब ९ प्रतिशतले कम देखिन्छ । यस सन्दर्भमा यी विद्यालयहरूको औसत कार्यसम्पादनको स्तर सन्तोषजनक देखिँदैन । यसको मुल कारण कार्यसम्पादनका तीनवटा क्षेत्रहरूमध्ये लगानी तथा प्रक्रिया क्षेत्रमा र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचक/पक्षमा सबै विद्यालयहरूले प्राप्त गरेका मध्यमाङ्क तुलनात्मक रूपमा कम छन् ।

जिल्लागत रूपमा हेर्दा ललितपुर जिल्लामा सञ्चालित सबै विद्यालयहरूको समग्र मध्यमाङ्क अर्थात् औसत स्तर तीनवटा जिल्लाको समग्र औस स्तर भन्दा ५.३९ प्रतिशतले बढी देखिन्छ भने पर्सा जिल्लाको मध्यमाङ्क उक्त औसत स्तर भन्दा न्यून पाइएको छ । विगत वर्षहरूमा काठमाडौँ उपत्यकाको काठमाडौँ जिल्ला र भक्तपुर जिल्लाले हासिल गरेका समग्र मध्यमाङ्कको तुलनामा ललितपुर जिल्लाको समग्र मध्यमाङ्क ३ देखि ४ प्रतिशतले कम पाइएको छ (शैगुपके, २०७५) ।

हरेक जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको जिल्लागत समग्र मध्यमाङ्कबीच तुलना गर्दा ललितपुर जिल्लाको ६७.८५ प्रतिशत आएको छ जुन पर्सा जिल्लाको तुलनामा १०.५४ प्रतिशतले र रामेछाप जिल्लाको तुलनामा ७.९७ प्रतिशतले बढी पाइएको छ । सबभन्दा कम मध्यमाङ्क (५७.३१ प्रतिशत) पर्सा जिल्लाको पाइएको छ । यी प्रत्येक जिल्लाको कार्यसम्पादनको औसत स्तरसामान्य स्तरको मात्र पाइएको छ ।

तालिका नं. ३.१ मा देखाइएअनुसार पर्सा जिल्लाको १४ वटा पालिकाहरूमा सञ्चालित विद्यालयहरूले कार्यसम्पादनको सबै क्षेत्रहरूमा हासिल गरेका कूल प्राप्ताङ्कहरूको पालिकागत समग्र मध्यमाङ्कलाई केलाउँदा सबभन्दा कम मध्यमाङ्क (४४.३७ प्रतिशत) पटेर्वा सुगौली गाउँपालिकाको पाइएको छ भने सबभन्दा बढी मध्यमाङ्क (६६.९२ प्रतिशत) पोखरीया नगरपालिकाको आएको छ । यस जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तर पालिकागत रूपमा १४ वटै पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यी सामान्य स्तरका मध्यमाङ्कमध्ये पनि ७ वटा पालिकाहरूको मध्यमाङ्क ६० प्रतिशत भन्दा कम र २ वटा पालिकाहरूको मध्यमाङ्क ५० प्रतिशत भन्दा कम पाइएको छ । बाँकी ५ वटा पालिकाहरूको मध्यमाङ्क करिब ६१ देखि ६७ प्रतिशतसम्म फैलिएका छन् । तर कुनै पनि पालिकाले मध्यम स्तरको मध्यमाङ्क (७० प्रतिशत भन्दा माथि) हासिल गर्न सकेनन् ।

रामेछाप जिल्लामा सञ्चालित विद्यालयहरूको पालिकागत कार्यसम्पादन स्तर पनि पर्सा जिल्लाको भन्दा भिन्न खालको देखिँदैन । किनकि ८ वटै पालिकाहरूको समग्र मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यी मध्यमाङ्कमध्ये पनि ५ वटा पालिकाहरूको मध्यमाङ्क ६० प्रतिशत भन्दा कम पाइएको छ। बाँकी ३ वटा पालिकाको

समग्र मध्यमाङ्क मात्र ६० प्रतिशत भन्दा बढी आएको छ । यी ८ वटा पालिकाहरूमध्ये सबभन्दा बढी मध्यमाङ्क रामेछाप नगरपालिकाले हासिल गरेको छ भने सबभन्दा कम उमाकुण्ड गाउँपालिकाको आएको छ ।

पर्सा र रामेछाप जिल्लाका पालिकाहरूले हासिल गरेको समग्र मध्यमाङ्कको तुलनामा ललितपुर जिल्लाका हरेक पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तर अलि फरक पाइएको छ । किनकि ललितपुर जिल्लाका ६ वटा पालिकाहरूमध्ये ललितपुर महानगरपालिकाको समग्र मध्यमाङ्क ७० प्रतिशत भन्दा बढी आएको छ भने बाँकी पालिकाहरूको समग्र मध्यमाङ्क ६२.१९ देखि ६८.६१ प्रतिशतसम्म छरिएका छन् । तुलनात्मक रूपमा सबभन्दा बढी मध्यमाङ्क हासिल गर्न ललितपुर महानगरपालिका सफल भएको छ भने सबभन्दा कम मध्यमाङ्क (६२.१९) प्राप्त गरी कोन्ज्योसोम गाउँपालिका पछाडि परेको छ ।

माथिको अनुच्छेदहरूमा गरिएको विश्लेषण तथा विवेचनाबाट तीनवटै जिल्लाको अधिकांश पालिकाहरूमा सञ्चालित विद्यालयहरूको पालिकागत औसत कार्यसम्पादनस्तर सन्तोषजनक नभएको स्पष्ट हुन्छ । किनकि ललितपुर महानगरपालिकामा सञ्चालित विद्यालयहरूको बाहेक सबै पालिकाहरूको औसत कार्यसम्पादनस्तर सामान्य स्तरको मात्र पाइएको छ । यी २७ वटा पालिकाहरूमध्ये पनि बहुसङ्ख्यक (१४ वटा) पालिकाहरूको कार्यसम्पादन स्तरको मध्यमाङ्क ६० प्रतिशत भन्दा पनि कम पाइएको छ

## कार्यसम्पादनको क्षेत्रगत स्थिति

कार्यसम्पादनका तीनवटै क्षेत्रहरूजस्तै लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रमा पर्सा जिल्लाले हासिल गरेका औसत स्तरसन्तोषजनक देखिँदैन । किनकि कार्यसम्पादनको यी तीनवटै क्षेत्रको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यी मध्यमाङ्क मध्ये पनि प्रक्रिया क्षेत्रमा हासिल गरेको मध्यमाङ्क अरु दुईवटा क्षेत्रहरूमा पाइएको मध्यमाङ्क भन्दा धेरै कम छ ।

पालिकागत रूपमा १४ वटा पालिकाहरूमध्ये पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका र छिपरमाई गाउँपालिका बाहेक अरु ११ वटा पालिकाहरूले प्रक्रिया क्षेत्रमा हासिल गरेका मध्यमाङ्क लगानी र उपलब्धि क्षेत्रमा प्राप्त गरेको मध्यमाङ्क भन्दा कम छ। उल्लेखित ३ वटा पालिकाहरूमध्ये पहिलो २ वटा पालिकाहरू उपलब्धि क्षेत्रमा र पछिल्लो एउटा पालिका लगानी क्षेत्रमा कमजोर देखिन्छ । तीनवटा क्षेत्रहरूमध्ये प्रक्रिया क्षेत्रमा कम प्राप्ताङ्क हासिल गर्ने ११ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरूका मध्यमाङ्क कमजोर स्तरको अङ्क (४० प्रतिशत भन्दा कम) मात्र पाइएको छ ।

रामेछाप जिल्लामा सञ्चालित सम्पूर्ण विद्यालयहरूले कार्यसम्पादनको तीनवटै क्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । तथापि समग्र रूपमा लगानी र प्रक्रिया क्षेत्रका मध्यमाङ्कको तुलनामा उपलब्धि क्षेत्रको मध्यमाङ्क बढी आएको छ ।

रामेछाप जिल्लाका विभिन्न पालिकाहरूले कार्यसम्पादनका तीनवटा क्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्कबीच तुलना गर्दा लगानी क्षेत्रमा सुनापति गाँउपालिका, प्रक्रिया क्षेत्रमा रामेछाप नगरपालिका र उपलब्धि क्षेत्रमा मन्थली नगरपालिका सबभन्दा बढी मध्यमाङ्क प्राप्त गर्न सफल भएका छन् । १४ वटा पालिकाहरूले हासिल गरेको मध्यमाङ्कमध्ये उमाकुण्ड गाउँपालिकाको मध्यमाङ्क उपलब्धि क्षेत्रलाई छोडेर अरु दुबै क्षेत्रहरूमा सबभन्दा कम पाइएको छ ।

ललितपुर जिल्लाको सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादनका तीनवटै क्षेत्रहरूमा ६७ प्रतिशत वा सो भन्दा बढी मध्यमाङ्क पाइएको छ भने प्रक्रिया क्षेत्रको मध्यमाङ्क ७२ प्रतिशत भन्दा बढी अर्थात मध्यम स्तरको प्राप्ताङ्क आएको छ। फलस्वरूप यस जिल्लाको मध्यमाङ्क अन्य दुबै जिल्लाको मध्यमाङ्क भन्दा बढी पाइएको छ।

ललितपुर जिल्लाको विभिन्न पालिकाहरूले कार्यसम्पादनको लगानी र उपलब्धि क्षेत्रहरूमा पाएका अधिकांश मध्यमाङ्क सामान्य स्तरको भए तापनि ती मध्यमाङ्क ६० प्रतिशत भन्दा बढी पाइएको छ जुन पर्सा र रामेछाप जिल्लाको तुलनामा बढी हो। कार्यसम्पादनको तीनवटा क्षेत्रहरूमा हरेक पालिकाले पाएको मध्यमाङ्कबीच तुलना गर्दा महाङ्काल गाउँपालिका बाहेक सबै पालिकाहरूको मध्यमाङ्क प्रक्रिया क्षेत्रमा सबभन्दा बढी आएको छ। ललितपुर महानगरपालिका र गोदावरी नगरपालिका बाहेक सबै पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क लगानी क्षेत्रमा देखिएको छ। यी दुई नगरपालिकाहरूको सबभन्दा कम मध्यमाङ्क उपलब्धि क्षेत्रमा आएको छ।

पर्सा र रामेछाप जिल्लाका अधिकांश पालिकाहरूमा सञ्चालित विद्यालयहरूको लगानी र प्रक्रिया क्षेत्रमा सबभन्दा कम मध्यमाङ्क आएको छ भने उपलब्धि क्षेत्रको मध्यमाङ्क तुलनात्मक रूपमा बढी आएको छ। अतः लगानी र प्रक्रिया क्षेत्रको कार्यसम्पादन स्तरमा सुधार आएको खण्डमा यी पालिकाहरूमा सञ्चालित विद्यालयहरूले उपलब्धि क्षेत्रको कार्यसम्पादन स्तरमा पनि निश्चित रूपमा सुधार ल्याउने कुरा पुष्टि हुन्छ।

माथिको विश्लेषणबाट स्पष्ट हुन्छ कि कार्यसम्पादनका तीनवटै क्षेत्रहरूमा ललितपुर जिल्ला भन्दा पर्सा र रामेछाप जिल्ला पछाडि परेका छन्। तर यसको अर्थ ललितपुर जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तर सन्तोषजनक भएको भने होइन। किनकि कार्यसम्पादनको प्रक्रिया क्षेत्र बाहेक अरु दुबै क्षेत्रको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ।

माथि तालिकामा दिइएको मध्यमाङ्कलाई केलाएर हेर्दा एउटा उल्लेखनीय तथ्य के पाइएको छ भने पर्सा जिल्लाका १४ वटा पालिकाहरूमध्ये ७ वटा पालिकाहरूले सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्या पक्षमा शतप्रतिशत मध्यमाङ्क हासिल गरेका छन्। बाँकी ७ वटा पालिकाहरूमध्ये पनि ४ वटा पालिकाहरूको मध्यमाङ्क ८० वा ८० प्रतिशत भन्दा बढी आएको छ। यसबाट स्पष्ट हुन्छ कि पर्सा जिल्लाको अधिकाङ्श पालिकाहरूमा सञ्चालित विद्यालयहरूका विद्यार्थी सङ्ख्यामा कमि आएको छैन।

रामेछाप जिल्लाका सबै विद्यालयहरूले सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा ४४ प्रतिशत मध्यमाङ्क मात्र हासिल गर्न सफल भएका छन्। यस जिल्लाका हरेक पालिकाले सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा हासिल गरेको मध्यमाङ्कलाई केलाएर हेर्दा धेरैजसो पालिकाहरू कमजोर देखिन्छन्। किनकि रामेछाप नगरपालिका र गोकूलगङ्गा गाउँपालिका बाहेक अन्य कुनै पनि पालिकाको मध्यमाङ्क ५० प्रतिशत नै पुग्न सकेको छैन। यसबाट स्पष्ट हुन्छ कि सबै पालिकाहरूमा सञ्चालित विद्यालयहरूमा औसत विद्यार्थी सङ्ख्या कम छन्।

रामेछाप जिल्लामा जस्तै ललितपुर जिल्लामा सञ्चालित सम्पूर्ण विद्यालयहरूको सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा ४६ प्रतिशत भन्दा कम मध्यमाङ्क पाइएको छ। ललितपुर जिल्लाको हरेक पालिकाले कार्यसम्पादनको यस पक्षमा पाइएको मध्यमाङ्कलाई हेर्दासेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा ललितपुर महानगरपालिका बाहेक सबै पालिकाहरूको मध्यमाङ्क ज्यादै कम पाइएको छ। यी मध्यमाङ्क २६.७० देखि ४७.५० प्रतिशतसम्म मात्र फैलिएको छ।

माथि गरिएको विश्लेषणबाट प्रष्ट हुन्छ कि रामेछाप र ललितपुर जिल्लाअन्तर्गतका १४ वटै पालिकाहरूमा सञ्चालित विद्यालयहरूमा पालिकागत औसत विद्यार्थी सङ्ख्या निकै कम देखिन्छ । यो अवस्था केही पालिकाहरूमा अझ नाजुक देखिन्छ । किनकि ती पालिकाहरूमा सञ्चालित विद्यालयहरूमा पालिकागत औसत विद्यार्थी सङ्ख्या शिक्षा नियमावलीमा तोकिएअनुसार हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याको करिव ७५ प्रतिशत विद्यार्थी सङ्ख्या मात्र पुगेको देखिन्छ । यही अवस्थाले निरन्तरता पाइएको खण्डमा आगामी वर्षहरूमा कतिपय विद्यालयहरू एक आपसमा गाभ्दै जानुपर्ने स्थिति आउने निश्चित छ। तर यो स्थिति पर्सा जिल्लामा देखिँदैन । किनकि यस पक्षमा पर्सा जिल्लाको मध्यमाङ्क ९० प्रतिशत भन्दा बढी पाइएको छ । यसले के इङ्गित गर्छ भने रामेछाप र ललितपुर जिल्लाको तुलनामा पर्सा जिल्लाको सामुदायिक माध्यमिक विद्यालयहरूमा औसत विद्यार्थी सङ्ख्या बढी देखिन्छ ।

## ३.२. गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना

यस अध्ययनको विभिन्न उद्देश्यहरूमध्ये एउटा प्रमुख उद्देश्य नगरपालिका र गाउँपालिकाहरूमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको स्तरबीच तुलना गर्नु थियो । विशिष्ट रूपमा यी दुई प्रकारका पालिकाहरूमा सञ्चालन भइरहेका विद्यालयहरूको कार्यसम्पादनको लगानी, प्रक्रिया, तथा उपलब्धि क्षेत्र; र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षको स्तरहरूबीच तुलना गर्नु थियो । यसको साथै गाउँपालिका र नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्तरहरूबीच तुलना गर्नु थियो । यी विशिष्ट उद्देश्यहरू प्राप्त गर्नका लागि पर्सा, रामेछाप र ललितपुर जिल्लाको ९ वटा नगरपालिकाहरूमा सञ्चालित १०९ वटा विद्यालयहरू र १९ वटा गाउँपालिकाहरूमा सञ्चालित १०६ विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो ।

दुई प्रकारको पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना गर्न हरेक जिल्लाको गाउँपालिकाहरूमा सञ्चालित हरेक विद्यालयले कार्यसम्पादनको प्रत्येक क्षेत्रमा प्राप्त गरेको भारित अङ्कहरू जोडेर हरेक जिल्लाका सबै गाउँपालिकाहरूको समग्र रूपमा क्षेत्रगत (लगानी क्षेत्र, प्रक्रिया क्षेत्र, र उपलब्धि क्षेत्र) मध्यमाङ्क निकालिएको थियो । यसको साथै हरेक जिल्लाको गाउँपालिकाहरूमा सञ्चालित हरेक विद्यालयले "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकमा प्राप्त गरेको भारित अङ्कको आधारमा हरेक जिल्लाको छुट्टा छुट्टै मध्यमाङ्क निकालिएको थियो । त्यस्तै गाउँपालिकाहरूमा सञ्चालित हरेक विद्यालयले प्राप्त गरेको कूल भारित अङ्कहरू जोडेर जिल्लागत रूपमा गाउँपालिकाहरूको कूल मध्यमाङ्क छुट्टै निकालिएको थियो । यही प्रक्रियाअनुसार नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको पनि क्षेत्रगत तथा कूल मध्यमाङ्क छुट्टै निकालिएको थियो ।

हरेक जिल्लाको गाँउपालिका तथा नगरपालिकामा सञ्चालित विद्यालयहरूले कार्यसम्पादनको तीनवटा क्षेत्रहरू तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा हासिल गरेका जिल्लागत औसत स्तर चित्र नं. ३.२ मा प्रस्तुत गरिएको छ ।

**चित्र ३.२: कार्यसम्पादन परीक्षणमा गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको जिल्लागत औसत स्तर**




चित्र नं. ३.२ मा देखाइएअनुसार तीनवटै जिल्लाका नगरपालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादनको समग्र मध्यमाङ्क (लगानी, प्रक्रिया, उपलब्धि क्षेत्र र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा हासिल गरेको कूल प्राप्ताङ्कहरूको मध्यमाङ्क(औसत स्तर) ६४.७१ प्रतिशत पाइएको छ जुन गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको समग्र मध्यमाङ्क भन्दा ५.६७ प्रतिशतले बढी पाइएको छ ।

जिल्लागत रूपमा केलाउँदा रामेछाप र ललितपुर जिल्ला दुवैका गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा नगरपालिकहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको समग्र मध्यमाङ्कभन्दा बढी आएको छ । यी दुईवटा जिल्लाहरूमध्ये ललितपुर जिल्लाको नगरपालिका र गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको समग्र मध्यमाङ्कबीचको भिन्नता ७.४२ प्रतिशत पाइएको छ। रामेछाप जिल्लामा यी दुई प्रकारका पालिकाहरूमा सञ्चालित विद्यालयहरूले हासिल गरेका मध्यमाङ्कबीचको भिन्नता ४.९० प्रतिशत आएको छ । पर्सा जिल्लाको सन्दर्भमा उल्लेखित दुईवटा जिल्लाको प्राप्तिहरू भन्दा ठीक उल्टो पाइएको छ । अर्थात् यस जिल्लामा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको समग्र मध्यमाङ्क बढी आएको देखिन्छ ।

चित्र नं. ३.३ मा नगरपालिका तथा गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूले कार्यसम्पादनको हरेक क्षेत्र तथा पक्षमा हासिल गरेका औसत स्तरहरू छुट्टा छुट्टै देखाइएका छन् ।

**चित्र ३.३: कार्यसम्पादन परीक्षणमा गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूमा जिल्लागत औसत स्तर**




चित्र नं. ३.३ मा देखाइएअनुसार तीनवटै जिल्लामा सञ्चालिन २१५ वटा विद्यालयहरूको कार्यसम्पादनको हरेक क्षेत्र तथा पक्षमा गाउँपालिकाको तुलनामा नगरपालिकाहरूको मध्यमाङ्क बढी पाइएको छ । यी दुई प्रकारका पालिकाहरूको मध्यमाङ्कबीचको भिन्नता सबभन्दा बढी (११.४ प्रतिशत) सेवा प्रदान गरिएको विद्यार्थी पक्षमा देखिएको छ भने सबभन्दा कम उपलब्धि क्षेत्रमा आएको छ ।

हरेक जिल्लाको गाँउपालिका तथा नगरपालिकामा सञ्चालित विद्यालयहरूले विभिन्न क्षेत्रहरू तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा प्राप्त गरेका मध्यमाङ्क तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२: गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनका विभिन्न क्षेत्रहरूको मध्यमाङ्क**

| जिल्ला | पालिका | पालिका सङ्ख्या | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | पलिकाको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी पूर्णाङ्कः २५ | प्रक्रिया पूर्णाङ्कः ३० | उपलब्धि पूर्णाङ्कः ४० | सेवाग्राही विद्यार्थी सङ्ख्या पूर्णाङ्कः५ | कूल पूर्णाङ्कः १०० | |
| पर्सा | नगरपालिका | ४ | २७ | १४.४० (५७.६०) | १३.६१ (४५.३७) | २३.७४ (५९.३५) | ४.८१ (९६.२०) | ५६.५६ | सामान्य |
| | गाउँपालिका | १० | २६ | १३.९० (५५.६०) | १४.६८ (४८.९३) | २५.१३ (६२.८३) | ४.३८ (८७.६०) | ५८.१० | सामान्य |

| जिल्ला | पालिका | पालिका सङ्ख्या | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | पलिकाको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लगानी पूर्णाङ्कः २५ | प्रक्रिया पूर्णाङ्कः ३० | उपलब्धि पूर्णाङ्कः ४० | सेवाग्राही विद्यार्थी सङ्ख्या पूर्णाङ्कः५ | कूल पूर्णाङ्कः १०० | |
| रामेछाप | नगरपालिका | २ | ३१ | १४.२६ (५७.०४) | १९.३२ (६४.४०) | २७.१३ (६७.८३) | २.३९ (४७.८०) | ६३.०९ | सामान्य |
| | गाउँपालिका | ६ | ५९ | १३.२२ (५२.८८) | १७.४४ (५८.१३) | २५.४५ (६३.६३) | २.०८ (४१.६०) | ५८.१९ | सामान्य |
| ललितपुर | नगरपालिका | ३ | ५१ | १७.८३ (७१.३२) | २२.२६ (७४.२०) | २७.३१ (६८.२३) | २.६१ (५२.२०) | ७०.०२ | मध्यम |
| | गाउँपालिका | ३ | २१ | १४.८६ (५९.४४) | २०.७५ (६९.१७) | २५.५७ (६३.९३) | १.४३ (२८.६०) | ६२.६० | सामान्य |
| कुल | नगरपालिका | ९ | १०९ | १५.९७ (६३.८८) | १९.२८ (६४.२७) | २६.३७ (६५.९३) | ३.०९ (६१.८०) | ६४.७१ | सामान्य |
| | गाउँपालिका | १९ | १०६ | १३.७१ (५४.८४) | १७.४२ (५८.०७) | २५.३९ (६३.४८) | २.५२ (५०.४०) | ५९.०४ | सामान्य |

तालिका ३.२ मा देखाइएअनुसार क्षेत्रगत रूपमा ललितपुर जिल्लाको गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको तीनवटै क्षेत्र र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा हासिल गरेको मध्यमाङ्क बढी आएको छ । यी मध्यमाङ्कमध्ये पनि लगानी क्षेत्र र प्रक्रिया क्षेत्रमा प्राप्त गरेको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ ।

ललितपुर जिल्लामा जस्तै रामेछाप जिल्लामा पनि कार्यसम्पादनको सबै क्षेत्रहरूमा गाउँपालिकाको तुलनामा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरू अग्रस्थानमा आएका छन् । तर यी दुई प्रकारका पालिकाहरूमा सञ्चालित विद्यालयहरूले कार्यसम्पादनको प्रत्येक क्षेत्रमा हासिल गरेका मध्यमाङ्कबीचको भिन्नताको दूरी भने ललितपुर जिल्लाका दुई प्रकारका पालिकाहरूमा देखिएका भिन्नताको दूरी जस्तो फराकिलो छैन ।

पर्सा जिल्लाका गाउँपालिका र नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको प्रक्रिया र उपलब्धि क्षेत्रको मध्यमाङ्क माथि उल्लेखित दुईवटा जिल्लामा पाइएको चित्र भन्दा फरक पाइएको छ । किनकि यी दुवै क्षेत्रहरूमा नगरपालिकामा भन्दा गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको मध्यमाङ्क बढी आएको छ ।

माथिको विश्लेषणबाट स्पष्ट हुन्छ कि समष्टिगत रूपमा विद्यालयहरूको कार्यसम्पादन स्तरको दृष्टिकोणले गाउँपालिकाको तुलनामा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरू अग्रस्थानमा देखिए तापनि ती विद्यालयहरूको कार्यसम्पादन सन्तोषजनक देखिँदैन । किनकि यी विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर सामान्य खालको मात्र पाइएको छ । तथापि कार्यसम्पादन स्तरमा सुधार ल्याउन नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको

तुलनामा गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूले अझ बढी प्रयास गर्नुपर्ने वास्तविकता माथि उल्लेखित सङ्ख्यात्मक प्राप्तिहरूले प्रमाणित गरेको छ ।

जिल्लागत हिसाबमा ललितपुर जिल्लाको नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर अन्य दुईवटा जिल्लाहरूको तुलनामा मध्यम स्तरको पाइएको हुँदा सन्तोषजनक छ भन्न सकिन्छ । तर रामेछाप जिल्लाका नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको औसत स्तर सोही जिल्लाको गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा बढी आएको भए तापनि सो स्तर सामान्य स्तरको मात्र हुन् । तसर्थ यस जिल्लाको दुबै प्रकारका पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तर सन्तोषजनक देखिँदैन । पर्सा जिल्लाको सन्दर्भमा पनि यही स्थिति देखिन्छ । हरेक जिल्लाको समग्र कार्यसम्पादन स्तर कम हुनाको मुख्य कारण कार्यसम्पादनको सबै क्षेत्रहरूमा अधिकांश विद्यालयहरूको कार्यसम्पादन स्तर सामान्य मात्र पाइएको छ । अतः सबै विद्यालयहरूले कार्यसम्पादनको सबै क्षेत्रहरूमा उच्च अङ्क हासिल गर्न सकेको खण्डमा मात्र समग्र रूपमा विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन सकिन्छ ।

# खण्ड ४
# कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा विभिन्न स्तरका विद्यालयहरू

यस अध्ययनको विभिन्न उद्देश्यहरूमध्ये एउटा उद्देश्य अध्ययनमा समाविष्ट हरेक पालिका तथा जिल्लामा कार्यसम्पादनको दृष्टिकोणले विभिन्न स्तरका (कमजोर, सामान्य, मध्यम र उत्तम) विद्यालयहरूको सङ्ख्या निर्धारण गर्नु थियो । विद्यालयको कार्यसम्पादनको स्तर पत्ता लगाउन खण्ड ३ को सुरुको दोस्रो अनुच्छेदमा उल्लेख गरिए अनुसार **विद्यालय कार्यसम्पादन परीक्षण फाराम**मा तीनवटा क्षेत्रहरू जस्तैः लगानी, प्रक्रिया तथा उपलब्धि क्षेत्र र "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचक/पक्षसँग सम्बन्धित एउटा छुट्टै सूचक समावेश गरिएको छ। यी क्षेत्रहरू तथा पक्षलाई खण्ड ३ को दोस्रो र तेस्रो अनुच्छेदहरूमा उल्लेख भएअनुसार क्रमशः ८१, १३८, ४५ र ५ पूर्णाङ्क दिइएको छ। यी पूर्णाङ्कहरूमा हरेक विद्यालयले प्राप्त गरेको प्राप्ताङ्कहरूबीच तुलना गर्न सजिलो होस् भन्ने उद्देश्यले लगानी क्षेत्रलाई २५, प्रक्रिया क्षेत्रलाई ३०, उपलब्धि क्षेत्रलाई ४० र"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकलाई ५ भारित अङ्क छुट्याइएको थियो । अतः समग्र रूपमा कार्यसम्पादन परीक्षणलाई १०० पूर्णाङ्क दिइएको थियो ।

विद्यालयहरूको कार्यसम्पादन स्तर निर्धारण गर्न हरेक विद्यालयले तीनवटै क्षेत्रहरूमा हासिल गरेको भारित अङ्कहरू र "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" पक्षमा प्राप्त गरेको प्राप्ताङ्क जोडेर हरेक विद्यालयको १०० प्रतिशतमा कूल प्राप्ताङ्क निकालिएको थियो । हरेक विद्यालयले हासिल गरेको प्राप्ताङ्कको आधारमा ती विद्यालयहरूको स्तर निर्धारण गर्न विद्यालय कार्यसम्पादन परीक्षण फाराममा **स्तर निर्धारणका आधार** दिइएको छ (शैगुपके, २०७५) । यस आधारअनुसार ४० प्रतिशत भन्दा कम प्राप्ताङ्कलाई **"कमजोर"**, ४० देखि ७० प्रतिशतसम्मको प्राप्ताङ्कलाई **"सामान्य"**, ७० देखि ९० प्रतिशतसम्मको प्राप्ताङ्कलाई **"मध्यम"**, र ९० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्कलाई **"उत्तम"** स्तर मानिएको छ ।

हरेक विद्यालयले १०० पूर्णाङ्कमा प्राप्त गरेको प्राप्ताङ्कलाई "स्तर निर्धारण गर्ने आधार"अनुसार ती विद्यालयहरूको स्तर निर्धाण गरिएको थियो । तीनवटा जिल्लाका २१५ वटा विद्यालयहरूमध्ये विभिन्न स्तरका विद्यालयहरूको प्रतिशत चित्र नं. ४.१मा प्रस्तुत गरिएको छ ।

**चित्र ४.१: कार्यसम्पादन परीक्षण नतिजाको आधारमा विभिन्न स्तरका विद्यालयहरूको प्रतिशत**



चित्र नं. ४.१ मा देखाइए अनुसार पर्सा, रामेछापर ललितपुर जिल्लाको २८ वटा पालिकाहरूमा सञ्चालित २१५ वटा विद्यालयहरूले कार्यसम्पादन परीक्षणमा पाइएको कूल प्राप्ताङ्कअनुसार अधिकांश (७७.६७ प्रतिशत) विद्यालयहरूको कार्यसम्पादनको नतिजा सामान्य स्तरको मात्र पाइएको छ। एउटा विद्यालयको कार्यसम्पादन स्तर कमजोर पाइएको छ । सङ्ख्यात्मक रूपमा धैरै कम (२२.३३ प्रतिशत) विद्यालयहरूको परीक्षणको नतिजा मध्यम स्तरीय पाइएको छ ।

तल प्रस्तुत दुईवटा चित्रहरूमा सामान्य स्तर र मध्यम स्तरको औसत स्तर प्राप्त गर्ने विद्यालयहरूलाई थप वर्गीकरण गरी प्रस्तुत गरिएका छन् ।

**चित्र ४.२: कार्यसम्पादन परीक्षणमा सामान्य स्तरका विभिन्न वर्गान्तरका अङ्क हासिल गर्ने विद्यालयहरूको प्रतिशत**




**चित्र ४.३: कार्यसम्पादन परीक्षणमा मध्यम स्तरका विभिन्न वर्गान्तरका अङ्क हासिल गर्ने विद्यालयहरूको प्रतिशत**




सामान्य स्तर र मध्यम स्तरको अङ्क प्राप्त गर्ने विद्यालयहरूलाई हरेक १०/१० प्रतिशतको फरक दूरीको अङ्क (***सामान्य स्तर:*** *४० देखि ५० प्रतिशत, ५१ देखि ६० प्रतिशत, ६१ देखि७० प्रतिशत;* ***मध्यम स्तर:*** *७१ देखि ८० प्रतिशत, ८१ देखि ९० प्रतिशत*) प्राप्त गरेको आधारमा ती विद्यालयहरूलाई वर्गीकरण गरेर हेर्दा सामान्य स्तरको

अङ्क प्राप्त गर्ने १६६ वटा विद्यालयहरूमध्ये ५१ देखि ६० प्रतिशत अङ्क प्राप्त गर्ने विद्यालयहरूको सङ्ख्या तुलनात्मक रूपमा बढी (७७ वटा) पाइएको छ। यो भन्दा कम अर्थात ४० देखि ५० प्रतिशत प्राप्ताङ्क मात्र हासिल गर्ने विद्यालयहरूको सङ्ख्या पनि २२ पुगेको छ। सामान्य स्तरको अङ्क हासिल गर्ने कूल विद्यालयहरूमध्ये ६७ विद्यालयहरूले मात्र ६१ देखि ७० प्रतिशत प्राप्ताङ्क हासिल गरेका छन्।

मध्यम स्तरीय अङ्क हासिल गर्ने जम्मा ४८ वटा विद्यालयहरूमध्ये ८८ प्रतिशत विद्यालयहरूको प्राप्ताङ्क ७१ देखि ८० प्रतिशत प्राप्ताङ्कको दूरी भित्र रहेको छ भने बाँकी विद्यालयहरूको प्राप्ताङ्क ९० प्रतिशत वा सो भन्दा कम आएको छ।

विद्यालयहरूले हासिल गरेका प्राप्ताङ्क सम्बन्धी यी तथ्यहरूले के प्रमाणित गर्छ भने विद्यालयहरूको समग्र कार्यसम्पादन स्तर चित्त बुझ्दो देखिँदैन। यसले के इङ्गित गर्छ भने अधिकांश विद्यालयहरूको कार्यसम्पादनमा सुधार ल्याउन सम्बन्धित निकायहरू तथा पदाधिकारीहरूले अझै बढी प्रयास गर्नुपर्ने देखिन्छ।

हरेक पालिका तथा जिल्लामा विभिन्न स्तर (कमजोर, सामान्य, मध्यम र उत्तम स्तर) का विद्यालयहरूको सङ्ख्या के कति छन् तालिका नं. ४.१ मा दिइएको छ।

**तालिका ४.१: कार्यसम्पादन परीक्षणको आधारमा विभिन्न स्तरका पालिकागत तथा जिल्लागत विद्यालयहरुको सङ्ख्या**

| जिल्ला | पालिका | कमजोर | सामान्य | मध्यम | उत्तम | जम्मा |
|---|---|---|---|---|---|---|
| पर्सा | वीरगञ्ज न.पा. | १ | १५ (८३.३३) | २ (११.११) | - | १८ |
| | पोखरीया न.पा. | - | १ (१००.०) | - | - | १ |
| | बहुदरमाई न.पा. | - | ३ (६०.००) | २ (४०.००) | - | ५ |
| | पर्सागढी न.पा. | - | ३ (१००.०) | - | - | ३ |
| | ठोरी (सुबर्णपुर) न.पा. | - | ५ (१००.०) | - | - | ५ |
| | जगरनाथपुर गा.पा. | - | २ (१००.०) | - | - | २ |
| | धोबिनी गा.पा. | - | २ (१००.०) | - | - | २ |
| | छिपहरमाई गा.पा. | - | २ (१००.०) | - | - | २ |
| | पकाहा मैनपूर गा.पा. | - | १ (१००.०) | - | - | १ |
| | बिन्दबासिनी गा.पा. | - | २ | - | - | २ |

| जिल्ला | पालिका | कमजोर | सामान्य | मध्यम | उत्तम | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | (१००.०) | | | |
| | सखुवा प्रसौनी गा.पा. | - | २<br>(५०.००) | २<br>५०.०० | - | ४ |
| | पटेर्वा सुगौली गा.पा. | - | ३<br>(१००.०) | - | - | ३ |
| | जिराभवानी गा.पा. | - | २<br>(१००.०) | - | - | २ |
| | कालिकामाई गा.पा. | - | ३<br>(१००.०) | - | - | ३ |
| | पर्सा जिल्ला | १<br>(१.८९) | ४६<br>(८६.७९) | ६<br>(११.३२) | - | ५३ |
| रामेछाप | मन्थली न.पा. | - | १६<br>(८४.२१) | ३<br>१५.७८ | - | १९ |
| | रामेछाप न.पा. | - | ९<br>(७५.००) | ३<br>२५.०० | - | १२ |
| | उमाकुण्ड गा.पा. | - | ७<br>(१००.०) | - | - | ७ |
| | खाँडादेवी गा.पा. | - | १२<br>१००.०) | - | - | १२ |
| | गोकुलगङ्गा गा.पा. | - | ७<br>(१००.०) | - | - | ७ |
| | दोरम्बा गा.पा. | - | ८<br>(८८.८९) | १<br>(११.११) | - | ९ |
| | लिखु गा.पा. | - | १२<br>(१००.०) | - | - | १२ |
| | सुनापति गा.पा. | - | ९<br>(७५.००) | ३<br>(२५.००) | - | १२ |
| | रामेछाप जिल्ला | - | ८०<br>(८८.८९) | १०<br>(११.११) | - | ९० |
| ललितपुर | ललितपुर न.पा. | - | ११<br>(४४.००) | १४<br>(५६.००) | - | २५ |
| | गोदावरी न.पा. | - | ८<br>(५०.००) | ८<br>(५०.००) | - | १६ |
| | महालक्ष्मी न.पा. | - | ५<br>(५०.००) | ५<br>(५०.००) | - | १० |

| जिल्ला | पालिका | कमजोर | सामान्य | मध्यम | उत्तम | जम्मा |
|---|---|---|---|---|---|---|
| | बागमती गा.पा. | - | ६ (६६.६७) | ३ (३३.३३) | - | ९ |
| | महाङ्काल गा.पा. | - | ५ (८३.३३) | १ (१६.६७) | - | ६ |
| | कोन्ज्योसोम गा.पा. | - | ५ (८३.३३) | १ (१६.६७) | - | ६ |
| | ललितपुर जिल्ला | - | ४० (५५.५६) | ३२ (४४.४४) | - | ७२ |
| **कूल** | | **१ (०.४७)** | **१६६ (७७.२०)** | **४८ २२.३३** | **-** | **२१५ (१००)** |

***नोटः कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउँदछ।***

जिल्लागत रूपमा पर्सा जिल्लाका ५३ वटा विद्यालयहरूमध्ये ६ वटा र रामेछाप जिल्लामा ९० विद्यालयहरूमध्ये १० विद्यालयहरूले मात्र मध्यम स्तरको प्राप्ताङ्क (७० देखि ९० प्रतिशत) हासिल गर्न सफल भएका छन् । दुईवटा जिल्लाका मध्यमस्तरको प्राप्ताङ्क हासिल गर्न सफल यी १६ विद्यालयहरूमध्ये ३ वटा विद्यालयहरूको प्राप्ताङ्क मात्र ८० प्रतिशत भन्दा बढी पाइएको छ । अतः दुवै जिल्लाका अधिकांश (८८ प्रतिशत भन्दा बढी) विद्यालयहरूको कार्यसम्पादन सामान्य स्तरको मात्र पाइएको देखिन्छ । सामान्य स्तरका यी विद्यालयहरूमध्ये पनि ४० देखि ५० प्रतिशत प्राप्ताङ्क मात्र हासिल गर्ने विद्यालय सङ्ख्या पर्सा जिल्लामा ६ वटा रहेका छन् भने रामेछाप जिल्लामा १२ वटा पाइएको छ । बाँकी सामान्य स्तरका विद्यालयहरूमध्ये धेरैजसो विद्यालयहरूले ५१ देखि ६० प्रतिशत प्राप्ताङ्क ल्याउन सकेको देखिन्छ ।

पर्सा र रामेछाप जिल्लामा देखिएको विद्यालयहरूको कार्यसम्पादन स्तरको यो स्थिति भन्दा ललितपुर जिल्लामा अलि भिन्न देखिएको छ । किनकि यस जिल्लाका ७२ वटा विद्यालयहरूमध्ये ३२ वटा विद्यालयहरूको कार्यसम्पादन मध्यम स्तरको पाइएको छ । तथापि यी विद्यालयहरूमध्ये ३ वटा विद्यालयहरूलाई छोडेर अरु सबै विद्यालयहरूको प्राप्ताङ्क ७१ देखि ८० प्रतिशतसम्म पाइएको छ । यस जिल्लामा सञ्चालित ७२ वटा विद्यायहरूमध्ये बाँकी अरु सबै विद्यालयहरू (४० वटा विद्यालयहरू) को कार्यसम्पादन सामान्य स्तरको मात्र पाइएको छ । तर यी विद्यालयहरूले सामान्य स्तरको प्राप्ताङ्क मात्र हासिल गरे तापनि पर्सा र रामेछाप जिल्लामा जस्तै यस जिल्लामा ४० देखि ५० प्रतिशत प्राप्ताङ्क मात्र हासिल गर्ने विद्यालय सङ्ख्या नगन्य मात्रामा (२ वटा विद्यालय) पाइन्छ । सामान्य स्तरको प्राप्ताङ्क हासिल गर्ने विद्यालयहरूमध्ये ६५ प्रतिशत (२६ वटा विद्यालयहरू)को प्राप्ताङ्क ६१ देखि७० प्रतिशतसम्म आएको छ । यसबाट प्रष्ट हुन्छ कि ललितपुर जिल्लाको विद्यालयहरूको समग्र कार्यसम्पादन स्तर पर्सा र रामेछाप जिल्लाको तुलनामा राम्रो छ । तर धेरैजसो विद्यालयहरूको प्राप्ताङ्क सामान्य स्तरको मात्र पाइएको र यी विद्यालयहरूले मध्यम स्तरको अङ्कसमेत हासिल गर्न सफल नभएको हुँदा समग्र रूपमा कार्यसम्पादनको स्तर सन्तोषजनक मान्न सक्ने ठाउँ देखिँदैन । साथै पर्सा र रामेछाप जिल्ला यो भन्दा अझ पछाडि परेका छन् ।

विद्यालयहरूलाई कार्यसम्पादन स्तरको आधारमा पालिकागत रूपमा केलाउँदा पर्सा जिल्लाका १४ वटा पालिकाहरूमध्ये ३ वटा पालिकाहरू; वीरगञ्ज महानगरपालिका, बहुदरमाई नगरपालिका र सखुवा प्रसौनी गाउँपालिका बाहेक अरु सबै पालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादन सामान्य स्तरको मात्र पाइएको छ । यी सामान्य स्तरका विद्यालयहरूमध्ये पनि धेरैजसो विद्यालयहरूको प्राप्ताङ्क ६० प्रतिशत उँभो लाग्न सकेको देखिँदैन । यस्तै अवस्था रामेछाप जिल्लामा पनि देखिन्छ । किनकि यस जिल्लामा रहेका ८ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरू; मन्थली नगरपालिका, रामेछाप नगरपालिका, दोरम्बा गाउँपालिका र सुनापती गाउँपालिकामा सञ्चालित विद्यालयहरूमध्ये केही विद्यालयहरूले मात्र मध्यम स्तरको प्राप्ताङ्क हासिल गर्न सकेका छन् । बाँकी सबै विद्यालयहरू र अरु ४ वटा पालिकाहरूमा सञ्चालित सबै विद्यालयहरूको कार्यसम्पादन सामान्य स्तरको मात्र पाइएको छ । यी विद्यालयहरूमध्ये पनि बहुसङ्ख्यक विद्यालयहरूको प्राप्ताङ्क ४० देखि ६० प्रतिशतसम्म मात्र छरिएका छन् । अतः विद्यालय कार्यसम्पादनको दृष्टिकोणले रामेछाप जिल्लाका पालिकाहरू पर्सा जिल्लाका पालिकाहरू जस्तै पाइएको छ । तर यो स्थिति ललितपुर जिल्लामा फरक पाइएको छ । किनकि यस जिल्लाका ६ वटै पालिकामा मध्यम स्तरको प्राप्ताङ्क हासिल गर्ने विद्यालयहरू पाइएका छन् । यस्तो विद्यालयहरूको सङ्ख्या ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका, र महालक्ष्मी नगरपालिकामा सञ्चालित कूल विद्यालय सङ्ख्याको ५० प्रतिशत पाइएको छ । बाँकी ३ वटा पालिकाहरूमा पनि कुनै न कुनै विद्यालयको कार्यसम्पादन मध्यमस्तरको पाइएको छ । त्यस्तै यस जिल्लामा धेरैजसो विद्यालयहरू (४० वटा) को कार्यसम्पादन सामान्य स्तरको भए तापनि यी विद्यालयहरूमध्ये ६५ प्रतिशत विद्यालयहरूको प्राप्ताङ्क ६१ देखि७० प्रतिशत पाइएको छ । यसबाट प्रष्ट हुन्छ कि विद्यालय कार्यसम्पादन स्तरको दृष्टिकोणले पर्सा र रामेछाप जिल्लाको पालिकाहरूको तुलनामा ललितपुर जिल्लाका पालिकाहरू राम्रा देखिन्छन् । तर यसको अर्थ कार्यसम्पादनको स्तर चित्त बुझ्दो छ भन्न सकिँदैन, जुन कुरा माथि ३.१ मा विश्लेषण तथा विवेचना गरिसकिएको छ ।

# खण्ड ५
# विद्यालय कार्यसम्पादनका क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति

यस अध्ययनको विभिन्न उद्देश्यहरूमध्ये एउटा प्रमुख उद्देश्य सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको विभिन्न क्षेत्रअन्तर्गत उपक्षेत्रहरूको स्तर निर्धारण गर्नु थियो । उक्त उद्देश्य प्राप्त गर्नका लागि तीनवटा जिल्लाहरूबाट जम्मा २१५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू यस विद्यालय कार्यसम्पादन परीक्षणसम्बन्धी अध्ययनमा समावेश गरिएका थिए जुन यसभन्दा अगाडि खण्ड २ र ३ मा उल्लेख भइसकेको छ ।

हरेक विद्यालयको कार्यसम्पादन परीक्षण गर्नको लागि शैगुपकेद्वारा तयार गरिएको **विद्यालय कार्यसम्पादन परीक्षण फाराम २०७५** प्रयोग गरिएको थियो । उक्त फाराममा "लगानी" क्षेत्रअन्तर्गत ३ वटा उपक्षेत्रहरू रहेका छन् भने "प्रक्रिया" क्षेत्र अन्तर्गत ५ वटा उपक्षेत्रहरू समावेश गरिएका छन् । यसैगरी "उपलब्धि" क्षेत्र अन्तर्गत ४ वटा उपक्षेत्रहरू समावेश गरिएका छन् । विद्यालय कार्यसम्पादनका यी १२ उपक्षेत्रहरू मापन गर्न ८८ वटा सूचकहरू निर्माण गरी उक्त फाराममा समावेश गरिएको थियो । यी ८८ वटा सूचकहरूमध्ये २७ वटा सूचकहरू लगानी क्षेत्रअन्तर्गत ३ वटा उपक्षेत्रहरूसँग, ४६ वटा सूचकहरू प्रक्रिया क्षेत्र अन्तर्गत ५ वटा उपक्षेत्रहरूसँग र १५ वटा सूचकहरू उपलब्धि क्षेत्रअन्तर्गत ४ वटा उपक्षेत्रहरूसँग सम्बन्धित छन् । हरेक सूचकमा रहेका चारवटा विवरणात्मक स्केलहरूलाई ३ पूर्णाङ्क दिइएको छ । अतः यी ८८ वटा सूचकहरूलाई २६४ पूर्णाङ्क दिइएको छ । कार्यसम्पादनको हरेक क्षेत्रलाई तुलनायोग्य बनाउन लगानी क्षेत्रलाई २५, प्रक्रिया क्षेत्रलाई ३० र उपलब्धि क्षेत्रलाई ४० भारित अङ्क दिइएको छ । यी तीनवटा क्षेत्रहरू बाहेक हरेक विद्यालयलले "सेवाप्रदान प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचक/पक्षको लागि ५ भारित अङ्क छुट्याइएको छ (यसबारे खण्ड ३ मा उल्लेख भइसकेको छ) । अतः विद्यालयको कार्यसम्पादनको तीनवटा क्षेत्रहरू र सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकका लागि १०० भारित अङ्क दिइएको छ ।

विद्यालय कार्यसम्पादन परीक्षण फाराम प्रयोग गरी सङ्कलन गरिएको तथ्याङ्कलाई कार्यसम्पादनको प्रत्येक उपक्षेत्रको लागि छुट्याइएको पूर्णाङ्कमा हरेक विद्यालयले प्राप्त गरेका प्राप्ताङ्कहरूलाई जोडी हरेक पालिका तथा जिल्लाको उपक्षेत्रगत मध्यमाङ्क निकालिएको थियो । तीमध्यमाङ्कलाई तुलनायोग्य बनाउन प्रतिशतमा परिणत गरिएको थियो । त्यस्तै कार्यसम्पादनको हरेक क्षेत्रमा हरेक विद्यालयले प्राप्त गरेका भारित अङ्कहरूलाई जोडी विभिन्न पालिकाहरू तथा जिल्लाहरूको छुट्टा छुट्टै क्षेत्रगत मध्यमाङ्क निकालिएको थियो । यसको साथै हरेक विद्यालयले सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षमा हासिल गरेको प्राप्ताङ्क जोडी हरेक पालिका तथा जिल्लाका मध्यमाङ्क निकालियो । यी मध्यमाङ्कको विश्लेषण तथा विवेचना निम्नलिखित चारवटा मुख्य शीर्षकहरू; (१) विद्यालय कार्यसम्पादनका लगानी क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति (२) विद्यालय कार्यसम्पादनका प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति (३) विद्यालय कार्यसम्पादनका उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति र (४) विद्यालयद्वारा सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या अन्तर्गत प्रस्तुत गरिएका छन् ।

## ५.१. विद्यालय कार्यसम्पादनका लगानी क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति

विद्यालय शिक्षाको गुणस्तर वृद्धिमा विद्यालय भवन, कक्षाकोठाहरू, खेल मैदान, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, शैक्षिक सामग्री, शिक्षकहरूको योग्यता, विद्यालयमा समुदायको सहयोग आदिले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पारेको हुन्छ । यी सबै कुराहरू विद्यालयको लगानी क्षेत्रअन्तर्गत आउँदछ । अतः विद्यालय कार्यसम्पादनका विभिन्न क्षेत्रहरूमध्ये एउटा महत्वपूर्ण क्षेत्र "लगानी" क्षेत्र हो । लगानी क्षेत्रअन्तर्गत तीनवटा उपक्षेत्रहरू जस्तै (क) भौतिक संरचना (ख) शिक्षक (ग) समुदायको सहभागिता र लगानी पर्दछन् । अतः विद्यालय शिक्षाको गुणस्तर निर्धारण गर्ने सन्दर्भमा विद्यालयको लगानी क्षेत्रको मूल्याङ्कन हुनु जरुरी छ । यही तथ्यलाई दृष्टिगत गरी यस अध्ययनमा समाविष्ट तीनवटा जिल्लामा रहेका २८ वटा पालिकाहरूमा सञ्चालित विद्यालयहरूको लगानी क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूमा कार्यसम्पादनको स्तर पालिकागततथा जिल्लागतरूपमा निर्धारण गर्न खोजिएको छ । अतः यस कार्यसम्पादन परीक्षणका विभिन्न उद्देश्यहरूमध्ये एउटा प्रमुख उद्देश्य कार्यसम्पादनको लगानी क्षेत्र तथा त्यसअन्तर्गतका उपक्षेत्रहरूको स्तर निर्धारण गर्नु हो ।

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि विद्यालय कार्यसम्पादन परीक्षण फाराममा लगानी क्षेत्रअन्तर्गत भौतिक संरचना, शिक्षक, र समुदायको सहभागिता र लगानी उपक्षेत्रहरूमा क्रमशः १६, ७ र ४ वटा सूचकहरू समावेश गरिएका छन् । ती सूचकहरूका लागि क्रमशः ४८, २१ र १२ पूर्णाङ्क छुट्याइएको थियो । यसर्थ लगानी क्षेत्रको लागि पूर्णाङ्क ८१ छुट्याइएको थियो । ८१ पूर्णाङ्कलाई भारित अङ्कको हिसावले २५ भार छुट्याइएको छ । अर्थात् विद्यालयको समग्र कार्यसम्पादनलाई छुट्याइएको १०० प्रतिशतमा लगानी क्षेत्रलाई २५अङ्कभार छुट्याइएको छ । माथि उल्लेखित लगानी क्षेत्र र यस क्षेत्रअन्तर्गतको उपक्षेत्रहरूमा छुट्याइएको पूर्णाङ्कहरूमा हरेक विद्यालयले प्राप्त गरेका प्राप्ताङ्कहरूबाट लगानी क्षेत्र तथा यसका उपक्षेत्रहरूको पालिकागत तथा जिल्लागत मध्यमाङ्क निम्नलिखित तरिकाले निकालिएको थियो ।

**(क)** प्रत्येक विद्यालयले हरेक उपक्षेत्रमा प्राप्त गरेका प्राप्ताङ्कहरू जोडी हरेक उपक्षेत्रको पालिकागत तथा जिल्लागत मध्यमाङ्क निकालिएको,

**(ख)** हरेक उपक्षेत्रको मध्यमाङ्कलाई तुलनायोग्य बनाउन प्रतिशतमा परिणत गरिएको,

**(ग)** हरेक विद्यालयले लगानी क्षेत्रअन्तर्गत तीनवटै उपक्षेत्रहरूमा प्राप्त गरेको प्राप्ताङ्कलाई जोडी लगानी क्षेत्रको कूल प्राप्ताङ्क निकालिएको,

**(घ)** हरेक विद्यालयले लगानी क्षेत्रमा प्राप्त गरेको कूल प्राप्ताङ्कलाई भारित अङ्कमा परिणत गरिएको र

**(ङ)** हरेक विद्यालयले लगानी क्षेत्रको भारित पूर्णाङ्कमा प्राप्त गरेका प्राप्ताङ्कहरू जोडी पालिकागत तथा जिल्लागत मध्यमाङ्क निकालिएको र सो मध्यमाङ्कलाई प्रतिशतमा परिणत गरिएको थियो ।

माथि उल्लेखित प्रक्रियाहरू अपनाई निकालिएको लगानी क्षेत्रको मध्यमाङ्क र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको मध्यमाङ्क पालिकागत तथा जिल्लागतरूपमा तल दिइएको चित्र नं. ५.१ र तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

चित्र ५.१: कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको लगानी क्षेत्र तथा उपक्षेत्रहरूको जिल्लागत औसत स्तर




तालिका ५.१: कार्यसम्पादन परीक्षणमा लगानी क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको मध्यमाङ्क

| जिल्ला | पालिका | विद्यालय संख्या | मध्यमाङ्क | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक संरचना पूर्णाङ्क: ४८ | शिक्षक पूर्णाङ्क: २१ | समुदायको सहभागिता पूर्णाङ्क: १२ | २५ भारमा प्राप्ताङ्क | पालिकामा विद्यालयहरूको औसत स्तर |
| पर्सा | वीरगञ्ज म.न.पा. | १८ | २५.११ (५२.३१) | १४.७२ (७०.१०) | ६.५० (५४.१७) | १४.३० (५७.२०) | सामान्य |
| | पोखरीया न.पा. | १ | ३८ (७९.१७) | ११ (५२.३८) | ६ (५०.०) | १६.९८ (६७.९२) | सामान्य |
| | बहुदरमाई न.पा. | ५ | २७.४० (५७.०८) | १०.८० (५१.४३) | ६ (५०.०) | १३.६४ (५४.५६) | सामान्य |
| | पर्सागढी न.पा. | ३ | ३० (६२.५०) | १३ (६१.९०) | ७ (५८.३३) | १५.४३ (६१.७२) | सामान्य |
| | ठोरी (सुबर्नपूर) गा.पा. | ४ | ३० (६२.५०) | १४.६० (६९.५२) | ४.४० (३६.६७) | १५.१२ (६०.४८) | सामान्य |
| | जगरनाथपुर गा.पा. | २ | २६.५० (५५.२०) | १४ (६६.६७) | ५ (४१.६७) | १४.०४ (५६.१६) | सामान्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धोबिनी गा.पा. | ३ | १८.५० (३८.५४) | १४.५० (६९.०५) | ३ (२५.००) | ११.११ (४४.४४) | सामान्य |
| | छिपहरमाई गा.पा. | २ | २५.५० (५३.१३) | १४ (६६.६७) | ५.५ (४५.८३) | १३.८९ (५५.५६) | सामान्य |
| | पकाहा मैनपूर गा.पा. | १ | २३ (४७.९२) | ११ (५२.३८) | ३ (२५) | ११.४२ (४५.६८) | सामान्य |
| | बिन्दबासिनी गा.पा. | २ | २०.५० (४२.७१) | १३.५० (६४.२९) | ९ (७५) | १३.२७ (५३.०८) | सामान्य |
| | सखुवा प्रसौनी गा.पा. | ४ | २६.२५ (५४.६९) | १४ (६६.६७) | ५ (४१.६७) | १३.९७ (५५.८८) | सामान्य |
| | पटेर्वा सुगौली गा.पा. | ३ | २१.२५ (४४.२७) | १०.५० (५०.००) | ५.७५ (४७.९२) | ११.५० (४६.२८) | सामान्य |
| | जिराभवानी गा.पा. | २ | २७ (५६.२५) | १३ (६१.९०) | ३.५० (२९.१७) | १३.४३ (५३.७२) | सामान्य |
| | कालिकामाई गा.पा. | ३ | २५ (५२.०८) | १३.६७ (६५.१०) | ५.३३ (४४.४२) | १३.५८ (५४.३२) | सामान्य |
| | **पर्सा जिल्ला** | **५३** | **२६.२५ (५४.६९)** | **१३.७७ (६५.५७)** | **५.८५ (४८.७५)** | **१४.१६ (५६.६४)** | **सामान्य** |
| | मन्थली न.पा. | १९ | २४.५८ (५१.२१) | १४.२१ (६७.६७) | ५.७९ (४८.२५) | १३.७६ (५५.०४) | सामान्य |
| | रामेछाप न.पा. | १२ | २६.८३ (५५.९०) | १५.३३ (७३.०) | ६.५८ (५४.८३) | १५.०५ (६०.२०) | सामान्य |
| | उमाकुण्ड गा.पा. | ७ | १९.०० (३९.५८) | १२.१४ (५७.८१) | ७.२९ (६०.७५) | ११.८६ (४७.४४) | सामान्य |
| रामेछाप | खाँडादेवी गा.पा. | १२ | २२.०० (४५.८३) | १२.९२ (६१.५२) | ५.८३ (४८.५८) | १२.५८ (५०.३२) | सामान्य |
| | गोकूलगङ्गा गा.पा. | ७ | २१.१४ (४४.०४) | १३.१४ (६२.५७) | ६.५७ (५४.७५) | १२.६१ (५०.४४) | सामान्य |
| | दोरम्बा गा.पा. | ९ | २८.४४ (५९.२५) | १०.७८ (५१.३३) | ७.०० (५८.३३) | १४.२७ (५७.०८) | सामान्य |
| | लिखु गा.पा. | १२ | १९.९२ (४१.५०) | १३.०० (६१.९०) | ६.०० (५०.०) | १२.०१ (४८.०४) | सामान्य |
| | सुनापति | १२ | २८.४४ | १०.७८ | ७.०० | १४.२७ | सामान्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गा.पा. | | (५९.२५) | (५१.३३) | (५८.३३) | (५७.०८) | |
| | **रामेछाप जिल्ला** | **९०** | **२३.९६ (४९.५८)** | **१३.६१ (६४.८१)** | **६.४२ (५३.५०)** | **१३.५८ (५४.३२)** | **सामान्य** |
| ललितपुर | ललितपुर म.न.पा. | २५ | ३५.१६ (७३.२५) | १८.४४ (८७.८१) | ७.३६ (६१.३३) | १८.८१ (७५.२४) | मध्यम |
| | गोदावरी न.पा. | १६ | ३२.५ (६७.७१) | १७.५ (८३.३३) | ५.९४ (४९.४८) | १७.२६ (६९.०४) | सामान्य |
| | महालक्ष्मी न.पा. | ९ | २८.८ (६०.०) | १६.७ (७९.५३) | ७.३ (६०.८३) | १६.३ (६५.२०) | सामान्य |
| | बागमती गा.पा. | ९ | २८ (५८.३३) | १६.२२ (७७.२५) | ५.५६ (४६.३०) | १५.३६ (६१.४४) | सामान्य |
| | महाङ्काल गा.पा. | ६ | २६.१७ (५४.५१) | १४.६७ (६९.८४) | ५.३३ (४४.४४) | १४.२५ (५७.०) | सामान्य |
| | कोन्ज्योसोम गा.पा. | ६ | २६.५ (५५.२१) | १४.८३ (७०.६३) | ६.३३ (५२.७८) | १४.७१ (५८.८४) | सामान्य |
| | **ललितपुर जिल्ला** | **७२** | **३१.३२ (६५.२५)** | **१७.१० (८१.४३)** | **६.५६ (५४.६७)** | **१६.९७ (६७.८८)** | **सामान्य** |
| **कूल** | | **२१५** | **२६.९९ (५६.२३)** | **१४.८२ (७०.५७)** | **६.३३ (५२.७५)** | **१४.८६ (५९.४४)** | **सामान्य** |

***नोटः कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउँदछ।***

## विद्यालय कार्यसम्पादन परीक्षणको लगानी क्षेत्रको नतिजा

माथि चित्रमा देखाइएअनुसार यस अध्ययनमा समावेश गरिएका तीनवटा जिल्लाहरूमा सञ्चालित सबै सामुदायिक माध्यमिक विद्यालयहरूले कार्यसम्पादनको लगानी क्षेत्रमा हासिल गरेको औसत स्तर (समग्र मध्यमाङ्क) ५९.४४ प्रतिशत पाइएको छ । ललितपुर जिल्लाको समग्र मध्यमाङ्क यो औसत स्तरभन्दा करिव ८ प्रतिशतले बढी आएको छ भने पर्सा र रामेछाप जिल्लाको मध्यमाङ्क कम आएको छ। अतः लगानी क्षेत्रको कार्यसम्पादनमा पर्सा तथा रामेछाप जिल्लाको तुलनामा ललितपुर जिल्ला अग्रस्थानमा छ । तथापि ललितपुर जिल्लाको यो मध्यमाङ्क पनि सामान्य स्तरको मात्र हो ।

तालिकानं.५.१ मा प्रस्तुत मध्यमाङ्कलाई पालिकागत रूपमा अध्ययन गर्दा के देखाउँदछ भने पर्सा जिल्लाको १४ वटा पालिकाहरूमध्ये पोखरीया नगरपालिकाले लगानी क्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क (६८ प्रतिशत) हासिल गर्न सफल भएको छ भने धोबिनी गाउँपालिकाको मध्यमाङ्क सबभन्दा कम आएको छ । रामेछाप जिल्लाका ८ वटा पालिकाहरूमध्ये रामेछाप नगरपालिकाले लगानी क्षेत्रमा ६० प्रतिशत मध्यमाङ्क हासिल गरी अग्रस्थानमा परेको छ भने उमाकुण्ड गाउँपालिकाको मध्यमाङ्क सबभन्दा कम भएको हुँदा अन्तिममा परेको छ । ललितपुर जिल्लाको सन्दर्भमा लगानी क्षेत्रमा सबभन्दा बढी (७५.२४ प्रतिशत) मध्यमाङ्क ललितपुर महानगरपालिकाले हासिल गरेको

छ जुन मध्यम स्तरीय प्राप्ताङ्कको दूरी (Range) भित्र पर्छ । यस क्षेत्रमा सबभन्दा कम (४७ प्रतिशत) मध्यमाङ्क महाङ्काल गाउँपालिकाको आएको छ ।

माथि गरिएको विश्लेषणबाट स्पष्ट हुन्छ कि तीनवटै जिल्लामा सञ्चालित विद्यालयहरूको लगानी क्षेत्रसम्बन्धी कार्यसम्पादन सन्तोषजनक देखिँदैन । किनकि कार्यसम्पादनको यस क्षेत्रमा तीनवटै जिल्ला तथा ललितपुर महानगरपालिका बाहेक सबै पालिकाहरूको मध्यमाङ्क मध्यम स्तरीय अङ्कभन्दा कम पाइएको छ ।

## विद्यालय कार्यसम्पादन परीक्षणको लगानी क्षेत्रअन्तर्गत उपक्षेरूहरूको नतिजा

तीन वटा जिल्लामा सञ्चालित विद्यालयहरूले लगानी क्षेत्रको हरेक उपक्षेत्रमा प्राप्त गरेका औसत स्तरबीच धेरै भिन्नता पाइएको छ । समुदायको सहभागिता र लगानी उपक्षेत्रको औसत स्तर सबभन्दा कम (५२.७५ प्रतिशत) पाइएको छ भने शिक्षक उपक्षेत्रको औसत स्तर ७० प्रतिशतभन्दा बढी पाइएको छ । अर्थात् एउटै क्षेत्रअन्तर्गतका यी दुई उपक्षेत्रहरूको औसत स्तरबीचको भिन्नता करिव १८ प्रतिशत पाइएको छ । यसबाट प्रष्ट हुन्छ कि विद्यालयका भौतिक संरचना विकासमा समुदायबाट हुने सहभागिताको दृष्टिकोणले अधिकांश विद्यालयहरू कमजोर छन् । त्यस्तै विद्यालयको भौतिक संरचना उपक्षेत्रमा पाएको औसत स्तरले अधिकांश विद्यालयहरूको भौतिक सुविधा सामान्य खालको मात्र हुन् भन्ने तथ्य पुष्टि हुन्छ । लगानी क्षेत्रका यी तीनवटा उपक्षेत्रहरूमध्ये तुलनात्मक रूपमा शिक्षक उपक्षेत्रमा अलि बढी मध्यमाङ्क देखिएको छ ।

जिल्लागत रूपमा हरेक उपक्षेत्रमा हासिल गरेका मध्यमाङ्कलाई केलाउँदा भौतिक संरचना र शिक्षक उपक्षेत्रहरूको तुलनामा समुदायको सहभागिता र लगानी उपक्षेत्रमा सवभन्दा कम मध्यमाङ्क पर्सा र ललितपुर जिल्लाले प्राप्त गरेका छन् भने रामेछाप जिल्लाको सबभन्दा कम मध्यमाङ्क विद्यालयको भौतिक संरचना उपक्षेत्रमा आएको छ । यी तीनवटै जिल्लाहरूले तीनवटा उपक्षेत्रहरूमध्ये शिक्षक उपक्षेत्रमा बढी प्राप्ताङ्क हासिल गरेका छन् । यस सन्दर्भमा एउटा उल्लेखनीय कुरा के छ भने ललितपुर जिल्लाको शिक्षक उपक्षेत्रको मध्यमाङ्क अन्य उपक्षेत्रहरूको मध्यमाङ्क भन्दा धेरै उच्च पाइएको छ । हरेक जिल्लाले हरेक उपक्षेत्रमा पाएको मध्यमाङ्कमध्ये ललितपुर जिल्लाले यही उपक्षेत्रमा हासिल गरेको मध्यमाङ्क मात्र मध्यम स्तरको पाइएको छ ।

हरेक पालिकाले लगानी क्षेत्रका तीनवटा उपक्षेत्रहरूमा प्राप्त गरेको मध्यमाङ्कबीच तुलना गर्दा पर्सा जिल्लाको १४ वटा पालिकाहरूमध्ये ११ वटा र ललितपुर जिल्लाको ६ वटा पालिकाहरूमध्ये ५ वटा पालिकाहरूको समुदायको सहभागिता र लगानी उपक्षेत्रको मध्यमाङ्क भौतिक संरचना, र शिक्षक उपक्षेत्रहरूको मध्यमाङ्कको तुलनामा कम पाइएको छ । यी दुवै जिल्लाका अधिकांश पालिकाहरू (२० मा १६ वटा पालिका)ले तुलनात्मक रूपमा सबभन्दा बढी मध्यमाङ्क शिक्षक उपक्षेत्रमा हासिल गरेका छन् । यस बाहेक उल्लेखनीय कुरा के छ भने ललितपुर जिल्लाको सबै पालिकाहरू लगायत पर्सा जिल्लाको तीनवटा पालिकाहरूको शिक्षक उपक्षेत्रमा मध्यमस्तरको मध्यमाङ्क (७० प्रतिशत भन्दा माथि) पाइएको छ । तर यी उपक्षेत्रहरूको मध्यमाङ्कको स्थिति माथि उल्लेखित दुईवटा जिल्लाहरूको तुलनामा रामेछाप जिल्लामा अलि फरक देखिएको छ । किनकि यस जिल्लाका ८ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क भौतिक संरचना उपक्षेत्रमा देखिएको छ । पाँच वटा पालिकाहरूले शिक्षक उपक्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन्।

अधिकांश पालिकाहरूको मध्यमाङ्क समुदायको सहभागिता र लगानी उपक्षेत्रमा सबभन्दा कम आएको भए तापनि पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिका र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाले यस उपक्षेत्रमा अन्य दुईवटा उपक्षेत्रहरूको तुलनामा बढी मध्यमाङ्क हासिल गर्न सफल भएका छन् ।

त्यस्तै समुदायको सहभागिता र लगानी उपक्षेत्रमा अधिकांश पालिकाहरूले हासिल गरेको मध्यमाङ्कले के जनाउँदछ भने विद्यालयहरूको भौतिक विकास एवम् विस्तारमा समुदायको सहभागिता नगण्य मात्रामा पाइएको छ । त्यस्तै ललितपुर जिल्लाका केही पालिकाहरू र रामेछाप जिल्लाका धेरैजसो पालिकाहरू भौतिक संरचना उपक्षेत्रमा पछाडि परेका छन् । यसबाट यी पालिकाहरूमा सञ्चालित विद्यालयहरूमा आवश्यक मात्रामा विद्यालयका लागि क्षेत्रफल नपुग भएको, कक्षा कोठाहरू पर्याप्त नभएको, प्रयोगशालाहरूको अभाव रहेको, विद्यालय क्षेत्र सुरक्षित गर्न घेरावार नभएको, खेलकुद् क्षेत्र तथा सामाग्रीहरू पर्याप्त मात्रामा नभएको, शिक्षण-सिकाइमा कम्प्यूटर तथा अन्य नयाँ प्रविधिका सामग्रीहरूको प्रयोग नभएको कुरा पुष्टि हुन्छ । तर शिक्षक उपक्षेत्रमा तुलनात्मक रूपमा बढी मध्यमाङ्क आएको तथ्यबाट स्पष्ट हुन्छ कि अधिकांश विद्यालयहरूमा न्यूनतम योग्यता भएका र तालिम प्राप्त शिक्षक सङ्ख्या पुगेको छ र ती शिक्षकहरूको विद्यालयमा उपस्थिति नियमित छ।

## ५.२. विद्यालय कार्यसम्पादनका प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति

विद्यार्थीहरूको उपलब्धिस्तरमा प्रभाव पार्ने विभिन्न तत्वहरूमध्ये शैक्षिक प्रक्रिया एउटा निर्धारक तत्व हो । शैक्षिक प्रक्रियाभित्र शिक्षण-सिकाइ क्रियाकलाप, विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन प्रक्रिया, र सह/अतिरिक्त क्रियाकलापहरू आउँदछन् । त्यस्तै शिक्षण-सिकाइमा शिक्षकहरूको पेसागत तालिमले प्रत्यक्ष रूपमा असर पार्ने हुँदा शिक्षकहरूको पेसागत विकास समेत शैक्षिक प्रक्रियाअन्तर्गत आउँदछ । शैक्षिक प्रक्रिया प्रभावकारी भए मात्र विद्यार्थीहरूको उपलब्धि स्तर उच्च भई विद्यालयको समग्र उपलब्धि स्तर उच्च हुन्छ । विद्यालयको समग्र उपलब्धि स्तर उच्च भए मात्र विद्यालयको समग्र कार्यसम्पादनमा सुधार आउँदछ। यसर्थ विद्यालय कार्यसम्पादनको विभिन्न क्षेत्रहरूमध्ये एउटा महत्वपूर्ण क्षेत्र “प्रक्रिया” हो । प्रक्रिया क्षेत्रअन्तर्गत पाँचवटा उपक्षेत्रहरू आउँछन् , जस्तैः (क) कक्षा शिक्षण (ख) विद्यार्थी मूल्याङ्कन (ग) शिक्षकको पेसागत विकास (घ) नेतृत्व र व्यवस्थापन (ङ) सह/अतिरिक्त क्रियाकलाप । विद्यालयको समग्र कार्यसम्पादनको स्तर निर्धारण गर्न प्रक्रिया क्षेत्र र यस अन्तर्गतका सबै उपक्षेत्रहरूको परीक्षण गरी ती क्षेत्र तथा उपक्षेत्रहरूको स्तर सङ्ख्यात्मक रूपमा निर्धारण गर्नु अनिवार्य छ । यसर्थ यस अध्ययनका विभिन्न उद्देश्यहरूमध्ये एउटा महत्वपूर्ण उद्देश्य विद्यालय कार्यसम्पादनको प्रक्रिया क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रहरूको स्तर निर्धाण गर्नु थियो ।

माथि उल्लेखित उद्देश्यसँग सम्बन्धित सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गर्न विद्यालय कार्यसम्पादन परीक्षण फाराममा प्रक्रिया क्षेत्र मापन गर्ने४६ वटा सूचकहरू समावेश गरिएको थियो । यी सूचकहरूमध्ये १० वटा सूचकहरू कक्षा शिक्षण उपक्षेत्र, ६ वटा सूचकहरू विद्यार्थी मूल्याङ्कन उपक्षेत्र, ७ वटा सूचकहरू शिक्षकको पेसागत विकास उपक्षेत्र, १७ वटा सूचकहरू नेतृत्व र व्यवस्थापन उपक्षेत्र, र ६ वटा सूचकहरू सह/अतिरिक्त क्रियाकलाप उपक्षेत्रसँग सम्बन्धित छन् । यी उपक्षेत्रहरूका लागि क्रमशः ३०, १८, २१, ५१ र १८ पूर्णाङ्कहरू छुट्याइएको छ । अतः प्रक्रिया क्षेत्रको लागि समग्र रूपमा १३८ पूर्णाङ्क दिइएको छ । विद्यालयको कार्यसम्पादन परीक्षण गरी मूल्याङ्कन गर्ने दृष्टिकोणले कार्यसम्पादनको यस प्रक्रिया क्षेत्रलाई ३० अङ्कभार दिइएको छ ।

विद्यालयहरूले कार्यसम्पादनको प्रक्रिया क्षेत्र अन्तर्गतको उपक्षेत्रहरूमा प्राप्त गरेको प्राप्ताङ्कहरूलाई विश्लेषण तथा विवेचना गर्न ती विद्यालयहरूले हरेक उपक्षेत्रमा प्राप्त गरेको प्राप्ताङ्कहरू अलग अलग जोडी हरेक उपक्षेत्रको पालिकागत तथा जिल्लागत मध्यमाङ्क निकालिएको थियो । ती मध्यमाङ्कलाई प्रतिशतमा परिणत गरिएको थियो । त्यस्तै हरेक विद्यालयले प्रक्रिया क्षेत्रमा हासिल गरेको कूल प्राप्ताङ्कहरूलाई भारित अङ्क (३०) मा रूपान्तर गरी हरेक पालिका तथा जिल्लाको समग्र प्रक्रिया क्षेत्रको मध्यमाङ्क निकालिएको थियो । यी मध्यमाङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गर्न प्रतिशतमा परिणत गरिएको थियो । हरेक जिल्ला तथा पालिकाले प्रक्रिया क्षेत्र र उपक्षेत्रहरूमा हासिल गरेको मध्यमाङ्क तल दिइएको चित्र तथा तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र ५.२: कार्यसम्पादन परीक्षणमा विभिन्न जिल्लाका विद्यालयहरूको प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूको जिल्लागत औसत स्तर**



**तालिका ५.२: कार्यसम्पादन परीक्षणका प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको पालिकागत तथा जिल्लागत मध्यमाङ्क**

| जिल्ला | पालिका | विद्यालय संख्या | मध्यमाङ्क | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कक्षा शिक्षण पूर्णाङ्कः ३० | विद्यार्थी मूल्याङ्कन पूर्णाङ्क १८ | शिक्षकको पेशागत विकासपूर्णाङ्क २१ | नेतृत्व र व्यवस्थापन पूर्णाङ्क ५१ | अतिरिक्त क्रियाकलाप पूर्णाङ्क १८ | ३० भारमा प्राप्ताङ्क | पालिकामा विद्यालय हरूको स्तर |
| पर्सा | वीरगञ्ज म.न.पा. | १८ | १२.०० (४०.००) | ८.०० (४४.४४) | ७.१७ (३४.१४) | २१.८३ (४२.८०) | ८.६७ (४८.१७) | १२.५४ (४१.८०) | सामान्य |
| | पोखरीया न.पा. | १ | १९.०० (६३.३३) | ११.०० (६१.११) | १०.०० (४७.६२) | २९.०० (५६.८६) | ११.०० (६१.११) | १७.३९ (५७.९७) | सामान्य |
| | ठोरी (सुबर्नपूर) गा.पा. | ४ | १६.८० (५६.००) | १४.२० (७८.८९) | ९.६० (४५.७१) | ३७.२० (७२.९४) | १०.०० (५५.५६) | १९.०९ (६३.६३) | सामान्य |
| | जगरनाथपुर गा.पा. | २ | ११.०० (३६.६७) | ६.५० (३६.११) | २.०० (९.५२) | २०.५० (४०.२०) | ५.५ (३०.५६) | ९.८९ (३२.९७) | कमजोर |
| | धोबिनी गा.पा. | ३ | १७.०० (५६.६७) | १२.५० (६९.४४) | ४.५० (२१.४३) | १३.५० (२६.४७) | ४.५० (२५.००) | ११.३० (३७.६७) | कमजोर |
| | छिपहरमाई गा.पा. | २ | १९.०० (६३.३३) | १४.५० (८०.५६) | ७.५० (३५.७१) | ३२.५० (६३.७३) | ९.५० (५२.७८) | १८.०४ (६०.१३) | सामान्य |
| | पकाहा मैनपुर गा.पा. | १ | १५.०० (५०.००) | १५.०० (८३.३३) | ६.०० (२८.५७) | १४.०० (२७.४५) | ९.०० (५०.००) | १२.८३ (४२.७७) | सामान्य |
| | बिन्दबासिनी गा.पा. | २ | १६.५० (५५.००) | १०.५० (५८.३३) | ६.५० (३०.९५) | १३.५ (२६.४७) | ८.०० (४४.४४) | ११.९६ (३९.८७) | कमजोर |
| | बहुदरमाई न.पा. | ५ | १५.०० (५०.००) | १०.६० (५८.८९) | ९.०० (४२.८६) | २३.८० (४६.६७) | ७.४० (४१.११) | १४.३० (४७.६७) | सामान्य |
| | पर्सागढी न.पा. | ३ | १७.६७ (५८.९०) | १२.६७ (७०.३९) | १२.३३ (५८.७१) | २७.०० (५२.९४) | ११.३३ (६२.९४) | १७.६१ (५८.७०) | सामान्य |
| | सखुवाप्रसौनी गा.पा. | ४ | १४.२५ (४७.५० | ११.५० (६३.८९) | ९.७५ (४६.४३) | २५.०० (४९.०२) | ९.०० (५०.००) | १५.११ (५०.३७) | सामान्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पटेर्वा सुगौली गा.पा. | ३ | १०.५० (३५.००) | ७.७५ (४३.०६) | ६.५ (३०.९५) | १७.२५ (३३.८२) | ६.७५ (३७.७५) | १०.६० (३५.३३) | कमजोर |
| | जिराभवानी गा.पा. | २ | ९.५० (३१.६७) | १०.५० (५८.३३) | ७.०० (३३.३३) | २९.५० (५७.८४) | ६.०० (३३.३३) | १३.५९ (४५.३०) | सामान्य |
| | कालिकामाई गा.पा. | ३ | १३.३३ (४४.४३) | १०.६७ (५९.२८) | ९.६७ (४६.०५) | २१.६७ (४२.४९) | ७.६७ (४२.६१) | १३.७० (४५.६७) | सामान्य |
| | **पर्सा जिल्ला** | **५३** | **१४.०९ (४६.९७)** | **१०.३८ (५७.६७)** | **८.०० (३८.१०)** | **२४.०६ (४७.१८)** | **८.४९ (४७.१७)** | **१४.१३ (४७.१०)** | **सामान्य** |
| रामेछाप | मन्थली न.पा. | १९ | १६.२१ (५४.०३) | ११.९५ (६६.३९) | ९.४२ (४४.८६) | ३४.५८ (६७.८०) | १०.८९ (६०.५०) | १८.०५ (६०.१७) | सामान्य |
| | रामेछाप न.पा. | १२ | १९.३३ (६४.४३) | १४.२५ (७९.१७) | ११.५० (५४.७६) | ४०.५८ (७९.५७) | १२.४२ (६९.००) | २१.३२ (७१.०७) | उत्तम |
| | उमाकुण्ड गा.पा. | ७ | ९.५७ (३१.९०) | ९.८६ (५४.७८) | ५.०० (२३.८१) | २७.८६ (५४.६३) | ७.७१ (४२.८३) | १३.०४ (४३.४७) | सामान्य |
| | खाँडादेवी गा.पा. | १२ | १४.०० (४६.६७) | ११.१७ (६२.०६) | ७.५८ (३६.१०) | ३४.०८ (६६.८२) | ११.२५ (६२.५०) | १६.९७ (५६.५७) | सामान्य |
| | गोकूल गङ्गा गा.पा. | ७ | १०.७१ (३५.७०) | ९.२९ (५१.६१) | ८.२९ (३९.४८) | ३२.१४ (६३.०२) | ११.७१ (६५.०६) | १५.६८ (५२.२७) | सामान्य |
| | दोरम्बा गा.पा. | ९ | १६.२२ (५४.०७) | ११.८९ (६६.०६) | ७.०० (३३.३३) | ३६.०० (७०.५९) | १२.०० (६६.६७) | १८.०७ (६०.२३) | सामान्य |
| | लिखु गा.पा. | १२ | १६.१७ (५३.९०) | १३.२५ (७३.६१) | ७.७५ (३६.९०) | ३३.५० (६५.६९) | ११.२५ (६२.५०) | १७.८१ (५९.३७) | सामान्य |
| | सुनापति गा.पा. | १२ | १८.१७ (६०.५७) | १४.५० (८०.५६) | ११.६७ (५५.५७) | ३८.९२ (७६.३१) | ११.८३ (६५.७२) | २०.६७ (६८.९०) | सामान्य |
| | **रामेछाप जिल्ला** | **९०** | **१५.६४ (५२.१३)** | **१२.२९ (६८.२८)** | **८.८६ (४२.१९)** | **३५.१८ (६८.९८)** | **११.२४ (६२.४४)** | **१८.०९ (६०.३०)** | **सामान्य** |
| ललितपुर | ललितपुर महा न.पा. | २५ | २२.७६ (७५.८७) | १३.९६ (७७.५६) | १५.०४ (७१.६२) | ३८.४८ (७५.४५) | १५.४ (८५.५६) | २२.९७ (७६.५७) | मध्यम |
| | गोदावरी न.पा. | १६ | १९.७५ (६५.८३) | १३.८१ (७६.७४) | ११.४४ (५४.४६) | ३७.६३ (७३.७८) | १४.५६ (८०.९०) | २१.१३ (७०.४३) | मध्यम |
| | महालक्ष्मी न.पा. | ९ | २१.९० (७३.००) | १४.१० (७८.३३) | १२.६० (६०.००) | ३९.३० (७७.०६) | १४.८० (८२.२२) | २२.३३ (७४.४३) | मध्यम |
| | बागमती गा.पा. | ९ | १९.० (६३.३३) | १२.५६ (६९.७५) | ११.११ (५२.९१) | ३९.११ (७६.६८) | १३.७८ (७६.५४) | २०.७७ (६९.२३३) | सामान्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महाङ्काल गा.पा. | ६ | १७.३३ (५७.७८) | १२.३३ (६८.५२) | १०.५ (५०.०) | ४०.६७ (७९.७४) | १३.५० (७५.०) | २०.५१ (६८.३७) | सामान्य |
| कोन्ज्योसोम गा.पा. | ६ | १९.८३ (६६.११) | १३.५ (७५.०) | १२.० (५७.१४) | ३७.० (७२.५५) | १४.० (७७.७८) | २०.९४ (६९.८०) | सामान्य |
| **ललितपुर जिल्ला** | **७२** | **२०.८१ (६९.३७)** | **१३.६० (७५.५६)** | **१२.७८ (६०.८६)** | **३८.५४ (७५.५७)** | **१४.६५ (८१.३९)** | **२१.८२ (७२.७३)** | **मध्यम** |
| **कूल** | **२१५** | **१६.९९ (५६.६४)** | **१२.२६ (६८.११)** | **(९.९६) (४७.४३)** | **(३३.५६) (६५.८०)** | **(११.७१) (६५.०६)** | **१८.३६ (६१.२०)** | **सामान्य** |

***नोटः कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउँदछ ।***

## विद्यालय कार्यसम्पादन परीक्षणको प्रक्रिया क्षेत्रको नतिजा

चित्र नं. ५.२ मा देखाइएअनुसार तिन वटा जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको प्रक्रिया क्षेत्रको समग्र औसत स्तर६१.२० प्रतिशत पाइएको छ । यो समग्र औसतस्तरको तुलनामा ललितपुर जिल्लाको औसत स्तर करिव १२ प्रतिशतले बढी आएको छ । तर यसको ठीक उल्टो पर्सा जिल्लाको औसत स्तर करिव १३ प्रतिशतले कम आएको छ । रामेछाप जिल्लाको औसत स्तरतीनवटा जिल्लाको समग्र औसत स्तर करिव बराबर देखिन्छ ।

जिल्लागत रूपमा तीनवटा जिल्लाहरूले हासिल गरेका छुट्टाछुट्टै मध्यमाङ्कबीच तुलना गर्दा प्रक्रिया क्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क (७२.७३ प्रतिशत) ललितपुर जिल्लाले प्राप्त गरेको छ भने सबभन्दा कम (४७.१० प्रतिशत) पर्सा जिल्लाको पाइएको छ । अर्थात यी दुईवटा जिल्लाको मध्यमाङ्कबीचको भिन्नता २५ प्रतिशत भन्दा बढी पाइएको छ ।

तालिका नं. ५.२ मा देखाइएअनुसार हरेक जिल्लाका विभिन्न पालिकाहरूले कार्यसम्पादनको प्रक्रिया क्षेत्रमा हासिल गरेका मध्यमाङ्कबीच तुलना गर्दा पर्सा जिल्लाका १४ वटा पालिकाहरूमध्ये ठोरी गाउँपालिकामा सञ्चालित विद्यालयहरूको मध्यमाङ्क ६३.६३ प्रतिशत आएको छ जुन अन्य पालिकाहरूको तुलनामा सबभन्दा उच्च प्राप्ताङ्क हो । यस क्षेत्रमा सबभन्दा कम मध्यमाङ्क ३२.९७ प्रतिशत आएको छ जुन जगरनाथपुर गाउँपालिकाले हासिल गरेको छ । यस जिल्लाको १४ वटा पालिकाहरूमध्ये १० वटा पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरका हुन् भने बाँकी ४ वटा पालिकाहरूको मध्यमाङ्क कमजोर स्तरका हुन् । अर्थात यी ४ वटा पालिकाहरूको मध्यमाङ्क ४० प्रतिशत भन्दा कम आएको छ । त्यस्तै कार्यसम्पादनको यस क्षेत्रमा सामान्य स्तरका अङ्क प्राप्त गर्ने पालिकाहरूमध्ये पनि ५ वटा पालिकाहरू ५० प्रतिशत मध्यमाङ्क हासिल गर्न पनि असफल भएकाछन् ।

रामेछाप जिल्लाका ८ वटै पालिकाहरूमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूले कार्यसम्पादनको प्रक्रिया क्षेत्रमा हासिल गरेका मध्यमाङ्कलाई केलाएर हेर्दा यी मध्यमाङ्क पर्सा जिल्लाका पालिकाहरूको तुलनामा केही मात्रामा बढी देखिन्छन् । रामेछाप जिल्लाको ८ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरूको मध्यमाङ्क ६० प्रतिशत भन्दा बढी आएको छ । यी ४ वटा पालिकाहरूमध्ये पनि रामेछाप नगरपालिकाले करिव ७१ प्रतिशत मध्यमाङ्क हासिल गरी अग्रस्थान ओगट्न सफल भएको छ । बाँकी ४ वटा पालिकाहरूमध्ये एउटा पालिकालाई छोडेर ३ वटा पालिकाहरूको मध्यमाङ्क ५२ देखि ५९ प्रतिशतसम्म फैलिएको छ । रामेछाप नगरपालिका बाहेक सबै पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यस परिप्रेक्ष्यमा यस जिल्लाका पालिकाहरूको प्रक्रिया क्षेत्रको कार्यसम्पादन स्तर उत्साहजनक देखिँदैन ।

ललितपुर जिल्लामा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूले प्रक्रिया क्षेत्रमा हासिल गरेका प्राप्ताङ्कहरूको पालिकागत मध्यमाङ्क माथि उल्लेखित दुईवटा जिल्लाको तुलनामा केही मात्रामा सन्तोषजनक देखिन्छ । किनकि यस जिल्लाका ६ वटा पालिकाहरूमध्ये ३ वटा पालिकाहरू कार्यसम्पादनको प्रक्रिया क्षेत्रमा मध्यम स्तरको अङ्क अर्थात् ७० प्रतिशत भन्दा बढी मध्यमाङ्क हासिल गर्न सफल भएका छन् । यी ३ वटा पालिकाहरूमध्ये पनि ललितपुर महानगरपालिकाले सबभन्दा बढी मध्यमाङ्क हासिल गरी प्रथम स्थान ओगट्न सफल भएको छ । बाँकी ३ वटा पालिकाको मध्यमाङ्क पनि ७० प्रतिशत नजिकै पुगेको छ । सबभन्दा कम अङ्क प्राप्त गर्ने महाङ्काल गाउँपालिकाको मध्यमाङ्क ६८ प्रतिशत पुगेको छ ।

माथि उल्लेख भएअनुसार प्रक्रिया क्षेत्रमा तीनवटा जिल्लाहरूको समग्र औसत स्तर, पर्सा तथा रामेछाप जिल्लाको औसत स्तर, र २८ वटा पालिकाहरूमध्ये २४ वटा पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको तथ्यबाट स्पष्ट हुन्छ कि यस क्षेत्रमा विद्यालयहरूको कार्यसम्पादन स्तर सन्तोषजनक छैन । प्रक्रिया क्षेत्रको कार्यसम्पादनको स्तरले विद्यालयको उपलब्धि क्षेत्रको कार्यसम्पादनमा प्रत्यक्ष रूपमा असर पार्ने हुँदा यस क्षेत्रको कार्यसम्पादनमा सुधार नल्याउन्जेल विद्यालयको उपलब्धि क्षेत्रमा सुधार नहुने कुरा निश्चित छ ।

### विद्यालय कार्यसम्पादन परीक्षणको प्रक्रिया क्षेत्रअन्तर्गत उपक्षेत्रहरूको नतिजा

तीनवटा जिल्लाका सबै विद्यालयहरूको समग्र औसत स्तर सबभन्दा बढी (६८.८० प्रतिशत) विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा पाइएको छ भने सबभन्दा कम (४७.४३ प्रतिशत) शिक्षकको पेसागत विकास उपक्षेत्रमा आएको छ । यी दुईवटा उपक्षेत्रहरूको समग्र औसत स्तरबीचको भिन्नताको दूरी बढी देखिन्छ । बाँकी उपक्षेत्रहरूको समग्र औसत स्तर करिव ५७ प्रतिशतदेखि ६६ प्रतिशतको दुरीभित्र छरिएका छन्।

पर्सा जिल्लामा सञ्चालित विद्यालयहरूले विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा बाहेक सबै उपक्षेत्रहरूमा ४७.१८ प्रतिशत भन्दा बढी मध्यमाङ्क हासिल गर्न सकेको छैन । शिक्षकको पेसागत विकास उपक्षेत्रको मध्यमाङ्क ३८ प्रतिशत नै पुग्न सकेन ।

रामेछाप जिल्लाका विद्यालयहरूको प्रक्रिया क्षेत्रअन्तर्गत पाँचवटा उपक्षेत्रहरूमध्ये कक्षा शिक्षण उपक्षेत्रबाहेक सबै उपक्षेत्रहरूको मध्यमाङ्क ६० प्रतिशत नाघेका छन् । तथापि यी सबै मध्यमाङ्क सामान्य स्तरका मात्र हुन् ।सबभन्दा कम मध्यमाङ्ककक्षा शिक्षण उपक्षेत्रमा पाइएको छ ।

प्रक्रिया क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूमा ललितपुर जिल्लाका विद्यालयहरूले हासिल गरेका मध्यमाङ्क माथि उल्लेखित दुईवटा जिल्लाको तुलनामा अलि फरक पाइएको छ । किनकि ललितपुर जिल्लाको सबै उपक्षेत्रहरूको मध्यमाङ्क पर्सा र रामेछाप जिल्लाको तुलनामा बढी पाइएका छन् । यस सन्दर्भमा एउटा उल्लेखनीय कुरा के छ भने तीनवटा उपक्षेत्रहरू जस्तै विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, र अतिरिक्त क्रियाकलाप उपक्षेत्रहरूको मध्यमाङ्क ७० प्रतिशत भन्दा माथि छ । अतः यी तीनवटा उपक्षेत्रहरूको मध्यमाङ्क मध्यम स्तरीय पाइएको छ । त्यस्तै कक्षा शिक्षणको मध्यमाङ्क पनि मध्यम स्तरीय अङ्कको नजिक पुगेको देखिन्छ । तर शिक्षकको पेसागत विकास उपक्षेत्रको मध्यमाङ्क ६० प्रतिशतभन्दा अलिकति मात्र बढी पाइएको छ ।

माथि तालिकामा दिइएका मध्यमाङ्कलाई पालिकागत रूपमा केलाएर हेर्दा पर्सा जिल्लाका ठोरी नगरपालिकाको नेतृत्व तथा व्यवस्थापन उपक्षेत्र र विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा; र पर्सागढी नगरपालिका, छिपरमाई गाउँपालिका

र पकाहा मैनापुर गाउँपालिकाको विद्यार्थी मूल्याङ्कनउपक्षेत्रमा बाहेक सबै पालिकाहरूको सबै उपक्षेत्रहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएका छन् । धेरैजसो पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क शिक्षकको पेसागत विकास उपक्षेत्रमा पाइएको छ । यी पालिकाहरूमध्ये पनि अधिकांश पालिकाहरूको यस क्षेत्रको मध्यमाङ्क कमजोरस्तरका अर्थात् ४० प्रतिशतभन्दा कम पाइएका छन् । एउटा सोचनीय कुरा के छ भने जगरनाथपुर गाउँपालिकामा सञ्चालित विद्यालयहरूको यस उपक्षेत्रको मध्यमाङ्क १० प्रतिशत मात्र आएको छ । यसबाट प्रमाणित हुन्छ कि ती विद्यालयहरूमा शिक्षकको पेसागत विकाससम्बन्धी कार्यक्रमहरू नगन्य मात्रामा मात्र सञ्चालन भएका छन् । अन्य पालिकाहरूको सन्दर्भमा पनि यस्ता कार्यक्रमहरू न्यून मात्रामा मात्र सञ्चालन भएको पुष्टि हुन्छ । यस जिल्लाका केही पालिकाहरू जस्तैः पकाहा मैनापुर गाउँपालिका, विन्दवासिनी गाउँपालिका र कालिकामाई गाउँपालिकाको सबभन्दा कम मध्यमाङ्क नेतृत्व र व्यवस्थापन उपक्षेत्रमा पाइएका छन् ।

पर्सा जिल्लाको धेरैजसो पालिकाहरूले विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् । यसमा उल्लेखनीय कुरा के छ भनेकेही पालिकाहरूको मध्यमाङ्क मध्यम स्तरका पाइएका छन् । केही पालिकाहरूको सबभन्दा बढी मध्यमाङ्क अतिरिक्त क्रियाकलाप उपक्षेत्रमा र केही पालिकाहरूको नेतृत्व र व्यवस्थापन उपक्षेत्रमा पाइएका छन् ।

रामेछाप जिल्लाका पालिकाहरूले विभिन्न उपक्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्कको स्थिति पनि पर्सा जिल्लाका पालिकाहरूको तुलनामा त्यति भिन्नता छैन । किनकि यस जिल्लाका अधिकांश पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क शिक्षकको पेसागत उपक्षेत्रमा आएका छन्। अधिकांश पालिकाहरूको सबभन्दा बढी मध्यमाङ्क नेतृत्व र व्यवस्थापन उपक्षेत्रमा पाइएका छन् । यसमध्ये केही पालिकाहरूको मध्यमाङ्क मध्यम स्तरको पाइएका छन् ।

माथि उल्लेखित दुईवटा जिल्लाका पालिकाहरूको तुलनामा ललितपुर जिल्लाका पालिकाहरूले विभिन्न उपक्षेत्रहरूमा पाएका मध्यमाङ्कको स्थिति फरक देखिन्छ । किनकि यस जिल्लाका अधिकांश पालिकाहरूको सबभन्दा बढी मध्यमाङ्क अतिरिक्त क्रियाकलाप उपक्षेत्र आएको छ र यी सबै मध्यमाङ्क मध्यमस्तरको पाइएको छ । सबै पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क शिक्षकको पेसागत विकास उपक्षेत्रमा देखिएको छ ।

तीनवटा जिल्लाका २८ वटै पालिकाहरूले प्रक्रिया क्षेत्रअन्तर्गत पाँचवटा उपक्षेत्रहरूमा प्राप्त गरेका मध्यमाङ्कलाई समग्रतामा हेर्दा २३ वटा पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क शिक्षकको पेसागत विकासमा आएको देखिन्छ । बाँकी ५ वटा पालिकाहरूमध्ये ३वटा पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क नेतृत्व र व्यवस्थापन उपक्षेत्रमा देखिएको छ । कक्षा शिक्षण उपक्षेत्रमा सबभन्दा कम मध्यमाङ्क हासिल गर्ने २ वटा पालिकाहरू पाइएका छन् । २८ वटा पालिकाहरूको यी न्यून मध्यमाङ्कमध्ये १३ पालिकाहरूको मध्यमाङ्क कमजोर स्तरको अङ्कको दूरी भित्र पर्दछ भने बाँकी पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरका छन् । ललितपुर जिल्लाको ६ वटा पालिकाहरूमध्ये केही पालिकाहरूले केही उपक्षेत्रहरूमा पाएका मध्यमाङ्क सामान्यस्तरको मात्र भए तापनि पर्सा र रामेछाप जिल्लाका पालिकाहरूले हासिल गरेका मध्यमाङ्कभन्दा उच्च देखिन्छ ।

अट्ठाइस वटा पालिकाहरूमध्ये आधा सङ्ख्या पालिकाहरूले विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् । बाँकी पालिकाहरूमध्ये केही पालिकाले नेतृत्व र व्यवस्थापन उपक्षेत्रमा हासिल गरेका छन् भने केही पालिकाहरूको सबभन्दा बढी मध्यमाङ्क अन्य उपक्षेत्रहरूको तुलनामा अतिरिक्त क्रियाकलाप उपक्षेत्रमा आएका छन् । यी उच्चतम प्राप्ताङ्कहरूलाई केलाउँदा एउटा उल्लेखनीय कुरा के छ भने आधा सङ्ख्या पालिकाहरूका यी

उच्चतम प्राप्ताङ्क मध्यम स्तरको (७० प्रतिशत भन्दा माथि) पाइएको छ । विशेष गरी ललितपुर जिल्लाका पालिकाहरूले अतिक्ति क्रियाकलाप उपक्षेत्रमा प्राप्त गरेका मध्यमाङ्क प्रतिशत अन्य उपक्षेत्रहरुमा हासिल गरेका मध्यमाङ्क प्रतिशत भन्दा बढी छ। तर यसको ठीक उल्टो कुनै कुनै पालिकाहरूले पाँचवटा उपक्षेत्रहरूमध्ये उच्चतम प्राप्ताङ्क हासिल गरेको उपक्षेत्रहरूको प्राप्ताङ्क ५० प्रतिशत भन्दा कम छ।

प्रक्रिया क्षेत्रअन्तर्गत शिक्षकको पेसागत विकास उपक्षेत्रमा अन्य उपक्षेत्रहरूको तुलनामा धेरै कम मध्यमाङ्क पाइएको तथ्यहरूले के इङ्गित गर्छ भने अधिकांश विद्यालयहरूमा शिक्षकको कक्षा शिक्षण प्रभावकारी बनाउने निर्धारक तत्व जस्तै शिक्षकको पेसागत विकाससम्बन्धी विभिन्न कार्यहरूमा विद्यालयहरूले ध्यान नदिएको देखिन्छ। त्यस्तै एउटा पालिकाबाहेक सबै पालिकाहरूको कक्षा शिक्षण उपक्षेत्रमा सामान्य स्तरको मध्यमाङ्क मात्र आएको तथ्यले के स्पष्ट गर्छ भने कक्षा शिक्षण प्रभावकारी बनाउन शिक्षक आफैले सुधार गर्नुपर्ने र गर्नसक्ने कुराहरूमा समेत शिक्षकहरूले चासो नदेखाएको कुरा प्रष्ट हुन्छ। साथै कक्षा शिक्षण सुधार गर्नका लागि शिक्षकहरूले गर्नुपर्ने कार्यहरू गरेका छन् वा छैनन् भने कुरा कहिँकतैबाट अनुगमन नभएको तथ्य प्रमाणित हुन्छ।

## ५.३. विद्यालय कार्यसम्पादनका उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति

विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने आधारहरूमध्ये एउटा प्रमुख आधार विद्यालयको उपलब्धि स्तर हो । विद्यार्थीहरूको सिकाइउपलब्धि; विद्यालयमा विद्यार्थीहरूको नियमितता, विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या; विद्यालयप्रति शिक्षक, विद्यार्थी, अभिभावक, विव्यसको सन्तुष्टि; र आफ्नो पेसाप्रति शिक्षकहरूको सन्तुष्टि विद्यालयको उपलब्धिअन्तर्गत आउँदछ। यसर्थ विद्यार्थीको सिकाइउपलब्धि स्तर उच्च हुनु, विद्यालयमा विद्यार्थीहरूको उपस्थिति दरमा वृद्धि हुनु, विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या कम हुनु, विद्यालयप्रति सबै सरोकारवाला समूहको सन्तुष्टिको मात्रा वृद्धि हुनु र शिक्षकहरू आफ्नो पेसाप्रति सन्तुष्टि हुनु विद्यालयको उपलब्धि स्तर वृद्धि हुनु हो। त्यसैले विद्यालय कार्यसम्पादनका विभिन्न क्षेत्रहरूमध्ये एउटा महत्वपूर्ण क्षेत्र विद्यालयको उपलब्धि पनि हो । विद्यालयको उपलब्धि क्षेत्रअन्तर्गत चारवटा उपक्षेत्रहरू जस्तै (क) विद्यार्थीहरूको नियमितता, विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या (ख) सिकाइउपलब्धि (ग) सेवाग्राही (शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस)को सन्तुष्टि र (घ) शिक्षकहरूको पेसागत सन्तुष्टि, विद्यालयको उपलब्धि क्षेत्रअन्तर्गत आउँदछन् । यसकारण विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्दा विद्यालयको उपलब्धि क्षेत्र तथा यसअन्तर्गतका उपक्षेत्रहरू मापन गर्नु अनिवार्य छ।

विद्यालयको उपलब्धि क्षेत्र तथा यसअन्तर्गतका उपक्षेत्रहरूको स्तर सङ्ख्यात्मक रूपमा मापन गर्ने उद्देश्यले विद्यालय कार्यसम्पादन परीक्षण फाराममा उपलब्धि क्षेत्रसँग सम्बन्धित १५ वटा सूचकहरू समावेश गरिएको थियो। यी १५ वटा सूचकहरूमध्ये "विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर"; "सिकाइ उपलब्धि"; "सेवाग्राही सन्तुष्टि"; र "शिक्षकको पेसागत सन्तुष्टि" उपक्षेत्रसँग सम्बन्धित सूचकहरूको सङ्ख्या क्रमशः ६, ५ , २ र २ वटा रहेका छन् । यी सूचक सङ्ख्याको आधारमा उल्लेखित उपक्षेत्रहरूलाई क्रमशः १८, १५, ६ र ६ पूर्णाङ्कमा छुट्याइएको छ। अतः समग्र रूपमा उपलब्धि क्षेत्रलाई ४५ पूर्णाङ्क दिइएको छ। विद्यालयको समग्र कार्यसम्पादन मूल्याङ्कनको दृष्टिकोणले यस उपलब्धि क्षेत्रको लागि छुट्याइएको ४५ पूर्णाङ्कलाई ४० अङ्कभार दिइएको छ। अर्थात् यस क्षेत्रलाई १०० प्रतिशतमा ४० भारित अङ्क दिइएको छ।

विद्यालय कार्यसम्पादन परीक्षण फाराममद्वारा सङ्कलित उपलब्धि क्षेत्र र यस क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्कलाई विश्लेषण गर्न हरेक विद्यालयले प्रत्येक उपक्षेत्रमा हासिल गरेका प्राप्ताङ्कहरू जोडी पालिकागत तथा जिल्लागत मध्यमाङ्क निकालिएको थियो । यी मध्यमाङ्कलाई पालिकागत, जिल्लागत तथा उपक्षेत्रगत रूपमा तुलना गर्न प्रतिशतमा परिणत गरिएको थियो । त्यस्तै हरेक विद्यालयले उपलब्धि क्षेत्रअन्तर्गत सबै उपक्षेत्रहरूमा प्राप्त गरेको अङ्कहरू जोडी उपलब्धि क्षेत्रको कूल प्राप्ताङ्क निकालिएको थियो । उक्त कूल प्राप्ताङ्कलाई भारित प्राप्ताङ्कमा परिणत गरी पालिकागत तथा जिल्लागत मध्यमाङ्क निकालिएको थियो । हरेक पालिका तथा जिल्लाले उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूमा प्राप्त गरेको मध्यमाङ्कलाई तल दिइएको चित्र नं. ५.३ र तालिका ५.३ मा प्रस्तुत गरिएको छ ।

**चित्र ५.३: कार्यसम्पादन परिक्षणमा विभिन्न जिल्लाका विद्यालयहरुको उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरुको जिल्लागत औसत स्तर**



तालिका ५.३: कार्यसम्पादन परीक्षणमा उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयहरूको मध्यमाङ्क

| जिल्ला | पालिका | विद्यालय संख्या | मध्यमाङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर पूर्णांङ्कः १८ | सिकाइ उपलब्धि पूर्णांङ्कः १५ | सेवाग्राही सन्तुष्टि पूर्णांङ्कः६ | शिक्षकको सन्तुष्टि पूर्णांङ्कः६ | ४० भारमा प्राप्ताङ्क | पालिकामा विद्यालय हरूको स्तर |
| पर्सा | वीरगञ्ज म.न.पा. | १८ | १०.३३ (५७.३९) | ८.७८ (५८.५३) | ३.५६ (५९.३३) | ३.८३ (६३.८३) | २३.५६ (५८.९०) | सामान्य |
| | पोखरीया न.पा. | १ | ११.०० (६१.११) | १३.०० (८६.६७) | ३.०० (५०.००) | ४.०० (६६.६७) | २७.५६ (६८.९०) | सामान्य |
| | ठोरी गा.पा. | ४ | ८.०० (४४.४४) | १०.४० (६९.३३) | ४.०० (६६.६७) | ४.०० (६६.६७) | २३.४७ (५८.६८) | सामान्य |
| | जगरनाथपुर गा.पा. | २ | ७.५० (४१.६७) | ११.५० (७६.६७) | ३.०० (५०.००) | ३.५० (५८.३३) | २२.६७ (५६.६८) | सामान्य |
| | धोबिनी गा.पा. | ३ | १०.५० (५८.३३) | ११.५० (७६.६७) | २.५० (४१.६७) | ३.५० (५८.३३) | २४.८९ (६२.२३) | सामान्य |
| | छिपहरमाई गा.पा. | २ | ८.०० (४४.४४) | १३.०० (८६.६७) | ४.०० (६६.६७) | ४.०० (६६.६७) | २५.७८ (६४.४५) | सामान्य |
| | पकाहा मैनपूर गा.पा. | १ | १४.०० (७७.७८) | १२.०० (८०.००) | ४.०० (६६.६७) | ६.०० (१००.०) | ३२.०० (८०.००) | मध्यम |
| | बिन्दबासिनी गा.पा. | २ | ६.५० (३६.११) | ८.५० (५६.६७) | ४.०० (६६.६७) | ३.५० (५८.३३) | २०.०० (५०.००) | सामान्य |
| | बहुदरमाई न.पा. | ५ | ११.८० (६५.५६) | १०.६० (७०.६७) | ३.४० (५६.६७) | ४.०० (६६.६७) | २६.४९ (६६.२३) | सामान्य |
| | पर्सागढी न.पा. | ३ | ६.३३ (३५.१७) | ५.३३ (३५.५३) | ५.०० (८३.३३) | ४.६७ (७७.८३) | १८.९६ (४७.४०) | सामान्य |
| | सखुवा प्रसौनी गा.पा. | ४ | १३.५० (७५.००) | ११.५० (७६.६७) | ३.५० (५८.३३) | ४.७५ (७९.१७) | २९.५६ (७३.९०) | कमजोर |
| | पटेर्वा सुगौली गा.पा. | ३ | ८.७५ (४८.६१) | ५.७५ (३८.३३) | ३.५० (५८.३३) | २.७५ (४५.८३) | १८.४४ (४६.१०) | सामान्य |
| | जिराभवानी गा.पा. | २ | ११.०० (६१.११) | १०.५० (७०.००) | ४.५० (७५.००) | ३.५० (५८.३३) | २६.२२ (६५.५५) | सामान्य |
| | कालिकामाई गा.पा. | ३ | १०.६७ (५९.२८) | ९.३३ (६२.२०) | ३.६७ (६१.१७) | ३.६७ (६१.१७) | २४.३० (६०.७५) | सामान्य |

| जिल्ला | पालिका | विद्यालय संख्या | मध्यमाङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर पूर्णांङ्कः १८ | सिकाइ उपलब्धि पूर्णांङ्कः १५ | सेवाग्राही सन्तुष्टि पूर्णांङ्कः६ | शिक्षकको सन्तुष्टि पूर्णांङ्कः६ | ४० भारमा प्राप्ताङ्क | पालिकामा विद्यालय हरूको स्तर |
| | **पर्सा जिल्ला** | **५३** | **१०.१३ (५६.२८)** | **९.६४ (६४.२७)** | **३.७४ (६२.३३)** | **३.९६ (६६.००)** | **२४.४२ (६१.०५)** | **सामान्य** |
| रामेछाप | मन्थली न.पा. | १९ | ११.४७ (६३.७२) | १०.६८ (७१.२०) | ४.५३ (७५.५०) | ४.०० (६६.६७) | २७.२७ (६८.१८) | सामान्य |
| | रामेछाप न.पा. | १२ | ११.५८ (६४.३३) | १०.१७ (६७.८०) | ४.३३ (७२.१७) | ४.१७ (६९.५०) | २६.८९ (६७.२३) | सामान्य |
| | उमाकुण्ड गा.पा. | ७ | १०.५७ (५८.७२) | ९.७१ (६४.७३) | ३.५७ (५९.५०) | ३.७१ (६१.८३) | २४.५१ (६१.२८) | सामान्य |
| | खाँडादेवी गा.पा. | १२ | ११.०० (६१.११) | ११.२५ (७५.००) | ३.६७ (६१.१७) | ३.९२ (६५.३३) | २६.५२ (६६.३०) | सामान्य |
| | गोकूल गङ्गा गा.पा. | ७ | ९.५७ (५३.१७) | ९.५७ (६३.८०) | ३.७१ (६१.८३) | ४.१४ (६९.००) | २४.०० (६०.००) | सामान्य |
| | दोरम्बा गा.पा. | ९ | ९.०० (५०.००) | ९.८९ (६५.९३) | ४.०० (६६.६७) | ३.३३ (५५.५०) | २३.३१ (५८.२८) | सामान्य |
| | लिखु गा.पा. | १२ | १२.१७ (६७.६१) | ९.४२ (६२.८०) | ३.७५ (६२.५०) | ३.९२ (६५.३३) | २६.०० (६५.००) | सामान्य |
| | सुनापति गा.पा. | १२ | ९.०० (५०.००) | ९.८९ (६५.९३) | ४.०० (६६.६७) | ३.३३ (५५.५०) | २३.३१ (६५.०५) | सामान्य |
| | **रामेछाप जिल्ला** | **९०** | **१०.९७ (६०.९४)** | **१०.३२ (६८.८०)** | **४.०९ (६८.१७)** | **३.९० (६५.००)** | **२६.०२ (६५.०५)** | **सामान्य** |
| ललितपुर | ललितपुर म.न.पा. | २५ | १०.१६ (५६.४४) | १०.५२ (७०.१३) | ४.८० (८०.००) | ४.७६ (७९.३३) | २६.८८ (६७.२०) | सामान्य |
| | गोदावरी न.पा. | १६ | ११.३१ (६२.८५) | १०.०६ (६७.०८) | ४.६९ (७८.१३) | ४.८८ (८१.२५) | २७.५० (६८.७५) | सामान्य |
| | महालक्ष्मी न.पा. | ९ | १०.६० (५९.८९) | ११.६० (७७.३३) | ४.९० (८१.६७) | ४.५० (७५.००) | २८.०९ (७०.२३) | मध्यम |
| | बागमती गा.पा. | ९ | ८.६७ (४८.१५) | १०.६७ (७१.११) | ४.०० (६६.६७) | ४.४४ (७४.०७) | २४.६९ (६१.७३) | सामान्य |

| जिल्ला | पालिका | विद्यालय संख्या | मध्यमाङ्क | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर पूर्णांङ्कः १८ | सिकाइ उपलब्धि पूर्णांङ्कः १५ | सेवाग्राही सन्तुष्टि पूर्णांङ्कः६ | शिक्षकको सन्तुष्टि पूर्णांङ्कः६ | ४० भारमा प्राप्ताङ्क | पालिकामा विद्यालय हरूको स्तर |
| | महाङ्काल गा.पा. | ६ | ९.८३ (५४.६३) | १२.३३ (८२.२२) | ४.३३ (७२.२२) | ४.३३ (७२.२२) | २७.४१ (६८.५३) | सामान्य |
| | कोन्ज्योसोम गा.पा. | ६ | ९.५० (५२.७८) | १०.०० (६६.६७) | ४.३३ (७२.२२) | ४.३३ (७२.२२) | २५.०४ (६२.६०) | सामान्य |
| | **ललितपुर जिल्ला** | **७२** | **१०.२१ (५६.७२)** | **१०.६९ (७१.२७)** | **४.६१ (७६.८३)** | **४.६४ (७७.३३)** | **२६.८० (६७.०)** | **सामान्य** |
| **कूल** | | **२१५** | **१०.५१ (५८.३९)** | **१०.२८ (६८.५३)** | **४.१८ (६९.६७)** | **४.१६ (६९.३३)** | **२५.८९ (६४.७३)** | **सामान्य** |

***नोटः कोष्ठभित्रको अङ्कले प्रतिशत जनाउँदछ।***

## विद्यालय कार्यसम्पादन परीक्षणको उपलब्धि क्षेत्रको नतिजा

विद्यालय कार्यसम्पादनको उपलब्धिक्षेत्रमा तीनवटै जिल्लामा सञ्चालित सम्पूर्ण विद्यालयहरूको समग्र मध्यमाङ्क (समग्र औसत स्तर) करिव ६५ प्रतिशत पाइएको छ । जिल्लागत रूपमा हेर्दा पर्सा जिल्लाको मध्यमाङ्क समग्र औसतस्तरको तुलनामा करिव ४ प्रतिशतले कम छ । समग्र औसत स्तरर रामेछाप जिल्लाको मध्यमाङ्क करिव बराबर जस्तो देखिन्छ । तर ललितपुर जिल्लाको मध्यमाङ्क समग्र औसतस्तरको साथै अन्य दुईवटै जिल्लाको मध्यमाङ्क भन्दा केही प्रतिशतले बढी पाइएको छ । यसर्थ उपलब्धि क्षेत्रसम्बन्धी विद्यालयहरूको कार्यसम्पादनमा पर्सा र रामेछाप जिल्लाको तुलनामा ललितपुर जिल्ला अगाडि परेको छ। तर सबै जिल्लाका मध्यमाङ्क तथा समग्र औसत स्तरसामान्य स्तरको मात्र भएको हुँदा समग्रतामा र तीनवटै जिल्लाहरूको उपलब्धि क्षेत्रको कार्यसम्पादन स्तर सन्तोषजनक देखिँदैन ।

माथि तालिकामा प्रस्तुत गरिएको उपलब्धि क्षेत्रमा हरेक जिल्लाले प्राप्त गरेका मध्यमाङ्क र समग्र मध्यमाङ्कलाई तालिका ५.१ को लगानी क्षेत्र र तालिका ५.२ को प्रक्रिया क्षेत्रमा पाइएको मध्यमाङ्कसँग तुलना गर्दा एउटा घतलाग्दो कुरा के देखिन्छ भने विद्यालयहरूको लगानी तथा प्रक्रिया क्षेत्रको तुलनामा उपलब्धि क्षेत्रको औसत कार्यसम्पादन स्तर राम्रो पाइएको छ । ललितपुर जिल्लाबाहेक पर्सा र रामेछाप जिल्लामा पनि यही स्थिति देखिन्छ। साधारणतया सैद्धान्तिक मान्यताअनुसार विद्यालयहरूमा लगानी र प्रक्रिया क्षेत्रको कार्यसम्पादन स्तर राम्रो भएमा उपलब्धि क्षेत्रको कार्यसम्पादन पनि राम्रो हुनुपर्छ, किनकि अगाडिको दुईवटा क्षेत्रहरूको कार्यसम्पादनले पछाडिको कार्यसम्पादनमा प्रत्यक्ष प्रभाव पार्छ। तर यी तीनवटा क्षेत्रहरूको कार्यसम्पादनमा पाइएका अङ्कहरू केलाउँदा लगानी क्षेत्र र प्रक्रिया क्षेत्रको कार्यसम्पादनका अङ्कहरू तुलनात्मक रूपमा कम आएको भए तापनि उपलब्धि क्षेत्रको प्राप्ताङ्क केही प्रतिशतले बढी पाइएको छ । यस नतिजाले स्पष्ट रूपमा के इङ्गित गर्छ भने लगानी क्षेत्र र प्रक्रिया क्षेत्रको कार्यसम्पादनमा सुधार ल्याउन सकेको खण्डमा उपलब्धि क्षेत्रको कार्यसम्पादनमा स्वतः सुधार आउनेछ ।

उपलब्धि क्षेत्रमा विभिन्न पालिकाहरूले प्राप्त गरेका मध्यमाङ्कलाई तुलनात्मक रूपमा अध्ययन गर्दा पर्सा जिल्लामा १४ वटा पालिकाहरूमध्ये २ वटा पालिकाबाहेक सबै पालिकाहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यी १२ वटा पालिकाहरूकाहरूले हासिल गरेका सामान्य स्तरका मध्यमाङ्कमध्ये पनि ६ वटा पालिकाहरूको मध्यमाङ्क ६० प्रतिशत भन्दा कम आएको छ भने बाँकी ६ वटा पालिकाहरूको मध्यमाङ्क मात्र ६० प्रतिशत भन्दा बढी पाइएको छ । यस जिल्लाका दुईवटा पालिकाहरू; पकाहा मैनपुर गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिकाले मध्यम स्तरको अङ्क(७० प्रतिशतभन्दा बढी) मध्यमाङ्क हासिल गर्न सफल भएका छन् । १४ वटा पालिकाहरूको मध्यमाङ्कबीच तुलना गर्दा पकाहा मैनपुर गाउँपालिका अग्रस्थानमा छ भने सबभन्दा पछाडि पटेर्वा सुगौली गाउँपालिका रहेको छ । रामेछाप जिल्लाको सन्दर्भमा कुनै पनि पालिकाले मध्यम स्तरको अङ्क अर्थात७० प्रतिशत भन्दा बढी मध्यमाङ्क प्राप्त गर्न सकेन । यसमा पनि एउटा पालिकाको मध्यमाङ्क ६० प्रतिशत भन्दा कम पाइएको छ । रामेछाप जिल्लाका ८ वटा पालिकाहरूमध्ये सबभन्दा बढी प्राप्ताङ्क मन्थली नगरपालिकाले हासिल गरेको छ भने दोरम्बा गाउँपालिकाको मध्यमाङ्क सबभन्दा न्यून आएको छ । ललितपुर जिल्लाामा महालक्ष्मी नगरपालिकालाई छोडेर सबै पालिकाहरूले उपलब्धि क्षेत्रमा हासिल गरेका प्राप्ताङ्कहरू ६० देखि ६९ प्रतिशतसम्म फैलिएका छन् । महालक्ष्मी नगरपालिकाको प्राप्ताङ्क ७० प्रतिशतमा छोएको छ । अतः यस जिल्लामा सबभन्दा बढी प्राप्ताङ्क महालक्ष्मी नगरपालिकाले हासिल गरेको छ भने सबभन्दा कम (६१.७३ प्रतिशत) बागमती गाउँपालिकाको आएको छ । यी माथिको विश्लेषणबाट स्पष्ट हुन्छ कि ३ वटा जिल्लाका अधिकांश पालिकाहरूको उपलब्धि क्षेत्रका मध्यमाङ्क सामान्य स्तरको मात्र पाएको हुँदा यस क्षेत्रको कार्यसम्पादन स्तर सन्तोषजनक देखिँदैन ।

## विद्यालय कार्यसम्पादन परीक्षणको उपलब्धि क्षेत्र अन्तर्गत उपक्षेत्रहरूको नतिजा

विद्यालय कार्यसम्पादनको उपलब्धि क्षेत्रअन्तर्गत चारवटा उपक्षेत्रहरू (क) विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर (ख) सिकाइउपलब्धि (ग) सेवाग्राही सन्तुष्टि र (घ) शिक्षकको पेसागत सन्तुष्टि, राखिएका छन् । माथि तालिकामा देखाइएअनुसार तीनवटा जिल्लाका २८ वटै पालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूले यी चारवटा उपक्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्कमध्ये पछिल्लो तीनवटा उपक्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्कबीच त्यति भिन्नता छैन र यी तीनवटै उपक्षेत्रहरूमा पाएका मध्यमाङ्क करिव उस्तै देखिन्छ । किनकि यी उपक्षेत्रहरूमा पाएका तीनवटै मध्यमाङ्क करिव ७० प्रतिशतको हाराहारीमा आएको छ । यी चार उपक्षेत्रहरूमा प्राप्त गरेका मध्यमाङ्कलाई केलाएर हेर्दा एउटा मननयोग्य कुरा के छ भने विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर उपक्षेत्रमा प्राप्त मध्यमाङ्क अन्य तीनवटै उपक्षेत्रहरूमा प्राप्त मध्यमाङ्कको तुलनामा करिव १० प्रतिशतले कम छ । यी सङ्ख्यात्मक तथ्यले के जनाउँदछ भने सामुदायिक विद्यालयहरूमा विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या र विद्यालयमा नियमित रूपमा उपस्थित नहुने विद्यार्थी सङ्ख्या अझै देखिन्छ । यस उपक्षेत्रमा आएको मध्यमाङ्कलाई छोडेर माथि उल्लेखित तीनवटै उपक्षेत्रहरूमा तुलनात्मक रूपमा बढी मध्यमाङ्क पाइएको भए तापनि ती मध्यमाङ्क सामान्य स्तरको मात्र हुन् । कुनै पनि उपक्षेत्रमा मध्यम स्तरको मध्यमाङ्क प्राप्त गर्न विद्यालयहरू सफल देखिँदैन । यसले के इङ्गित गर्छ भने कार्यसम्पादनको उपलब्धि क्षेत्रअन्तर्गत चार वटै उपक्षेत्रहरूको कार्यसम्पादनमा सुधार गर्नु जरुरी छ ।

हरेक जिल्लाले चारवटा उपक्षेत्रहरूमा हासिल गरेका मध्यमाङ्कबीच तुलना गर्दा पर्सा र ललितपुर जिल्लाका विद्यालयहरूले शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रमा उच्चतम मध्यमाङ्क प्राप्त गरेको छ । रामेछाप जिल्लाको सन्दर्भमा सबभन्दा बढी मध्यमाङ्क सिकाइउपलब्धि उपक्षेत्रमा पाइएको छ । तर तीनवटै जिल्लाहरूमा विद्यार्थी

नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर उपक्षेत्रमा अन्य उपक्षेत्रहरूको तुलनामा सबभन्दा कम मध्यमाङ्क आएको छ । ललितपुर जिल्ला तीनवटै उपक्षेत्रहरूमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरी अग्रस्थान प्राप्त गर्न सफल भएको छ भने कुनै उपक्षेत्रमा पर्सा जिल्ला र कुनै उपक्षेत्रमा रामेछाप जिल्लाको सबभन्दा कम मध्यमाङ्क आएको छ ।

हरेक जिल्लाले हरेक उपक्षेत्रमा प्राप्त गरेका मध्यमाङ्कलाई केलाउँदा एउटा स्पष्ट तथ्याङ्कीय चित्र के देखिन्छ भने ललितपुर जिल्लाको मध्यमाङ्क विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर उपक्षेत्रमा बाहेक अरु तीनवटै उपक्षेत्रहरूमा मध्यम स्तरीय अङ्क पाइएको छ । तर पर्सा र रामेछाप जिल्लामा यो अवस्था छैन, किनकि सबै उपक्षेत्रहरूमा ती जिल्लाहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ । यी तथ्याङ्कीय प्राप्तिहरूबाट के जनाउँदछ भने ललितपुर जिल्लाले उपलब्धि क्षेत्रअन्तर्गत सिकाइउपलब्धि, सेवाग्राहीको सन्तुष्टि, र शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रहरूमा प्राप्त गरेको कार्यसम्पादनको स्तरसम्म पुग्नका लागि पर्सा र रामेछाप जिल्लाले अभ्र प्रयास गर्नु जरुरी छ । त्यस्तै तीनवटै जिल्लाका विद्यालयहरूमा नियमित रूपमा विद्यालयमा उपस्थित नहुने विद्यार्थी सङ्ख्या र कक्षा छोड्ने र दोहोर्‍याउन विद्यार्थी सङ्ख्या अझै पाइएको छ ।

माथि तालिकामा दिइएका उपलब्धि क्षेत्रअन्तर्गत ४ वटा उपक्षेत्रहरूमा हरेक पालिकाका विद्यालयहरूले हासिल गरेका मध्यमाङ्कलाई केलाउँदा एउटा स्पष्ट चित्र के देखिन्छ भने पर्सा जिल्लामा चार वटा उपक्षत्रहरूमध्ये सिकाइउपलब्धि उपक्षेत्रमा उच्चतम मध्यमाङ्क हासिल गर्ने पालिकाहरू ८ वटा छन् । बाँकी ६ वटा पालिकाहरूमध्ये केही पालिकहरूको उच्चतम मध्यमाङ्क शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रमा र केही पालिकाहरूको सेवाग्राहीको सन्तुष्टि उपक्षेत्रमा आएको छ । यी उच्चतम अङ्क हासिल गर्ने कतिपय पालिकाहरूको प्राप्ताङ्क ७० प्रतिशत भन्दा बढी पाइएको छ । तर यी उच्चतम मध्यमाङ्क हासिल गर्ने पालिकाहरूको अन्य उपक्षेत्रहरूमा पाएको मध्यमाङ्क न्यून भएकै कारण समग्र रूपमा उपलब्धि क्षेत्रमा सामान्य स्तरको अङ्क (४० देखि ७० प्रतिशतसम्म) मात्र पाइएको छ ।

रामेछाप जिल्लाका ८ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरूले सबभन्दा बढी मध्यमाङ्क सेवाग्राहीको सन्तुष्टि उपक्षेत्रमा प्राप्त गरेका छन् भने कुनै पालिकाले सिकाइउपलब्धि उपक्षेत्र र कुनै पालिकाले शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् ।

ललितपुर जिल्लाका ६ वटा पालिकाहरूमध्ये ३ वटा पालिकाहरूले सेवाग्राहीको सन्तुष्टि उपक्षेत्रमा अरु उपक्षेत्रहरूको तुलनामा उच्चतम मध्यमाङ्क हासिल गरेका छन् । बाँकी ३ वटा पालिकाहरूमध्ये २ वटा पालिकाहरूको उच्चतम मध्यमाङ्क शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रमा देखिन्छ भने एउटा पालिकाको उच्चतम मध्यमाङ्क सिकाइउपलब्धि उपक्षेत्रमा आएको छ । एउटा उल्लेखनीय कुरा के छ भने कुनै पनि पालिकाले जुन उपक्षेत्रमा उच्चतम अङ्क हासिल गरेको छ सो अङ्क मध्यम स्तरको अङ्क (७० प्रतिशत भन्दा बढी) पाइएको छ । तथापि उपलब्धि क्षेत्रअन्तर्गत पहिलो उपक्षेत्र "विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर" उपक्षेत्रमा धेरै कम अङ्क भएको हुँदा उपलब्धि क्षेत्रमा मध्यम स्तरको अङ्क प्राप्त गर्न सफल नभएको तथ्य माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

## ५.४. विद्यालयद्वारा सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या

विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यालय स्थापना एवम् सञ्चालन गरिएको हुन्छ । विद्यालयमा गरिने सम्पूर्ण लगानी तथा त्यसको परिचालन विद्यार्थीहरूलाई सेवा गर्ने हेतुले गरिएको हुन्छ । विद्यालयको सेवाग्राही समूह भन्नु नै विद्यार्थीहरू हुन् । यसर्थ कुनै पनि विद्यालयमा विद्यार्थी सङ्ख्या जति बढी हुन्छ त्यति नै उक्त विद्यालयद्वारा बढी विद्यार्थीहरूलाई सेवा प्रदान गरिएको मानिन्छ । यस सन्दर्भमा शिक्षा नियमावलीमा उल्लेख भएअनुसार प्रति कक्षा न्यूनत्तम विद्यार्थी सङ्ख्या तराई र काठमाडौँमा ५०, पहाडमा ४५ र हिमाली क्षेत्रमा ४० जना तोकिएको छ । त्यसैले विद्यालयको कार्यसम्पादन स्तर निर्धारण गर्दा विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्यालाई समेत ध्यान दिनु जरुरी छ। यही तथ्यलाई दृष्टिगत गरी यस अध्ययनमा समाविष्ट हरेक विद्यालयद्वारा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या निर्धारण गर्ने उद्देश्यले विद्यालय कार्यसम्पादन परीक्षण फाराममा एउटा छुट्टै सूचक **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** समावेश गरिएको थियो । उक्त सूचकमा ६ वटा स्केलहरू दिइएका छन् । हरेक विद्यालयमा अघिल्लो वर्ष के कति विद्यार्थी सङ्ख्या थिए सो आधारमा अङ्क प्रदान गर्न ती स्केलहरूलाई न्यूनत्तम ० देखि ५ अङ्कसम्म छुट्याइएको छ । त्यस्तै भारित अङ्कको हिसाबले पनि यस सूचकलाई ५% छुट्याइएको छ । विद्यार्थी सङ्ख्याको आधारमा निश्चित अङ्क प्रदान गर्न विद्यालय कार्यसम्पादन फाराममा उल्लेख गरिएका मानकहरू/आधारहरू तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४: सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्यासम्बन्धी सूचकमा अङ्क प्रदान गर्ने आधार**

| विवरण | अङ्क प्रदान गर्ने आधार | प्रदान गरिने अङ्क |
|---|---|---|
| अघिल्लो वर्ष सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या | तोकिएको न्यूनतम सङ्ख्याको २५% भन्दा कम विद्यार्थी भए | ० |
| | तोकिएको न्यूनतम सङ्ख्याको २५–५०% विद्यार्थी भए | १ |
| | तोकिएको न्यूनतम सङ्ख्याको ५०–७५% विद्यार्थी भए | २ |
| | तोकिएको न्यूनतम सङ्ख्याको ७५–९०% विद्यार्थी भए | ३ |
| | तोकिएको न्यूनतम सङ्ख्याको ९०–१००% विद्यार्थी भए | ४ |
| | तोकिएको न्यूनतम सङ्ख्याको शतप्रतिशत भन्दा बढी विद्यार्थी भए | ५ |

शिक्षा नियमावलीमा तोकेअनुसारको विद्यार्थी सङ्ख्या हरेक विद्यालयमा शतप्रतिशत भन्दा बढी भएमा उक्त विद्यालयलाई ५ अङ्क र तोकेअनुसारको विद्यार्थी सङ्ख्या २५ प्रतिशतभन्दा कम भएमा ० अङ्क प्रदान गरिन्छ। अध्ययनमा समाविष्ट हरेक विद्यालयले सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्या निकाल्न र सो तथ्याङ्कलाई विश्लेषण गर्न सर्वप्रथम हरेक विद्यालयमा प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या निकालिएको थियो । यसरी प्रति कक्षा औसत विद्यार्थी सङ्ख्या निकाल्दा पूर्वप्राथमिक कक्षा र ती कक्षाहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्यालाई गणना गरिएको थिएन । प्रति कक्षा औसत विद्यार्थी सङ्ख्याको आधारमा तालिका नं. ५.४ मा उल्लेख भएका मानकहरूको आधारमा विद्यालयलाई अङ्क प्रदान गरिएको थियो । हरेक विद्यालयले यस सूचकमा हासिल गरेको अङ्कहरू जोडी पालिकागत तथा जिल्लागतको साथै कूल मध्यमाङ्क निकालिएको थियो जुन मध्यमाङ्क तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ । यसको साथै तल प्रस्तुत तालिकामा विद्यालयहरूमा उपलब्ध विद्यार्थी सङ्ख्याको आधारमा पालिकागत विद्यालयहरूको सङ्ख्या समेत दिइएको छ । हरेक जिल्लामा विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय सङ्ख्याको प्रतिशत चित्र नं. ५.४ मा दिइएको छ ।

**तालिका ५.५: सेवा प्रदान गरिएको औसत विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय सङ्ख्या र पालिकागत तथा जिल्लागत मध्यमाङ्क**

| जिल्ला | पालिका | विद्यालय सङ्ख्या | विद्यालयलले सेवा प्रदान गरिएको औसत विद्यार्थी सङ्ख्याको आधारमा पालिकागत विद्यालय सङ्ख्या | | | | | | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकको मध्यमाङ्क | जिल्लामा विद्यालय हरुको औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तोकिएको न्यूनत्तम सङ्ख्याको २५% भन्दा कम | तोकिएको न्यूनत्तम सङ्ख्याको २५%-५०% | तोकिएको न्यूनत्तम सङ्ख्याको ५०%-७५% | तोकिएको न्यूनत्तम सङ्ख्याको ७५%-९०% | तोकिएको न्यूनत्तम सङ्ख्याको ९०%-१००% | तोकिएको न्यूनत्तम सङ्ख्याको शतप्रतिशत भन्दा बढी | | |
| पर्सा | बीरगञ्ज म.न.पा. | १८ | - | - | १ (५.५६) | १ (५.५६) | - | १६ (८८.८८) | ४.७२ (९४.४०) | उत्तम |
| | पोखरीया न.पा. | १ | - | - | - | - | - | १ (१००.०० | ५.०० (१००.०) | उत्तम |
| | बहुदरमाई न.पा. | ५ | - | - | - | - | - | ५ (१००.००) | ५.०० (१००.०) | उत्तम |
| | पर्सागढी न.पा. | ३ | - | - | - | - | - | ३ (१००.००) | ५.०० (१००.०) | उत्तम |
| | ठोरी (सुबर्नपूर) न.पा. | ४ | - | - | १ (२५.००) | २ (५०.००) | - | २ (५०.०० | ३.६० (७२.००) | मध्यम |
| | जगरनाथपुर गा.पा. | २ | - | १ (५०.००) | - | - | - | १ (५०.००) | ३.०० (६०.००) | सामान्य |
| | धोबिनी गा.पा. | ३ | - | - | - | - | - | २ (६६.६७) | ५.०० (१००.०) | उत्तम |
| | छिपहरमाई गा.पा. | २ | - | - | - | - | - | २ (१००.००) | ५.०० (१००.०) | उत्तम |
| | पकाहा मैनपूर गा.पा. | १ | - | - | - | - | - | १ (१००.००) | ५.०० (१००.०) | उत्तम |
| | बिन्दवासिनी गा.पा. | २ | - | - | - | - | - | २ (१००.००) | ५.०० (१००.० | उत्तम |
| | सखुवा प्रसौनी गा.पा. | ४ | - | - | - | - | १ (२५.००) | ३ (७५.००) | ४.७५ (९५.००) | उत्तम |
| | पटेर्वा सुगौली गा.पा. | ३ | - | - | - | - | - | ३ (१००.००) | ३.७५ (७५.००) | मध्यम |
| | जिराभवानी गा.पा. | २ | - | - | १ (५०.००) | - | - | १ (५०.००) | ४.०० ८०.००) | मध्यम |
| | कालिकामाई गा.पा. | ३ | - | - | १ (३३.३३) | - | - | २ (६६.६७) | ४.३३ (८६.६०) | मध्यम |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पर्सा जिल्ला** | **५३** | **-** | **१ (१.८९)** | **४ (७.५५)** | **३ (५.६७)** | **१ (१.८९)** | **४४ (८३.०१)** | **४.६० (९२.०)** | **उत्तम** |
| रामेछाप | मन्थली न.पा. | १९ | - | ६ (३१.५८) | १० (५२.६३) | - | - | ३ (१५.७९) | २.१६ (४३.२०) | सामान्य |
| | रामेछाप न.पा. | १२ | - | १ (८.३३) | ६ (५०.००) | २ (१६.६७) | १ (८.३३) | २ (१६.६७) | २.७५ (५५.००) | सामान्य |
| | उमाकुण्ड गा.पा. | ७ | - | १ (१४.२९) | ३ (४२.८६) | २ (२८.५७) | १ (१४.२९) | - | २.४३ (४८.६०) | सामान्य |
| | खाँडादेवी गा.पा. | १२ | - | ७ (५८.३३) | ३ (२५.००) | २ (१६.६७) | - | - | १.५८ (३१.६०) | सामान्य |
| | गोकूलगङ्गा गा.पा. | ७ | - | २ (२८.५७) | २ (२८.५७) | १ (१४.२९) | - | २ (२८.५७) | २.७१ (५४.२०) | सामान्य |
| | दोरम्बा गा.पा. | ९ | - | ३ (३३.३३) | ४ (४४.४४) | १ (११.११) | - | १ (११.११) | २.११ (४२.२०) | सामान्य |
| | लिखु गा.पा. | १२ | - | ६ (५०.००) | १ (८.३३) | ३ (२५.००) | - | २ (१६.६७) | २.२५ (४५.००) | सामान्य |
| | सुनापति गा.पा. | १२ | १ (८.३३) | ४ (३३.३३) | ५ (४१.६७) | १ (८.३३) | - | १ (८.३३) | २.११ (४२.२०) | सामान्य |
| | **रामेछाप जिल्ला** | **९०** | **१ (१.११)** | **३० (३३.३३)** | **३४ (३७.७८)** | **१२ (१३.३३)** | **२ (२.२२)** | **११ (१२.२२)** | **२.१९ (४३.८०)** | **सामान्य** |
| ललितपुर | ललितपुर न.पा. | २५ | - | ५ (२०.००) | ६ (२४.००) | ५ (२०.००) | १ (४.००) | ८ (३२.००) | ३.०४ (६०.८०) | सामान्य |
| | गोदावरी न.पा. | १६ | - | ५ (३१.२५) | ६ (३७.५०) | २ (१२.५०) | - | ३ (१८.७५) | २.३८ (४७.५) | सामान्य |
| | महालक्ष्मी न.पा. | ९ | १ | ३ (३३.३३) | ४ (४४.४४) | १ (११.११) | - | १ (११.११) | १.९० (३८.००) | कमजोर |
| | बागमती गा.पा. | ९ | - | ५ (५५.५६) | ४ (४४.४४) | - | - | - | १.४४ (२८.९०) | कमजोर |
| | महाङ्काल गा.पा. | ६ | - | ४ (६६.६७) | २ (३३.३३) | - | - | - | १.३३ (२६.७०) | कमजोर |
| | कोन्ज्योसोम गा.पा. | ६ | - | ३ (५०.००) | ३ (५०.००) | - | - | - | १.५० (३०.००) | कमजोर |
| | **ललितपुर जिल्ला** | **७२** | **१** | **२५ (३४.७२)** | **२५ (३४.७२)** | **८ (११.११)** | **१ (१.३९)** | **१२ (१६.६७)** | **२.२६ (४५.२०)** | **सामान्य** |
| **कूल** | | **२१५** | **२ (०.९३)** | **५६ (२६.०५)** | **६३ (२९.३०)** | **२३ (१०.७०)** | **४ (१.८६)** | **६७ (३१.१६)** | **२.८१ (५६.२०)** | **सामान्य** |

***नोटः कोष्ठ भित्रको अङ्कले प्रतिशत जनाउँदछ।***

चित्र ५.४: कार्यसम्पादन परिक्षणमा विभिन्न जिल्लाका विद्यालयहरुको सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्षको जिल्लागत औसत स्तर




## समष्टिगत स्थिति

पर्सा, रामेछाप र ललितपुर जिल्लामा सञ्चालित विद्यालयहरूको “सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या” पक्षको औसत स्तर ५६.२० प्रतिशत अर्थात् सामान्य स्तरको मात्र पाइएको छ । यसको अर्थ विद्यालयहरूमा अध्ययनरत औसत विद्यार्थी सङ्ख्या शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसार विद्यालयमा हुनुपर्ने न्यूनत्तम औसत विद्यार्थी सङ्ख्याको ७५ देखि ९० प्रतिशतसम्म मात्र छ भन्ने कुरा जनाउँदछ ।

यस अध्ययनमा समाविष्ट २१५ वटा विद्यालयहरूमध्ये माथि तालिकामा देखाइएअनुसार करिब एक तिहाइ विद्यालयहरूमा मात्र शिक्षा ऐन तथा नियमावलीमा तोकेअनुसारको प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्याको ९० प्रतिशतदेखि १०० प्रतिशत वा सो भन्दा बढी विद्यार्थीहरू पाइएको छ । तर बाँकी दुई तिहाइ विद्यालयहरूमा शिक्षा ऐनमा उल्लेख भएअनुसारको न्यूनतम आवश्यक औसत विद्यार्थी सङ्ख्या पुगेको छैन । एउटा सोचनीय कुरा के छ भने यी विद्यालयहरूमध्ये २ वटा विद्यालयहरूमा न्यूनतम आवश्यक औसत विद्यार्थी

सङ्ख्यामध्ये २५ प्रतिशत विद्यार्थी सङ्ख्या नै पुगेको छैन । त्यस्तै न्यूनतम आवश्यक विद्यार्थी सङ्ख्याको २५ देखि ५० प्रतिशत र ५० देखि ७५ प्रतिशत मात्र भएको विद्यालयहरूको सङ्ख्या करिव एक/एक चौथाइ पाइएको छ । भनाइको अर्थ यस्ता विद्यालयहरूको सङ्ख्या ५० प्रतिशत भन्दा बढी छ । आवश्यक विद्यार्थी सङ्ख्यामध्ये ७५ प्रतिशतदेखि ९० प्रतिशत विद्यार्थी सङ्ख्या मात्र पुगेका विद्यालयहरूको सङ्ख्या पनि १० प्रतिशत भन्दा बढी छ ।

## जिल्लागत स्थिति

माथि उल्लेखित विद्यालयहरूको सङ्ख्यालाई जिल्लागत रूपमा केलाउँदा न्यूनतम औसत विद्यार्थी सङ्ख्या पनि नपुगेका विद्यालयहरूको सङ्ख्या पर्सा जिल्लाको तुलनामा रामेछाप र ललितपुर जिल्लामा उलल्खेनीय रूपमा बढी देखिन्छ । किनकि यी दुईवटै जिल्लाहरूमा न्यूनतम औसत विद्यार्थी सङ्ख्याको २५ प्रतिशत देखि ५० प्रतिशत मात्र र ५० प्रतिशत देखि ७५ प्रतिशत मात्र विद्यार्थी सङ्ख्या पुगेका विद्यालयहरूको सङ्ख्या दुई तिहाइभन्दा बढी छ । तर पर्सा जिल्लामा यस प्रकारका विद्यालय सङ्ख्या ज्यादै न्यून मात्रामा पाइएको छ । यस जिल्लाको अधिकांश विद्यालयहरूमा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्याभन्दा बढी विद्यार्थीहरू पाइएको छ । फलस्वरूप सेवाग्राही विद्यार्थी सङ्ख्या सूचकमा रामेछाप र ललितपुर जिल्लाको मध्यमाङ्कको तुलनामा पर्सा जिल्लाको बढी पाइएको छ ।

## पालिकागत स्थिति

पर्सा जिल्लाका १४ वटा पालिकाहरूमध्ये ८ वटा पालिकाहरूमा सञ्चालित सबै विद्यालयहरूमा शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसार प्रति कक्षा हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याको शतप्रतिशत वा सो भन्दा बढी विद्यार्थी सङ्ख्या पाइएको छ । बाँकी ६ वटा पालिकाहरूमा पनि १/२ वटा विद्यालयहरूलाई छोडेर अरु सबै विद्यालयहरूमा तोकेको न्यूनतम सङ्ख्याभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । यसर्थ पर्सा जिल्लाको ३ वटा पालिकाहरूलाई छोडेर सबै पालिकाहरूको मध्यमाङ्क ८० देखि १०० प्रतिशतसम्म पाइएको छ । तर रामेछाप र ललितपुर जिल्लाका सबै पालिकाहरूमा यो अवस्था ठीक उल्टो पाइएको छ । किनकि दुवै जिल्लाका १४ वटा पालिकाहरूमध्ये ९ वटा पालिकाहरूमा सञ्चालित केही विद्यालयहरूमा मात्र हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याको शतप्रतिशत वा सो भन्दा बढी विद्यार्थी सङ्ख्या पाइएको छ भने अधिकांश विद्यालयहरूमा न्यूनतम विद्यार्थी सङ्ख्या पनि पुगेको छैन । बाँकी ५ वटा पालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा प्रति कक्षा हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याभन्दा कम छन् । यी विद्यालयहरूमध्ये पनि धेरैजसो विद्यालयहरूमा आवश्यक न्यूनतम विद्यार्थी सङ्ख्या नपुग समस्या अझ चर्को छ, किनकि यी विद्यालयहरूमा आवश्यक न्यूनतम विद्यार्थी सङ्ख्याको ५० प्रतिशत मात्र पुगेको छ । त्यसकारण रामेछाप जिल्लाका विभिन्न पालिकाहरूले सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या सूचकमा प्राप्त गरेको मध्यमाङ्क ३१.६० देखि ५५.० प्रतिशतसम्म मात्र पाइएको छ । ललितपुर जिल्लाको सन्दर्भमा यो अवस्था अझ कमजोर देखिन्छ, किनकि यस जिल्लाका ६ वटा पालिकाहरूमध्ये ४ वटा पालिकाहरूको मध्यमाङ्क कमजोर स्तरको अर्थात ४० प्रतिशत भन्दा कम पाइएको छ ।

माथिको अनुच्छेदहरूमा गरिएको विश्लेषणबाट स्पष्ट हुन्छ कि विद्यालय कार्यसम्पादनको “सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या” पक्षको दृष्टिकोणले रामेछाप र ललितपुर जिल्लाको तुलनामा पर्सा जिल्ला राम्रो मान्नु पर्छ । यस जिल्लाका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या उत्साहजनक नै देखिन्छ । तर यो विद्यार्थी सङ्ख्या विगतका वर्षहरूमा भन्दा बढी हो वा होइन केलाउनु जरुरी छ । पर्सा जिल्लाको जस्तो स्थिति रामेछाप र ललितपुर

जिल्लामा देखिँदैन । किनकि अधिकांश विद्यालयहरूमा आवश्यक न्यूनतम विद्यार्थी सङ्ख्याभन्दा कम भएको तथ्यले के जनाउँदछ भने राष्ट्रिय स्तरमा सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको स्थितिलाई यस जिल्लाको तथ्याङ्कले थप पुष्टि गरेको छ । यसले के इङ्गित गर्छ भने यी जिल्लाका अभिभावकहरू सामुदायिक विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्छ भन्ने कुरामा विश्वस्त देखिँदैनन, फलस्वरूप यी अभिभावकहरू सामुदायिक विद्यालयहरूप्रति आकर्षित छैनन् । यदि यी विद्यालयहरूमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न नसकेको खण्डमा प्रति विद्यार्थी लागत बढ्ने र आगामी वर्षहरूमा विद्यालयहरू एक आपसमा गाभिनु पर्ने अवस्था आउन सक्छ । यसको प्रतिकूल असर घर र विद्यालयबीचको हिँडाइको दूरीको आधारमा प्रत्यक्ष रूपमा विद्यार्थीहरूलाई पर्ने स्वभाविकै छ ।

# खण्ड ६
# नमुना विद्यालयहरू र अन्य विद्यालयहरूको कार्यसम्पादनको स्थिति

नेपालमा विद्यार्थीहरूको उपलब्धि स्तर र उत्तीर्ण प्रतिशतलाई नै विद्यालय शिक्षाको गुणस्तर मापन गर्ने प्रमुख निर्धारक मानकको रूपमा लिइँदै आइएको छ । नेपाल सरकारको सम्बन्धित निकायद्वारा प्रकाशित तथ्याङ्कले सामुदायिक विद्यालयहरूको तुलनामा संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको उपलब्धिस्तर र उत्तीर्ण प्रतिशत उच्च रहेको देखाउँछ । यसर्थ आर्थिक रूपमा सबल अभिभावकहरूले आफ्नो बालबालिकाको विद्यालय शिक्षाको लागि संस्थागत विद्यालयहरूमा पठाउने गरेका छन् । आर्थिक रूपमा विपन्न कतिपय अभिभावकहरूले समेत आर्थिक समस्या वावजूद पनि आफ्नो बालबालिकालाई सामुदायिक विद्यालयमा नपठाई संस्थागत विद्यालयहरूमा अध्ययन गराइरहेका छन् । फलस्वरूप सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको छ। यस तथ्यले नेपाल सरकारको आर्थिक लगानीमा सञ्चालित सामुदायिक विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गर्छ भन्ने कुराप्रति अधिकांश अभिभावकहरूको विश्वास गुम्दै गएको कुरा पुष्टि हुन्छ।

सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको उपलब्धिस्तर उकास्न र ती विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत वृद्धि गर्न नेपाल सरकारले "विद्यालय क्षेत्र विकास कार्यक्रम"मार्फत् विभिन्न प्रयासहरू गर्दै आएको छ । यी प्रयासहरूमध्ये नेपालको हरेक जिल्लामा केही सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गर्ने योजना निर्माण गरी कार्यन्वयन गर्नु एउटा उल्लेखनीय प्रयास हो । हरेक जिल्लामा नमुना विद्यालयको रूपमा विकास गरी सञ्चालन गरिने सामुदायिक विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको उपलब्धिस्तर तथा उत्तीर्ण प्रतिशत वृद्धि गर्नु यसको मुख्य उद्देश्य हो । साथै यी नमुना विद्यालयहरूलाई अन्य सामुदायिक विद्यालयहरूका लागि अनुसरण योग्य विद्यालयहरूको रूपमा सञ्चालन गर्नु यसको अर्को उद्देश्य हो ।

शिविप्र मन्त्रालयको यस नमुना विद्यालय सञ्चालनसम्बन्धी योजनालाई कार्यान्वयन गर्न शिक्षा तथा मानव संशाधन विकास केन्द्रले चालु आर्थिक वर्षमा समेत गरी जम्मा २२२ वटा विद्यालयहरूलाई नमुना विद्यालयको रूपमा विकास गरी सञ्चालन गर्ने निर्णय गरेको छ । सोही निर्णयअनुसार हरेक जिल्लामा नमुना विद्यालयको रूपमा सञ्चालन हुन चाहने विद्यालयहरूबाट निम्नलिखित मापदण्डहरू पूरा गरेका विद्यालयहरूबाट निवेदन माग गरिएको थियो ।

- तराईको विद्यालयको हकमा न्यूनतम २ विघा र पहाडको विद्यालयको हकमा १० रोपनी जमिन हुनुपर्ने र सो को स्वामित्व विद्यालयमा रहनुपर्ने,
- विद्यालय जिल्लाको उपयुक्त स्थान (Strategic Location) मा हुनुपर्ने र
- सम्बन्धित विद्यालय व्यवस्थापन समिति सक्रिय हुनुपर्ने र नमुना विद्यालय सञ्चालनका लागि प्रतिवद्ध रहनु पर्ने ।

माथि उल्लेखित मापदण्डहरू पूरा गरी छनोट भएका कतिपय विद्यालयहरूलाई नमुना विद्यालयको प्रस्ताव तयार गर्नका लागि शिक्षा तथा मानव संशाधन विकास केन्द्रले प्रति विद्यालय रु ६,००,०००/- आर्थिक अनुदान उपलब्ध गराई सकेको छ *(यी विद्यालयहरूलाई यहाँ नमुना विद्यालयको रूपमा लिइएको छ)*। नमुना विद्यालयको रूपमा सञ्चालन गर्न छनोट भएका विद्यालयहरूलाई सम्बन्धित निकायहरूद्वारा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिने व्यवस्था रहेको छ । गत वर्ष घोषित नमुना विद्यालयहरूलाई यी सहयोगहरू प्रदान गर्ने प्रक्रियामा रहेको छ । अर्थात् ती नमुना विद्यालयहरूले यी सहयोगहरू पाउनु बाँकी नै छ । यसर्थ यस अध्ययनमा समावेश भएका नमुना विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजा अन्य विद्यालयहरू (नमुना विद्यालयहरू बाहेक अरु विद्यालयहरू)को कार्यसम्पादन परीक्षणको नतिजासँग तुलना गर्ने समय भएको छैन । तथापि यी दुई प्रकारका विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाहरूको तुलनात्मक विश्लेषणबाट हाल घोषित नमुना विद्यालयहरूको गुणस्तर उकास्नको लागि सुधार गर्नुपर्ने विभिन्न क्षेहरूको पहिचान गर्न सघाउ पुऱ्याउनुको साथै ती विद्यालयहरूलाई सम्बन्धित निकायबाट दिनुपर्ने आर्थिक तथा प्राविधिक सहयोगहरू किटान गर्न सकिन्छ ।

यस परीक्षण कार्यमा समावेश गरिएका तीनवटा जिल्लामा रहेका २८ वटा पालिकाहरूमध्ये जम्मा ८ वटा पालिकाहरूमा मात्र न्यून सङ्ख्यामा नमुना विद्यालयहरू रहेका छन् । पर्सा जिल्लाका बीरगञ्ज महानगरपालिका, बहुदरमाई नगरपालिका, पोखरीया नगरपालिका र ठोरी गाउँपालिकामा १।१ वटा गरी जम्मा ४ वटा नमुना विद्यालयहरू छन् । रामेछाप जिल्लाका मन्थली नगरपालिमा र दोरम्बा गाउँपालिकामा १।१ वटा, र गोकूलगङ्गा गाउँपालिकामा २ वटा गरी जम्मा ४ वटानमुना विद्यालयहरूको रूपमा घोषणा गरिएको थियो । यसैगरी ललितपुर जिल्लाको गोदावरी नगरपालिकामा २ वटा विद्यालयहरू नमुना विद्यालयको लागि छनोट गरिएको थियो ।

माथि उल्लेखित ८ वटा पालिकाहरूमा सञ्चालित ८० वटा विद्यालयहरूलाई (क) नमुना विद्यालय र (ख) अन्य विद्यालयहरू गरी, दुई समूहमा विभाजन गरिएका छन् । ८ वटा पालिकाहरूमा जम्मा १० वटा नमुना विद्यालयहरू छन् भने यी नमुना विद्यालयहरू रहेको पर्सा, रामेछाप र ललितपुर जिल्लाका ८ वटा पालिकाहरूमा क्रमशः २५, ३१ र १४ गरी जम्मा ७० वटा अन्य विद्यालयहरू रहेका छन् ।

नमुना विद्यालय र अन्य विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजालाई विश्लेषण गर्न प्रत्येक नमुना विद्यालयले कार्य सम्पादनको हरेक क्षेत्रमा प्राप्त गरेका भारित प्राप्ताङ्कहरू अलग अलग जोडी क्षेत्रगत मध्यमाङ्क निकालिएको थियो । त्यस्तै हरेक नमुना विद्यालयले कार्यसम्पादनका सबै क्षेत्रहरूमा प्राप्त गरेका कूल प्राप्ताङ्कहरू जोडी नमुना विद्यालयहरूको छुट्टै मध्यमाङ्क निकालिएको थियो । यही प्रक्रिया अपनाई अन्य विद्यालय समूहको पनि क्षेत्रगत तथा कूल मध्यमाङ्क निकालिएको थियो । यी दुबै समूहका विद्यालयहरूको मध्यमाङ्कलाई दुईवटा शीर्षकहरू जस्तै (क) कार्यसम्पादनको समष्टिगत स्थिति र (ख) कार्यसम्पादनको क्षेत्रगत स्थिति, अन्तर्गत प्रस्तुत गरिएको छ ।

## कार्यसम्पादनको समष्टिगत स्थिति

तीनवटा जिल्लाका ८ वटा नगरपालिका तथा गाउँपालिकाहरूमा नमुना विद्यालयको रूपमा छनोट भएका १० वटा विद्यालयहरूको मध्यमाङ्क तथा ती पालिकाहरूमा सञ्चालित अन्य ७० वटा विद्यालयहरूले हासिल गरेको मध्यमाङ्क जिल्लागत रूपमा तल चित्र नं. ६.१ मा प्रस्तुत गरिएको छ ।

**चित्र ६.१: कार्यसम्पादन परीक्षणमा नमुना तथा अन्य विद्यालयहरूको जिल्लागत औसत स्तर**




कार्यसम्पादन परीक्षणमा दश वटा नमुना विद्यालयहरूको समग्र औसत स्तर ६७.५९ पाइएको छ जुन अन्य विद्यालयहरूको तुलनामा ८.४९ प्रतिशत बढी हो । जिल्लागत रूपमा हेर्दा पर्सा जिल्लाका अन्य विद्यालयहरूको औसत स्तरभन्दा नमुना विद्यालयहरूको औसत स्तर९.१४ प्रतिशतले अगाडि देखिन्छ । रामेछाप जिल्लाको सन्दर्भमा अन्य विद्यालयहरूको औसत स्तरभन्दा नमुना विद्यालयहरूको औसत स्तर ८.५२ प्रतिशत बढी आएको छ । यसैगरी ललितपुर जिल्लामा पनि अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरूको औसत स्तर ७.५७ प्रतिशतले बढी पाइएको छ । अतः कार्यसम्पादनमा हरेक जिल्लामा सञ्चालित नमुना विद्यालयहरूको औसत स्तर अन्य विद्यालयहरूको तुलनामा बढी पाइएको छ । फलस्वरूप तीनवटा जिल्लाका ८ वटा पालिकाहरूमा सञ्चालित सबै नमुना विद्यालयहरूको कार्यसम्पादनको समग्र औसत स्तर यी पालिकाहरूमा सञ्चालन भइरहेका अन्य विद्यालयहरूको तुलनामा बढी आएको छ । यी तथ्यहरूले प्रमाणित गर्छ कि कार्यसम्पादन स्तरको दृष्टिकोणले अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरू अगाडि छन् । यसले के इङ्गित गर्छ भने माथि उल्लेखित जिल्लाहरूमा नमुना लागि छनोट गरिएका यी विद्यालयहरू औसत रूपमा उपयुक्त देखिएका छन् । अतः नमुना विद्यालयहरूले पाउनु पर्ने प्राविधिक तथा आर्थिक सहयोग प्राप्त पश्चात् यी विद्यालयहरूको कार्यसम्पादनको स्तरमा निश्चित रूपमा सुधार आउने अनुमान गर्न सकिन्छ ।

तीनवटा जिल्लाका ८ वटै पालिकाहरूमा रहेका नमुना विद्यालयहरूको समग्र औसत स्तर र पर्सा तथा रामेछाप जिल्लाका नमुना विद्यालहरूको औसत स्तर अन्य विद्यालयहरूको तुलनामा बढी पाइएको भए तापनि प्राप्ताङ्क स्तरको वर्गीकरण अनुसार यी सबै औसत स्तरहरू सामान्य खालका मात्र हुन् । तर ललितपुर जिल्लाका नमुना विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर करिब ७५ प्रतिशत आएको छ जुन मध्यम स्तरीय अङ्कको दुरीभित्र

पर्छ । यी प्राप्तिहरूले के इङ्गित गर्छ भने पर्सा र रामेछाप जिल्लाका नमुना विद्यालयहरूको औसत कार्यसम्पादन स्तर अन्य विद्यालयहरूको तुलनामा बढी आएको भए तापनि ती औसत स्तर सन्तोषजनक देखिँदैन । तर तुलनात्मक रूपमा ललितपुर जिल्लाका नमुना विद्यालयहरूको औसत स्तरलाई सन्तोषजनक भन्न सकिन्छ ।

माथिको तालिकामा दिइएको हरेक जिल्लाका नमुना तथा अन्य विद्यालयहरूका मध्यमाङ्कलाई हेर्दा एउटा चाखलाग्दो कुरा के छ भने पर्सा र रामेछाप जिल्लाका नमुना विद्यालयहरूको औसत स्तर ललितपुर जिल्लामा सञ्चालित अन्य विद्यालयहरूको औसत स्तरसम्म पनि पुगेको छैन । ललितपुर जिल्लाका अन्य विद्यालयहरूको औसत स्तर भन्दा पर्सा र रामेछाप जिल्लाका नमुना विद्यालयहरूका औसत स्तर केही प्रतिशतले कम आएका छन् । यसबाट स्पष्ट हुन्छ कि यी दुईवटा जिल्लामा नमुना विद्यालयको लागि छनोटमा परेका विद्यालयहरूको कार्यसम्पादनमा सुधार गर्न ललितपुर जिल्लाको तुलनामा अझ बढी प्रयास गर्नु जरुरी छ ।

### कार्यसम्पादनको क्षेत्रगत स्थिति

तीनवटा जिल्लाका ८ वटा पालिकाहरूमा सञ्चालन भइरहेको नमुना विद्यालयहरू तथा अन्य विद्यालयहरूले कार्यसम्पादनको लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रलगायत “सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या” पक्षमा हासिल गरेका मध्यमाङ्क तालिका नं. ६.१ म प्रस्तुत गरिएको छ । साथै यस तालिकामा कार्यसम्पादनका तीनवटै क्षेत्र तथा पक्षको जिल्लागत कूल मध्यमाङ्क दिइएका छन् ।

**तालिका ६.१: कार्यसम्पादन परीक्षणमा नमुना विद्यालयहरू र अन्य विद्यालयहरूको विभिन्न क्षेत्र तथा पक्षको जिल्लागत मध्यमाङ्क**

| जिल्ला | विद्यालयको प्रकार | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | | | लगानी | प्रक्रिया | उपलब्धि | सेवाग्राही विद्यार्थी सङ्ख्या | कूल | |
| पर्सा | नमुना विद्यालय | ४ | १६.१३ (६४.५२) | १७.३४ (५७.८०) | २६.४५ (६६.१३) | ५ (१००) | ६४.९१ | सामान्य |
| | अन्य विद्यालय | २५ | १४.१५ (५६.६०) | १३.६३ (४५.४३) | २३.८२ (५९.५५) | ४.५२ (९०.४०) | ५५.७७ | सामान्य |
| रामेछाप | नमुना विद्यालय | ४ | १६.५९ (६६.३६) | २१.४७ (७१.५७) | २३.५६ (५८.९०) | ५ (१००) | ६६.६२ | सामान्य |
| | अन्य विद्यालय | ३१ | १३.३० (५३.२०) | १७.१० (५७.००) | २५.८६ (६४.६५) | १.९० (३८.०) | ५८.१० | सामान्य |
| ललितपुर | नमुना विद्यालय | २ | १८.३६ (७३.४४) | २२.१८ (८८.७२) | २९.३४ (७३.३५) | ५ (१००) | ७४.८७ | सामान्य |
| | अन्य विद्यालय | १४ | १७.१० (६८.४०) | २१.०० (७०.००) | २७.२४ (६८.१०) | २.०० (४०.००) | ६७.३० | सामान्य |

| जिल्ला | विद्यालयको प्रकार | विद्यालय सङ्ख्या | मध्यमाङ्क | | | | | औसत स्तर |
|---|---|---|---|---|---|---|---|---|
| | | | लगानी | प्रक्रिया | उपलब्धि | सेवाग्राही विद्यार्थी सङ्ख्या | कूल | |
| कूल | नमुना विद्यालय | १० | १६.७६ (६७.०४) | १९.९६ (६६.५३) | २५.८७ (६४.६८) | ५ (१००) | ६७.५९ | सामान्य |
| | अन्य विद्यालय | ७० | १४.३६ (५७.४४) | १६.६४ (५५.४७) | २५.४१ (६३.५३) | २.८६ (५७.२०) | ५९.१० | सामान्य |

***नोटः कोष्ठभित्रको अङ्कले प्रतिशत जनाउँदछ ।***

माथि तालिकामा दिइएको क्षेत्रगत मध्यमाङ्कको विश्लेषण निम्नलिखित शीर्षकहरू अन्तर्गत गरिएको छ ।

## लगानी क्षेत्र

कार्यसम्पादनको लगानी क्षेत्रमा तीनवटै जिल्लाका ८ वटा पालिकाहरूमा सञ्चालित नमुना विद्यालयहरूको औसत स्तर ६७.०४ प्रतिशत पाइएको छ जुन अन्य विद्यालयहरूको तुलनामा ९.६० प्रतिशतले उच्च रहेको छ। जिल्लागत रूपमा हरेक जिल्लामा अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरूको मध्यमाङ्क बढी आएको छ। नमुना विद्यालय र अन्य विद्यालयहरूको कार्यसम्पादनबीचको भिन्नता सबभन्दा बढी रामेछाप जिल्लामा देखिएको छ। यस जिल्लामा नमुना विद्यालयको मध्यमाङ्क ६६.३६ प्रतिशत पाइएको छ जुन अन्य विद्यालयहरूको तुलनामा १३.१६ प्रतिशतले उच्च देखिन्छ। त्यस्तै पर्सा जिल्लामा दुई समूहका विद्यालयहरूका मध्यमाङ्कबीचको भिन्नता ८.०८ प्रतिशत पाइएको छ भने ललितपुर जिल्लाको सन्दर्भमा यो भिन्नता ५.०४ प्रतिशत मात्र छ।

विद्यालयहरूको कार्यसम्पादनमा पर्सा र रामेछाप दुवै जिल्लाहरूमा नमुना विद्यालयहरूको मध्यमाङ्क अन्य विद्यालयहरूको तुलनामा बढी आएको भए तापनि यी मध्यमाङ्क सामान्य स्तरको मात्र भएको हुँदा राम्रो छ भन्न सकिँदैन। लगानी क्षेत्रमा यी दुईवटै जिल्लामा नमुना विद्यालयहरूको मध्यमाङ्क सामान्य स्तरको मात्र आउनुको मुख्य कारण धेरैजसो विद्यालयहरूले लगानी क्षेत्रमा हासिल गरेका प्राप्ताङ्कहरू सामान्य स्तरको मात्र हुनु हो। साथै कुनै विद्यालयको प्राप्ताङ्क यस क्षेत्रमा ५० प्रतिशत भन्दा कम आएको छ जसले गर्दा नमुना विद्यालयहरूको मध्यमाङ्कमा असर पारेको छ। त्यस्तै यी नमुना विद्यालयहरूमध्ये केही विद्यालयहरूको लगानी क्षेत्र अन्तर्गत भौतिक संरचना उपक्षेत्रमा कम प्राप्ताङ्क आएका छन् भने अरु केही विद्यालयहरूको प्राप्ताङ्क समुदायको सहभागिता र लगानी उपक्षेत्रमा धेरै कम प्राप्ताङ्क आएका छन्। यसैगरी केही विद्यालयहरूको प्राप्ताङ्क शिक्षक उपक्षेत्रमा कम आएको हुँदा समग्र रूपमा नमुना विद्यालयहरूको लगानी क्षेत्रको मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको हो। यसबाट स्पष्ट हुन्छ कि नमुना विद्यालयहरूको समग्र कार्यसम्पादन स्तरमा सुधार ल्याउनको लागि कुनै विद्यालयमा भौतिक संरचना निर्माणमा जोड दिइनु अनिवार्य छ भने केही विद्यालयहरूमा समुदायको सहभागिता र लगानी वृद्धि गर्नमा प्राथमिकता दिइनु पर्ने आवश्यकता देखिन्छ। त्यस्तै कुनै कुनै विद्यालयमा शिक्षकहरूको लैंगिक अनुपातमा ध्यान दिइनु पर्ने देखिन्छ। तर केही विद्यालयहरूको लगानी क्षेत्रको समग्र प्राप्ताङ्कहरू नै कम भएको हुँदा यस क्षेत्रअन्तर्गत सबै उपक्षेत्रहरूमा नै सुधार ल्याउनु जरुरी छ।

## प्रक्रिया क्षेत्र

प्रक्रिया क्षेत्रमा तीनवटा जिल्लाका नमुना विद्यालयहरूको समग्र औसत स्तर ६६.५३ प्रतिशत आएको छ जुन अन्य विद्यालयहरूको तुलनामा ११.०६ प्रतिशतले बढी हो । जिल्लागत रूपमा हरेक जिल्लामा यस्तै खालको नतिजा पाइएको छ । किनकि कार्यसम्पादनको यस क्षेत्रमा हरेक जिल्लामा अन्य विद्यालयहरूको मध्यमाङ्कको तुलनामा नमुना विद्यालयहरूको बढी पाइएको छ । यी दुई समूहका विद्यालयहरूको मध्यमाङ्कबीचको भिन्नता पर्सा, रामेछाप र ललितपुर जिल्लामा क्रमशः १२.३७, २४.५७ र १८.७२ प्रतिशत पाइएको छ । सबभन्दा बढी भिन्नता रामेछाप जिल्लामा पाइएको छ ।

माथि तालिकामा एउटा उल्लेख्य कुरा के छ भने रामेछाप र ललितपुर दुबै जिल्लाहरूमा प्रक्रिया क्षेत्रमा नमुना विद्यालयहरूको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ । त्यस्तै यी दुबै जिल्लाहरूमा सञ्चालित नमुना विद्यालयहरूमध्ये रामेछाप जिल्लाको एउटा विद्यालय बाहेक सबै नमुना विद्यालयहरूका मध्यमाङ्क मध्यम स्तरको पाइएका छन् ।

पर्सा जिल्लामा तुलनात्मक रूपमा प्रक्रिया क्षेत्रमा धेरै कम मध्यमाङ्क आएको छ । यसको मूल कारण के हो भने प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूमा यस जिल्लाका ४ वटा नमुना विद्यालयहरूमध्ये २ वटा विद्यालयहरूका मध्यमाङ्क न्यून पाइएका छन् । यी विद्यालयहरूमध्ये पनि एउटा विद्यालयको प्रक्रिया क्षेत्र र यस अन्तर्गतका उपक्षेत्रहरूका मध्यमाङ्क अझ कम पाइएको छ । अर्थात प्रक्रिया क्षेत्रको मध्यमाङ्क करिव २६ प्रतिशत मात्र पुगेको छ भने उपक्षेत्रहरूका मध्यमाङ्क १४.२९ देखि ५५.५६ प्रतिशतसम्म फैलिएका छन् । त्यस्तै प्रक्रिया क्षेत्रमा अर्को विद्यालयको मध्यमाङ्क ५८ प्रतिशत पनि पुग्न सकेन । अरु दुई वटा विद्यालयहरूको मध्यमाङ्क मध्यम स्तरीय अङ्कको दूरीको (७० देखि ९० प्रतिशत) न्यूनतम अङ्कको हाराहारीमा मात्र पुगेको छ । यसबाट स्पष्ट हुन्छ कि पर्सा जिल्लाका ४ वटा नमुना विद्यालयहरूमध्ये २ वटा विद्यालयहरूमा शिक्षकहरूको कक्षा शिक्षण र ती शिक्षकहरूले गर्ने विद्यार्थी मूल्याङ्कन प्रक्रिया धेरै कमजोर छन् । साथै यी नमुना विद्यालयहरूले शिक्षकहरूको पेसागत विकास र विद्यार्थीहरूको लागि अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रमहरू ज्यादै न्यून मात्रामा सञ्चालन गरेका देखिन्छन् । यी तथ्यहरूबाट स्पष्ट हुन्छ कि पर्सा जिल्लाका ४ वटा नमुना विद्यालयहरूमध्ये प्रक्रिया क्षेत्रमा कमजोर देखिएका २ वटा नमुना विद्यालयहरूको यस क्षेत्रको कार्यसम्पादनमा सुधार नआउन्जेल पर्सा जिल्लाको सबै नमुना विद्यालयहरूको प्रक्रिया क्षेत्रको औसत स्तरमा वृद्धि हुन नसक्ने कुरा प्रमाणित गर्दछ ।

## उपलब्धि

कार्यसम्पादनको उपलब्धि क्षेत्रमा तीनवटा जिल्लाहरूमा सञ्चालित नमुना विद्यालयहरूको समग्र औसत स्तर अन्य विद्यालयहरूको तुलनामा बढी आएको भए तापनि यी दुई समूहका विद्यालयहरूको औसत स्तरको भिन्नता नगण्य मात्रामा अर्थात १.१५ प्रतिशत मात्र पाइएको छ । यसको मुख्य कारण के हो भने पर्सा र लतितपुर जिल्लाका नमुना विद्यालयहरूका मध्यमाङ्क अन्य विद्यालयहरूको तुलनामा ५.११ देखि ६.५८ प्रतिशतले बढी आएको भए तापनि रामेछाप जिल्लामा नमुना विद्यालयहरूको तुलनामा अन्य विद्यालयहरूको मध्यमाङ्क बढी पाइएको छ । त्यस्तै पर्सा र रामेछाप दुबै जिल्लामा रहेका नमुना विद्यालयहरूको मध्यमाङ्क सामान्य स्तरका मात्र हुन् । यी विद्यालयहरूका मध्यमाङ्क सामान्य स्तरका मात्र हुनुको मुख्य कारण के हो भने दुबै जिल्लामा रहेका नमुना विद्यालयहरूमध्ये केही विद्यालयहरूको विद्यार्थीको नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उपक्षेत्र र सिकाइउपलब्धि उपक्षेत्रमा धेरै कम मध्यमाङ्क आउनु हो । यी प्राप्तिहरूबाट स्पष्ट हुन्छ कि पर्सा र रामेछाप

जिल्लाका नमुना विद्यालयहरूको कार्यसम्पादनको उपलब्धि क्षेत्रमा सुधार ल्याउन विद्यार्थीको नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उपक्षेत्र र सिकाइउपलब्धि उपक्षेत्रमा कम अङ्क हासिल गर्ने विद्यालयहरूको प्राप्ताङ्क यी उपक्षेत्रहरूमा पनि वृद्धि हुनु जरुरी छ । ललितपुर जिल्लाको सन्दर्भमा नमुना विद्यालयहरूले उपलब्धि क्षेत्रमा हासिल गरेको मध्यमाङ्क अन्य विद्यालयहरूको तुलनामा ५.२५ प्रतिशतले मात्र बढी देखिएको भए तापनि सन्तोषजनक मान्नुपर्छ । किनकि यस जिल्लाका नमुना विद्यालयहरूको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ । यस जिल्लामा सञ्चालित नमुना विद्यालयहरूले उपलब्धि क्षेत्रका अन्य उपक्षेत्रहरूमा जस्तै विद्यार्थीको नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उपक्षेत्रमा बढी प्राप्ताङ्क हासिल गर्न सकेको खण्डमा यी विद्यालयहरूको उपलब्धि क्षेत्रको औसत स्तर अझ वृद्धि हुने निश्चित छ ।

### क्षेत्रगत तुलना

तीनवटै जिल्लामा सञ्चालित सबै नमुना विद्यालयहरूले कार्यसम्पादनको हरेक क्षेत्रमा हासिल गरेका औसत स्तरहरूबीच त्यति भिन्नता देखिँदैन । किनकि नमुना विद्यालयहरूले तीनवटा क्षेत्रहरूमध्ये लगानी क्षेत्रमा सबभन्दा बढी औसत स्तर (६७.०४ प्रतिशत) हासिल गरेको भएतापनि यो औसत स्तर र प्रक्रिया क्षेत्रको औसत स्तरबीचको भिन्नता १ प्रतिशन नै छैन । त्यस्तै सबभन्दा कम औसत स्तर (६४.६८ प्रतिशत) उपलब्धि क्षेत्रमा देखिएको भएतापनि यो औसत स्तर र प्रक्रिया क्षेत्रको औसत स्तरबीचको भिन्नता २ प्रतिशत भन्दा कम पाइएको छ । जिल्लागत रूपमा पर्सा जिल्लाका नमुना विद्यालयहरूको सबभन्दा बढी मध्यमाङ्क उपलब्धि क्षेत्रमा आएको छ भने रामेछाप र ललितपुर जिल्लाका नमुना विद्यालयहरूको सबभन्दा बढी मध्यमाङ्क प्रक्रिया क्षेत्रमा देखिएको छ ।

## सेवा पद्रान गरिएको विद्यार्थी सङ्ख्या

तीनवटा जिल्लामा सञ्चालन भइरहेको नमुना विद्यालयहरूले कार्यसम्पादनको सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकमा शतप्रतिशत औसत स्तर प्राप्त गर्न सफल भएका छन् । तर यी जिल्लाहरूमा सञ्चालित अन्य विद्यालयहरूमा यो स्थिति देखिएन । किनकि कार्यसम्पादनको यस पक्षमा अन्य विद्यालयहरूको औसत स्तर करिव ५७ प्रतिशत मात्र पुगेको छ ।

जिल्लागतरूपमा कार्यसम्पादनको यस पक्षमा हरेक जिल्लामा सञ्चालित नमुना विद्यालयहरूको मध्यमाङ्क १०० प्रतिशत पाइएको छ । तर यी जिल्लाहरूमा सञ्चालित अन्य विद्यालयहरूको मध्यमाङ्कको स्थिति नमुना विद्यालयहरूको तुलनामा फरक पाइएको छ । पर्सा जिल्लाका अन्य विद्यालयहरूको मध्यमाङ्क ९२ प्रतिशत आएको छ । रामेछाप र ललितपुर दुबै जिल्लाका अन्य विद्यालयहरूले कार्यसम्पादनको यस पक्षमा ४० प्रतिशत भन्दा बढी मध्यमाङ्क हासिल गर्न सकेनन् ।

कार्यसम्पादनको यस पक्षमा नमुना विद्यालयहरू र अन्य विद्यालयहरूले प्राप्त गरेका मध्यमाङ्कबाट स्पष्ट हुन्छ कि हरेक जिल्लामा नमुना विद्यालयहरूका लागि छनोट गरिएका विद्यालयहरूमा औसत विद्यार्थी सङ्ख्या शिक्षा नियमावलीमा उल्लेख भएअनुसार विद्यालयमा प्रति कक्षा हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या भन्दा बढी पाइएका छन् । तर यही अवस्था अन्य समूहका विद्यालयहरूमा देखिएन । किनकि माथि तालिकामा हरेक जिल्लामा अन्य विद्यालयहरूले प्राप्त गरेका मध्यमाङ्कले के पुष्टि गर्छ भने रामेछाप र ललितपुर जिल्लाका अन्य विद्यालयहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्या विद्यालयमा हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत भन्दा बढी छैन । तर यो अवस्था पर्सा जिल्लामा अलि सुध्रिएको देखिन्छ । किनकि यस जिल्लाका अन्य विद्यालयहरूमा विद्यार्थी सङ्ख्या नियमानुसार प्रति कक्षा हुनुपर्ने विद्यार्थी सङ्ख्याको ९० प्रतिशत भन्दा बढी देखिन्छ ।

# खण्ड ७
# कार्यसम्पादन परीक्षणको नतिजाको प्रयोग

समग्र रूपमा विद्यालय कार्यसम्पादन परीक्षणको उद्देश्य विद्यालयहरूको कार्यसम्पादनको स्तर निर्धारण गर्नु हो । विशिष्ट रूपमा भन्ने हो भने कार्यसम्पादनको हरेक क्षेत्र तथा उपक्षेत्रहरूमा विद्यालयको कार्यसम्पादनको स्तर निर्धारण गर्दछ । हरेक विद्यालयलाई कार्यसम्पादन परीक्षणको नतिजाबाट हरेक क्षेत्र तथा उपक्षेत्रमा र समग्रमा आफ्नो विद्यालयको कार्यसम्पादनको स्थितिबारे सङ्ख्यात्मक रूपमा जानकारी प्राप्त हुन्छ । यसको साथै सम्बन्धित केन्द्रीय, प्रादेशिक तथा स्थानीय निकायहरूलाई समेत समष्टिगत, जिल्लागत, पालिकागत, र विद्यालयगत रूपमा कार्यसम्पादनको हरेक क्षेत्र तथा उपक्षेत्रको नतिजाबारे जानकारी हुन्छ । भनाइको अर्थ हरेक विद्यालय तथा माथि उल्लेखित निकायहरूलाई समेत कार्यसम्पादनको कुन कुन क्षेत्र तथा उपक्षेत्रहरूमा कुन कुन विद्यालय, कुन कुन पालिका तथा जिल्लाहरू कमजोर छन् र सुधार गर्नुपर्ने क्षेत्र तथा उपक्षेत्रहरू कुन कुन हुन विशिष्ट रूपमा पहिचान हुन्छ ।

विद्यालयको कार्यसम्पादनको स्तर उकास्नका लागि कार्यसम्पादनको क्षेत्र तथा उपक्षेत्रहरूको स्तर निर्धारण गरेर र कार्यसम्पादनको कमजोर क्षेत्र तथा उपक्षेत्रहरूको पहिचान भएर मात्र पुग्दैन । कार्यसम्पादन परीक्षणले देखाएको स्तर र सुधार गर्नुपर्ने कमजोर क्षेत्र तथा उपक्षेत्रहरूको आधारमा सम्बन्धित निकाय तथा पदाधिकारीहरूले सुधारका उपायहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु, गराउनु अनिवार्य छ । अर्थात् विद्यालय कार्यसम्पादनको स्तर वृद्धि गर्नका लागि कार्यसम्पादन परीक्षणको नतिजा प्रयोग हुनु जरुरी छ ।

विद्यालय कार्यसम्पादन परीक्षणको नतिजा र त्यसको प्रयोग बारेमा आवश्यक गुणात्मक तथ्याङ्क सङ्कलन गर्न परीक्षकले हरेक विद्यालयमा शिक्षक, कर्मचारी, विव्यसको पदाधिकारी र अभिभावकको संयुक्त बैठकमा कार्यसम्पादन परीक्षणको नतिजा विस्तृत रूपमा प्रस्तुत गरिएको र सो प्रस्तुतीकरणपश्चात् कार्यसम्पादनको उक्त नतिजाबारे प्रअ तथा विव्यसको पदाधिकारीबाट विद्यालय कार्यसम्पादन परीक्षण फाराममा प्रतिक्रियाहरू लेख्न लगाइएको थियो । त्यस्तै हरेक परीक्षकबाट कार्यसम्पादन परीक्षणको नतिजाको प्रयोगसम्बन्धी सुझावहरू लिइएको थियो । ती प्रतिक्रियाहरू तथा सुझावहरूलाई विभिन्न समूहहरूमा विभाजन गरी तालिकीकरण गरिएको थियो । तालिकीकरण गरिएका यी समग्र प्रतिक्रिया तथा सुझावहरूलाई काठमाडौँमा उपलब्ध परीक्षकहरू र सबै जिल्ला संयोजकहरू समाविष्ट कार्यशाला गोष्ठीमा प्रस्तुत गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा विशेष गरी सहभागीहरूबाट विभिन्न तहगत निकायहरूमा कार्यसम्पादन परीक्षणको नतिजाको प्रयोगबारे आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो । अतः कार्यसम्पादन परीक्षणको नतिजा प्रयोगसम्बन्धी काठमाडौँमा आयोजित कार्यशाला गोष्ठीबाट आएका विशिष्ट सुझावहरू, हरेक परीक्षक तथा प्रअ एवम् विव्यसको पदाधिकारीद्वारा दिइएका सुझावहरू, गत वर्षको विद्यालय कार्यसम्पादन परीक्षणको प्रतिवेदनहरूमा उल्लेख भएका सुझावहरूको साथै यससम्बन्धी प्याकेज संयोजकको समेत आफ्नै अनुभवहरूका आधारमा विद्यालयहरूको कार्यसम्पादनमा सुधार ल्याउन परीक्षणको नतिजालाई सम्बन्धित निकायहरूले के कसरी प्रयोग गर्न सकिन्छ निम्नलिखित शीर्षकहरू अन्तर्गत प्रस्तुत गरिएका छन् ।

## ७.१. सङ्घीय तह

- शिविप्र मन्त्रालयले हरेक विद्यालयमा हुनुपर्ने न्यूनतम भौतिक संरचनाको मापदण्डहरू तयार गरी प्रदेशको सम्बन्धित निकायमार्फत् सबै पालिका तथा विद्यालयहरूमा पठाउनु पर्छ । यी मापदण्डहरू तयार गर्नका लागि विद्यालय कार्यसम्पादन परीक्षण फाराम र परीक्षणको नतिजा अत्यावश्यक सन्दर्भ सामग्री हुनसक्छ ।
- शैगुपकेले विद्यालय कार्यसम्पादन परीक्षणको समष्टिगत चित्र प्रस्तुत गर्नको लागि कार्यसम्पादनका सबै प्याकेजका प्रतिवेदनहरूको आधारमा एउटा समष्टिगत प्रतिवेदन तयार गर्नुपर्छ । यसको लागि हरेक प्याकेजको कार्यसम्पादन परीक्षणको नतिजासम्बन्धी प्रतिवेदनको आवश्यकता हुन्छ ।
- विद्यालय शिक्षामा सुधार गर्न केन्द्रीय तहका सम्बन्धित पदाधिकारीहरू तथा प्रदेश तहको सामाजिक विकास मन्त्रालयको सम्बन्धित निकायको पदाधिकारीहरूलाई विद्यालयको कार्यसम्पादन स्तरबारे जानकारी हुनु आवश्यक छ । यसको लागि शैगुपकेले शिविप्र मन्त्रालय, शिक्षा तथा मानव संशाधन विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षक सेवा आयोग, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश तहका सम्बन्धित कार्यालय आदिका सम्बन्धित पदाधिकारीहरूको सहभागिता हुने गरी प्रवोधीकरण कार्यक्रमको आयोजना गर्नुपर्छ । उक्त कार्यक्रममा विद्यालय कार्यसम्पादन परीक्षणको समष्टिगत प्रतिवेदनमा उल्लेखित समष्टिगत, जिल्लागत तथा पालिकागत र नमुना विद्यालयहरूको कार्यसम्पादनको नतिजाहरू र ती नतिजाहरूलाई सुधार गर्न दिइएका सुझावहरू प्रस्तुत गरी छलफल गर्नुपर्छ । साथै विद्यालयहरूको कार्यसम्पादनमा सुधार ल्याउन हरेक निकायले गर्नुपर्ने कार्यहरूको सूची बनाई उक्त सूची तथा समष्टिगत प्रतिवेदन सबै सम्बन्धित निकायहरूमा पठाउनु पर्छ । यी सबै कार्यहरूको लागि परीक्षणको नतिजा सर्वप्रथम शैगुपकेलाई अनिवार्य छ ।
- शिविप्र मन्त्रालयले शैगुपकेद्वारा पठाएको सूचीको आधारमा सबै निकायहरूले योजना बनाउन लगाउने र सो योजनाअनुसार कार्यक्रमहरू तयार गर्न लगाई कार्यान्वयन गर्न लगाउनु पर्छ । हरेक निकायले योजना निर्माण गर्नको लागि पनि कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा गनुपर्ने हुन्छ ।
- शिविप्र मन्त्रालयले हरेक विद्यालय आफैले प्रत्येक वर्ष कार्यसम्पादन परीक्षण गरी फाराम भर्नुपर्ने, सो को मूल्याङ्कन स्थानीय तह (विद्यालय र पालिका) ले गर्नुपर्ने र निश्चित समयको अन्तरालमा शैगुपकेद्वारा सबै विद्यालयको कार्यसम्पादन परीक्षण गर्नुपर्ने नीति निर्माण गरी कार्यान्वयन गर्न लगाउनु पर्छ । साथै प्रतिवेदनमा उल्लेखित सुझावहरूले औंल्याएको क्षेत्रहरूमा नीति निर्माण गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गर्नुपर्छ । जस्तो हरेक पालिकामा शिक्षकहरूको लैङ्गिक अनुपात मिलाउन महिला शिक्षक नपुग भएको विद्यालय वा पालिकाहरूमा अनिवार्य रूपमा महिला शिक्षक नियुक्ति गर्न, विषयगत शिक्षक दरवन्दी, विद्यालयहरूमा प्राविधिक निरीक्षण (कक्षा अवलोकन) का लागि हरेक पालिकामा विद्यालय निरीक्षकहरूको दरवन्दी, नमुना विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूको योग्यता आादि जस्ता विषयहरूमा नीति निर्माण गर्नु पर्छ ।
- अधिकांश विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयन नभइरहेको सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले यस परीक्षणको नतिजा तथा सुझावहरूले औंल्याएअनुसार casecade model मा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन गर्नु आवश्यक छ ।
- विद्यालय कार्यसम्पादन परीक्षण प्रणाली, यसको औचित्य तथा महत्वबारे स्थानीय तहका जनप्रतिनिधि तथा शिक्षा शाखाका कर्मचारीहरू अनभिज्ञ भएको तथ्य परीक्षणको नतिजाले देखाएको हुँदा शैगुपकेले यी

पदाधिकारीहरुका लागि Casecade model मा विद्यालय कार्यसम्पादन परीक्षणसम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

## ७.२. प्रदेश तह

- प्रदेश तहका सबै सम्बन्धित पदाधिकारीलाई आफ्ना मातहतका सबै जिल्ला तथा पालिकाहरूमा सञ्चालित विद्यायहरूको कार्यसम्पादन स्तरबारे जानकारी दिन र कार्यसम्पादनमा सुधार ल्याउनको लागि ती पदाधिकारीहरूलाई परीक्षणको नतिजा अत्यावश्यक छ । यसका लागि प्रदेश तहको स्थानीय निकायले सबै सरोकारवाला समूहहरूको लागि सम्बन्धित परामर्शदाता संस्थाको सहयोगमा कार्यसम्पादन परीक्षण कार्यमा संलग्न जिल्ला संयोजकहरूको सहभागितामा प्रवोधीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- आफ्नो प्रदेशमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादनमा सुधार ल्याउन कार्यसम्पादन परीक्षणको नतिजाले औंल्याएका पक्षहरूमा सम्बन्धित विषय विज्ञहरूको सहभागितामा कार्यशाला गोष्ठीमार्फत् आवश्यक नीति निर्माण गरी कार्यान्वयन गनुपर्छ । यस सन्दर्भमा नीति निर्माणको मुख्य आधार नै कार्यसम्पादन परीक्षणको नतिजा हो ।
- प्रदेश तहको सामाजिक विकास मन्त्रालयले शिविप्र मन्त्रालयद्वारा तयार गरिएको विद्यालयको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको मामदण्डहरूको आधारमा हरेक पालिकाबाट हरेक विद्यालयको लागि आवश्यक भौतिक संरचनाको सूची तथा सो संरचना निर्माण गर्नका लागि आवश्यक अनुमानित बजेट तयार गर्न लगाइ लिनुपर्ने छ । सो बजेटको आधारमा बहुवर्षीय योजना बनाई हरेक पालिकामा विद्यालयहरूको भौतिक संरचना निर्माणको लागि बजेट पठाउने र सोअनुसार निर्माणसम्बन्धी काम भएको छ छैन अनुगमन गर्नुपर्छ । भौतिक संरचनाको निर्माण प्रदेश सरकारको साथै सम्बन्धित स्थानीय तहको आर्थिक अनुदानबाट हुनुपर्छ । साथै स्थानीय समुदाय र अभिभावकहरूले जनश्रमदान दिनुपर्ने व्यवस्था हुनुपर्छ । यी सबै कामहरूको लागि पनि कार्यसम्पादनको नतिजा आवश्यक छ ।
- विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन प्रदेश तहका शिक्षा निकायहरूलाई अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना निर्माण गरी सो को आधारमा शैक्षिक कार्यक्रमहरू तयार गर्न यस कार्यसम्पादन नतिजाको प्रयोग हुन्छ ।
- सामाजिक विकास मन्त्रालयले वार्षिक बजेट निर्माण गर्दा शिक्षासम्बन्धी कुन कुन क्षेत्रहरूमा प्राथमिकता दिने निर्धारण गर्न र ती क्षेत्रहरूमा बजेट छुट्याउनको लागि कार्यसम्पादन परीक्षणको नतिजा प्रयोग गर्नु अनिवार्य हुन्छ । अर्थात् जिल्लागत तथा शीर्षकगत बजेट बाँडफाँटमा यसको प्रयोग गर्न सकिन्छ ।

## ७.३. स्थानीय तह

- हरेक विद्यालयको कार्यसम्पादनबारे सरोकारवाला समूहहरूलाई कार्यसम्पादन स्तरबारे जानकारी दिन पनि यस परीक्षणको नतिजा प्रयोग हुन्छ । यसका लागि सम्बन्धित परामर्शदाता संस्थाको सहयोगमा कार्यसम्पादन परीक्षणको नतिजाबारे सरोकारवाला समूहहरूका लागि प्रवोधीकरण कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ ।
- स्थानीय तहले आफ्नो पालिकामा सञ्चालित सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजालाई चार्ट बनाएर स्थानीय निकायको समीक्षा कक्षमा टाँस्ने व्यवस्था गरिएमा विद्यालयको कार्यसम्पादनबारे

सर्वसाधारणले समेत जानकारी प्राप्त गर्न सक्छन् । अतः हरेक विद्यालयको कार्यसम्पादन स्तरबारे सरोकारवालालाई जानकारी दिनको लागि पनि यस परीक्षणको नतिजा प्रयोग गर्न सकिन्छ ।

- आफ्नो पालिकामा सञ्चालित सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको विद्युतीय फाइल शैगुपकेसँग माग गरी उक्त नतिजालाई आफ्नो वेबसाइटमा राख्नु उपयुक्त हुन्छ। विद्यालय कार्यसम्पादनमा सुधार ल्याउने क्रममा उक्त नतिजालाई आवश्यक भएको बेलामा कुनै पनि संस्था वा सरोकारवाला समूहले प्रयोगमा ल्याउन सक्छन् ।
- वर्तमान संविधानअनुसार स्थानीय सरकार आफैले ऐन नियम तथा नीति निर्माण गरी विद्यालयहरू स्थापना एवम् सञ्चालन गर्न सक्ने व्यवस्थाअनुसार विद्यालयहरूको कार्यसम्पादनमा सुधार ल्याउन स्थानीय निकायले आवश्यक नीति निर्माण गर्नुपर्छ। यसको लागि स्थानीय तहलाई कार्यसम्पादन परीक्षणको नतिजा अनिवार्य तथा अत्यावश्यक सन्दर्भ सामग्री हुनेछ ।
- हरेक विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउनको लागि स्थानीय तहले सम्बन्धित विद्यालयलाई योजना तयार गर्न लगाई सङ्कलन गर्नुपर्छ । हरेक विद्यालयद्वारा तयार गरिएको योजनाहरू र पालिकाले प्राप्त गरेको विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा हरेक पालिकाले विद्यालयहरूको कार्यसम्पादन सुधार गर्नका लागि कार्यशाला गोष्ठीमार्फत् अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना निर्माण गर्न सक्छन्। यसको लागि प्रत्येक स्थानीय तहमा शिक्षा समितिअन्तर्गत आवश्यकताअनुसार विषय विज्ञहरू समाविष्ट उपसमितिहरू जस्तै भौतिक संरचना उपसमिति, पाठ्यक्रम उपसमिति, तालिम उपसमिति, कक्षा शिक्षण सुधार उपसमिति, कार्यमूलक अनुसन्धान उपसमिति, अनुगमन उपसमिति, मूल्याङ्कन सुधार उपसमिति आदि गठन गर्नुपर्छ। उपसमितिहरूमा स्थानीय शिक्षाविद्हरू, अवकास प्राप्त विनिहरू, प्रअहरू, शिक्षकहरू, प्राध्यापकहरू, शिक्षा निकायका कर्मचारीहरू, इन्जिनियरहरू आदि समावेश गर्नु उपयुक्त हुन्छ। अतः यी उपसमितहरूले माथि उल्लेखित योजनाहरू निर्माण गर्नमा पनि यस परीक्षणको नतिजा उपयोगी हुन्छ ।
- स्थानीय निकायले हरेक विद्यालयबाट शिविप्र मन्त्रालयद्वारा पठाइएको विद्यालयको लागि न्यूनतम आवश्यक भौतिक संरचनाका मापदण्डहरूको आधारमा हरेक विद्यालयमा निर्माण गर्नुपर्ने भौतिक संरचनाहरूको सूची र ती भौतिक संरचनाहरू निर्माण गर्नका लागि आवश्यक अनुमानित बजेट लिन र सो संरचनाको सूची तथा बजेट रकम ठीक छ छैन हेर्नको लागि पनि परीक्षण नतिजा आवश्यक हुन्छ ।
- हरेक पालिकाले कार्यसम्पादन परीक्षणको नतिजाबाट कुन कुन विद्यालयका कुन क्षेत्र तथा उपक्षेत्रहरू कमजोर छन् विस्तृत रूपमा थाहा पाउन सकिन्छ । ती कमजोर पक्षहरूलाई सुधार गर्न आवश्यक कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यी कार्यक्रमहरूको आधारमा हरेक विद्यालयलाई बजेट बाँडफाँट गर्न सकिन्छ । अतः हरेक विद्यालयलाई न्यायोचित तथा औचित्यपूर्ण तरिकाले बजेटको बाँडफाँट गर्नमा पनि परीक्षण नतिजाले सहयोग गर्दछ ।
- कार्यसम्पादनको नतिजाको आधारमा उच्च अङ्क हासिल गर्ने विद्यालयलाई पुरस्कृत गर्न र कमजोर विद्यालयहरूका कमजोर क्षेत्र तथा उपक्षेत्र पहिचान गरी सहयोग प्रदान गर्नलाई कार्यसम्पादनको नतिजा फलदायी हुनेछ ।

## ७.४. विद्यालय तह

विद्यालय कार्यसम्पादन परीक्षणको नतिजा विभिन्न निकायहरूले प्रयोग गर्न सक्छन् । त्यस्तै विभिन्न सरोकारवाला समूहहरू जस्तै प्रअ, विद्यालयका शिक्षक तथा कर्मचारीहरू, विव्यस, शिअ सङ्घ, शिक्षक सङ्घ, सङ्गठन, विद्यार्थीहरू, अभिभावकहरू, आदिले प्रयोग गर्न सक्छन् । जुनसुकै निकाय तथा सरोकारवाला समूहले प्रयोग गरे पनि त्यसको अन्तिम लक्ष्य (Ulitmate goal) विद्यालयको कार्यसम्पादनमा सुधार ल्याई समग्र रूपमा विद्यालय शिक्षाको गुणस्तर उकास्नु हो । विद्यालयको कार्यसम्पादनमा सुधार ल्याई विद्यालय शिक्षाको गुणस्तर उकास्न सर्वप्रथम हरेक विद्यालयले कार्यसम्पादनको हरेक क्षेत्र तथा उपक्षेत्रहरूको स्तर के कस्तो छ थाहा पाउनु अनिवार्य छ । ती क्षेत्र तथा उपक्षेत्रहरूको स्थिति थाहा पाएपश्चात् मात्र कमजोर पक्षहरूमा सुधार ल्याउन आवश्यक तथा उपयुक्त योजनाहरू निर्माण गरी कार्यान्वयनमा ल्याउन सकिन्छ । विद्यालयको कमजोर क्षेत्र तथा उपक्षेत्रहरूको पहिचान गर्नका लागि प्रत्येक विद्यालयको कार्यसम्पादन परीक्षण गर्नु अत्यावश्यक छ । तत्पश्चात उक्त परीक्षणको नतिजाले औंल्याएका कमजोर क्षेत्रहरूमा सुधार गर्नु अनिवार्य हुन्छ । अर्थात् कार्यसम्पादन परीक्षणमा मात्र सीमित नभई त्यसको नतिजालाई प्रयोगमा ल्याउनु पर्छ । ती नतिजाहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोगमा ल्याउने थलो भनेकै विद्यालय हो । जस्तो कार्यसम्पादन परीक्षणको नतिजाको आधारमा भौतिक संरचना सुधार गर्नु, कक्षा शिक्षणमा सुधार गर्नु, शैक्षिक सामग्रीहरूको व्यवस्था गर्नु, विद्यार्थीको मूल्याङ्कनमा सुधार गर्नु, शिक्षकको पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्नु आदि विद्यालयमा नै हो । यसर्थ कार्यसम्पादन परीक्षणको नतिजा प्रयोगको केन्द्रविन्दु र सुधार गर्नुपर्ने संस्था विद्यालय नै हो । यस सन्दर्भमा कार्यसम्पादनमा सुधार ल्याउन सर्वप्रथम विद्यालय आफैंले कार्यसम्पादन परीक्षणको नतिजालाई प्रयोग गर्नु अत्यावश्यक छ । कार्यसम्पादन परीक्षणको नतिजालाई विद्यालयले निम्नलिखित तरिकाले प्रयोग गरी आगामी वर्षहरूमा कार्यसम्पादनमा सुधार ल्याउन सकिन्छ ।

- हरेक विद्यालयले कार्यसम्पादनका क्षेत्र तथा उपक्षेत्रहरूको स्तर के कस्तो छ र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान होस् भन्ने उद्देश्यले कार्यसम्पादन परीक्षणपश्चात् उक्त परीक्षणको नतिजासहित विद्यालय कार्यसम्पादन परीक्षण फारामको एक प्रति विद्यालयमा पनि बुझाएको छ । परीक्षणको नतिजाबारे जानकारी दिई कमजोर पक्षहरूबारे छलफल गरी आगामी वर्षहरूमा सुधार गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाउन शिक्षक, कर्मचारी, विद्यार्थी प्रतिनिधिहरू, स्थानीय समुदायका प्रतिनिधिहरू, विव्यसका पदाधिकारी तथा सदस्यहरू, शिअ सङ्घका पदाधिकारी तथा सदस्यहरू, आदि समाविष्ट कार्यशाला गोष्ठीको आयोजना विद्यालयले गर्नुपर्छ । कार्यशाला गोष्ठीमा सर्वप्रथम कार्यसम्पादन परीक्षणको नतिजाबारे विस्तृत रूपमा जानकारी दिनुको साथै उक्त नतिजा आउनुको कारणबारे समेत छलफल गर्नुपर्छ । तत्पश्चात् माथि उल्लेखित समयावधिको योजना निर्माण गर्नुपर्छ । योजनाहरू निर्माण गर्दा अहिलेको नतिजालाई आधारविन्दु मान्नु पर्छ । यी योजनाहरूमा उल्लेखित कार्यहरूमध्ये कतिपय विद्यालय परिवार आफैले गर्न सक्ने खालका हुन्छन् । जस्तो विद्यालयको सफाइ, शौचालयमा सावुन पानिको व्यवस्था र सफाइ, उपलब्ध पुस्तकालयको बढी मात्रामा प्रयोग, शिअ सङ्घ र विव्यसमा बैठकहरूको निर्णय कार्यान्वयन, विद्यार्थी-केन्द्रित शिक्षण विधिद्वारा शिक्षण, निरन्तर विद्यार्थी मूल्याङ्कन, पाठयोजना (टिपोट) निर्माण, शिक्षण सुधार योजना निर्माण, कक्षा शिक्षणमा उपलब्ध शैक्षिक सामग्रीहरूको प्रयोग, अभिलेखको व्यवस्थापन आदि कार्य विद्यालय परिवार आफैले गर्न सकिन्छ । यस्तो कामहरूको सूची बनाएर तत्काल लागू गरी कार्यसम्पादनमा सुधार ल्याउन कार्यसम्पादनको नतिजाले सघाउ पुऱ्याउँदछ । कार्यशाला गोष्ठीद्वारा निर्माण गरिएका योजना स्थानीय तहलाई समेत बुझाउनु पर्छ ।

- माथि योजनामा उल्लेखित कार्यक्रमहरू सञ्चालन गरी कार्यसम्पादनका कतिपय क्षेत्रहरूमा सुधार ल्याउन बजेटको आवश्यकता पर्छ । यी कार्यक्रमहरूको लागि स्थानीय तहमा बजेट माग गर्नुपर्ने हुन्छ । कार्यसम्पादनको नतिजाले कुन कार्यक्रमहरू गर्ने र सो को लागि के कति बजेटको आवश्यकता पर्छ निर्धारण गर्न सहयोग गर्दछ ।
- कार्यसम्पादनमा सुधार ल्याउन कतिपय कार्यहरूको लागि बजेटको आवश्यकता नभए पनि ती कार्यहरू विद्यालय आफैले सम्पन्न गर्न नसक्ने खालका हुन्छन् । तर त्यसको लागि विद्यालयले पहल गर्नुपर्ने हुन्छ । जस्तो कार्यसम्पादनको नतिजाले विद्यालयले चर्चि राखेको जग्गा विद्यालयको आफ्नै स्वामित्वमा नभएको कारणले कार्यसम्पादन परीक्षणमा कम अङ्क हासिल गरेका विद्यालयहरू पनि छन् । अतः यी विद्यालयहरूले कार्यसम्पादनको नतिजाले देखाएअनुसार प्रतिवेदनमा उल्लेखित सुझावहरूको आधारमा ती जग्गाहरूलाई विद्यालयकै स्वामित्वमा ल्याउन पहल गर्नुपर्छ ।
- विद्यालयहरूले शिक्षकको पेसागत विकाससम्बन्धी कार्यहरू सञ्चालन गर्न ध्यान नदिएको, विद्यार्थीको नियमितता घटेको, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर वृद्धि भएको कारणले विद्यालयको कार्यसम्पादनमा कम अङ्क आएको तथ्य कार्यसम्पादन परीक्षणको नतिजाले देखाएको सन्दर्भमा आगामी वर्षहरूमा उक्त नतिजामा सुधार ल्याउन विद्यालय आफैले वजेटको व्यवस्था विना उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्नसक्छ ।
- विद्यालय आफैँले हालको कार्यसम्पादन परीक्षण फाराम प्रयोग गरी आगामी वर्षहरूमा विद्यालयको स्वःमूल्याङ्कन गर्न सक्छ ।

# खण्ड ८
# प्राप्ति तथा सुझावहरू

यस अध्ययनका मुख्य उद्देश्यहरू पर्सा, रामेछाप र ललितपुर जिल्लाका सम्पूर्ण पालिकाहरूमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको स्तर निर्धारण गर्नु; यी जिल्लाका गाउँपालिका तथा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तरबीच तुलना गर्नु,नमुना विद्यालयहरूको कमजोर क्षेत्रहरू पहिचान गरी सो क्षेत्रहरू सुधार गर्न सुझावहरू दिनु; कार्यसम्पादनका विभिन्न क्षेत्रहरू र यी क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूमा विद्यालय कार्यसम्पादनको स्तर निर्धारण गर्नु; र हरेक विद्यालयले हासिल गरेको प्राप्ताङ्कहरूको आधारमा विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या पत्ता लगाउनुका साथै विद्यमान विद्यालय कार्यसम्पादन परीक्षण प्रक्रियालाई सुधार गर्न र विद्यालयको कार्यसम्पादन स्तर उकास्न सुझावहरू प्रस्तुत गर्नु थियो ।

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि **विद्यालय कार्यसम्पादन परीक्षण फाराम** प्रयोग गरी तीनवटा जिल्लाका २८ वटा पालिकाहरूमा सञ्चालित २१५ वटा विद्यालयहरूबाट आवश्यक सङ्ख्यात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । ती तथ्याङ्कलाई खण्ड ३, ४, ५ र ६ मा विश्लेषण तथा विवेचना गरिसकिएको छ । यी चारवटा खण्डहरूमा गरिएको विश्लेषण तथा विवेचनाहरूद्वारा इङ्गित गरिएका प्राप्तिहरू बुँदागत रूपमा तल प्रस्तुत गरिएका छन् । त्यस्तै यी प्राप्तिहरू, विव्यसका पदाधिकारीहरू, प्रअहरू, परीक्षकहरू, जिल्ला संयोजकहरूसँगको छलफल;र सन्दर्भ सामग्रीहरूको अध्ययनको आधारमा विद्यालयहरूको कार्यसम्पादनको स्तर उकास्न सुझावहरू समेत प्रस्तुत गरिएका छन् । अतः यस खण्डलाई (क) प्राप्तिहरू र (ख) सुझावहरूगरी दुईवटा उपखण्डहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

## ८.१. प्राप्तिहरू

खण्ड १.४.२ मा दिइएका **"विशिष्ट उद्देश्यहरू"**को क्रमअनुसार हरेक उद्देश्यसँग सम्बन्धित प्राप्तिहरू तल बुँदागत रूपमा प्रस्तुत गरिएका छन् । सर्वप्रथम सङ्ख्यात्मक तथ्याङ्कसँग सम्बन्धित विश्लेषण तथा विवेचनाद्वारा देखाइएका प्राप्तिहरू दिइएका छन् भने त्यसपछि गुणात्मक तथ्याङ्कसँग सम्बन्धित प्राप्तिहरू उल्लेख गरिएका छन् ।

### विद्यालय कार्यसम्पादनको समष्टिगत स्थिति

- पर्सा, रामेछाप र ललितपुर जिल्लामा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर करिब ६२ प्रतिशतको हाराहारीमा मात्र पुगेको छ । जिल्लागत रूपमा पर्सा र रामेछाप जिल्लाको मध्यमाङ्क ६० प्रतिशत भन्दा कम पाइएको छ । ललितपुर जिल्लामा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको समग्र मध्यमाङ्क करिव ६८ प्रतिशत आएको छ । तीनवटै जिल्लाको कार्यसम्पादन स्तर सामान्य स्तरको मात्र पाइएको हुँदा सन्तोषजनक छैन ।
- विद्यालय कार्यसम्पादन परीक्षणमा पर्सा जिल्लामा रहेका १४ वटा पालिकाहरूमध्ये पोखरीया नगरपालिकाले सबभन्दा बढी मध्यमाङ्क (६६.९२ प्रतिशत) प्राप्त गर्न सफल भएको छ भने जगरनाथपुर गाउँपालिकाको सबभन्दा कम मध्यमाङ्क (४९.६ प्रतिशत) आएको छ । त्यस्तै रामेछाप जिल्लाको ८ वटा पालिकाहरूमध्ये

रामेछाप नगरपालिकाले सबभन्दा बढी मध्यमाङ्क (६६.०१ प्रतिशत) हासिल गरेको छ भने सबभन्दा कम मध्यमाङ्क (५१.८४ प्रतिशत) उमाकुण्ड गाउँपालिकाको रहेको छ । ललितपुर जिल्लाको ६ वटा पालिकाहरूमध्ये ललितपुर महानगरपालिकाले सबभन्दा बढी अङ्क (७१.७ प्रतिशत) प्राप्त गरी अग्रस्थान ओगट्न सफल भएको छ भने कोन्ज्योसोम गाउँपालिका अन्तिममा परेको छ । तर ललितपुर महानगरपालिका बाहेक सबै पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन स्तर सन्तोषजनक छैन ।

## विद्यालय कार्यसम्पादनको क्षेत्रगत स्थिति

- लगानी क्षेत्रमा तीन जिल्लामा सञ्चालित सम्पूर्ण विद्यालयहरूको औसत स्तर सबभन्दा कम (५९.४४ प्रतिशत) देखिएको छ भने उपलब्धि क्षेत्रमा सबभन्दा बढी (६४.७३ प्रतिशत) देखिएको छ । जिल्लागत रूपमा ललितपुर जिल्लाले कार्यसम्पादनको प्रक्रिया क्षेत्रमा हासिल गरेको मध्यमाङ्कबाहेक तीनवटा जिल्लाहरूले कार्यसम्पादनको हरेक क्षेत्रमा हासिल गरेको मध्यमाङ्क ४७.१० देखि ६७.८८ प्रतिशतसम्म मात्र छरिएका छन् । यसको अर्थ सबै जिल्लाहरूको सबै क्षेत्रका मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ ।
- तीनवटा जिल्लाका २८ वटा पालिकाहरूमध्ये १४ वटा पालिकाहरूले उपलब्धि क्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् भने १२ वटा पालिकाहरूले सबभन्दा बढी मध्यमाङ्क प्रक्रिया क्षेत्रमा प्राप्त गरेका छन् । बाँकी २ वटा पालिकाहरूले मात्र लगानी क्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् । यसबाट स्पष्ट हुन्छ कि अधिकांश पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको स्तर लगानी क्षेत्रमा तुलनात्मक रूपमा कमजोर देखिन्छ ।

## गाउँपालिका र नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत र क्षेत्रगत स्तरबीच तुलना

- तीनवटै जिल्लाका नगरपालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर ६४.७१ प्रतिशत पाइएको छ जुन गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा ५.६७ प्रतिशतले बढी छ । यो तथ्यले कार्यसम्पादनको दृष्टिकोणले गाउँपालिकाहरूमा सञ्चालित विद्यालयहरूको तुलनामा नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरू अग्रस्थानमा रहेको कुरा पुष्टि गर्दछ ।
- रामेछाप र ललितपुर दुवै जिल्लाका नगरपालिकाहरूमा सञ्चालित विद्यालयहरूको औसत कार्यसम्पादन स्तर गाउँपालिकाहरूको तुलनामा बढी पाइएको छ । यही नतिजा कार्यसम्पादनको हरेक क्षेत्रमा देखिएको छ । तर पर्सा जिल्लामा प्रक्रिया र उपलब्धि क्षेत्रमा नगरपालिकाले हासिल गरेको मध्यमाङ्कको तुलनामा गाउँपालिकाको मध्यमाङ्क बढी पाइएको छ ।

## विभिन्न स्तरका विद्यालयहरूको सङ्ख्या

- २१५ वटा विद्यालयहरूमध्ये करिब ७८ प्रतिशत विद्यालयहरूको कार्यसम्पादन सामान्य स्तरको मात्र पाइएको छ । बाँकी २२ प्रतिशत विद्यालयहरूको कार्यसम्पादन स्तर मध्यम स्तरको पाइएको छ । तर यी विद्यालयहरूमध्ये अधिकांश विद्यालयहरूको प्राप्ताङ्क ८० प्रतिशत भन्दा कम आएको छ । कुनै पनि विद्यालयले उत्तम स्तरको प्राप्ताङ्क हासिल गर्न सकेको देखिएन ।

- पर्सा र रामेछाप जिल्लामा सञ्चालित विद्यालयहरूमध्ये दुवै जिल्लाहरूमा ८९/८९ प्रतिशत विद्यालयहरू सामान्य स्तरका मात्र पाइएको छ । यी विद्यालयहरूमध्ये पनि धेरैजसो विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा ५१ देखि ६० प्रतिशत प्राप्ताङ्क मात्र पाइएको छ । दुवै जिल्लाहरूमा केही विद्यालयहरूले मध्यम स्तरको अङ्क प्राप्त गरे तापनि ती विद्यालयहरूको प्राप्ताङ्क ७० देखि ८० प्रतिशतसम्म मात्र पाइएको छ । तर ललितपुर जिल्लामा सञ्चालित ७२ वटा विद्यालयहरूमध्ये ४४ प्रतिशत विद्यालयका कार्यसम्पादन मध्यम स्तरको पाइएको छ । बाँकी ५६ प्रतिशत विद्यालयको कार्यसम्पादन सामान्य स्तरको भए तापनि अधिकांश विद्यालयहरूको प्राप्ताङ्क ६१ देखि ७० प्रतिशत प्राप्ताङ्क आएको छ । अतः विद्यालय कार्यसम्पादनको दृष्टिकोणले पर्सा र रामेछाप जिल्लाको तुलनामा ललितपुर जिल्ला अगाडि परेको छ ।
- पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका, बहुदरमाई नगरपालिका र सखुवा प्रसौनी गाउँपालिकामा सञ्चालित विद्यालयहरूमध्ये केही (६ वटा) विद्यालयहरूको कार्यसम्पादन मध्यम स्तरको पाइएको छ । यस जिल्लाको अन्य पालिकाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको कार्यसम्पादन सामान्य स्तरको मात्र रहेको र यी विद्यालयहरूमध्ये पनि बहुसङ्ख्यक विद्यालयहरूको प्राप्ताङ्क ५० देखि ६० प्रतिशतसम्म मात्र पाइएको छ । रामेछाप जिल्लाका पालिकाहरूमा सञ्चालित विद्यालयहरूको कार्यसम्पादन अवस्था पनि पर्सा जिल्लाका पालिकाहरूको तुलनामा त्यति भिन्नता पाइएन । ललितपुर जिल्लाको सन्दर्भमा सबै पालिकाहरूमा मध्यम स्तरको प्राप्ताङ्क हासिल गर्नमा सफल भएका केही विद्यालयहरू पाइएका छन् । यस्तो मध्यम स्तरीय विद्यालयहरूको सङ्ख्या ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका र बागमती गाउँपालिकामा बढी पाइएका छन् ।

## कार्यसम्पादनको लगानी क्षेत्रको स्थिति

- "लगानी" क्षेत्रमा पर्सा र रामेछाप जिल्लाको तुलनामा ललितपुर जिल्लाको मध्यमाङ्क सबभन्दा बढी ( ६४.४८ प्रतिशत) पाइएको छ । तथापि यो मध्यमाङ्क कार्यसम्पादनको सामान्य स्तरको अङ्कमात्र हो । पर्सा र रामेछाप जिल्लाको मध्यमाङ्क अझ कम आएको छ । अतः सबै जिल्लाहरूमा सञ्चालित विद्यालयहरूको "लगानी" क्षेत्रसम्बन्धी कार्यसम्पादन सन्तोषजनक नभएको कुरा पुष्टि हुन्छ ।
- पर्सा जिल्लाको १४ वटा पालिकाहरूमध्ये पोखरीया नगरपालिका र रामेछाप जिल्लाको ८ वटा पालिकाहरूमध्ये रामेछाप नगरपालिकाले "लगानी" क्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेको छ । यसैगरी ललितपुर जिल्लाको ६ वटा पालिकाहरूमध्ये ललितपुर महानगरपालिकाले सबभन्दा बढी मध्यमाङ्क प्राप्त गर्न सफल भएको छ । तर ललितपुर महानगरपालिकालाई छोडेर यी सबै पालिकाहरूका मध्यमाङ्क सामान्य स्तरको मात्र भएको हुँदा "लगानी क्षेत्रसम्बन्धी कार्यसम्पादन सन्तोषजनक छैन । तर ललितपुर महानगरपालिकामा सञ्चालित विद्यालयहरूको मध्माङ्क मध्यम स्तरको (७५ प्रतिशत भन्दा बढी) आएको छ । अतः ललितपुर महानगरपालिकामा सञ्चालित विद्यालयहरूको "लगानी" क्षेत्रसम्बन्धी कार्यसम्पादन तुलनात्मक रूपमा सन्तोषजनक भएको पुष्टि हुन्छ ।

## कार्यसम्पादनका लगानी क्षेत्रअन्तर्गका उपक्षेत्रहरूको स्थिति

- पर्सा जिल्ला तथा ललितपुर जिल्लाका अधिकांश पालिकाहरूको "समुदायको सहभागिता र लगानी" उपक्षेत्रमा सबभन्दा कम मध्यमाङ्क आएको छ । यसबाट स्पष्ट हुन्छ कि यी पालिकाहरूमा सञ्चालित

विद्‌यालयहरूमा भौतिक संरचनाको विकास तथा विस्तारमा समुदायको सहभागिता उत्साहजनक छैन । त्यस्तै केही पालिकाहरूमा सञ्चालित विद्‌यालयहरूको "भौतिक संरचना" उपक्षेत्रमा अरु उपक्षेत्रहरूको तुलनामा सबभन्दा कम मध्यमाङ्क आएको छ । यो तथ्यले के जनाउँदछ भने कतिपय विद्‌यालयहरूमा भौतिक सुविधाहरू नपुग छन् ।

- अधिकांश पालिकाहरूले लगानी क्षेत्रका तीनवटा उपक्षेत्रहरूमध्ये "शिक्षक" उपक्षेत्रमा सबभन्दा बढी मध्यमाङ्क हासिल गरेका छन् । यसबाट स्पष्ट हुन्छ कि अधिकांश विद्‌यालयहरूमा न्यूनतम योग्यता पुगेका तालिम प्राप्त शिक्षकहरू आवश्यक सङ्ख्यामा उपलब्ध छन् । पर्सा जिल्लाको बिन्दवासिनी गाउँपालिका र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाले "समुदायको सहभागिता र लगानी उपक्षेत्र"मा सबभन्दा बढी मध्यमाङ्क हासिल गर्न सफल भएका छन् । यी पालिकाहरूमा सञ्चालित विद्‌यालयहरूको सम्बन्धित निकाय तथा पदाधिकारीहरूले विद्‌यालयको भौतिक संरचना विकास तथा विस्तारमा समुदायलाई तुलनात्मक रूपमा बढी परिचालन गरेको यस तथ्यले प्रमाणित गर्दछ ।

## कार्यसम्पादनको प्रक्रिया क्षेत्रको स्थिति

- तीनवटै जिल्लामा सञ्चालित सम्पूर्ण विद्‌यालयहरूको "प्रक्रिया" क्षेत्रको कार्यसम्पादनको औसत स्तर ६१.२० प्रतिशत अर्थात् सामान्य स्तरको मात्र पाइएको छ । त्यस्तै जिल्लागत रूपमा पर्सा र रामेछाप जिल्लाको मध्यमाङ्क क्रमशः ४७.१० र ६०.२० प्रतिशत आएको छ । तर ललितपुर जिल्लाको मध्यमाङ्क ७० प्रतिशत भन्दा बढी पाइएको छ । यसबाट स्पष्ट हुन्छ कि पर्सा र रामेछाप जिल्लामा सञ्चालित विद्‌यालयहरूको प्रक्रिया क्षेत्रको कार्यसम्पादन सन्तोषजनक छैन भने ललितपुर जिल्लाको कार्यसम्पादन स्तर केही मात्रामा उत्साहजनक देखिन्छ ।
- प्रक्रिया क्षेत्रमा पर्सा जिल्लाका १४ वटा पालिकाहरूमध्ये सबभन्दा बढी मध्यमाङ्क (६३.६३ प्रतिशत) ठोरी गाउँपालिकामा सञ्चालित विद्‌यालयहरूको पाइएको छ भने सबभन्दा कम मध्यमाङ्क (३२.९७ प्रतिशत) जगरनाथपुर गाउँपालिकाको रहेको छ ।

## कार्यसम्पादनको प्रक्रिया क्षेत्रअन्तर्गत उपक्षेत्रहरूको स्थिति

- प्रक्रिया क्षेत्रअन्तर्गत पाँचवटै उपक्षेत्रहरूमा सबै विद्‌यालयहरूको औसत स्तर सामान्य स्तरको मात्र पाइएको छ । जिल्लागत रूपमा "विद्‌यार्थी मूल्याङ्कन", "नेतृत्व र व्यवस्थापन", र "सह र अतिरिक्त क्रियाकलाप" उपक्षेत्रमा ललितपुर जिल्लाको कार्यसम्पादन मध्यम स्तरको पाइएको छ । तर पर्सा र रामेछाप जिल्लाको मध्यमाङ्क सबै उपक्षेत्रहरूमा सामान्य स्तरको मात्र पाइएको छ ।
- कार्यसम्पादनको प्रक्रिया क्षेत्रअन्तर्गत पाँचवटा उपक्षेत्रहरूमध्ये सबै पालिकाहरूको सबभन्दा कम मध्यमाङ्क "कक्षा शिक्षण" उपक्षेत्र र "शिक्षकको पेसागत विकास " उपक्षेत्रमा पाइएको छ । यसबाट स्पष्ट हुन्छ कि शिक्षकहरूले कक्षा शिक्षण प्रभावकारी बनाउनका लागि आफूले गर्नसक्ने कार्यहरू गरेको देखिँदैन । त्यस्तै विद्‌यालय वा अन्य सम्बन्धित निकायहरूले कक्षा शिक्षण प्रभावकारी बनाउने कारक पक्षहरू जस्तै अनुगमन गर्ने; तालिम, सेमिनार, गोष्ठीको आयोजना गर्ने; अध्ययन सामग्रीहरूको व्यवस्था गर्ने कार्यहरूमा ध्यान दिइएको देखिँदैन ।

- प्रक्रिया क्षेत्रअन्तर्गत केही पालिकाहरूले "सह र अतिरिक्त क्रियाकलाप" उपक्षेत्रमा सबभन्दा बढी प्राप्ताङ्क हासिल गरेका छन् भने केही पालिकाहरूले "विद्यार्थी मूल्याङ्कन" उपक्षेत्रमा प्राप्त गरेका छन् । त्यस्तै केही पालिकाहरूको उच्च प्राप्ताङ्क अन्य उपक्षेत्रमा नै पाइएको छ । अतः हरेक पालिकाको पाँचवटा उपक्षेत्रहरूमध्ये उच्चतम अङ्क प्राप्त भएको उपक्षेत्रको सन्दर्भमा पालिकाहरूबीच समानता देखिँदैन ।

**कार्यसम्पादनको उपलब्धि क्षेत्रको स्थिति**

- कार्यसम्पादनको "उपलब्धि" क्षेत्रमा तिनवटा जिल्लाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूको औसत स्तर करिब ६५ प्रतिशत मात्र पाइएको छ । जिल्लागत रूपमा हरेक जिल्लाको मध्यमाङ्क ६१ प्रतिशतदेखि ६७ प्रतिशतसम्म पाइएको छ । पर्सा जिल्लाको मध्यमाङ्क सवभन्दा कम आएको छ भने ललितपुर जिल्लाले सबभन्दा बढी मध्यमाङ्क हासिल गरेको छ । तर सबै जिल्लाको मध्यमाङ्क सामान्य स्तरको मात्र भएको हुँदा कुनै पनि जिल्लाको कार्यसम्पादन स्तर सन्तोषजनक देखिँदैन ।
- कार्यसम्पादनको "उपलब्धि" क्षेत्रमा पर्सा जिल्लाको पकाहा मैनपुर गाउँपालिका, रामेछाप जिल्लाको मन्थली नगरपालिका र ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकाले सबभन्दा बढी प्राप्ताङ्क हासिल गरी आ-आफ्नो जिल्लाका पालिकाहरूमध्ये अग्रस्थान ओगट्न सफल भएका छन् ।

**कार्यसम्पादनको उपलब्धि क्षेत्रअन्तर्गतका उपक्षेत्रहरूको स्थिति**

- तीनवटै जिल्लाहरूमा सञ्चालित सम्पूर्ण विद्यालयहरूले उपलब्धि क्षेत्रअन्तर्गत "सिकाइ उपलब्धि", "सेवाग्राहीको सन्तुष्टि", र "शिक्षकको पेसागत सन्तुष्टि" उपक्षेत्रहरूमा हासिल गरेको औसत स्तरबीच समानता देखिन्छ । किनकि यी तीनवटै क्षेत्रका औसत स्तर (मध्यमाङ्क) ६९ प्रतिशतको हाराहारी पाइएको छ । "विद्यार्थी नियमितता, विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने" उपक्षेत्रमा अरु उपक्षेत्रहरूको तुलनामा करिब १० प्रतिशतले कम पाइएको छ । तीनवटा जिल्लाले यी चारवटै उपक्षेत्रहरूमा हासिल गरेका औसत स्तर सामान्य स्तरको मात्र पाइएको छ । अतः उपलब्धि क्षेत्रअन्तर्गतको चारै वटा उपक्षेत्रहरूका औसत कार्यसम्पादन स्तर चित्तवुझ्दो छैन ।
- पर्सा र रामेछाप जिल्लाको तुलनामा ललितपुर जिल्लाको विद्यालयहरूले "सिकाइ उपलब्धि", "सेवाग्राहीको सन्तुष्टि, र "शिक्षकको पेसागत सन्तुष्टि" उपक्षेत्रहरूमा उच्चतम मध्यमाङ्क हासिल गरेको छ, जुन मध्यम स्तरीय (७० प्रतिशत भन्दा बढी) अङ्क भित्र पर्दछ । "सिकाइ उपलब्धि" उपक्षेत्र र "सेवाग्राहीको सन्तुष्टि" उपक्षेत्रमा पर्सा जिल्लाको मध्यमाङ्क सबभन्दा कम पाइएको छ भने शिक्षकको पेसागत सन्तुष्टि उपक्षेत्रको कार्यसम्पादनमा रामेछाप जिल्ला सबभन्दा पछाडि परेको छ । यी दुईवटा जिल्लाले सबै उपक्षेत्रहरूमा प्राप्त गरेका मध्यमाङ्क सामान्य स्तरको मात्र पाइएको छ ।
- "विद्यार्थी नियमितता, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर" उपक्षेत्रमा सबै जिल्लाहरूको मध्यमाङ्क अरु उपक्षेत्रहरूको तुलनामा धेरै कम पाइएको छ ।
- उपलब्धि क्षेत्रको चारवटा उपक्षेत्रहरूमध्ये "विद्यार्थी नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर" उपक्षेत्र; र "शिक्षकको पेसागत सन्तुष्टि" उपक्षेत्रमा पर्सा जिल्लाको पकाहा मैनपुर गाउँपालिकाको सबभन्दा बढी मध्यमाङ्क अर्थात क्रमशः ७७.७८ र १०० प्रतिशत पाइएको छ । "सिकाइ उपलब्धि" उपक्षेत्रमा पोखरीया नगरपालिकाले सबभन्दा बढी मध्यमाङ्क (८६.६७ प्रतिशत) हासिल गरेको छ । त्यस्तै

"सेवाग्राही सन्तुष्टि" उपक्षेत्रमा जिराभवानी नगरपालिकाले उच्चतम अङ्क (७५.० प्रतिशत) प्राप्त गरी अन्य पालिकाहरूबीच अग्रस्थान ओगट्न सफल भएको छ । यी प्राप्तिहरूले के जनाउँदछ भने सबै उपक्षेत्रहरूमा एउटै पालिकाले उच्चतम अङ्क ल्याउन सकेको छैन । एउटा उपक्षेत्रमा एउटा पालिकाले उच्चतम अङ्क प्राप्त गरेको छ भने अर्को उपक्षेत्रमा अर्कै पालिकाको मध्यमाङ्क बढी आएको छ । यही अवस्था पर्सा र रामेछाप जिल्लामा पनि देखिएको छ । यसबाट प्रष्ट हुन्छ कि हरेक पालिकाले विभिन्न उपक्षेत्रहरूमा पाएको प्राप्ताङ्कहरूबीच सहसम्बन्ध देखिँदैन ।

## सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयहरूको कार्यसम्पादन

- "सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या" सूचकमा तीनवटा जिल्लाको औसत स्तर ५६.२० प्रतिशत पाइएको छ । यसले के जनाउँछ भने विद्यालयहरूमा शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसार प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्याको ७५ देखि ९० प्रतिशत विद्यार्थीहरू मात्र रहेका छन् ।
- रामेछाप तथा ललितपुर जिल्लाहरूमा सञ्चालित विद्यालयहरूमा हाल अध्ययनरत विद्यार्थी सङ्ख्या न्यूनतम औसत विद्यार्थी सङ्ख्याको ९० प्रतिशत भन्दा कम रहेका छन् । तर पर्सा जिल्लामा सञ्चालित विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या प्रति कक्षा नियमानुसार हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्याको ९० प्रतिशत भन्दा बढी छन् । यो तथ्यले रामेछाप र ललितपुर जिल्लाको तुलनामा पर्सा जिल्लाका विद्यालयहरूले बढी विद्यार्थीहरूलाई सेवा प्रदान गरिरहेका छन् भन्ने कुरा प्रमाणित गर्दछ ।
- पर्सा जिल्लाका ५३ वटा विद्यालयहरूमध्ये ४४ वटा विद्यालयहरूमा विद्यार्थी सङ्ख्या प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्या भन्दा बढी पाइएको छ । यस्तो विद्यालयहरूको सङ्ख्या रामेछाप जिल्लामा सञ्चालित ९० वटा विद्यालयहरूमध्ये ११ वटा (१२ प्रतिशत) र ललितपुर जिल्लामा सञ्चालित ७२ वटा विद्यालयहरूमध्ये १२ वटा (१७ प्रतिशत) मात्र पाइएको छ । रामेछाप र ललितपुर जिल्लामा सञ्चालित विद्यालयहरूमध्ये अधिकांश विद्यालयहरूमा प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत भन्दा कम पाइएको छ ।
- पर्सा जिल्लाको ८ वटा पालिकाहरू जस्तै पोखरीया नगरपालिका, पर्सागढी नगरपालिका, धोविनी गाउँपालिका, छिपरमाई गाउँपालिका, पकाहा मैनपुर गाउँपालिका, बिन्दवासिनी गाउँपालिका, बहुदरमाई नगरपालिका र पटेर्वा सुगौली गाउँपालिकामा सञ्चालित सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या नियमानुसार प्रति कक्षा हुनुपर्ने न्यूनतम औसत विद्यार्थी सङ्ख्या भन्दा बढी पाइएको छ । तर रामेछाप र ललितपुर जिल्लाहरूमा यस्तो पालिकाहरू एउटा पनि देखिँदैनन् ।

## नमुना विद्यालय र अन्य विद्यालयहरूको कार्यसम्पादनको समष्टिगत स्थिति

- नमुना विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर ६७.५९ पाइएको छ जुन अन्य विद्यालयहरूको तुलनामा ८.४९ प्रतिशत बढी हो । जिल्लागत रूपमा अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरूको औसत स्तर पर्सा, रामेछाप र ललितुर जिल्लामा क्रमशः ९.१४, ८.५२ र ७.५७ प्रतिशतले बढी पाइएको छ । यसर्थ कार्यसम्पादन स्तरको दृष्टिकोणले अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरू अगाडि छन् । पर्सा तथा रामेछाप जिल्लाका नमुना विद्यालहरूको औसत स्तर अन्य विद्यालयहरूको तुलनामा बढी पाइएको भएतापनि प्राप्ताङ्क स्तरको वर्गीकरणअनुसार यी औसत स्तर

सामान्य खालका मात्र हुन् । तर ललितपुर जिल्लाका नमुना विद्यालयहरूको कार्यसम्पादनको औसत स्तर करिब ७५ प्रतिशत आएको छ जुन मध्यम स्तरीय अङ्कको दूरीभित्र पर्छ ।

## नमुना विद्यालय र अन्य विद्यालयहरूको कार्यसम्पादनको विभिन्न क्षेत्रहरूको स्थिति

- कार्यसम्पादनको लगानी क्षेत्रमा नमुना विद्यालयहरूको औसत स्तर ६७.०४ प्रतिशत पाइएको छ, जुन अन्य विद्यालयहरूको तुलनामा ९.६० प्रतिशतले उच्च रहेको छ । हरेक जिल्लामा अन्य विद्यालयहरूको तुलनामा नमुना विद्यालयहरूको मध्यमाङ्क बढी आएको छ । पर्सा र रामेछाप दुवै जिल्लाहरूमा नमुना विद्यालयहरूको मध्यमाङ्क अन्य विद्यालयहरूको तुलनामा बढी आएको भएतापनि यी मध्यमाङ्क सामान्य स्तरको मात्र भएको हुँदा राम्रो छ भन्न सकिँदैन । तर ललितपुर जिल्लामा सञ्चालित नमुना विद्यालयहरूको लगानी क्षेत्रको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ ।
- प्रक्रिया क्षेत्रमा नमुना विद्यालयहरूको समग्र औसत स्तर ६६.५३ प्रतिशत आएको छ जुन अन्य विद्यालयहरूको तुलनामा ११.०६ प्रतिशतले बढी हो । जिल्लागत रूपमा हरेक जिल्लामा यस्तै खालको नतिजा पाइएको छ । विशेष गरी रामेछाप र ललितपुर दुवै जिल्लाहरूमा प्रक्रिया क्षेत्रमा नमुना विद्यालयहरूको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ । तर पर्सा जिल्लामा नमुना विद्यालयहरूको प्रक्रिया क्षेत्रमा तुलनात्मक रूपमा धेरै कम मध्यमाङ्क पाइएको छ । यसको मुख्य कारण यस जिल्लाका ४ वटा नमुना विद्यालयहरूमध्ये २ वटा विद्यालयहरूको प्रक्रिया क्षेत्र तथा उपक्षेत्रहरूमा धेरै कम मध्यमाङ्क आउनु हो ।
- कार्यसम्पादनको उपलब्धि क्षेत्रमा नमुना विद्यालयहरूको समग्र औसत स्तर अन्य विद्यालयहरूको तुलनामा बढी आएको भएतापनि यी दुई समूहका विद्यालयहरूको औसत स्तरको भिन्नता १.१५ प्रतिशत मात्र पाइएको छ । यसको मुख्य कारण रामेछाप जिल्लामा नमुना विद्यालयहरूको तुलनामा अन्य विद्यालयहरूको मध्यमाङ्क बढी आउनु हो । त्यस्तै पर्सा र रामेछाप दुवै जिल्लामा रहेका नमुना विद्यालयहरूको मध्यमाङ्क सामान्य स्तरका मात्र हुन् । तर ललितपुर जिल्लाका नमुना विद्यालयहरूको मध्यमाङ्क मध्यम स्तरको पाइएको छ ।
- पर्सा जिल्लाका नमुना विद्यालयहरूको सबभन्दा बढी मध्यमाङ्क उपलब्धि क्षेत्रमा आएको छ भने रामेछाप र ललितपुर जिल्लाका नमुना विद्यालयहरूको सबभन्दा बढी मध्यमाङ्क प्रक्रिया क्षेत्रमा देखिएका छन् ।
- नमुना विद्यालयहरूले सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या पक्ष/सूचकमा शतप्रतिशत औसत स्तर प्राप्त गर्न सफल भएका छन् भने अन्य अन्य विद्यालयहरूको औसत स्तर करिब ५७ प्रतिशत मात्र पुगेको छ । यस पक्षमा हरेक जिल्लामा सञ्चालित नमुना विद्यालयहरूको मध्यमाङ्क १०० प्रतिशत पाइएको छ । तर रामेछाप र ललितपुर दुवै जिल्लाका अन्य विद्यालयहरूको कार्यसम्पादनको यस पक्षमा ४० प्रतिशत भन्दा बढी मध्यमाङ्क हासिल गर्न सकेनन् भने पर्सा जिल्लामा ९२ प्रतिशत पाइएको छ । यसबाट स्पष्ट हुन्छ कि हरेक जिल्लामा नमुना विद्यालयहरूका लागि छनोट गरिएका विद्यालयहरूमा औसत विद्यार्थी सङ्ख्या शिक्षा नियमावलीमा उल्लेख भएअनुसार विद्यालयमा प्रति कक्षा हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या भन्दा बढी पाइएका छन् । तर यही अवस्था अन्य समूहका विद्यालयहरूमा देखिएन ।

**अपर्याप्त बजेट**

- हरेक विद्यालयमा न्यूनतम आवश्यक भौतिक संरचनाको व्यवस्था गर्न र शिक्षण सिकाइ सुधारसम्बन्धी शैक्षिक कार्यक्रमहरू विद्यालय तथा स्थानीय निकायहरूमा सञ्चालन गर्न वार्षिक वजेटमा शिक्षा क्षेत्रको लागि छुट्याएको बजेट पर्याप्त छैन । यसर्थ विद्यालयहरूले शिक्षक तथा कर्मचारीहरूको तलव र भत्ताको लागि मात्र आर्थिक अनुदान पाइरहेका छन् । शिक्षण सिकाइ सुधार गर्नका लागि र आवश्यक शैक्षिक कार्यक्रमहरूको लागि विद्यालयहरूले अनुदान पाउन गरेका छैनन् । कतिपय विद्यालयहरूले यी शीर्षकहरूमा आर्थिक अनुदान पाएतापनि उक्त अनुदानको रकम ज्यादै न्यून रहेको पाइएको छ ।

**भौतिक सुविधाको अभाव**

- अधिकांश विद्यालयहरूमा भौतिक सुविधा तथा सामग्रीहरू आवश्यक मात्रामा उपलब्ध छैनन् । विद्यालय तहको शिक्षा निःशुल्क भएको हुँदा यी क्षेत्रहरूमा सुधार ल्याउन विद्यालय आर्थिक रूपले सक्षम छैन ।
- धेरैजसो विद्यालयहरूमा कक्षा कोठाको साथै विद्यालय हाता सफा छैन र विशेष रूपमा अधिकांश विद्यालयहरूमा शौचालय फोहर देखिएको छ ।
- केही विद्यालयहरूको भवनहरू निर्माण भएकै जग्गा तथा खेल मैदान विद्यालयको स्वामित्वमा छैन । कुनै विद्यालय सञ्चालन भएको जग्गाको स्वामित्व नेपाल सरकारको नाममा रहेको छ भने कुनै विद्यालय सञ्चालन भइरहेको जग्गा अन्य सङ्घ संस्थाको नाममा रहेको छ ।

**विद्यालयमा समुदायको सहभागिता र लगानीमा कमी**

- ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयहरूका अभिभावकहरू तथा स्थानीय बासीहरू आर्थिक रूपमा विपन्न हुनुको साथै र शिक्षाप्रति सचेत नभएको कारणले विद्यालयमा उनीहरूको सहभागिता तथा लगानी न्यून पाइएको छ । शहरी क्षेत्रका सामुदायिक विद्यालयहरूका अभिभावक तथा स्थानीय वासीहरूको बालबालिका संस्थागत विद्यालयहरूमा अध्ययन गराउने हुँदा सामुदायिक विद्यालयहरूमा उनीहरूको सहभागिता र लगानी नगन्य मात्रामा पाइएको छ ।

**शिक्षकको व्यवस्था**

- कतिपय विद्यालयहरूमा शिक्षक सङ्ख्या बढी भएको, कतिपय विद्यालयहरूमा विषयगत रूपमा शिक्षक सङ्ख्या पुगेको छैन ।
- धेरैजसो विद्यालयहरूमा शिक्षकहरूको सङ्ख्यामा लैङ्गिक अनुपात नभएको कारणले विद्यालयको कार्यसम्पादन स्तरमा केही मात्रामा भएपनि प्राप्ताङ्क कम आएको छ ।
- एस.एल.सी.मा उच्च अङ्क हासिल गर्ने विद्यार्थीहरूले शिक्षाशास्त्र विधा रोजेको पाइँदैन । सामान्यतया कम अङ्क हासिल गर्ने विद्यार्थीहरू मात्र शिक्षाशास्त्र अन्तर्गतका क्याम्पसहरूमा भर्ना भई शिक्षक तालिम लिने गरेको देखिन्छ ।

### कक्षा शिक्षण सुधार गर्ने कार्यको चासोमा कमी

- शिक्षकहरूले आफ्नो शिक्षणमा सुधार गर्न आफ्नो सहकर्मीहरूको कक्षा अवलोकन गर्ने, आफ्नो कक्षा सहकर्मी साथीहरूलाई अवलोकन गर्न लगाउने कार्यहरू कहिले गरिएको पाइएन भने शिक्षणमा सुधार गर्न सहकर्मी साथीहरूसँग छलफल गर्ने कार्यक्रमहरू विद्यालयले सञ्चालन गरिएको देखिएन ।
- अधिकांश शिक्षकहरू सूचना तथा सञ्चार प्रविधिमा साक्षर छैनन् । सूचना तथा सञ्चार प्रविधिमा सीप भएका शिक्षकहरूले पनि ती सीपहरू शिक्षण विधिमा लागू गरेका छैनन् ।
- शिक्षकहरूले तालिममा हासिल गरेका सीपहरू (जस्तो पाठयोजना निर्माण गरी शैक्षिक सामग्रीहरू सहितको विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी अध्यापन गर्ने, कक्षा व्यवस्थापन, शिक्षणमा सूचना प्रविधिको प्रयोग, वैयक्तिक भिन्नताको आधारमा समूह शिक्षण गर्ने, गृहकार्यको परीक्षणपश्चात् विद्यार्थीहरूलाई पृष्ठपोषण दिने, निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने, प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षण, नतिजाको विश्लेषण आदि) पूर्णरूपमा कक्षामा लागू गरेको देखिएन । यी तालिम प्राप्त शिक्षकहरूले तालिममा सिकेका शिक्षण-सिकाइ सीपहरू कक्षा कोठामा लागू गरेका छन् वा छैनन् सम्बन्धित निकायबाट निरीक्षण पनि भइरहेको देखिँदैन ।

### पुरुस्कार र दण्ड व्यवस्थाको अभाव

- स्थानीय निकायले विद्यालयहरूको कक्षा ८ को अन्तिम परीक्षाको नतिजालाई विश्लेषण गरी सोको आधारमा शिक्षण-सिकाइमा सुधार गर्ने प्रयास गरेको छैन । साथै परीक्षाको नतिजाको आधारमा विद्यालय र शिक्षकहरूलाई पुरस्कार र दण्ड दिने व्यवस्था हालसम्म कहिँकतै लागू गरिएको देखिँदैन ।

### कार्यमूलक अनुसन्धानसम्बन्धी व्यावहारिक बुझाइमा कमी

- अधिकांश शिक्षकहरूले कार्यमूलक अनुसन्धानलाई शैद्धान्तिक र धेरै जटिल ढङ्गले बुझेको, र आफूले शिक्षण-सिकाइमा सुधार गर्न प्रयोग गर्न सक्ने साधारण व्यावहारिक तरिकाबाट नबुझेको देखिन्छ । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम पनि जटिल तथा अनावश्यक रूपमा लामो भएको हुँदा कार्यमूलक अनुसन्धान र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षकहरूले बोझको रूपमा लिने गरेको पाइयो । फलस्वरूप यी दुवै कार्यहरू अधिकांश विद्यालयहरूमा प्रयोगमा आएका छैनन् ।

### स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यसम्बन्धी अनभिज्ञता

- स्थानीय तहका सरोकारवाला समूहहरू नेपालमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने पृष्ठभूमि, यसको औचित्य, उद्देश्यहरू आदिबारे अनभिज्ञ छन् भने अर्कोतर्फ स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्ने विज्ञहरूको अभाव छ ।

### योजना निर्माण नहुनु

- सिकाइ उपलब्धिमा कमजोर भएका विद्यार्थीहरू पहिचान गरी ती विद्यार्थीहरूको उपलब्धि स्तर वृद्धि गर्न विद्यालयले कुनै किसिमको योजना निर्माण गरेको छैन ।

### न्यूनतम विद्यार्थी सङ्ख्याको अभाव

- सामुदायिक विद्यालयहरूद्वारा गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छैनन् भन्ने जनगुनासो रहेको र जनविस्वासको कमी भएको कारणले आर्थिक अवस्था कमजोर भएका अभिभावकहरूले समेत आफ्नो आर्थिक समस्याका वावजूद संस्थागत विद्यालयहरूमा पढाइरहेको कारणले पनि सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या कम पाइएको छ। त्यस्तै आर्थिक रूपले विपन्न परिवारका बालबालिका विद्यालय बाहिर नै छन्।

### सङ्घ तथा समितिको बैठकहरूको निर्णय कार्यन्वयनको अभाव

- धेरैजसो विद्यालयहरूमा शिअ सङ्घ र विव्यसको बैठकहरूमा हुने निर्णयहरू पूर्ण तवरले कार्यान्वयन भएको देखिँदैन । त्यस्तैशिअ सङ्घको काम वैठक भएको बेलामा उपस्थित हुनेमा मात्र सीमित भएको पाइन्छ ।

### न्यून नमुना विद्यालय सङ्ख्या

- तीनवटा जिल्लाका २८ वटा पालिकाहरूमा रहेका २१५ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये ८ वटा पालिकाहरूमा सञ्चालन भइरहेका १० वटा विद्यालयहरू मात्र **नमुना विद्यालय**को रूपमा सञ्चालन गर्न छनोट भएका छन्। यी विद्यालयहरूको कार्यसम्पादन अन्य विद्यालयहरूको तुलनामा उच्च पाइएको छ।

## ८.२. सुझावहरू

माथि उल्लेखित विद्यालय कार्यसम्पादन स्तरसँग सम्बन्धित प्राप्तिहरू; कार्यसम्पादन परीक्षण प्रक्रिया सुधारसम्बन्धी विव्यसका पदाधिकारीहरू, प्रअहरू, परीक्षकहरू र जिल्ला संयोजकहरूबाट प्राप्त सूझावहरू; सन्दर्भ सामग्रीहरूको समीक्षा र संयोजकको आफ्नै बुझाइको आधारमा विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन सुझावहरू प्रस्तुत गर्न खोजिएको छ । ती सुझावहरूलाई (क) नीति निर्माण तहसँग सम्बन्धित सुझावहरू (ख) स्थानीय स्तरबाट बहुवर्षिय योजना बनाई गर्नुपर्ने कार्यहरूसम्बन्धी सुझावहरू (ग) स्थानीय स्तरबाट तत्काल गर्नुपर्ने कार्यहरूसम्बन्धी सुझावहरू (घ) आगामी कार्यसम्पादन परीक्षणका लागि सुझावहरू, गरी चार वटा शीर्षकहरूअन्तर्गत प्रस्तुत गरिएका छन्।

### ८.२.१. नीति निर्माण तहसंग सम्बन्धित सुझावहरू

**बजेटः** हरेक विद्यालयमा न्यूनतम आवश्यक भौतिक संरचनाको व्यवस्था गर्न र शिक्षण-सिकाइ सुधारसम्बन्धी शैक्षिक कार्यक्रमहरू विद्यालय तथा स्थानीय तहमा सञ्चालन गर्न वार्षिक वजेटमा शिक्षा क्षेत्रको लागि छुट्याउने बजेटमा वृद्धि गर्नु अनिवार्य छ। त्यस्तै हरेक विद्यालयमा शिक्षक तथा कर्मचारीहरूको तलब भत्ताको लागि जति रकम छुट्याइन्छ त्यसको करिव २० प्रतिशत रकम शिक्षण-सिकाइ सुधारका लागि सञ्चालन गर्नुपर्ने विभिन्न कार्यक्रमहरूका निम्ति स्थानीय सरकारले अनुदान दिनु पर्ने नीति तय गर्नुपर्छ।

**समुदायको सहभागिताः** शहरी क्षेत्रमा आफ्नो बालबालिकाहरूलाई संस्थागत विद्यालयहरूमा पढाइरहेका अभिभावकहरूबाट विद्यालयमा आफ्नो बालबालिकाको लागि तिर्दै आएको मासिक शुल्कमा थप १० प्रतिशत रकम लिई उक्त रकम वार्षिक रूपमा सम्बन्धित स्थानीय निकायमा पठाउने र सो रकम उक्त निकायले सामुदायिक विद्यालयहरूको शिक्षण-सिकाइ सुधार कार्यक्रममा खर्च गर्ने नीति केन्द्रीय तहमा निर्माण गरी स्थानीय निकायमार्फत कार्यान्वयनमा ल्याउनु पर्छ।

**भौतिक संरचनाको विकासः** विद्यालय तहको शिक्षा निःशुल्क भएको हुँदा भौतिक पक्षमा सुधार ल्याउन विद्यालयहरू आर्थिक रूपले सक्षम नभएको तथ्यलाई दृष्टिगत गर्दा हरेक विद्यालयमा न्यूनतम आवश्यक भौतिक सुविधाहरू उपलब्ध गराउन निम्नलिखित कार्यहरू गर्नु जरुरी देखिन्छ।

- शिविप्र मन्त्रालयको सम्बन्धित महाशाखाले हरेक विद्यालयको लागि चाहिने न्यूनतम भौतिक सुविधाहरूको मापदण्ड तयार गर्ने।
- हरेक विद्यालयको लागि न्यूनतम आवश्यक भौतिक संरचना तयार गर्न स्थानीय सरकारले अनिवार्य रूपमा आर्थिक अनुदान दिनुपर्ने नीति निर्माण गर्ने।
- हरेक विद्यालयमा यी मापदण्डको आधारमा भौतिक संरचनाहरू तयार गराउन शिविप्र मन्त्रालयले स्थानीय शिक्षा शाखामार्फत् यी मापदण्डका आधारहरूलाई सबै विद्यालयहरूमा वितरण गर्ने।

**जग्गाको स्वामित्वः** सम्पूर्ण सामुदायिक विद्यालयहरू नेपाल सरकारअन्तर्गत नै आउने हुँदा ती विद्यालयहरू सञ्चालन भइरहेको जग्गा विद्यालयकै स्वामित्वमा रहने नीति बनाउनु जरुरी छ।

**महिला शिक्षकः** कतिपय विद्यालयहरूमा शिक्षकहरूको सङ्ख्यामा लैङ्गिक अनुपात नमिलेको हुँदा त्यस्ता विद्यालयहरू भएको स्थानीय तहमा अब नयाँ शिक्षक भर्ना गर्दा महिला शिक्षक नै लिनुपर्ने नीति ल्याई तुरुन्त कार्यान्वयनमा ल्याउनुपर्छ।

**स्थायी शिक्षकको व्यवस्थाः** शिक्षक सेवा आयोगले हरेक वर्ष प्रत्येक प्रदेशको लागि आवश्यक सङ्ख्यामा स्थायी शिक्षकहरूको लागि छुट्टा छुट्टै विज्ञापन गर्नुपर्छ। हाल अस्थायीमा कार्यरत शिक्षकहरूको सन्दर्भमा शिक्षक सेवा आयोगको परीक्षामा अनुत्तीर्ण भएका सम्पूर्ण शिक्षकहरूलाई सेवा अवधिको आधारमा आर्थिक सुविधा दिई विदा दिनु उपयुक्त हुन्छ। स्थायी शिक्षक सङ्ख्या नपुग भएको विद्यालयमा स्थानीय निकायले प्रतिस्पर्धाको आधारमा बढीमा एक वर्षको लागि मात्र करारमा नियुक्ति गर्न सक्ने नीति केन्द्रीय तहमा निर्माण गरी पालिकाहरूले लागू गर्नुपर्छ।

**शिक्षण पेसामा उच्चतम अङ्क हासिल गर्ने व्यक्तिहरूको प्रवेश र तालिमः** शिविप्र मन्त्रालयले विश्वविद्यालयहरूसँग समन्वय गरी एस.एल.सी. परीक्षामा उच्चतम प्राप्ताङ्क हासिल गर्ने विद्यार्थीहरूले मात्र शिक्षाशास्त्र विधा रोज्न पाउने नीति तय गर्नुपर्छ। शिक्षक सेवा आयोगबाट उत्तीर्ण भएका उम्मेदवारहरूको लागि स्थायी शिक्षकमा नियुक्ति गर्नु भन्दा अगाडि अभ्यासमा आधारित छोटो अवधिको तालिमको व्यवस्था हुनुपर्छ। यो तालिममा तीन पटक लगातार अनुत्तीर्ण भएका उम्मेदवारहरूलाई नियुक्ति नदिने व्यवस्था गर्नुपर्छ।

**सक्षम प्रअको व्यवस्था:** हरेक विद्यालयमा योग्य र शैक्षिक तथा प्रशासनिक रूपमा सक्षम प्रअको लागि योग्यता, शिक्षण अनुभव र शिक्षण प्रभावकारितासम्बन्धी मानकहरू तयार गरी प्रतिस्पर्धाको आधारमा आवधिक रूपमा नियुक्ति गर्ने नीति हुनुपर्छ ।

**सूचना तथा सञ्चार प्रविधिको तालिम:** कक्षा शिक्षणलाई उत्प्रेरित तथा प्रभावकारी बनाउन सम्पूर्ण शिक्षकहरूले निश्चित समयावधिमा सूचना तथा सञ्चार प्रविधिको तालिम अनिवार्य रूपमा लिनुपर्ने नीति तय गर्नुपर्छ ।

**स्थानीय पाठ्यक्रम:** स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि Casecade Model मा तालिम कार्यक्रम सञ्चालन गर्न निम्नलिखित कार्यहरू गर्नु जरुरी छ ।

- पाठ्यक्रम विकास केन्द्रले माथि उल्लेखित विषयवस्तुहरूमा छलफलमार्फत् सातवटा प्रदेशका लागि सात जना विज्ञहरू तयार गर्ने ।
- हरेक प्रदेशको विज्ञले तालिममार्फत् आफ्नो प्रदेशअन्तर्गत हरेक जिल्लाबाट एक/एक जना विज्ञ तयार गर्ने ।
- हरेक जिल्लाको विज्ञले स्थानीय शिक्षा शाखाको एक जना विनिलाई तालिम दिई विज्ञको रूपमा तयार गर्ने । यसबाहेक जिल्ला स्तरीय विज्ञद्वारा जनप्रतिनिधिहरूलाई स्थानीय पाठ्यक्रमसम्बन्धी प्रवोधीकरण कार्यक्रम सञ्चालन गर्ने ।

**निरीक्षकहरूको दरवन्दी सिर्जना तथा कक्षा अवलोकन:** प्राविधिक निरीक्षण अर्थात् विषयगत कक्षा अवलोकनमा जोड दिन स्थानीय तहमा विद्यालय सङ्ख्याको आधारमा विषयगत विद्यालय निरीक्षक (विनि)हरूको दरवन्दी आवश्यक सङ्ख्यामा सिर्जना गरी ती विनिहरूलाई स्थानीय शिक्षा शाखाको प्रशासनिक कार्यमा भन्दा बढी विद्यालयहरूमा नमुना कक्षाहरू लिन लगाउने, कक्षा अवलोकन गर्न लगाउने, पृष्ठपोषण दिन लगाउने, अवलोकन गरिएका कक्षा शिक्षणका सवल तथा सुधार गर्नुपर्ने पक्षहरूबारे शिक्षकहरूबीच छलफल गर्न लगाउने आदि जस्ता कार्यहरूमा लगाउनु पर्छ । प्रभावकारी शिक्षण-सिकाइका सीपहरूमा आधारित विभिन्न सूचकहरूको आधारमा निरीक्षकहरूले कक्षा अवलोकन गर्नु अनिवार्य छ । विशेष गरी नमुना विद्यालयमा अध्यापन गर्ने हरेक शिक्षकले शिक्षण क्रियाकलापहरूमा यी प्रविधिहरू प्रयोग गरी अध्यापन गरेको छ वा छैन अवलोकन गर्नुपर्छ ।

त्यस्तै कक्षा अवलोकनका लागि शिक्षण पेसामा लामो अनुभव हासिल गरी निवृत्त भएका स्थानीय विषयविज्ञहरू उपलब्ध भएका ठाउँहरूमा ती विज्ञहरूलाई करारमा नियुक्ति गर्नु आर्थिक मितव्ययिताको दृष्टिकोणले बढी उपयुक्त हुन्छ ।

**पुरस्कार र दण्डको व्यवस्था:** स्थानीय तहद्वारा सञ्चालन गरिने कक्षा ८ को नतिजालाई हरेक विद्यालयलले विषयगत र समग्र विषयहरूको कक्षागत मध्यमाङ्कको साथै प्राप्ताङ्कको आधारमा विद्यार्थी सङ्ख्यालाई चौतुर्थाङ्क प्रतिशत राखेर विश्लेषण गर्नुपर्छ र सो नतिजालाई स्थानीय शिक्षा शाखामा पठाउनु पर्छ । हरेक विद्यालयबाट आएको नतिजा विश्लेषणको आधारमा उत्कृष्ट विद्यालयलाई स्थानीय निकायद्वारा पुरस्कृत गर्नुपर्छ । यसको साथै स्थानीय निकायले पालिकाभरीका विद्यालयहरूमध्ये हरेक विषयमा उच्चतम मध्यमाङ्क ल्याउन सफल विषय शिक्षकहरूलाई मासिक रूपमा एक वर्षका लागि उत्कृष्ट शिक्षक भत्ताको व्यवस्था गर्नुपर्छ । तीन वर्ष लगातार सबभन्दा कम मध्यमाङ्क ल्याउने विषय शिक्षकहरूलाई स्थानीय शिक्षा शाखाको निर्णय बमोजिम सजाँयको व्यवस्था हुनु जरुरी छ ।

**अध्ययन विदाको व्यवस्थाः** शैक्षिक योग्यता अभिवृद्धि कार्यक्रममा सहभागी भएका शिक्षकहरूको लागि अध्ययन विदा दिने नीति भएतापनि त्यस्ता शिक्षकहरूले खुला तथा दूर शिक्षा कार्यक्रमअन्तर्गत सम्पर्क सत्रमा क्याम्पसहरूमा भाग लिन जाँदाको छोटो समयावधिको अध्ययन विदा नै शिक्षकहरूले नपाइरहेको सन्दर्भमा उक्त नीतिलाई कार्यान्वयन ल्याउनु जरुरी छ ।

**दिवा खाजाको व्यवस्था र विद्यार्थी भर्नाः** सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिनुको साथै विस्तार गर्दै जानु आवश्यक छ । सामुदायिक विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरूको बालबालिका सामुदायिक विद्यालयमा नै अनिवार्य रूपमा भर्ना गर्नुपर्ने नीति बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**आवश्यक क्षेत्रको पहिचानको आधारमा नमुना विद्यालयहरूका लागि आर्थिक तथा प्राविधिक सहयोगः** सरोकारवाला नियकाले सबै नमुना विद्यालयहरूलाई बराबर रूपमा एउटै प्रकारको आर्थिक तथा प्राविधिक सहयोग प्रदान नगरी हरेक नमुना विद्यालयको कार्यसम्पादनको नतिजाको आधारमा आवश्यक क्षेत्र तथा उपक्षेत्रहरू पहिचान गरी सहयोग प्रदान गर्ने नीति तय गर्नुपर्छ ।

**नमुना विद्यालयहरूलाई सहयोगको मात्राः** ललितपुर जिल्लाका नमुना विद्यालयहरूको तुलनामा पर्सा र रामेछाप जिल्लामा सञ्चालित नमुना विद्यालयहरूका लागि बढी मात्रामा आर्थिक तथा प्राविधिक सहयोगको आवश्यकता देखिन्छ ।

**नमुना विद्यालयहरूका लागि भौतिक संरचनाको लागि सहयोगः** पर्सा र रामेछाप जिल्लाका केही नमुना विद्यालयहरूका लागि आवश्यक न्यूनतम भौतिक सुविधाका लागि तुलनात्मक रूपमा बढी सहयोगको प्रदान गनुपर्ने आवश्यकता देखिएको छ ।

**नमुना विद्यालयहरूका लागि शिक्षकको शैक्षिक योग्यता र महिला शिक्षकको व्यवस्थाः** सबै नमुना विद्यालयहरूमा माथिल्लो योग्यता भएका शिक्षकहरूलाई प्राथमिकता दिनु पर्छ र सोअनुसार तलबको व्यवस्था गर्नुपर्छ । साथै लैङ्गिक अनुपात कम भएका विद्यालयहरूमा अनिवार्य रूपमा महिला शिक्षक नियुक्ति गर्नुपर्ने व्यवस्था हुनुपर्छ ।

### ८.२.२. स्थानीय स्तरबाट बहुवर्षीय योजना बनाई गर्नुपर्ने कार्यहरूसम्बन्धी सुझावहरू

**भौतिक पूर्वाधारको विकासः** केन्द्रबाट पठाइएको विद्यालयको न्यूनतम आवश्यक भौतिक संरचनासम्बन्धी मापदण्डअनुसार हरेक विद्यालयमा उल्लेखित भौतिक पूर्वाधार तयार गर्न निम्नलिखित कार्यहरू गनुपर्छ ।

- हरेक विद्यालयले स्थानीय निकायद्वारा मापदण्डको आधारमा कुन कुन भौतिक सुविधाहरू नपुग छन् त्यसको सूची तयार गरी स्थानीय शिक्षा शाखामा पठाउने ।
- स्थानीय शिक्षा शाखाले प्राविधिकको सहयोगद्वारा ती भौतिक सुविधाहरू निर्माण गर्न के कति बजेट आवश्यकता पर्छ तयार गर्न लगाउने ।
- प्राविधिकको सहयोगबाट तयार गरिएको उक्त बजेटको आधारमा स्थानीय सरकारले हरेक विद्यालयमा रकम पठाई निर्माण कार्य गराउने ।

**समुदायको सहभागिताः** सबै नमुना विद्यालयहरूमा सम्बन्धित स्थानीय निकाय (वडा तह)ले समुदायको सहभागिता र लगानी वृद्धि गर्ने कार्यक्रमहरू निर्माण गरी कार्यान्वयन गरिनु जरुरी देखिन्छ ।

**पेसागत विकास तथा अतिरिक्त क्रियाकलापः** स्थानीय शिक्षा शाखाले हरेक विद्यालयलाई शिक्षकको पेसागत विकाससम्बन्धी कार्यक्रमहरूको साथै अतिरिक्त क्रियाकलापहरू सञ्चालनसम्बन्धी कार्यक्रमहरूको वार्षिक योजना निर्माण गर्न लगाई उल्लेखित कार्यक्रमहरू हरेक विद्यालये अनिवार्य रूपमा सञ्चालनमा ल्याउनु पर्ने व्यवस्था गर्नुपर्छ ।

**उत्कृष्ट शिक्षकहरूको कक्षा अवलोकनः** हरेक विद्यालयले आफ्नो शिक्षकहरूलाई उत्कृष्ट विद्यालयमा प्रभावकारी शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन गर्न पठाई ती शिक्षकहरूबाट प्रतिवेदन लिने व्यवस्था गर्नुको साथै कक्षा अवलोकनमा सिकेर आएका शिक्षण-सिकाइ सीपहरूलाई आफ्नो कक्षामा प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

**तालिम संस्कृतिमा परिवर्तनः** तालिममा सिकेका कतिपय सीपहरू विद्यालयको कक्षा शिक्षणमा प्रयोगमा नआउने र प्रयोग गर्न आवश्यक कतिपय सीपहरू शिक्षकले कक्षामा लागू नगर्ने विद्यमान अवस्थामा तालिममा दिइने विषयवस्तुहरूको छनोट र तालिम सञ्चालन गरिने प्रक्रियाको दृष्टिकोणले तालिमको संस्कृतिमा परिवर्तन ल्याउनु अनिवार्य छ । यसका लागि तालिममा विज्ञहरूबाट सिफारिस गरिएको विषयवस्तु नभई शैक्षिक सत्रको अन्तमा शिक्षकहरूको बैठकको छलफलबाट आएका शिक्षण-सिकाइमा देखिएका समस्याहरू नै तालिमको विषयवस्तु हुनुपर्छ । यस प्रकारको तालिम वर्षको एक पटक हरेक विद्यालयमा सञ्चालन गर्न स्थानीय शिक्षा शाखाद्वारा सहजीकरणको भूमिका निर्वाह गर्नु पर्छ ।

**सूचना तथा सञ्चार प्रविधि तालिमः** हरेक जिल्लाअन्तर्गतका सबै पालिकाहरूको समन्वयमा सूचना तथा सञ्चार प्रविधि तालिमको योजना निर्माण गरी जाडो तथा गर्मी विदामा उक्त तालिम जिल्ला स्तरमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ । यी प्रविधिसम्बन्धी सीपहरू शिक्षण विधिमा लागू गरेको छ छैन कक्षा अवलोकनको क्रममा विनिले हेर्नुपर्छ ।

**स्थानीय विज्ञद्वारा कक्षा अवलोकनको व्यवस्थाः** अधिकांश विद्यालय**हरू**मा शिक्षकहरूको कक्षा शिक्षण प्रभावकारी नभएको स्थितिलाई दृष्टिगत गरी स्थानीय शिक्षा शाखाले स्थानीय विज्ञहरू पहिचान गरी नमुना विद्यालयका शिक्षकहरूको कक्षा अवलोकनको व्यवस्था गर्नु नितान्त जरुरी भइसकेको छ ।

**कार्यमूलक अनुसन्धान र निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी तालिम**: कार्यमूलक अनुसन्धानसम्बन्धी तालिममा दिइने विषयवस्तुलाई विद्यालयमा प्रयोग हुन सक्ने तरिकाले सरलीकृत गर्नु अनिवार्य छ । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम सरलीकृत तथा छोटो गरी उक्त फारामको प्रयोगबारे तालिम सञ्चालन गरिनु पर्छ । यी तालिमहरू विद्यालयमा आधारित हुनुपर्छ ।

**स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनः** स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न निम्नलिखित कार्यहरू गर्नुपर्छ ।

- जिल्लास्तरीय स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनसम्बन्धी तालिम लिएका स्थानीय निकायको हरेक विज्ञले हरेक विद्यालयबाट १।१ जना सक्षम शिक्षक छनोट गरी स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी तालिम सञ्चालन गर्ने ।

- तालिम प्राप्त शिक्षकको संयोजकत्वमा पाठ्यक्रम निर्माणका सैद्धान्तिक चरणहरूको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।
- विषय विज्ञहरूलाई शिक्षण-सिकाइका सामग्रीहरू तयार गर्न लगाउने ।
- पाठ्यक्रम तथा शिक्षण-सिकाइ सामग्रीहरूको प्रवोधिकरणपश्चात् विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गर्ने ।
- स्थानीय पाठ्यक्रम एक वर्ष लागू गरिसकेपछि शिक्षण-सिकाइमा आएका समस्याहरूको आधारमा उक्त पाठ्यक्रमलाई कार्यशाला गोष्ठीद्वारा आवश्यक भएमा परिमार्जन गर्ने ।

**अन्तर्क्रियाः** स्थानीय शिक्षा शाखाले कक्षा ८ को अन्तिम परीक्षाको नतिजा विश्लेषण गरी आगामी वर्षहरूमा सिकाइमा सुधार गर्नका लागि विषयगत अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्नुपर्छ । हरेक विद्यालयको यी नतिजासम्बन्धी विश्लेषणलाई स्थानीयतहबाट निस्कने पत्रिकामा प्रकाशित गरी सबै पालिकावासीहरूलाई जानकारी दिनुपर्छ ।

**नमुना विद्यालयः** हरेक पालिकामा हाल सञ्चालन भइरहेका सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये कम्तीमा एउटा विद्यालयलाई पर्याप्त मात्रामा भौतिक संरचना र प्रभावकारी शिक्षण तथा विद्यार्थी मूल्याङ्कन गर्ने सक्षम, योग्य तथा तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गरी नमुना विद्यालयमा रूपान्तर गर्नुपर्छ । यस नमुना विद्यालयमा कार्यसम्पादन परीक्षण फाराममा उल्लेख भएका कार्यहरूमा समेत अरु विद्यालयहरूको लागि नमुना विद्यालय हुनुपर्छ । यसको साथै शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था गरी अध्ययन-अध्यापनको माध्यम अङ्ग्रेजी हुनुपर्छ ।

**परीक्षाको नतिजा विश्लेषणः** केही नमुना विद्यालयहरूमा विद्यार्थीहरूको सिकाइउपलब्धि धेरै कम भएको हुँदा ती विद्यालयका शिक्षकहरूलाई परीक्षाको नतिजा विश्लेषण गर्न लगाउने र शिक्षण-सिकाइ सुधार गर्ने योजनाहरू निर्माण गर्न लगाई अध्यापन गराउने व्यवस्था स्थानीय शिक्षा शाखाले गर्नुपर्छ ।

**छात्रावासको व्यवस्था र विद्यालयहरू गाभ्नेः** दुर्गम स्थानमा बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच पुऱ्याउने नाममा कम विद्यार्थी सङ्ख्या हुने स्थानहरूमा समेत विद्यालयहरू स्थापना गरी सञ्चालन गर्नुको सट्टा छात्राबास सहित एउटै विद्यालय खोलेर सञ्चालनमा ल्याउनु बढी प्रभावकारी र मितव्ययी हुनेछ । त्यस्तै शहरी क्षेत्रमा विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूलाई एक आपसमा गाभ्नु पर्छ ।

**संस्थागत र सामुदायिक विद्यालयबीच सहकार्यः** शिक्षण-सिकाइमा सुधार ल्याउन स्थानीय तहको पहलमा सामुदायिक तथा संस्थागत विद्यालयहरूको सहकार्यमा निम्नलिखित कार्यहरू गर्न सकिन्छ ।

- सामुदायिक विद्यालयका शिक्षकहरूलाई संस्थागत विद्यालयहरूका उत्कृष्ट शिक्षकहरूको कक्षा अवलोकन गर्न लगाउने ।
- निजी विद्यालयका उत्कृष्ट शिक्षकहरूलाई सामुदायिक विद्यालयहरूमा नमुना कक्षा, तथा समूह शिक्षण गर्न लगाउने ।
- शिक्षण-सिकाइमा सुधार ल्याउन संस्थागत र सामुदायिक विद्यालयहरूका शिक्षकहरूबीच अन्तर्क्रिया, छलफल, तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने ।

### ८.२.३. स्थानीयस्तरबाट तत्काल गर्नुपर्ने कार्यहरूसम्बन्धी सुझावहरू

**विद्यालयको सफाइः** धेरैजसो विद्यालयहरूको कक्षा कोठाहरूको साथै विद्यालय हाता सफा सुग्घर राख्नमा ध्यान नपुगेको र विशेष गरी शौचालयहरू फोहर देखिएको र यसको लागि छुट्टै कर्मचारीको व्यवस्था नभएको सन्दर्भमा शिक्षकहरूको नेतृत्वमा विद्यार्थीहरूको समूह बनाई नियमित रूपमा पालैपालो सफा गर्न लगाउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ । विद्यालयद्वारा शौचालयमा साबुन पानीको साथै छात्रा शौचालयमा स्यानटरी प्याडको व्यवस्था गर्नुपर्छ ।

**खेल मैदानको व्यवस्थाः** विद्यालयहरू सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहमा गइसकेको सन्दर्भमा आवश्यक मात्रामा खेलमैदान नपुगेका विद्यालयहरूको लागि सम्बन्धित स्थानीय निकाय तथा विव्यसले विद्यालयसँग जोडिएकै जग्गा वा विद्यालयबाट अलिकति दूरीमा रहेको जग्गा प्राप्त गर्न पहल गर्नुपर्छ ।

**विद्यालयको नाममा जग्गाको स्वामित्वः** माथि ८.२.१ को बुँदा नं.४ मा उल्लेखित कार्यपश्चात् विद्यालयहरूले चर्चिराखेको जग्गाको स्वामित्व स्थानीय निकायको पहलमा विद्यालयको नाममा ल्याउनु पर्दछ ।

**सामुदायिक विद्यालयहरूमा स्थानीय समुदायको सहभागिताः** ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयहरूका अभिभावकहरू तथा स्थानीय बासीहरू आर्थिक रूपमा विपन्न हुने भएका र शिक्षाप्रति सचेत नभएको वास्तविक स्थितिलाई ध्यानमा राखेर सामुदायिक विद्यालयहरूमा यी स्थानीय बासीहरूको सहभागिता वृद्धि गर्न स्थानीय निकायले सचेतना कार्यक्रम सञ्चालन गर्नु जरुरी देखिन्छ । स्थानीय बासीहरूबाट सामुदायिक विद्यालयहरूमा आर्थिक लगानी खोज्नु भन्दा विद्यालयको भौतिक संरचना निर्माणमा जनसहभागिताको अपेक्षा गर्नु व्यावहारिक देखिन्छ ।त्यस्तै हरेक विद्यालयले स्थानीय समुदायको प्रतिनिधिहरूको सहभागितामा विद्यालयको वार्षिक योजना निर्माण गर्नुपर्छ ।

**दरवन्दी मिलानः** कतिपय विद्यालयहरूमा शिक्षक सङ्ख्या बढी भएको र कतिपय विद्यालयहरूमा विषयगत शिक्षक नपुगी शिक्षण-सिकाइ प्रभावकारी नभएको यथार्थतालाई ध्यानमा राखेर जिल्ला स्तरमा शिक्षक दरवन्दी मिलान गर्ने नीति ल्याई पालिकाहरूको समन्वयमा उक्त नीति तुरुन्त कार्यन्वयनमा ल्याउनु पर्दछ ।

**अध्यापन टिपोटको निर्माणः** पाठयोजनाका सम्पूर्ण तत्वहरू समावेश गरी विस्तृत रूपमा पाठयोजना निर्माण गरी अध्यापन गर्ने सम्भावना र व्यावहारिक नदेखिएको वर्तमान सन्दर्भमा हरेक शिक्षकले कम्तीमा पाठको शीर्षक, उद्देश्य, र छोटकरीमा शिक्षण-सिकाइ क्रियाकलापहरूको टिपोट तयार गरी अध्यापन गर्ने व्यवस्था हरेक विद्यालयमा हुनुपर्छ । यस कार्यको अनुगमन प्रअले गर्नुपर्छ । नमुना विद्यालयहरूमा यो व्यवस्था अनिवार्य गर्नुपर्छ ।

**सहकर्मीहरूको कक्षा अवलोकनः** हरेक विद्यालयमा प्रत्येक शिक्षकले आफ्नो सहकर्मी साथीको कम्तीमा महिनाको एउटा कक्षा अवलोकन गरी कक्षा शिक्षणका सवल र सुधार गर्नुपर्ने पक्षहरूबारे छलफल गरी शिक्षण-सिकाइमा सुधार गर्ने प्रयास गर्नुपर्छ ।

**निरीक्षणः** विद्यालयको प्राविधिक निरीक्षणको साथै विद्यालय सञ्चालनको साधारण पक्षहरूको जस्तै भौतिक सुविधाहरू, प्रअ तथा शिक्षकहरूको उपस्थिति, कक्षा सञ्चालन, विद्यालयद्वारा तयार गरिएका योजनाहरूको कार्यान्वयन, निरन्तर विद्यार्थी मूल्याङ्कन, नतिजा विश्लेषण, विभिन्न समितिका वैठकहरूको निर्णय कार्यान्वयन,

सामाजिक परीक्षण तथा लेखा परीक्षण, शिक्षकको पेसागत विकाससम्बन्धी कार्यक्रमहरू, अभिलेखको व्यवस्थापन आदि, छुट्टै विनिद्वारा निरीक्षण गराउने व्यवस्था हुनुपर्छ । साथै स्थानीय निकायले सामान्य तथा सरल फाराम तयार गरी शिअ सङ्घको हरेक सदस्य (अभिभावक) ले रुटिनको आधारमा विद्यालयको साधारण पक्षहरूको अनुगमन गरी भर्ने र सो को विवरण स्थानीय निकायमा पठाउने व्यवस्था गर्नुपर्छ ।

**कार्यशाला गोष्ठी:** हरेक विद्यालयले प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुनु भन्दा अगाडि शैक्षिक सामग्रीहरू निर्माणका लागि विषयगत कार्यशाला गोष्ठी आयोजना गर्नुपर्छ ।

**विद्यार्थी-केन्द्रित शिक्षण विधि:** हरेक विद्यालयमा महिनामा एक पटक विषयगत शिक्षकहरूको अन्तर्क्रियाको आयोजना गरी आफूले अध्यापन गर्ने विभिन्न पाठहरूलाई विद्यार्थी-केन्द्रित शिक्षण विधिमार्फत कसरी अध्यापन गर्न सकिन्छ भन्ने बारेमा एक आपसमा अनुभवहरू साटासाट गर्नुपर्छ ।

**नमुना विद्यालयहरूका शिक्षकहरूका लागि कार्यमूलक अनुसन्धानसम्बन्धी तालिमः** नमुना विद्यालयहरूका शिक्षकहरूका लागि हरेक जिल्लामा कार्यमूलक अनुसन्धानलाई सबै शिक्षकहरूले सजिलो र व्यावहारिक किसिमले प्रयोगमा आउन सक्ने गरी कार्यमूलक अनुसन्धान तालिमको विद्यमान विषयसूचीमा परिमार्जन गर्ने र सोअनुसार पुनः तालिम सञ्चालन गर्नुपर्छ ।

**नमुना विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू सञ्चालनः** पर्सा जिल्लामा रहेका हरेक नमुना विद्यालयमा स्थानीय शिक्षा शाखाद्वारा अतिरिक्त क्रियाकलापहरूको वार्षिक योजना निर्माण गर्न लगाउनु पर्छ । ती विद्यालयहरूलाई अतिरिक्त क्रियाकलापहरूसम्बन्धी आवश्यक सामग्रीहरू उपलब्ध गराई वार्षिक योजनामा उल्लेख भएअनुसारका अतिरिक्त क्रियाकलापहरू सञ्चालन गराउनु पर्दछ र सो को जानकारी स्थानीय शिक्षा शाखालाई दिन लगाउनु पर्ने व्यवस्था गर्नुपर्छ ।

**नमुना विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आनिवार्य कार्यान्वयनः** शिक्षा शाखाद्वारा हरेक नमुना विद्यालयलाई निरन्तर विद्यार्थी मूल्याङ्कन अनिवार्य रूपमा लागू गराउने र सो को अनुगमन गर्ने व्यवस्था हुनुपर्छ ।

**नमुना विद्यालयहरूमा दिवा खाजाको व्यवस्थाः** अधिकांश नमुना विद्यालयहरूमा विद्यार्थीको नियमिततामा कमी भएको र विद्यालय छाड्ने तथा कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या बढी भएको स्थितिलाई दृष्टिगत गर्दा आधारभूत तहका तल्लो कक्षाहरूमा स्थानीय तहद्वारा दिवा खाजाको व्यवस्था तुरुन्त गर्नुपर्छ ।

**विद्यार्थी सङ्ख्या वृद्धिका लागि विव्यस र शिअ सङ्घको परिचालनः** विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्न, उनीहरूको दैनिक उपस्थितिमा वृद्धि गर्न र विद्यालय छोड्ने विद्यार्थी सङ्ख्यामा क्रमशः कमि गर्दै लग्न हरेक विद्यालयले विव्यस र शिअ सङ्घलाई परिचालन गर्नुपर्छ । नमुना विद्यालयहरूको सन्दर्भमा यो व्यवस्था अनिवार्य गर्नुपर्छ

**परीक्षाको नतिजा विश्लेषणः** हरेक शिक्षकले शिक्षण-सिकाइमा सुधार ल्याउन आफूले अध्यापन गर्ने विषयका अन्तिम परीक्षाको नतिजालाई मध्यमाङ्क र चतुर्थाङ्क प्रतिशत निकाली विश्लेषण गर्नुपर्छ ।

**अतिरिक्त कक्षा:** हरेक कक्षामा कमजोर विद्यार्थीहरू पहिचान गरी आवश्यकताअनुसार अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्छ र अतिरिक्त कक्षा लिने शिक्षकहरूको लागि पारिश्रमिकको व्यवस्था हुनुपर्छ ।

## ८.२.४. आगामी कार्यसम्पादन परीक्षणका लागि सुझावहरू

आ.व. २०६८/०६९ देखि शैगुपकेले विभिन्न परामर्शदाता संस्थाहरूमार्फत् विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दै आएको छ । परीक्षणको साधन उपयुक्त हुनुको साथै परीक्षण कार्य प्रभावकारी एवम् विश्वसनीय भए मात्र परीक्षणको नतिजा विश्वसनीय हुनसक्छ । विश्वसनीय नतिजाको प्रयोगद्वारा मात्र विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन सकिन्छ । यही तथ्यलाई दृष्टिगत गरी कार्यसम्पादन परीक्षणलाई अझ प्रभावकारी बनाउन हरेक वर्ष कार्यसम्पादन परीक्षणको क्रममा सम्बन्धित निकाय तथा पदाधिकारीहरूबाट सुझावहरू सङ्कलन गर्दै परीक्षण प्रक्रियालाई सुधार गर्दै आइएको छ । यही प्रक्रियाको निरन्तरता स्वरूप यस आ.व.मा सञ्चालित विद्यालय कार्यसम्पादन परीक्षणको क्रममा सम्बन्धित पदाधिकारीहरूबाट सङ्कलित सुझावहरूको आधारमा र सम्बन्धित सामग्रीहरूको समीक्षाको आधारमा आगामी कार्यसम्पादन परीक्षण प्रक्रियालाई सुधार गर्न निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

**सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या सूचकलाई सम्बन्धित उपक्षेत्रअन्तर्गत राख्ने:** विद्यालयको कार्यसम्पादन स्तर परीक्षण गर्न परीक्षण फाराममा तीनवटा क्षेत्रहरू (लगानी, प्रक्रिया र उपलब्धि) र सो क्षेत्रहरूअन्तर्गत १२ वटा उपक्षेत्रहरू समावेश गरिएका छन् । यसबाहेक विद्यालयद्वारा **"सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या"** लाई एउटा छुट्टै सूचकको रूपमा उक्त फाराममा समावेश गरिएको छ । कुनै पनि सूचक कार्यसम्पादनको कुनै न कुनै उपक्षेत्रहरू अन्तर्गत आउने गर्दछ । तर यो सूचकलाई फाराममा उल्लेखित कुनै पनि उपक्षेत्रहरूअन्तर्गत राखिएको छैन । वास्तवमा विद्यालयद्वारा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या विद्यालय कै विभिन्न प्रतिफलहरूमध्ये एउटा महत्वपूर्ण प्रतिफल हो । अतः यस सूचक विद्यालयको उपलब्धि क्षेत्रअन्तर्गत आउँछ । त्यस्तै प्रतिवेदन तयार गर्ने क्रममा कार्यसम्पादनको क्षेत्र तथा उपक्षेत्रका शीर्षकहरू मात्र उल्लेख गरी विश्लेषण तथा विवेचना गरिने हुँदा यस सूचक एउटालाई अलगै विश्लेषण तथा विवेचना गरिने काम प्राविधिक रूपमै अप्ठ्यारो देखिन्छ । अतः यस सूचकलाई कार्यसम्पादनको उपलब्धि क्षेत्र तथा उपक्षेत्रहरू बाहिर नराखी उपलब्धि क्षेत्रअन्तर्गत कुनै एउटा उपक्षेत्रमा समावेश गर्नु औचित्यपूर्ण देखिन्छ ।

**विद्यालयको निश्चित तहमा आवश्यक नभएका सूचकहरूबारे स्पष्टिकरणको व्यवस्था:** विद्यालय कार्यसम्पादन परीक्षण फारामको क्रम सङ्ख्या ५.१ मा निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी सूचक दिइएको छ । यो मूल्याङ्कन विद्यालयहरूमा कक्षा ७ सम्म मात्र व्यवस्था गरिएको छ । यसर्थ यी कक्षाहरू नभएको माध्यमिक विद्यालयहरूको लागि यो सूचक आवश्यक छैन । त्यसकारण आधारभूत तहका कक्षाहरू नभएको माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दा कार्यसम्पादनको कूल पूर्णाङ्कबाट यो सूचकलाई दिइएको पूर्णाङ्क घटाउनु पर्ने हुन्छ ।

**असम्बन्धित सूचकहरूको ठाउँमा सम्बन्धित सूचकहरूको समावेश:** विद्यालय कार्यसम्पादन परीक्षण फारामको उपलब्धि क्षेत्रअन्तर्गत क्रम सङ्ख्या ९ "विद्यार्थीको नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर" मा कक्षा ५ र ८ को लागि मात्र सूचकहरू दिइएका छन् । विद्यमान विद्यालय संरचनाअनुसार आधारभूत तह र माध्यमिक तह मात्र भएको हुँदा कक्षा ५ को ठाउँमा कक्षा १० को लागि सूचकहरू समावेश गर्ने तर्कपूर्ण देखिन्छ । त्यस्तै विद्यालय कार्यसम्पादन परीक्षण फारामको क्रम सङ्ख्या १०.१ देखि १०.४ मा उल्लेख भएअनुसार विद्यार्थीको

उपलब्धि मूल्याङ्कन कक्षा ५ र ८ को नेपाली र गणित विषयको औसत प्राप्ताङ्कको आधारमा गरिने व्यवस्था गरिएको छ। माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दा कक्षा ५ र ८ को सट्टा एसइइ र एनइबि (कक्षा १२को परीक्षा) मा सहभागी विद्यार्थीहरूको उपलब्धि स्तरको आधारमा गर्नु उपयुक्त तथा औचित्यपूर्ण देखिन्छ।

**थप सूचकहरूको व्यवस्था:** विद्यालय कार्यसम्पादन परीक्षणको नतिजा विश्वसनीय हुनको लागि परीक्षणका लागि निर्मित साधनमा आवश्यक विषयगत वैधता हुनु अनिवार्य छ। भनाइको अर्थ परीक्षणको साधनले परीक्षण गर्नुपर्ने क्षेत्र तथा उपक्षेत्रअन्तर्गतका सम्पूर्ण सूचकहरू समेटिएको हुनुपर्छ। यस साधनमा ८९ वटा सूचकहरू समावेश गरिएको भए तापनि खण्ड १ मा विभिन्न देशहरूमा अभ्यासमा आइरहेको कार्यसम्पादनको साधनहरूको समीक्षा गर्दा र नेपालको सन्दर्भमा शैक्षिक गुणस्तरमा असर पार्ने विभिन्न पक्षहरूलाई ध्यानमा राख्दा यस अध्ययनका लागि प्रयोग गरिएको विद्यालय कार्यसम्पादन फाराममा निम्नलिखित पक्षहरूसम्बन्धी सूचकहरू समावेश भएको देखिँदैन। अतः ती पक्षहरूसँग सम्बन्धित सूचकहरू निर्माण गरी हाल प्रयोगमा आइरहेको विद्यालय कार्यसम्पादन परीक्षण फाराममा ती सूचकहरू थप्नुपर्ने जरुरी देखिन्छ।

- विद्यालय क्षेत्रको उपयुक्त प्रयोग
- अभिलेख व्यवस्थापन
- अनुगमन तथा निरीक्षण
- कक्षा अवलोकन
- विद्यार्थीहरूको स्वास्थ्य
- कुल बजेटमा शिक्षकको तलब र भत्ताबाहेक अन्य शैक्षिक क्रियाकलापहरूको लागि छुट्याइएको बजेट तथा खर्च
- कक्षा १२ का विद्यार्थीहरूको उपलब्धि स्तर

**विव्यसको पदाधिकारी र प्रअको प्रश्नमा कारणहरू सहित प्रतिक्रिया आउने गरी परिमार्जन:** विद्यालय कार्यसम्पादन परीक्षण प्रक्रिया र नतिजा सम्बन्धमा प्रअ र विव्यसको अध्यक्ष वा सदस्यले दिएको प्रतिक्रियामा सो प्रतिक्रियाको कारणहरू सहित दिनुपर्ने गरी सूचकको कथनलाई सुधार गरेको खण्डमा यी पदाधिकारीहरूबाट आउने प्रतिक्रियाहरू अझ विशिष्ट हुन्छन्। फलस्वरूप यी प्रक्रियाहरूको आधारमा प्रतिवेदनमा दिइने सुझावहरू विशिष्ट भई ती सुझावहरू बढी व्यावहारिक एवम् कार्यमूलक हुनेछ।

**परीक्षकबाट प्रतिक्रिया लिइने प्रश्नलाई सरलीकृत गर्ने:** विद्यालय कार्यसम्पादनको लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रमा सुधार ल्याउनको लागि परीक्षकबाट लिइने सुझावहरू सङ्कलन गर्न विद्यालय कार्यसम्पादन परीक्षण फाराममा समावेश गरिएको तालिकाको ढाँचा जटिल देखिएको छ। कतिपय परीक्षकहरू यसबारे स्पष्ट नभएको पनि देखिन्छ। अतः फाराममा दिइएको यस तालिकालाई सरलीकृत गर्नु जरुरी छ। यसको लागि तालिकामा लगानी, प्रक्रिया र उपलब्धि क्षेत्र मात्र उल्लेख गरी सोअनुसार परीक्षकहरूबाट सुझावहरू सङ्कलन गर्नु उपयुक्त हुन्छ। यससम्बन्धी परीक्षकहरूले दिने सुझावहरूलाई कुन तहले कार्यान्वयन गर्नुपर्ने हो सो कुरा तथ्याङ्क तालिकीकरण गर्ने बेलामा मात्र वर्गीकरण गर्नु उपयुक्त देखिन्छ।

**स्तर निर्धारणका आधारहरूमा सुधारः** विद्यालय कार्यसम्पादन परीक्षण फारामका केही सूचकहरूमा उल्लेख गरिएका आधारहरू Exclusive विधिमा दिइएका छन् । यस सन्दर्भमा कतिपय परीक्षक तथा विद्यालयका पदाधिकारीहरू समेत स्पष्ट नभएको देखिन्छ । यो तथ्यलाई दृष्टिगत गर्दा स्तर निर्धारणका सो आधारहरूलाई Inclusive विधिमा दिँदा सबै सम्बन्धित पदाधिकारीहरू स्पष्ट हुनेछन् ।

**कार्यसम्पादनको हरेक क्षेत्रमा छुट्याइएका भारित अङ्कको औचित्यताको पुष्टिः** विद्यालय कार्यसम्पादन परीक्षण फाराममा कार्यसम्पादनका तीनवटा क्षेत्रहरू जस्तै लगानी, प्रक्रिया र उपलब्धिलाई क्रमशः ८१, १३८ र ४५ पूर्णाङ्क छुट्याइएको छ भने सेवा प्रदान गरिएको सूचकलाई ५ पूर्णाङ्क दिइएको छ । यी पूर्णाङ्कहरूलाई तुलना योग्य बनाउने उद्देश्यले लगानी क्षेत्रको लागि छुट्याइएको ८१ पूर्णाङ्कलाई २५ प्रतिशत, प्रक्रिया क्षेत्रको १३८ पूर्णाङ्कलाई ३० प्रतिशत, र उपलब्धिक्षेत्रलाई दिइएको ४५ पूर्णाङ्कलाई ४० प्रतिशत भारित अङ्क (weightage) दिइएको छ । त्यस्तै सेवा प्रदान गरिएको सूचकलाई छुट्याइएको ५ पूर्णाङ्कलाई ५ भारित अङ्क नै दिइएको छ । तर यी तीनवटा क्षेत्रहरू र उल्लेखित सूचकको लागि दिइएको भारित अङ्कहरूको आधारहरू तथा औचित्य कहिँकतै पुष्टि गरिएको देखिँदैन । अतः यी क्षेत्रहरूलाई छुट्याइएको भारित अङ्कहरूको औचित्य विद्यालय कार्यसम्पादन परीक्षण फाराममै उल्लेख गर्नु जरुरी देखिन्छ ।

**कार्यसम्पादनको स्तरको दूरीमा कम गर्नेः** विद्यालय कार्यसम्पादन परीक्षण फाराममा विद्यालयले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा हरेक विद्यालयको स्तर निर्धारण गर्न चारवटा स्तर जस्तो "कमजोर", "सामान्य", "मध्यम", "उत्तम" दिइएका छन् । यी चारवटा स्तरलाई परीक्षण फाराममा अङ्ग्रेजीमा "Poor", "Fair", "Good" र "Excellent" भनी उल्लेख गरिएको छ । वास्तवम "Fair" र "Good" लाई नेपालीमा "सामान्य" र "मध्यम" भने शव्द त्यति उपयुक्त देखिँदैन । त्यस्तै हरेक स्तरबीचमा अङ्कको दूरी पनि धेरै ठूलो देखिएको छ । प्राप्ताङ्कहरूलाई स्तरमा वर्गीकरण गर्दा "ठिकै" अर्थात "Fair" को माथिल्लो र तल्लो स्तर सङ्ख्या वरावर हुनु तर्कपूर्ण देखिन्छ । अतः १ देखि १०० को प्राप्ताङ्कलाई हरेक २०/२० प्राप्ताङ्कको दूरीलाई एक/एक वटा स्तरमा राखी कम्तीमा पाँच वटा स्तर जस्तै "धेरै कमजोर", "कमजोर", "ठिकै", "राम्रो", "धेरै राम्रो"वा "उत्तम" मा विभाजन गर्नु उपयुक्त देखिन्छ ।

**विज्ञहरू सम्मिलित कार्यशाला गोठिद्वारा विद्यालय कार्यसम्पादन परीक्षण साधनमा सुधारः** विद्यालय कार्यसम्पादन परीक्षण साधनमा माथि उल्लेखित सूचकहरूमा सुधार ल्याउन र आवश्यक अन्य सूचकहरू थप गर्न सम्बन्धित विषय विज्ञहरू सम्मिलित कार्यशाला गोष्ठीमार्फत् गर्नु अनिवार्य छ ।

**अभिमुखीकरण तालिमको लागि आवश्यकतामा आधारित विषयवस्तुको छनोटः** तथ्याङ्क सङ्कलनका लागि परीक्षकहरूलाई निर्धारित जिल्लाहरूमा पठाउनु भन्दा अगाडि शैगुपकेले विद्यालय कार्यसम्पादन परीक्षण फारामबारे विस्तृत जानकारी, तथ्याङ्क सङ्कलन प्रक्रिया, सङ्कलित तथ्याङ्क परीक्षण, फाराममा भर्ने तरिका, विद्यालयको स्तर निर्धारण गर्ने तरिकाको साथै गुणात्मक तथ्याङ्क सङ्कलन गर्ने तरिकाहरूबारे आवश्यक जानकारी प्रदान गर्ने उद्देश्यले अभिमुखीकरण तालिम सञ्चालन गरेको थियो । विगतका वर्षहरूमा विद्यालय कार्यसम्पादन परीक्षण कार्यअन्तर्गत तथ्याङ्क सङ्कलन कार्यमा अनुभव हासिल गरेका परीक्षकहरूलाई एक दिन र नयाँ परीक्षकहरूलाई तीन दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तालिममा अनुभवी परीक्षकहरूलाई गत वर्षमा दिइएका विषयवस्तुहरू दोहोऱ्याएर दिइएको थियो, जुन आवश्यक थिएन । न्यूनतम स्नातकोत्तर प्राप्त गरिसकेका अनुभवी परीक्षकहरूलाई एउटै विषयवस्तु हरेक वर्ष दोहोऱ्याएर दिनु भन्दा विगतका वर्षहरूमा तथ्याङ्क

सङ्कलन प्रक्रियामा देखिएका समस्याहरूबारे छलफल हुनु उपयुक्त देखिन्छ । अतः अनुभवी परीक्षकहरूलाई अभिमुखीकरण कार्यक्रममा दिइने विषयवस्तुहरू आवश्यकतामा आधारित हुनुपर्छ । भनाइको अर्थ अभिमुखीकरण कार्यक्रमको विषयवस्तु आवश्यकता पहिचानको आधारमा निर्धारण गर्नु जरुरी छ ।

**अन्तर्क्रियात्मक तथा अभ्यासमा आधारित अभिमुखीकरण तालिमः** शैगुपकेले परीक्षकहरूको लागि सञ्चालन गर्दै आएको अभिमुखीकरण कार्यक्रम अलि बढी प्रवचनमा आधारित भएको प्रतिक्रियाहरू परीक्षकहरूबाट आएको सन्दर्भमा आगामी वर्षहरूमा यस कार्यक्रम सञ्चालन विधिमा छलफल, प्रस्तुतीकरण, अभ्यास, समस्याहरूको पहिचान, समस्या समाधान उपायहरूमा बढी जोड दिनुपर्ने आवश्यक छ ।

**सरोकारवालाहरूको लागि अभिमुखीकरण कार्यक्रमः** अधिकांश पालिका प्रमुखहरू तथा स्थानीय शिक्षा प्रमुखहरू र प्रअहरू विद्यालय कार्यसम्पादन परीक्षणसँग अनभिज्ञ छन् । विशिष्ट रूपमा यी पदाधिकारीहरू कार्यसम्पादन परीक्षणको औचित्य, उद्देश्य, महत्व, परीक्षण साधन, परीक्षण प्रक्रिया, यसको नतिजाको प्रयोग आदिबारे अनभिज्ञ छन् । माध्यमिक तहसम्मका विद्यालयहरू सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहमा गइसकेको सन्दर्भमा माथि उल्लेखित विषयहरूमा यी पदाधिकारीहरू जानकार नभएको कारणले कतिपय विद्यालयहरूबाट आवश्यक तथ्याङ्क सङ्कलन गर्न कठिन हुनुको साथै आवश्यकता भन्दा बढी समय लागेको तथ्यलाई दृष्टिगत गरी यी पदाधिकारीहरूको लागि छुट्टा छुट्टै अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नु अनिवार्य छ । अभिमुखीकरण कार्यक्रममा संलग्न गराउनु पर्ने पदाधिकारीहरूको सङ्ख्या धेरै ठूलो हुने हुँदा उक्त अभिमुखीकरण कार्यक्रम casecade model मा सञ्चालन गर्नु उपयुक्त तथा व्यावहारिक देखिन्छ ।

**कार्यसम्पादन परीक्षणबारे सरोकारवाला समूहहरूलाई पूर्वजानकारी र स्थानीय शिक्षा शाखाहरूलाई परिचालनः** विद्यालयहरूको कार्यसम्पादन परीक्षणको सन्दर्भमा विद्यालयहरूमा आवश्यक तथ्याङ्कको अभिलेख व्यवस्थित रूपले राखेको नपाइएको कारणले परीक्षण कार्यमा आवश्यकता भन्दा बढी समय र मानवीय स्रोत बढी खर्च भएको प्रतिक्रिया सबै परीक्षक र जिल्ला संयोजकहरूबाट आएको छ । यसको मुल कारण विद्यालयलाई परीक्षण कार्यको लागि कुन कुन पक्षहरूको तथ्याङ्क आवश्यक छ भने कुरा पूर्वजानकारी नहुनु हो । फलस्वरूप यस कार्यमा आर्थिक र समयावधिको दृष्टिकोणले आवश्यकता भन्दा बढी खर्च भएको तथ्यलाई मनन् गरी शैगुपकेले निम्न कार्यहरू गर्नु उपयुक्त देखिन्छ ।

- सबै विद्यालयहरू तथा सम्बन्धित निकाय तथा पदाधिकारीहरूलाई कार्यसम्पादन परीक्षणबारे जानकारी दिन सार्वजनिक सूचना प्रकाशित गर्ने,
- कार्यसम्पादन परीक्षण फाराम website मा राख्ने,
- विद्यालयहरूलाई स्थानीय शिक्षा तहमार्फत् कार्यसम्पादन परीक्षण फाराम पहिले नै उपलब्ध गराउने,
- उपलब्ध परीक्षण फाराम विद्यालयले पहिले नै भर्न लगाउने,
- हरेक विद्यालयमा सम्बन्धित स्थानीय शिक्षा निकायद्वारा विद्यालयले भरेको फाराम ठीक छ वा छैन जाँच गर्न लगाउने र
- अन्तमा हरेक विद्यालयमा परीक्षक गई भरिसकेको परीक्षण फाराममा सबै तथ्याङ्क ठीक छ वा छैन जाँच्ने र अन्य आवश्यक तथ्याङ्क जस्तै कक्षा अवलोकन, कार्यसम्पादनप्रति प्रअ तथा विव्यसको प्रतिक्रिया,

शिक्षकहरूको विद्यालय र आफ्नो पेसाप्रतिको सन्तुष्टि आदिसम्बन्धी तथ्याङ्क परीक्षक आफैले सङ्कलन गरी परीक्षण फाराममा भरी परीक्षणको नतिजाबारे विद्यालय र स्थानीय निकायलाई जानकारी दिने ।

**नियमित स्वःमूल्याङ्कन र निश्चित अन्तरालमा बाह्य परीक्षणको व्यवस्थाः** विद्यालयको कार्यसम्पादनमा सुधार भइरहेको छ वा छैन विद्यालय आफैले र स्थानीय निकायले थाहा पाउन हरेक वर्ष विद्यालयको कार्यसम्पादनको परीक्षण गर्नु जरुरी छ । तर आर्थिक तथा मानवीय स्रोतको दृष्टिकोणले हाल अभ्यास गरिरहेको कार्यसम्पादन परीक्षण प्रक्रिया संभव छैन । विद्यालयको कार्यसम्पादनमा सुधार ल्याउन हरेक वर्ष विद्यालयको कार्यसम्पादन परीक्षण गर्न एकातिर अत्यावश्यक छ भने अर्को तर्फ अहिलेको व्यवस्था सम्भव नदेखिएको यथार्त स्थितिमा उक्त परीक्षण कार्यलाई निम्नलिखित प्रक्रियाअनुसार गर्न सकिन्छ ।

- विद्यालय कार्यसम्पादन परीक्षण साधन बाह्य व्यक्ति वा संस्थाले मात्र होइन विद्यालय आफैले स्वःमूल्याङ्कन गर्नको लागि समेत तयार गरिएको हुँदा विद्यालय आफैले हरेक वर्ष कार्यसम्पादन परीक्षण फाराम भरी आफ्नो विद्यालयको स्वःमूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्छ ।
- हरेक विद्यालयले भरेका कार्यसम्पादन परीक्षण फाराममा उल्लेख गरिएका तथ्याङ्क ठीक छ वा छैन स्थानीय शिक्षा निकायले जाँच्ने व्यवस्था हुनुपर्छ ।
- निश्चित समयको अन्तरालमा शैगुपकेले विद्यमान प्रक्रियाअनुसार विद्यालय कार्यसम्पादन परीक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- शैगुपकेले गरेको कार्यसम्पादन परीक्षणको नतिजासम्बन्धी प्राप्तिहरू र सुझावहरूलाई परामर्शदाता संस्थामार्फत् सबै स्थानीय तहमा प्रवोधीकरण गर्ने व्यवस्था मिलाउनु पर्छ ।

**परीक्षकहरूद्वारा निर्णय पुस्तिकामा लेख्ने व्यवस्था हटाउनेः** विद्यालयमा कार्यसम्पादन परीक्षण पश्चात परीक्षकले निर्णयपुस्तिकामा सुझावहरू लेखी सो को प्रतिलिपि ल्याउनु पर्ने व्यवस्था गरिएको छ । तर उक्त प्रतिलिपि विद्यालय कार्यसम्पादन परीक्षणको दृष्टिकोणले कहिँकतै प्रयोगमा नआउने हुँदा समयको किफायतको लागि सो व्यवस्था हटाउनु उपयुक्त देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताव व्यवस्था समिति (२०७३), शिक्षा ऐन, २०२८, शिक्षक सेवा आयोग नियमावली, २०५७ र शिक्षा नियमावली, २०५९, काठमाण्डौः लेखक ।

भोमी, अरविन्द लाल र खनाल, पेशल (२०१३), शैक्षिक निकायको गुणस्तर परीक्षण ढाँचा –२०१३, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७४), कार्यसम्पादन परीक्षण प्रतिवेदन - २०७४, सानोठिमी, भक्तपुरः लेखक

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, (२०७५), विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७५ (बाह्य परीक्षण तथा स्वः मूल्याङ्कन), सानोठिमी, भक्तपुरः लेखक ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, (२०७५), माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षणको समष्टिगत प्रतिवेदन, सानोठिमी,भक्तपुरःलेखक ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय पुस्तिका, सानोठिमी, भक्तपुरः लेखक

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), शैक्षिक निकाय कार्यसम्पादन परीक्षणको ढाँचा २०७३, सानोठिमी, भक्तपुरः लेखक

श्रेष्ठ, प्रकाश मान (२०७५), माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षणको समष्टिगत प्रतिवेदन, सानोठिमी,भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र ।

Education Review Office, New Zealand (2016). School evaluation indicators: effective practice for improvement and learner success. Retrieved from file:///C:/Users/User/Desktop/ero%20package%20report/ERO-15968-School-Evaluation-Indicators-2016-v10lowres.pdf

Education Review Office (2018).Standard request for proposals, selection of consultants, lump-sum. Sanothimi, Bhaktapur: Author

Georgia Department of Education (2016).Georgia school performance standards. Retrieved from https://www.gadoe.org/School-Improvement/School-Improvement-Services/Documents/School%20and%20District%20Effectiveness/GA%20School%20Performance%20Standards.pdf

INTOSAI (2015). Standards and guidelines for performance auditing based on INTOSAI's standards and practical experiences. Copenhagen: INTOSAI. Retrieved from http://www.issai.org/media/13517/performance_audit_guidelines_e.pdf

Management & Quality Assurance Unit Ministry of Education (2010).Guidlines on national educational standards and ISA competencies.Srilanka : Author

MOE, ( 2016). School sector development programme, 2016/17-2022/23. Kathmandu: Author.

National University of Educational Planning and Administration (2015).National programme of school standards and evaluation (NPSSE), school evaluation for improvement. New Delhi: Author. Retrieved shaalasiddhi.nuepa.org/about.html

Quality Assurance & School-based Support Division Education Bureau (2016). Performance indicators for Hongkong schools (for secondary, primary and special schools). Hongkong: Author. Retrieved www.edb.gov.hk/attachment/en/sch-admin/sch-quality.../PI-2016_Eng.pdf

# अनुसूची १
## परीक्षकगत रुपमा परीक्षण गरिएका विद्यालयहरूको नाम तथा ठेगाना
## जिल्ला : रामेछाप

| क्रम संख्या | परीक्षकको नाम | विद्यालय संख्या | स्थानीय स्तर | वडा नं. | गाउँ/टोल | विद्यालय कोड | विद्यालयको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री इन्द्र बहादुर श्रेष्ठ | १ | मन्थली न.पा. | १ | गडवारी | १८०७२ | नागकन्या मा.वि. |
| | | २ | रामेछाप न.पा. | ८ | रामेछाप बजार | १८००१ | गौरिशंकर मा.वि. |
| | | ३ | मन्थली न.पा. | १ | मन्थली, खांदबारी टोल | १८०१४ | मन्थली मा.वि. |
| २ | डा. शिवशरण महर्जन | ४ | लिखु गा.पा. | ६ | खिम्तिबेसी | १८००९ | तामाकोशी जनजागृती मा.वि. |
| ३ | श्री बाबुकाजी कार्की | ५ | मन्थली न.पा. | ११ | नाटिला | १८०८४ | मनकामना मा.वि. |
| | | ६ | मन्थली न.पा. | १० | ज्यामिरे | १८०८७ | हरिसिद्धि मा.वि. |
| | | ७ | मन्थली न.पा. | १४ | विस्ली | १८०७९ | बौद्ध मा.वि. |
| | | ८ | दोरम्बा गा.पा. | १ | सुर्के | १८०२९ | सुर्के देउराली मा.वि. |
| | | ९ | मन्थली न.पा. | ११ | गेलू | १८०१७ | शारदा मा.वि. |
| | | १० | मन्थली न.पा. | १४ | फुलासी | १८०४७ | काली देवी मा.वि. |
| | | ११ | मन्थली न.पा. | १३ | फुलासी | १८०५७ | मा.वि., हर्रे चिन्ड़े |
| | | १२ | मन्थली न.पा. | १२ | सिक्राल | १८०६२ | मा.वि., सिक्राल |
| ४ | श्री दावा शेर्पा | १३ | सुनापती गा.पा. | ५ | सुनापती | १८०३३ | बाल मा.वि |
| | | १४ | सुनापती गा.पा. | २ | मंदर | १८०७१ | मा.वि., मंदर |
| | | १५ | सुनापती गा.पा. | ४ | साउनेपानी | १८०११ | कुशेश्वर मा.वि. |
| | | १६ | सुनापती गा.पा. | ३ | सांदीडाडा | १८०१९ | पशुपति मा.वि. |
| | | १७ | सुनापती गा.पा. | ३ | खोटपश्वांरा | १८०९४ | जनजागृत मा.वि. |
| | | १८ | सुनापती गा.पा. | ४ | डहु | १८०२२ | मा.वि., दहु |
| | | १९ | सुनापती गा.पा. | ३ | मानपुर | १८०२४ | कृष्णवर्णेश्वर मा.वि. |
| | | २० | सुनापती गा.पा. | २ | हिमिपोखरी | १८०८१ | अग्लेश्वर मा.वि. |
| | | २१ | सुनापती गा.पा. | ३ | लामाटोल | १८०९० | कृष्ण मा.वि. |
| ५ | प्रा.डा. ध्रुवराज सिवाकोटी | २२ | मन्थली न.पा. | ४ | सालु | १८०१६ | सेती देवी मा.वि. |
| | | २३ | रामेछाप न.पा. | २ | देउराली | १८०८२ | कालिका देवी मा.वि. |
| | | २४ | उमाकुण्ड गा.पा. | ४ | च्याङ्गलु प्रिती | १८०१८ | चन्डेश्वरी मा.वि. |
| | | २५ | मन्थली न.पा. | ५ | सुनारपानी | १८०५१ | भैरवी मा.वि. |
| | | २६ | रामेछाप न.पा. | २ | देउराली सिरुवारी | १८०४० | शितला देवी मा.वि. |
| | | २७ | मन्थली न.पा. | ४ | सालु गैन्हाथोक | १८०८० | सिद्धेश्वर मा.वि. |
| | | २८ | मन्थली न.पा. | २ | कठजोर | १८०२० | निलकंठेश्वर मा.वि. |
| | | २९ | रामेछाप न.पा. | १ | साँधुटार | १८००३ | हिमगंगा मा.वि. |
| ६ | श्री मान | ३० | उमाकुण्ड गा.पा. | ७ | कास्थेम, भुजी | १८०७० | कास्थेम मा.वि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बहादुर क्षेत्री | ३१ | उमाकुण्ड गा.पा. | ५ | सुनुवारधारा प्रिती | १८०७३ | सरस्वती मा.वि. |
| | | ३२ | उमाकुण्ड गा.पा. | ३ | कुंबु | १८०५८ | जनता मा.वि. |
| ७ | डा. कमल गौतम | ३३ | खाँडादेवी गा.पा. | ४ | राजगाउ | १८०६६ | भिमेस्वर प्रशुन कंडेल मा.वि. |
| | | ३४ | खाँडादेवी गा.पा. | ५ | फुलपा पकरबास | १८००७ | प्रयोगेशोरी मा.वि. |
| | | ३५ | मन्थली न.पा. | १४ | फुलासी | १८०८६ | हरिसिद्धि मा.वि. |
| | | ३६ | मन्थली न.पा. | ९ | बंग्डेसल्ला | १८०३५ | स्थानापति मा.वि. |
| | | ३७ | खाँडादेवी गा.पा. | ५ | भीरपानी | १८०५६ | प्रगतिशिल मा.वि. |
| | | ३८ | खाँडादेवी गा.पा. | ९ | पिंरौरी | १८०४२ | माने डाँडा मा.वि. |
| | | ३९ | खाँडादेवी गा.पा. | ८ | मेर्गाफ भदौरे | १८०३८ | भारती मा.वि. |
| | | ४० | मन्थली न.पा. | १० | देउराली | १८०६० | सरस्वती मा.वि. |
| ८ | डा. कृष्ण बहादुर थापा | ४१ | रामेछाप न.पा. | ८ | भंगेरी | १८०७५ | मा.वि., भंगेरी |
| | | ४२ | रामेछाप न.पा. | ३ | धारापानी,हिमगंगा | १८०६३ | रेणुका देवी मा.वि. |
| | | ४३ | मन्थली न.पा. | ६ | भलुवाजोर | १८०८८ | कालिका मा.वि. |
| | | ४४ | रामेछाप न.पा. | ६ | च्यास्कु | १८०७८ | जनकल्याण मा.वि. |
| | | ४५ | रामेछाप न.पा. | ४ | बोलंग | १८०६५ | महारुद्र मा.वि. |
| | | ४६ | रामेछाप न.पा. | ५ | रामपुर | १८०२७ | जनता मा.वि. |
| | | ४७ | रामेछाप न.पा. | ५ | रामपुर | १८०९५ | भीमेश्वर मा.वि. |
| | | ४८ | रामेछाप न.पा. | ८ | बाबियाखर्क | १८०१५ | शारदा संस्कृत मा.वि. |
| ९ | डा. रामहरी ढकाल | ४९ | लिखु गा.पा. | ६ | ज्यामीरे खानी | १८०५५ | श्री मा.वि. |
| | | ५० | दोरम्बा गा.पा. | ४ | तामचेत | १८०३९ | शिव लिंगेश्वोर मा.वि. |
| | | ५१ | दोरम्बा गा.पा. | ६ | रिष्ठे | १८०२३ | कालिका मा.वि. |
| | | ५२ | दोरम्बा गा.पा. | ५ | गुन्साल | १८०६९ | सेती देवी मा.वि. |
| | | ५३ | लिखु गा.पा. | ७ | तिलपुंग | १८०८९ | बालज्योति मा.वि. |
| | | ५४ | मन्थली न.पा. | ८ | चिसापानी | १८००४ | भीमेश्वर रुद्र मा.वि. |
| | | ५५ | दोरम्बा गा.पा. | ३ | टोकरपुर | १८०२१ | कण्ठेश्वर मा.वि. |
| | | ५६ | दोरम्बा गा.पा. | ४ | खारपानी | १८०९३ | खारपानी मा.वि. |
| | | ५७ | लिखु गा.पा. | ७ | कटहरे | १८०२८ | नवदर्शन मा.वि. |
| | | ५८ | मन्थली न.पा. | ७ | मुगीटार | १८०३० | रुद्राक्षेश्वर मा.वि. |
| | | ५९ | दोरम्बा गा.पा. | ७ | पुडीध्यांग | १८०९७ | अन्तराष्ट्रिय युवा वर्ष मा.वि. |
| | | ६० | दोरम्बा गा.पा. | ७ | थापागाउँ | १८०७६ | भीमेश्वर मा.वि. |
| | | ६१ | दोरम्बा गा.पा. | २ | दोरम्वा | १८०१२ | काकलिंग मा.वि. |
| | | ६२ | सुनापती गा.पा. | १ | मदौरे | १८००६ | शतलिंगेश्वोर मा.वि. |
| १० | श्री खगेन्द्र बरैली | ६३ | गोकुलगङ्गा गा.पा. | १ | गर्जाग (डुलम्टार) | १८०४९ | जट्टेश्वरी मा.वि. |
| | | ६४ | लिखु गा.पा. | २ | टार | १८०५९ | शहिद स्मृती मा.वि. |
| | | ६५ | लिखु गा.पा. | ४ | धारापानी | १८०३६ | भ्रिन्गेश्वर मा.वि.(ख) |
| | | ६६ | लिखु गा.पा. | ५ | नागदह | १८०८५ | बुद्ध जनप्रिय मा.वि. |
| | | ६७ | लिखु गा.पा. | २ | सैपुर फेदी | १८०९६ | अरुणोदय मा.वि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ६८ | लिखु गा.पा. | ४ | कोटगाउँ | १८०६४ | भ्रीन्गेश्वर मा.वि. (क) |
| | | ६९ | रामेछाप न.पा. | १ | गोठपानी | १८०३१ | चंडेश्वरी मा.वि. |
| | | ७० | लिखु गा.पा. | १ | दुरागाउँ | १८०१३ | त्रिपुरेश्वर मा.वि. |
| ११ | श्री शंकर कुमार कार्की | ७१ | खाँडादेवी गा.पा. | २ | माझटोल | १८०५२ | खाँडा देवी मा.वि. |
| | | ७२ | खाँडादेवी गा.पा. | १ | राकाथुम, पोखरीटोल | १८०४८ | मा.वि., राकाथुम |
| | | ७३ | खाँडादेवी गा.पा. | ६ | माकादुम, साउने | १८०३२ | बुद्ध भवानी मा.वि. |
| | | ७४ | सुनापती गा.पा. | ५ | मूल पँधेरो | १८०८३ | जलदेवी मा.वि. |
| | | ७५ | सुनापती गा.पा. | ५ | रुपागेट | १८०४४ | कृष्णपुरी मा.वि. |
| | | ७६ | खाँडादेवी गा.पा. | ७ | गाल्पा बजार | १८०६८ | ज्योती मा.वि. |
| | | ७७ | खाँडादेवी गा.पा. | ६ | आँगेटार | १८०६१ | बिष्णु जनज्योती मा.वि. |
| | | ७८ | खाँडादेवी गा.पा. | ७ | टिमु | १८०५० | कृष्ण मा.वि. |
| | | ७९ | खाँडादेवी गा.पा. | ७ | चोप्राङ्ग | १८००८ | खाँडादेवी मा.वि. |
| १२ | श्री तिलक प्रसाद शर्मा | ८० | लिखु गा.पा. | ५ | धोवी | १८०३४ | झट्टेश्वर मा.वि. |
| | | ८१ | गोकुलगङ्गा गा.पा. | १ | साङ्गवाडाँडा | १८०९१ | सेती देवी मा.वि. |
| | | ८२ | उमाकुण्ड गा.पा. | २ | लुवु | १८००५ | सिद्धेश्वर मा.वि. |
| | | ८३ | गोकुलगङ्गा गा.पा. | ३ | रस्नालु | १८०४१ | गोकुलगंगा मा.वि. |
| | | ८४ | गोकुलगङ्गा गा.पा. | ६ | लाकादु | १८०७७ | मा.वि., फर्पु |
| | | ८५ | लिखु गा.पा. | २ | पिपल चौर, सैबु | १८०४३ | चन्डेश्वरी मा.वि. |
| | | ८६ | गोकुलगङ्गा गा.पा. | २ | ठोसेबजार | १८००२ | शारदा मा.वि. |
| | | ८७ | उमाकुण्ड गा.पा. | १ | गुम्देल | १८०४६ | महालङ्गुर मा.वि. |
| | | ८८ | गोकुलगङ्गा गा.पा. | ४ | वेतली | १८०१० | जनजागृति मा.वि. |
| | | ८९ | उमाकुण्ड गा.पा. | ६ | गुप्तेश्वर | १८०२५ | कैलेश्वरी मा.वि. |
| | | ९० | गोकुलगङ्गा गा.पा. | ५ | नामडी | १८०२६ | कमला देवी मा.वि. |

## जिल्ला : ललितपुर

| क्रम संख्या | परीक्षकको नाम | विद्यालय संख्या | स्थानीय स्तर | वडा नं. | गाउँ/टोल | विद्यालय कोड | विद्यालयको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | सुश्री निरा शाक्य | १ | गोदावरी न.पा. | १ | गोदामचौर | ३२०३३ | विशंखु नारायण मा.वि. |
| | | २ | ललितपुर म.न.पा. | १२ | मंगलबजार | ३२०११ | आदर्श कन्या निकेतन मा.वि. |
| | | ३ | ललितपुर म.न.पा. | २० | पुल्चोक | ३२००७ | त्रिपद्म विद्याश्रम मा.वि. |
| | | ४ | ललितपुर म.न.पा. | ६ | थैना | ३२१५२ | यशोधरा बौद्ध मा.वि. |
| | | ५ | ललितपुर म.न.पा. | १५ | लगनखेल | ३२०१४ | नमुना मच्छिन्द्र मा.वि. |
| | | ६ | गोदावरी न.पा. | ११ | चापागाउँ | ३२००५ | बज्रबाराही मा.वि. |
| | | ७ | गोदावरी न.पा. | १२ | ठेचो | ३२००६ | सरस्वती मा.वि. |
| | | ८ | गोदावरी न.पा. | ३ | टौखेल | ३२०१२ | किटिनी मा.वि. |
| २ | प्रा.डा. प्रकाशमान श्रेष्ठ | ९ | महालक्ष्मी न.पा. | ८ | धाफल | ३२०३२ | महाँलक्ष्मी मा.वि. |
| | | १० | महालक्ष्मी न.पा. | ६ | शिद्धिपुर,मंगलचौच | ३२०४९ | शिद्धिमंगल मा.वि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | डा. विश्वबाला शाह थापा | ११ | गोदावरी न.पा. | ११ | र्याडगाउँ,चापागाउँ | ३२०८५ | वाणी विलास मा.वि. |
| | | १२ | गोदावरी न.पा. | १४ | बाँडेगाउँ | ३२१५३ | बुद्ध मा.वि. |
| | | १३ | कोन्ज्योसोम गा.पा. | ५ | भारदेउ | ३२१०१ | बालेश्वरी मा.वि. |
| | | १४ | ललितपुर म.न.पा. | २० | नः टोल | ३२०३५ | बालविनोद मा.वि. |
| | | १५ | ललितपुर म.न.पा. | २७ | सुनाकोठी | ३२०२५ | बालकुमारी मा.वि. |
| | | १६ | महालक्ष्मी न.पा. | ८ | नासल, लुभु | ३२०३८ | लुभु साधारण मा.वि. |
| | | १७ | बाग्मती गा.पा. | २ | माल्टा | ३२०९६ | काली देवी मा.वि. |
| ४ | देविना प्रधानांग | १८ | महालक्ष्मी न.पा. | ९ | ढुंगेन | ३२०२९ | सिस्नेरी मा.वि. |
| | | १९ | ललितपुर म.न.पा. | १७ | लुँखसी | ३२०१९ | श्रमजीत किशोर मा.वि. |
| | | २० | गोदावरी न.पा. | १४ | ठैब | ३२०३६ | फूल्चोकी मा.वि. |
| | | २१ | ललितपुर म.न.पा. | ३ | नस्टोल, पुल्चोक | ३२०२३ | मदन स्मारक मा.वि. |
| | | २२ | महालक्ष्मी न.पा. | ९ | सिस्नेरी | ३२२७२ | श्रीन्गेश्वरी सा. मा.वि. |
| ५ | श्री मान बहादुर क्षेत्री | २३ | बाग्मती गा.पा. | ३ | भट्टेडाँडा | ३२०३४ | महाकाली देवि मा.वि. |
| | | २४ | कोन्ज्योसोम गा.पा. | २ | स्याल भन्ज्याङ | ३२३०३ | सरस्वति मा.वि. |
| ६ | डा. इन्द्र कुमारी बज्राचार्य | २५ | ललितपुर म.न.पा. | ११ | चाकुपाट | ३२००२ | चण्डी आदर्श सरल मा.वि. |
| | | २६ | ललितपुर म.न.पा. | ४ | इमाडोल | ३२००९ | महेन्द्र आदर्श मा.वि. |
| | | २७ | ललितपुर म.न.पा. | ९ | च्यासल | ३२०१० | श्रमिक शान्ति मा.वि. |
| | | २८ | गोदावरी न.पा. | ५ | लेले तिलेभवर | ३२०१७ | सरस्वति मा.वि. |
| | | २९ | ललितपुर म.न.पा. | १० | कुपन्डोल | ३२०२७ | प्रगति शिक्षा सदन मा.वि. |
| ७ | डा. रजनी ढकाल | ३० | गोदावरी न.पा. | ४ | वडिखेल | ३२२९९ | पथ प्रदर्शक मा.वि. |
| | | ३१ | कोन्ज्योसोम गा.पा. | ३ | भट्टेडाडा | ३२१५१ | गोठभञ्ज्याङ्ग मा.वि. |
| | | ३२ | ललितपुर म.न.पा. | २३ | धापाखेल | ३२२१७ | पद्म प्रकाश मा.वि. |
| | | ३३ | महालक्ष्मी न.पा. | ८ | | ३२२६१ | विश्वामित्र गणेश मा वि |
| | | ३४ | महालक्ष्मी न.पा. | १० | फेदीखोला | ३२३०२ | कालीदेवी मा.वि. |
| | | ३५ | कोन्ज्योसोम गा.पा. | १ | चौघरे | ३२२९७ | बाघ भैरब मा.वि. |
| | | ३६ | ललितपुर म.न.पा. | २३ | धापाखेल | ३२०२६ | श्रीकृष्ण मा.वि. |
| | | ३७ | कोन्ज्योसोम गा.पा. | ४ | नल्लु, ढुन्गो | ३२२७८ | गुप्तेश्वर मा.वि. |
| ८ | प्रा.डा.रजनी राजभण्डारी | ३८ | ललितपुर म.न.पा. | ८ | लोंल | ३२०२८ | शान्ति विद्याश्रम मा.वि. |
| | | ३९ | ललितपुर म.न.पा. | १७ | त्यागल | ३२२५८ | प्रभात मा.वि. |
| | | ४० | महालक्ष्मी न.पा. | २ | इमाडोल | ३२०८० | गम्भिर समुन्द्र सेतु मा.वि. |
| ९ | डा. रुमा मानन्धर | ४१ | गोदावरी न.पा. | १० | विष्ट गाउँ | ३२०५६ | उदय खर्क मा.वि. |
| | | ४२ | बाग्मती गा.पा. | ४ | प्युटार,सिम्ले | ३२००४ | चण्डेश्वरी मा.वि. |
| | | ४३ | महाङ्काल गा.पा. | २ | कटुवन | ३२१५४ | बुद्ध भगवान मा.वि. |
| | | ४४ | महाङ्काल गा.पा. | ४ | कालेश्वर | ३२०१८ | बाघ भैरव मा.वि. |
| | | ४५ | ललितपुर म.न.पा. | १३ | एकान्तकुना | ३२०१६ | महेन्द्र भृकुटी मा.वि. |
| | | ४६ | बाग्मती गा.पा. | ४ | प्युटार | ३२३०२ | काली देवी मा.वि. |
| | | ४७ | ललितपुर म.न.पा. | २ | किरण भवन | ३२००३ | टिका विद्याश्रम मा वि |
| १० | श्रीमती माया राई | ४८ | ललितपुर म.न.पा. | २१ | खोकना | ३२१२१ | रुद्रायणी मा.वि. |
| | | ४९ | ललितपुर म.न.पा. | २१ | खोकना | ३२११९ | युवा प्रतिभा मन्दिर मा.वि. |
| | | ५० | गोदावरी न.पा. | ७ | देवी चौर | ३२०६८ | देवी मा.वि. |
| | | ५१ | ललितपुर म.न.पा. | ११ | पाटन ढोका | ३२०१३ | पाटन मा.वि. |
| ११ | श्रीमती सम्झना | ५२ | ललितपुर म.न.पा. | २४ | धापाखेल | ३२०९५ | जलपा मा.वि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बस्नेत | ५३ | ललितपुर म.न.पा. | २५ | भैसेपाटी | ३२३०० | जनउदय मा.वि. |
| | | ५४ | गोदावरी न.पा. | ९ | छम्पी | ३२२८६ | बुद्ध मा.वि. |
| १२ | श्री इन्द्र बहादुर श्रेष्ठ | ५५ | महालक्ष्मी न.पा. | ५ | टिकाथली | ३२११२ | महेन्द्रग्राम मा.वि. |
| | | ५६ | ललितपुर म.न.पा. | २८ | हरिशिद्धि | ३२०७२ | हरिशिद्धि मा.वि. |
| | | ५७ | ललितपुर म.न.पा. | २५ | छ्यासी कोट, बुङ्गमती | ३२०३१ | आदर्श सौल युवक मा.वि. |
| १३ | डा. बिष्णु खनाल | ५८ | महाङ्काल गा.पा. | २ | ठूलादुर्लुङ्ग | ३२०८० | श्री ५ महेन्द्र मा.वि. |
| | | ५९ | महाङ्काल गा.पा. | ५ | चन्दनपुर, नमनडाँडा | ३२२३८ | सरस्वति विद्याश्रम मा.वि. |
| | | ६० | महाङ्काल गा.पा. | ३ | गोटीखेल | ३२००८ | महांकाल मा.वि. |
| | | ६१ | महाङ्काल गा.पा. | १ | बुखेल | ३२१८५ | कालीदेवी मा.वि. |
| १४ | डा. कृष्ण बहादुर थापा | ६२ | बाग्मती गा.पा. | ६ | आश्राङ | ३२११३ | विद्याधिश्वरी मा.वि. |
| | | ६३ | गोदावरी न.पा. | ९ | छम्पी | ३२०४५ | छम्पीदेवी मा.वि. |
| | | ६४ | गोदावरी न.पा. | ८ | दुकुछाप | ३२०८९ | गणेश मा वि |
| | | ६५ | महालक्ष्मी न.पा. | १० | लाकुरीभन्ज्याङ्ग | ३२२८७ | वासुकी मा.वि. |
| १५ | श्री हर्क प्रसाद श्रेष्ठ | ६६ | बाग्मती गा.पा. | ५ | सानोचिला इकुडोल | ३२०८१ | जन जागृति मा.वि. |
| | | ६७ | बाग्मती गा.पा. | १ | मानेगांउ | ३२२४४ | घुसेल मा.वि. |
| | | ६८ | गोदावरी न.पा. | १३ | झरवाराशी | ३२०८७ | जन विकास मा.वि. |
| | | ६९ | गोदावरी न.पा. | ७ | बरुन्चुली | ३२२५४ | भीमसेन आदर्श मा.वि. |
| १६ | श्री शंकर कुमार कार्की | ७० | बाग्मती गा.पा. | ७ | कटुवा | ३२२९८ | जनक मा.वि. |
| | | ७१ | कोन्ज्योसोम गा.पा. | २ | मानेचौर | ३२०५३ | मगरगाँउ मा.वि. |
| | | ७२ | बाग्मती गा.पा. | ७ | गिम्दि | ३२०४३ | नारायणी मा.वि. |

**जिल्ला : पर्सा**

| क्रम संख्या | परीक्षकको नाम | विद्यालय संख्या | स्थानीय स्तर | वडा नं. | गाउँ/टोल | विद्यालय कोड | विद्यालयको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री विश्वनाथ कर्माचार्य | १ | वीरगन्ज म.न.पा. | १२ | | ३७०७४ | सुरजी देवी मा.वि. |
| | | २ | वीरगन्ज म.न.पा. | ६ | | ३७०१६ | त्रिभुवन हनुमान मा.वि. |
| | | ३ | वीरगन्ज म.न.पा. | १६ | मुर्ली | | नेपाल राष्ट्रिय मा.वि |
| | | ४ | वीरगन्ज म.न.पा. | १४ | रेशमकोठी | | सिद्धार्थ मा.वि. |
| | | ५ | वीरगन्ज म.न.पा. | ९ | नगवा | | नेपाल रेलवे मा.वि. |
| | | ६ | वीरगन्ज म.न.पा. | ४ | | ३७००४ | सुन्दरमल राम कुमार कन्या मा.वि. |
| | | ७ | वीरगन्ज म.न.पा. | ७ | गोखारा रोड | ३७००३ | माइस्थान विधापिठ मा.वि |
| | | ८ | बिन्दबासिनी गा.पा. | ३ | पर्षा | ३७०३९ | रामश्वरूप रामप्रित चौरासिया मा.वि. |
| | | ९ | वीरगन्ज म.न.पा. | ४ | राम टोल | ३७०२० | त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम मा.वि. |
| २ | श्री पुस्ता राई | १० | पोखरिया न.पा. | ४ | झौवागुठी | ३७०११ | जिल्ला उच्चांगल रामदेव कलवार मा.वि. |
| | | ११ | जगरनाथपुर गा.पा. | ६ | विर्ता | ३७०९४ | नेपाल राष्ट्रिय मा.वि., संठी |
| | | १२ | पटेर्वा सुगौली गा.पा. | ५ | पोखरिया | ३७०७७ | नेपाल राष्ट्रिय मा.वि., निचुटा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १३ | पर्सागढी न.पा. | ३ | संठी | ३७०५१ | जनता मा.वि |
| | | १४ | सखुवा प्रसौनी गा.पा. | ४ | निचुटा | ३७११४ | नेपाल राष्ट्रिय मा.वि., देउरवाना |
| | | १५ | कालिकामाई गा.पा. | ५ | पकडी मा बडनिहर | ३७०८५ | दिव्यकन्या मा.वि. |
| | | १६ | जगरनाथपुर गा.पा. | ५ | देउरवाना | ३७०३७ | नेपाल राष्ट्रिय मा.वि., मसिहानी |
| | | १७ | बहुदरमाई न.पा. | ८ | बिन्चरीबर्बा | ३७०९३ | मुखदेव सुशिला मा.वि. |
| | | १८ | बहुदरमाई न.पा. | १ | मसिहानी | ३७०६५ | देवनन्दन देवराज मा.वि. |
| | | १९ | बहुदरमाई न.पा. | ३ | रामनगरी | ३७०९२ | महावीर शाह मा.वि. |
| | | २० | वीरगन्ज म.न.पा. | २१ | रामनगरी | ३७०७१ | नेपाल राष्ट्रिय गीता गजेन्द्रराज जोशी मा.वि. |
| | | २१ | बहुदरमाई न.पा. | ४ | नगरदाहा | ३७०२३ | नेपाल राष्ट्रिय मा.वि., डोकैला |
| | | २२ | वीरगन्ज म.न.पा. | ३१ | सुखचैना | ३७०९९ | लक्ष्मीदेवी बाबुलाल हंसवाहीनी मा.वि. |
| | | २३ | बहुदरमाई न.पा. | ९ | डोकैला, बहुअरी | ३७०५० | भंगी शाह नेपाल राष्ट्रिय मा.वि. |
| ३ | श्री कमल प्रसाद आचार्य | २४ | धोबीनी गा.पा. | ४ | बेल्वा कोहीन्या | ३७०४१ | काली प्रसाद लाखे मा.वि. |
| | | २५ | सखुवा प्रसौनी गा.पा. | ५ | मौजे, विश्रामपुर | ३७०६३ | नेपाल राष्ट्रिय मा.वि. |
| | | २६ | कालिकामाई गा.पा. | २ | लँगडी | ३७०७३ | सुकइ साह मा.वि. |
| | | २७ | छिपहरमाई गा.पा. | ५ | महुवन | ३७०१७ | मंगल मा.वि. |
| | | २८ | पकाहा मैनपुर गा.पा. | ३ | भेडिहारी | ३७०१४ | राम चरित्र भगत मा.वि. |
| | | २९ | बिन्दबासिनी गा.पा. | २ | भिस्वा | ३७०१३ | राधा कृष्ण चौरसिया मा.वि. |
| | | ३० | छिपहरमाई गा.पा. | २ | पकहाँ मैनपुर | ३७०६८ | नवगवाँ मा.वि. |
| ४ | श्री शान्त बहादुर श्रेष्ठ | ३१ | ठोरी (सुवर्णपुर) गा.पा. | ४ | बहुअर्वा भाढा | ३७००५ | मा.वि., विजय बस्ति |
| | | ३२ | ठोरी (सुवर्णपुर) गा.पा. | २ | चरगाहाँ | ३७०१९ | सरस्वती मा.वि. |
| | | ३३ | ठोरी (सुवर्णपुर) गा.पा. | ५ | विजयवस्ती | ३७००७ | ज्ञान बाटिका मा.वि. |
| | | ३४ | ठोरी (सुवर्णपुर) गा.पा. | १ | गौतम नगर | ३७०७० | नेपाल राष्ट्रिय प्राविधिक मा.वि. |
| | | ३५ | जिराभवानी गा.पा. | ३ | सुवर्णपुर | ३७०२६ | विटो महतो जनता मा.वि. |
| | | ३६ | धोबीनी गा.पा. | १ | दिपक नगर | ३७०७८ | नेपाल राष्ट्रिय मा.वि. |
| | | ३७ | जिराभवानी गा.पा. | २ | नौकाटोला, जितपुर | ३७००२ | नेपाल राष्ट्रिय मा.वि. |
| ५ | श्री सुशिल पाण्डेय | ३८ | वीरगन्ज म.न.पा. | १७ | घोडदौडा पिप्रा पर्सा | ३७ | द्वारदेवी मा.वि. |
| | | ३९ | वीरगन्ज म.न.पा. | २४ | रूढेवा | ३७०१५ | शारदा मा.वि. |
| | | ४० | वीरगन्ज म.न.पा. | १० | अलौं | ३७०३४ | रामचरण साह पन्नालाल मा.वि. |
| | | ४१ | वीरगन्ज म.न.पा. | २८ | बहुअरी सुगौली | ३७०२७ | महानन्द प्रसाद उपाध्याय मा.वि. |
| | | ४२ | वीरगन्ज म.न.पा. | १४ | आदर्शनगर | ३७०४६ | नृसिंह मा.वि. |
| | | ४३ | वीरगन्ज म.न.पा. | ११ | बगही | ३७०१२ | नेपाल राष्ट्रिय विद्यापिठ मा.वि. |
| | | ४४ | वीरगन्ज म.न.पा. | ३१ | पिपरा | ३७०५५ | नेपाल राष्ट्रिय मा.वि., सोलखपुर |
| | | ४५ | वीरगन्ज म.न.पा. | ८ | श्रीपुर | ३७०५९ | वीरगन्ज रात्री मा.वि. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | श्री भरत नेपाली प्याकुरेल | ४६ | पटेर्वा सुगौली गा.पा. | ४ | सोलखपुर | | नेपाल राष्ट्रिय मा.वि |
| | | ४७ | कालिकामाई गा.पा. | १ | गहवा | ३७०८८ | जनता मा.वि |
| | | ४८ | सखुवा प्रसौनी गा.पा. | २ | सुगौली | | श्री नारायण मा.वि |
| | | ४९ | पर्सागढी न.पा. | ९ | मुडली | | श्री नेपाल राष्ट्रिय मा.वि |
| | | ५० | पर्सागढी न.पा. | ४ | औरहा पंचगावा | | श्री नेपाल राष्ट्रिय मा.वि |
| | | ५१ | ठोरी (सुवर्णपुर) गा.पा. | ३ | बदेर्वा | ३७०३१ | ने.रा.वि., ओडार |
| | | ५२ | सखुवा प्रसौनी गा.पा. | १ | वर्वा छोटौली | | नेपाल राष्ट्रिय मा.वि |
| | | ५३ | पटेर्वा सुगौली गा.पा. | २ | बुद्धनगर | ३७०५२ | नेपाल राष्ट्रिय मा.वि. |

# अनुसूची २
## जिल्ला संयोजकहरूद्धारा सम्परीक्षण गरिएका विद्यालयहरूको नाम

| क्र. सं. | जिल्ला | पालिकाको नाम | वडा नं. | गाउँ/टोल | कोड नं. | विद्यालयको नाम | सम्परीक्षण मिति | सम्परीक्षकको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | रामेछाप | मन्थली न.पा. | ४ | सालु | १८०१६ | सेती देवी मा.वि. | ०७५/११/२६ | श्री इन्द्र बहादुर श्रेष्ठ |
| २ | | रामेछाप न.पा. | ८ | भंगेरी | १८०७५ | मा.वि., भंगेरी | ०७५/११/२६ | " |
| ३ | | लिखु गा.पा. | ५ | नागदह | १८०८५ | बुद्ध जनप्रिय मा.वि. | ०७५/११/२८ | " |
| ४ | | लिखु गा.पा. | ७ | कटहरे | १८०२८ | नवदर्शन मा.वि. | ०७५/११/२८ | " |
| ५ | | लिखु गा.पा. | ७ | तिलपुंग | १८०८९ | बालज्योति मा.वि. | ०७५/११/२८ | " |
| ६ | | मन्थली न.पा. | ११ | नाटिला | १८०८४ | मनकामना मा.वि. | ०७५/११/२९ | " |
| ७ | | मन्थली न.पा. | ७ | मुगीटार | १८०३० | रुद्राक्षेश्वर मा.वि. | ०७५/११/३० | " |
| ८ | | खाँडादेवी गा.पा. | ५ | फुलपा पकरबास | १८००७ | प्रयोगेशोरी मा.वि. | ०७५/१२/०१ | " |
| ९ | | खाँडादेवी गा.पा. | ७ | गाल्पा बजार | १८०६८ | ज्योती मा.वि. | ०७५/१२/०१ | " |
| १० | | सुनापती गा.पा. | ४ | साउनेपानी | १८०११ | कुशेश्वर मा.वि. | ०७५/१२/०१ | " |
| ११ | | सुनापती गा.पा. | १ | मदौरे | १८००६ | शतलिंगेश्वोर मा.वि. | ०७५/१२/०१ | " |
| १२ | | दोरम्बा गा.पा. | २ | दोरम्वा | १८०१२ | काकलिंग मा.वि. | ०७५/१२/०२ | " |
| १३ | | गोकुलगङ्गा गा.पा. | ४ | वेतली | १८०१० | जनजागृति मा.वि. | ०७५/१२/०३ | " |
| १४ | | गोकुलगङ्गा गा.पा. | २ | ठोसेबजार | १८००२ | शारदा मा.वि. | ०७५/१२/०४ | " |
| १५ | | उमाकुण्ड गा.पा. | २ | लुवु | १८००५ | सिद्धेश्वर मा.वि. | ०७५/१२/०४ | " |
| १६ | | उमाकुण्ड गा.पा. | १ | गुम्देल | १८०४६ | महालङ्कुर मा.वि. | ०७५/१२/०५ | " |
| १७ | ललितपुर | महालक्ष्मी न.पा. | ८ | धाफल | ३२०३२ | महाँलक्ष्मी मा.वि. | ०७५/१२/१५ | सुश्री निरा शाक्य |
| १८ | | ललितपुर म.न.पा. | २० | नः टोल | ३२०३५ | बालविनोद मा.वि. | ०७५/१२/१३ | " |
| १९ | | ललितपुर म.न.पा. | ३ | नस्टोल, पुल्चोक | ३२०२३ | मदन स्मारक मा.वि. | ०७६/०१/०५ | " |
| २० | | ललितपुर म.न.पा. | १० | कुपन्डोल | ३२०२७ | प्रगति शिक्षा सदन मा.वि. | ०७५/१२/११ | " |
| २१ | | ललितपुर म.न.पा. | २३ | धापाखेल | ३२०२६ | श्रीकृष्ण मा.वि. | ०७५/१२/१४ | " |
| २२ | | महालक्ष्मी न.पा. | २ | इमाडोल | ३२०८० | गम्भिर समुन्द्र सेतु मा.वि. | ०७६/०१/१५ | " |
| २३ | | ललितपुर म.न.पा. | १३ | एकान्तकुना | ३२०१६ | महेन्द्र भृकुटी मा.वि. | ०७५/१२/१७ | " |
| २४ | | ललितपुर म.न.पा. | ११ | पाटन ढोका | ३२०१३ | पाटन मा.वि. | ०७५/१२/११ | " |
| २५ | | ललितपुर म.न.पा. | २४ | धापाखेल | ३२०९५ | जलपा मा.वि. | ०७५/१२/१८ | " |
| २६ | | ललितपुर म.न.पा. | २८ | हरिशिद्धि | ३२०७२ | हरिशिद्धि मा.वि. | ०७५/१२/१३ | " |
| २७ | | महालक्ष्मी न.पा. | १० | लाकुरी भन्ज्याङ्ग | ३२२८७ | वासुकी मा.वि. | ०७५/१२/२८ | " |
| २८ | पर्सा | वीरगन्ज म.न.पा. | २१ | सुखचैना | ३७०७१ | नेपाल राष्ट्रिय गीता गजेन्द्रराज जोशी मा.वि. | ०७५/११/०६ | श्री विश्वनाथ कर्माचार्य |

| क्र. सं. | जिल्ला | पालिकाको नाम | वडा नं. | गाउँ/टोल | कोड नं. | विद्यालयको नाम | सम्परीक्षण मिति | सम्परीक्षकको नाम |
|---|---|---|---|---|---|---|---|---|
| २९ | | सखुवा प्रसौनी गा.पा. | ५ | महुवन | ३७०६३ | नेपाल राष्ट्रिय मा.वि. | ०७५/११/१९ | " |
| ३० | | पटेर्वा सुगौली गा.पा. | ४ | सुगौली | | नेपाल राष्ट्रिय मा.वि | ०७५/११/१९ | " |
| ३१ | | वीरगन्ज म.न.पा. | १७ | अलौं | ३७ | द्वारदेवी मा.वि. | ०७५/११/२३ | " |
| ३२ | | धोबीनी गा.पा. | १ | घोडदौडा पिप्रा पर्सा | ३७०७८ | नेपाल राष्ट्रिय मा.वि. | ०७५/११/२१ | " |
| ३३ | | बिन्दबासिनी गा.पा. | ३ | झौवागुठी | ३७०३९ | रामश्वरूप रामप्रित चौरासिया मा.वि. | ०७५/११/२५ | " |
| ३४ | | पोखरिया न.पा. | ४ | पोखरिया | ३७०११ | जिल्ला उच्चांगल रामदेव कलवार मा.वि. | | " |

# अनुसूची ३ क

## क्षेत्रगत, उपक्षेत्रगत रूपमा जिल्लाका विद्यालयहरूले प्राप्त गरेको प्राप्ताङ्क र मध्यमाङ्क (Mean) र भारित मध्यमाङ्क तथा सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या वापतको प्राप्ताङ्कको विवरण

## जिल्ला: रामेछाप

| क्रम संख्या | विद्यालय कोड | विद्यालयको नाम | विद्यालयको भौतिक संरचना-४८ पू. | शिक्षक-२१ पूर्णाङ्क | समुदायको सहभागिता र लगानी-१२ पू. | लगानी-२५ पूर्णाङ्क | कक्षा शिक्षण - ३० पूर्णाङ्क | विद्यार्थी मूल्याङ्कन - १८ पूर्णाङ्क | शिक्षकको पेसागत विकास -२१ पूर्णाङ्क | नेतृत्व र व्यवस्थापन - ५१ पूर्णाङ्क | सह र अतिरिक्त क्रियाकलाप -१८ पू. | प्रक्रिया -३० पूर्णाङ्क | कक्षा दोहोर्‍याउने र वि. छाड्ने दर -१८ पू. | सिकाइ उपलब्धि - १५ पूर्णाङ्क | सेवाग्राही सन्तुष्टि - ६ पूर्णाङ्क | शिक्षकको पेसागत सन्तुष्टि -६ पूर्णाङ्क | उपलब्धि -४० पूर्णाङ्क | सेवा प्रदान गरिएको वि. संख्या -५ पू. | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १८०४९ | जट्टेश्वरी मा.वि. | २० | १३ | ११ | **१३.५८** | १४ | ४ | ५ | २८ | ९ | **१३.०४** | १२ | ११ | २ | ४ | **२५.७८** | **१** | **५३.४** | **सामान्य** |
| २ | १८०७५ | मा.वि., भंगेरी | २६ | १७ | ७ | **१५.४३** | १६ | १२ | ९ | ४२ | ११ | **१९.५७** | ८ | १० | ५ | ४ | **२४** | **३** | **६२** | **सामान्य** |
| ३ | १८०६३ | रेणुका देवी मा.वि. | २२ | १४ | ११ | **१४.५१** | १४ | १२ | ९ | ४३ | १२ | **१९.५७** | १२ | ११ | ४ | ४ | **२७.५६** | **२** | **६३.६३** | **सामान्य** |
| ४ | १८०५९ | शहिद स्मृती मा.वि. | १३ | १५ | १ | **८.९५** | १६ | १६ | ८ | २६ | ११ | **१६.७४** | १२ | १२ | ३ | ५ | **२८.४४** | **१** | **५५.१३** | **सामान्य** |
| ५ | १८०३९ | शिव लिंगेश्वोर मा.वि. | २१ | ८ | ४ | **१०.१९** | १९ | १६ | ४ | ४१ | १४ | **२०.४३** | ७ | ६ | ४ | २ | **१६.८९** | **२** | **४९.५१** | **सामान्य** |
| ६ | १८०६६ | भिमेस्वर प्रशुन कंडेल मा.वि. | २१ | १३ | ६ | **१२.३५** | ६ | ९ | ४ | ३७ | १३ | **१५** | ४ | १३ | ४ | ४ | **२२.२२** | **३** | **५२.५७** | **सामान्य** |
| ७ | १८०५२ | खाँडा देवी मा.वि. | २७ | १३ | ८ | **१४.८१** | १८ | १० | ११ | ३८ | ८ | **१८.४८** | २ | १२ | ३ | ४ | **१८.६७** | **१** | **५२.९६** | **सामान्य** |
| ८ | १८०८८ | कालिका मा.वि. | २० | १२ | २ | **१०.४९** | २० | १३ | १३ | ३९ | १२ | **२१.०९** | १३ | १२ | ४ | ३ | **२८.४४** | **१** | **६१.०३** | **सामान्य** |
| ९ | १८००९ | तामाकोशी जनजागृती मा.वि. | २९ | १७ | ११ | **१७.५९** | १९ | १५ | ११ | ४१ | १५ | **२१.९६** | ८ | ७ | ६ | ५ | **२३.११** | **५** | **६७.६६** | **सामान्य** |
| १० | १८००७२ | नागकन्या मा.वि. | ३५ | १७ | ४ | **१७.२८** | १६ | ९ | ७ | ३१ | ७ | **१५.२२** | १३ | ११ | ४ | ४ | **२८.४४** | **१** | **६१.९५** | **सामान्य** |
| ११ | १८०३४ | भट्टेश्वर मा.वि. | २८ | ८ | १ | **११.४२** | ७ | ९ | ६ | ३६ | ९ | **१४.५७** | ८ | १२ | ३ | ४ | **२४** | **५** | **५४.९८** | **सामान्य** |
| १२ | १८०८४ | मनकामना मा.वि. | १५ | ११ | ५ | **९.५७** | ७ | ५ | १ | १९ | ५ | **८.०४** | १२ | ११ | ४ | ४ | **२७.५६** | **१** | **४६.१७** | **सामान्य** |
| १३ | १८०२३ | कालिका मा.वि. | ४२ | १३ | ११ | **२०.३७** | २६ | १५ | १६ | ४३ | १५ | **२५** | ११ | १२ | ४ | ४ | **२७.५६** | **५** | **७७.९३** | **मध्यम** |
| १४ | १८०९१ | सेती देवी मा.वि. | ११ | १५ | ४ | **९.२६** | १६ | ६ | ५ | २९ | १२ | **१४.७८** | १५ | ७ | ४ | ४ | **२६.६७** | **१** | **५१.७१** | **सामान्य** |
| १५ | १८०८७ | हरिसिद्धि मा.वि. | १२ | १२ | १ | **७.७२** | ७ | १२ | ३ | ३३ | १० | **१४.१३** | १४ | ११ | ५ | ५ | **३१.११** | **१** | **५३.९६** | **सामान्य** |
| १६ | १८०७० | कास्थेम मा.वि. | २२ | १२ | ८ | **१२.९६** | १३ | ११ | ५ | २५ | ९ | **१३.७** | ८ | ६ | ४ | ४ | **१९.५६** | **२** | **४८.२१** | **सामान्य** |

| क्रम संख्या | विद्यालय कोड | विद्यालयको नाम | विद्यालयको भौतिक संरचना-४८ पू. | शिक्षक-२१ पूर्णाङ्क | समुदायको सहभागिता र लगानी-१२ पू. | **लगानी-२५ पूर्णाङ्क** | कक्षा शिक्षण - ३० पूर्णाङ्क | विद्यार्थी मूल्याङ्कन - १८ पूर्णाङ्क | शिक्षकको पेसागत विकास -२१ पूर्णाङ्क | नेतृत्व र व्यवस्थापन - ५१ पूर्णाङ्क | सह र अतिरिक्त क्रियाकलाप -१८ पू. | **प्रक्रिया -३० पूर्णाङ्क** | कक्षा दोहोऱ्याउने र वि. छाड्ने दर -१८ पू. | सिकाइ उपलब्धि - १५ पूर्णाङ्क | सेवाग्राही सन्तुष्टि - ६ पूर्णाङ्क | शिक्षकको पेसागत सन्तुष्टि -६ पूर्णाङ्क | **उपलब्धि -४० पूर्णाङ्क** | **सेवा प्रदान गरिएको वि. संख्या -५ पू.** | **जम्मा** | **स्तर** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | १८०७८ | जनकल्याण मा.वि. | २४ | १८ | ६ | **१४.८१** | २० | १४ | १३ | ४३ | १३ | **२२.३९** | १३ | १२ | ४ | ४ | **२९.३३** | **२** | ६८.५४ | **सामान्य** |
| १८ | १८००१ | गौरिशंकर मा.वि. | ३३ | १३ | ८ | **१६.६७** | १५ | १२ | ९ | ३६ | १८ | **१९.५७** | ३ | ४ | ४ | ४ | **१३.३३** | **५** | ५४.५७ | **सामान्य** |
| १९ | १८०३६ | भृङ्गेश्वर मा.वि.(ख) | २० | १२ | ७ | **१२.०४** | २५ | १६ | १० | ३३ | १३ | **२१.०९** | १३ | ९ | ३ | ४ | **२५.७८** | **१** | ५९.९ | **सामान्य** |
| २० | १८००५ | सिद्धेश्वर मा.वि. | २३ | १५ | ६ | **१३.५८** | १७ | १३ | ५ | ३४ | ८ | **१६.७४** | ९ | १२ | ४ | ४ | **२५.७८** | **४** | ६०.१ | **सामान्य** |
| २१ | १८०७९ | बौद्ध मा.वि. | १७ | १३ | ८ | **११.७३** | १६ | ७ | ७ | २६ | ६ | **१३.४८** | १३ | १३ | ४ | ४ | **३०.२२** | **२** | ५७.४३ | **सामान्य** |
| २२ | १८०४८ | मा.वि., राकाथुम | ३१ | ११ | ९ | **१५.७४** | २० | ७ | ८ | ३५ | १० | **१७.३९** | १८ | १२ | ४ | ४ | **३३.७८** | **२** | ६८.९१ | **सामान्य** |
| २३ | १८०७३ | सरस्वती मा.वि. | १८ | १३ | १० | **१२.६५** | ११ | ९ | ३ | २५ | ६ | **११.७४** | १० | ८ | ३ | ४ | **२२.२२** | **३** | ४९.६२ | **सामान्य** |
| २४ | १८०३३ | बाल मा.वि | २६ | १७ | ५ | **१४.८१** | १६ | १५ | १० | ४० | ११ | **२०** | ३ | ९ | ४ | ४ | **१७.७८** | **२** | ५४.५९ | **सामान्य** |
| २५ | १८००७ | प्रयोगेशोरी मा.वि. | १४ | १३ | ३ | **९.२६** | ८ | ८ | ५ | २० | १२ | **११.५२** | ४ | ११ | ३ | ४ | **१९.५६** | **३** | ४३.३४ | **सामान्य** |
| २६ | १८०१६ | सेती देवी मा.वि. | २९ | १७ | ८ | **१६.६७** | २९ | १७ | २० | ४६ | १६ | **२७.८३** | १० | ११ | ५ | ४ | **२६.६७** | **५** | ७६.१६ | **मध्यम** |
| २७ | १८०४१ | गोकुलगंगा मा.वि. | २४ | ११ | ४ | **१२.०४** | ४ | ७ | २ | २५ | १२ | **१०.८७** | ९ | १० | ४ | ४ | **२४** | **२** | ४८.९१ | **सामान्य** |
| २८ | १८०८२ | कालिका देवी मा.वि. | १५ | १७ | ६ | **११.७३** | २७ | १७ | १७ | ३९ | १२ | **२४.३५** | १४ | १३ | ५ | ५ | **३२.८९** | **२** | ७०.९७ | **मध्यम** |
| २९ | १८०५८ | जनता मा.वि. | १५ | १३ | ७ | **१०.८** | ८ | ८ | ३ | २६ | ५ | **१०.८७** | १३ | १० | ३ | २ | **२४.८९** | **२** | ४८.५६ | **सामान्य** |
| ३० | १८०१४ | मन्थली मा.वि. | ३५ | १७ | ८ | **१८.५२** | २० | १४ | १६ | ४७ | १८ | **२५** | ५ | १२ | ६ | ४ | **२४** | **५** | ७२.५२ | **मध्यम** |
| ३१ | १८०१८ | चन्डेश्वरी मा.वि. | २२ | ११ | ७ | **१२.३५** | ८ | १२ | ११ | ३१ | ११ | **१५.८७** | ६ | ७ | ४ | ४ | **१८.६७** | **३** | ४९.८८ | **सामान्य** |
| ३२ | १८०९५ | भीमेश्वर मा.वि. | २६ | १२ | ६ | **१३.५८** | १४ | १३ | ५ | ४५ | १० | **१८.९१** | १८ | १२ | ४ | ४ | **३३.७८** | **२** | ६८.२७ | **सामान्य** |
| ३३ | १८०८५ | बुद्ध जनप्रिय मा.वि. | ९ | १२ | ६ | **८.३३** | ८ | ९ | ३ | २४ | ४ | **१०.४३** | १४ | ११ | ४ | ४ | **२९.३३** | **२** | ५०.१ | **सामान्य** |
| ३४ | १८०५७ | मा.वि., हर्रे चिन्ड़े | २२ | १३ | ७ | **१२.९६** | ८ | ६ | २ | ३१ | १० | **१२.३९** | १२ | ९ | ४ | ४ | **२५.७८** | **२** | ५३.१३ | **सामान्य** |
| ३५ | १८०९६ | अरुणोदय मा.वि. | २१ | १३ | ९ | **१३.२७** | १६ | १५ | ७ | ३७ | १२ | **१८.९१** | १७ | ८ | ४ | ३ | **२८.४४** | **१** | ६१.६३ | **सामान्य** |
| ३६ | १८०७७ | मा.वि., फर्पु | १८ | १२ | ९ | **१२.०४** | १२ | १० | १० | ३९ | १२ | **१८.०४** | ८ | १३ | ४ | ४ | **२५.७८** | **२** | ५७.८६ | **सामान्य** |
| ३७ | १८०६९ | सेती देवी मा.वि. | ३४ | ११ | ७ | **१६.०५** | १२ | ७ | ७ | २९ | १० | **१४.१३** | ४ | १२ | ३ | ३ | **१९.५६** | **२** | ५१.७४ | **सामान्य** |

